# नेपाली

## कक्षा ६

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
**पाठ्यक्रम विकास केन्द्र**
सानोठिमी, भक्तपुर

प्रकाशक

नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

पाठ्यक्रम विकास केन्द्र

सानोठिमी, भक्तपुर

© सर्वाधिकार पाठ्यक्रम विकास केन्द्र

ISBN : 978-9937-601-52-8

यस पाठ्यपुस्तकसम्बन्धी सम्पूर्ण अधिकार पाठ्यक्रम विकास केन्द्र सानोठिमी, भक्तपुरमा निहित रहेको छ। पाठ्यक्रम विकास केन्द्रको लिखित स्वीकृतिबिना व्यापारिक प्रयोजनका लागि यसको पुरै वा आंशिक भाग हुबहु प्रकाशन गर्न, परिवर्तन गरेर प्रकाशन गर्न, कुनै विद्युतीय साधन वा अन्य प्रविधिबाट रेकर्ड गर्न र प्रतिलिपि निकाल्न पाइने छैन।

पहिलो संस्करण : वि.सं २०७८

*पाठ्यपुस्तकसम्बन्धी पाठकहरूका कुनै पनि प्रकारका सुझावहरू भएमा पाठ्यक्रम विकास केन्द्र, समन्वय तथा प्रकाशन शाखामा पठाइदिनुहुन अनुरोध छ। पाठकहरूबाट आउने सुझावहरूलाई केन्द्र हार्दिक स्वागत गर्दछ।*

# हाम्रो भनाइ

विद्यार्थीमा देशप्रेम, राष्ट्रिय एकताको भावना, लोकतान्त्रिक मूल्यमान्यता र संस्कारको विकास एवम् विविधताप्रतिको सम्मानको भावना जगाई व्यावहारिक रूपले भाषिक तथा सञ्चार सिपको विकास गराउनु आवश्यक छ । यसै गरी विद्यार्थीमा सूचना र विचारको आदानप्रदान, सूचना प्रविधिको प्रयोग एवम् तार्किक शिल्पका माध्यमले सकारात्मक भावनाको विकास गरी वैज्ञानिक अवधारणालाई व्यवहारमा प्रयोग गर्ने दक्षता अभिवृद्धि पनि विशेष पक्षका रूपमा रहेको छ । विद्यार्थीमा नैतिकता, अनुशासन, सामाजिक र मानवमूल्यबोध तथा चारित्रिक र नागरिक गुण तथा बोधगम्य भाषाको विकास एवम् वातावरण संरक्षण र दिगो विकासप्रतिको सजगता अपेक्षित छ । कक्षाकोठाको सिकाइले विद्यार्थीमा शारीरिक तन्दुरुस्ती, स्वस्थ्यकर जीवनशैली, जीवयोपयोगी सिप, पेसा र श्रमप्रति सम्मान तथा व्यवहारकुशल सिप विकास गर्न सक्नुपर्छ । विद्यार्थीहरूले नेपाली कला, साहित्य र संस्कृतिको संरक्षण गरी सिर्जनात्मक प्रयोग गर्न सक्नुपर्छ । उनीहरूमा सामाजिक र भौगोलिक परिवेश बोध र सद्भाव एवम् सहअस्तित्वबोधका माध्यमले दैनिक जीवनमा आइपर्ने समस्याको समाधान गर्ने शिल्प पनि विकास हुन आवश्यक छ । यस पक्षलाई दृष्टिगत गरी राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ अनुसार कक्षा ६ का लागि यो पाठ्यपुस्तक विकास गरिएको हो ।

यस पाठ्यपुस्तकको लेखन सुरुमा श्री बेगेन्द्र सुब्बा, श्री देवीप्रसाद घिमिरे, श्री रामचन्द्र खनाल र श्री ज्ञानेश्वर निरौलाबाट भएको हो । परीक्षणबाट प्राप्त पृष्ठपोषणसमेतमा आधारित भई यस पाठ्यपुस्तकलाई परिमार्जन तथा सम्पादन गर्ने कार्य लेखकसहित श्री टुकराज अधिकारी, श्री इन्दु खनाल र श्री चिनाकुमारी निरौलाबाट भएको हो । पाठ्यपुस्तकलाई यस स्वरूपमा ल्याउने कार्यमा यस केन्द्रका महानिर्देशक श्री अणप्रसाद न्यौपाने, श्री केशवप्रसाद दहाल, डा. लेखनाथ पौडेल, प्रा.डा. रमेशप्रसाद भट्टराई, डा. नवराज कट्टेल, डा. जानुका नेपाल, डा. गीता खरेल, श्री विष्णु ज्ञवाली, श्री नारायणजङ थापा, श्री गणेशप्रसाद भट्टराई र श्री पुरुषोत्तम घिमिरेको योगदान रहेको छ । यसको कला सम्पादन श्री श्रीहरि श्रेष्ठबाट भएको हो । यस पाठ्यपुस्तकको विकासमा संलग्न सम्पूर्णप्रति केन्द्र हार्दिक कृतज्ञता प्रकट गर्दछ ।

पाठ्यपुस्तकलाई शिक्षण सिकाइको महत्त्वपूर्ण साधनका रूपमा लिइन्छ । यस पाठ्यपुस्तकको प्रयोगबाट पाठ्यक्रमद्वारा लक्षित सक्षमता हासिल गर्न विद्यार्थीलाई सहयोग पुग्ने अपेक्षा गरिएको छ । पाठ्यपुस्तकलाई सकेसम्म क्रियाकलापमुखी र रुचिकर बनाउने प्रयत्न गरिएको छ । यस पाठ्यपुस्तकलाई अझै परिष्कृत पार्नका लागि शिक्षक, विद्यार्थी, अभिभावक, बुद्धिजीवी एवम् सम्पूर्ण पाठकहरूको समेत महत्त्वपूर्ण भूमिका रहने हुँदा सम्बद्ध सबैको रचनात्मक सुझावका लागि पाठ्यक्रम विकास केन्द्र हार्दिक अनुरोध गर्दछ ।

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
**पाठ्यक्रम विकास केन्द्र**

वि. सं. २०७८

# विषयसूची



| एकाइ | शीर्षक | विधा | पृष्ठसङ्ख्या |
|---|---|---|---|
| पाठ :१ | मातृभूमिको आवाज | कविता | १ |
| पाठ :२ | कुमार यवक्रीत | कथा | ९ |
| पाठ :३ | नेपाली संस्कृति | निबन्ध | २० |
| पाठ :४ | छोरालाई चिठी | चिठी | ३२ |
| पाठ :५ | सङ्गीतकार अम्बर गुरुङ | जीवनी | ४२ |
| पाठ :६ | चम्किला अनुहारहरू | कथा | ५५ |
| पाठ :७ | सम्पत्तिभन्दा स्वास्थ्य ठुलो | वादविवाद | ६८ |
| पाठ :८ | मेरा रहर | निबन्ध | ८५ |
| पाठ :९ | जाग जाग | कविता | ९६ |
| पाठ :१० | आशाको दियो | कथा | १०६ |
| पाठ :११ | सहभागिताका लागि निवेदन | निवेदन | १२३ |
| पाठ :१२ | थोमस एल्भा एडिसन | जीवनी | १३४ |
| पाठ :१३ | लाग्दछ मलाई रमाइलो | कविता | १४७ |
| पाठ :१४ | वनभोज | संवाद | १५६ |
| पाठ :१५ | पानीको कथा | प्रबन्ध | १७४ |
| पाठ :१६ | मायाको घर | कथा | १८७ |

## पूर्व पठन

**नेपाललाई चिनाउने तलका चित्रका बारेमा बताउनुहोस् :**



*सगरमाथा*



*लुम्बिनी*



*पशुपतिनाथ*



*वीर गोर्खाली*

**नेपाललाई संसारमा चिनाउन मदत पुऱ्याउने अरू विषयवस्तुहरू के के होलान्, बताउनुहोस् ।**

मूल पाठ

१

# मातृभूमिको आवाज

देवी नेपाल

म देश सिङ्गो म हुँ चन्द्रसूर्य
म भेष तिम्रो म हुँ पूर्ण चित्र
छैनन् पराई सब भाइ भाइ
आमा ! पुकार्छन् सबले मलाई ।

संस्कार बाँचेपछि देश बाँच्छ
मनुष्य हाँसे परिवेश हाँस्छ
उनेर माला अब फूललाई
सिँगार्न आऊ श्रमले मलाई ।

हिमाल मेरो अति उच्च माथ
पहाड छाती र मधेस काख
म एक मान्छेसरि पूर्ण ठान
यी अङ्ग मेरा सब हुन् समान ।

दौरा र कुर्ता अनि बक्खु लाऔँ
घलेक सारी तनमा सजाऔँ
गौरा खुलोस् सुन्दर देउडामा
नेपाल हाँसोस् मिथिला कलामा ।

*शब्दार्थ*

*संस्कार : अवगुण, दोष, कमजोरी आदि हटाई परिष्कार गर्ने काम*
*परिवेश : चारैतिरको वातावरण*
*बक्खु : मोटो उनी कपडाको लामो कोट जस्तो वस्त्र*
*घलेक : घले महिलाको आफ्नो पहिचानको पहिरन*
*गौरा : खास गरी दार्चुला, डँडेलधुरातिर कृष्णाष्टमीको आसपास मनाइने प्रसिद्ध चाड*
*देउडा : पश्चिम नेपालको लोकगीतमा चल्ने गीतको एक चाल*

घ्याउसी र भैलो अब खेल्न जाऔँ
रोदी पसी जीवनगीत गाऔँ
मिलेर नाचौँ अब धाननाच
छरौँ मिली संस्कृतिको सुवास ।

*रोदी : विशेषतः गुरुङ जातिमा प्रचलित प्रसिद्ध मनोरञ्जनात्मक कार्यक्रम*
*धाननाच : विशेषतः पूर्वी नेपालका लिम्बू जातिमा प्रचलित एक लोक नृत्य*

## शब्दभण्डार

**१. दिइएका पदावली बुझाउने शब्द पाठबाट खोजेर लेख्नुहोस् :**

(क) लक्ष्मीपूजाको भोलिपल्ट बेलुकी भट्याइने गाथा

(ख) कुनै पनि काम राम्रोसँग गर्ने सिप

(ग) शरीर आदिको उपल्लो भाग

(घ) शारीरिक वा बौद्धिक शक्ति लगाएर गरिने काम

(ङ) जाति, वर्ग र पेसाका मानिसको परिचायक पहिरन

**२. उस्तै अर्थ दिने शब्दहरूबिच जोडा मिलाउनुहोस् :**

| | |
|---|---|
| सिङ्गो | देश |
| मुलुक | फूल |
| सुमन | पाउ |
| मिहिनेत | छाती |
| वक्षस्थल | पूर्ण |
| गोडा | पवन |
| | श्रम |

३. **उस्तै अर्थ दिने शब्द पाठबाट खोजेर लेख्नुहोस् :**

राष्ट्र , पुष्प, जिन्दगी, धरणी, शरीर, गाना, पोसाक

४. **वाक्यमा प्रयोग गर्नुहोस् :**

सिङ्गो, भेष, संस्कार, देउडा, रोदी

५. **रातो रङ लगाइएका शब्दका ठाउँमा उस्तै अर्थ दिने शब्द पाठबाट खोजेर वाक्य पुनर्लेखन गर्नुहोस् :**

(क) आकाशमा जून उदाएको थियो ।

(ख) घामको प्रकाशले आँखा तिर्मिरायो ।

(ग) हामीले वातावरण सफा राख्नुपर्छ ।

(घ) शुक्लाफाँटको मनोहर दृश्य देखेर म मक्ख परेँ ।

*बोध र अभिव्यक्ति*

१. **'मातृभूमिको आवाज' कविता पालैपालो लय मिलाएर पढ्नुहोस् ।**

२. **छुटेका शब्द भरी श्लोक पुनर्लेखन गर्नुहोस् :**

हिमाल मेरो ............ उच्च ............

पहाड ............... र मधेस ...............

म ............... मान्छेसरि ............... ठान

यी ............... मेरा सब हुन् ............... ।

३. **एक वाक्यमा उत्तर भन्नुहोस् :**

(क) के बाँचे देश बाँच्छ ?

(ख) देशलाई केले सिँगार्नुपर्छ भनिएको छ ?

(ग) पहाड र मधेसलाई के भनिएको छ ?

(घ) संस्कृतिको सुवास कसरी छर्न भनिएको छ ?

**४. शिक्षकबाट अनुच्छेद सुनेर बान्की मिलाई लेख्नुहोस् :**

हाम्रो देश नेपाल हो । यो स्वतन्त्र र अखण्ड छ । हाम्रो देशमा विविध भाषा, धर्म, संस्कृति र वेशभूषा भएका मानिसहरूको बसोबास छ । हाम्रो देश अनेकतामा एकता भएको सुन्दर देश हो । हामी सबै मिलेर हाम्रो देशको विकास गर्नुपर्छ ।

**५. उदाहरण हेरी पङ्क्तिहरूलाई गद्यमा लेख्नुहोस् :**

**उदाहरण : आमा ! पुकार्छन् सबले मलाई ।**

सबले मलाई आमा पुकार्छन् ।

(क) गौरा खुलोस् सुन्दर देउडामा ।

(ख) सिँगार्न आऊ श्रमले मलाई ।

(ग) नेपाल हाँसोस् मिथिला कलामा ।

**६. पाठका आधारमा सङ्क्षिप्त उत्तर लेख्नुहोस् :**

(क) कवितामा कसलाई आमा स्विकारिएको छ, किन ?

(ख) कविताका आधारमा नेपाललाई कसरी पूर्ण मानिससरि ठानिएको छ ?

(ग) नेपालीको संस्कृति र वेशभूषा कस्तो पाइन्छ ?

**७. भावविस्तार गर्नुहोस् :**

छैनन् पराई सब भाइभाइ
आमा ! पुकार्छन् सबले मलाई ।

**८. 'मातृभूमिको आवाज' कविताको मूल भाव लेख्नुहोस् ।**

९. **'मातृभूमिको आवाज' कविताको दोस्रो श्लोकबाट तीनओटा प्रश्न बनाउनुहोस् ।**

१०. **हिजोआज चाडपर्व बढी भड्किला र खर्चिला बन्दै गएका छन् । यस्तो अवस्थामा सुधारका लागि तपाईँ अरूलाई कसरी अनुरोध गर्नुहुन्छ, बताउनुहोस् ।**

## *भाषिक संरचना र वर्णविन्यास*

१. **तलको अनुच्छेद पढ्नुहोस् र उत्तर दिनुहोस् :**

भीमसेन थापा, अमरसिंह थापा, बलभद्र कुँवरहरूको वीरताले यो देश सधैँ स्वतन्त्र छ । यसका आफ्नै मौलिक विशेषता छन् । यहाँ धेरै उपत्यका छन् । काठमाडौँ, दाङ, सिँजालगायतका उपत्यकामा सुन्दर बस्ती निर्माण भएका छन् । पोखरा, मुस्ताङ, स्वर्गद्वारी, कन्याम, लुम्बिनीलगायतका ऐतिहासिक ठाउँहरू पनि यहीँ छन् । हाम्रो देश वनपाखाले भरिपूर्ण छ । यहाँ बाघ, भालु, हात्ती आदिको बथान निस्फिक्री हिँड्डुल गर्छन् । हामीले यस्ता जनावरलाई माया गर्नुपर्छ । यसका साथै नेपालभित्र सुन, चाँदी, तामा, फलामलगायतका सयौँ खनिजहरू छन् । खनिज सम्पदाका धनी हामी नेपाली प्रकृतिप्रेमी र मिलनसार पनि छौँ ।

### *प्रश्नहरू*

(क) **माथिको अनुच्छेदबाट व्यक्ति, ठाउँ, द्रव्य र प्राणी बुझाउने तीन तीनओटा नाम लेख्नुहोस् ।**

(ख) **माथिको अनुच्छेदबाट समूह र भाव बुझाउने शब्द टिप्नुहोस् ।**

व्यक्ति, स्थान, वस्तु, प्राणी, समूह, भाव आदि बुझाउने शब्द नाम हुन् । वाक्यमा नाम 'को' र 'के' प्रश्नको उत्तरमा आउँछन् ।

२. **दिइएका नामलाई 'को' र 'के' को समूहमा छुट्याउनुहोस् :**

| | | | | | |
|---|---|---|---|---|---|
| चरो | पानी | हरिमाया | धुवाँ | रमेश | रचना |
| बुबा | छोरो | शिक्षक | गाई | बिरालो | किताब |
| झोला | खाजा | मामा | हिमाल | दिदी | काका |

३. **दिइएको अनुच्छेद ध्यानपूर्वक पढ्नुहोस् :**

म नेपाली हुँ । हामी सबै नेपाली हौँ । तिमी नेपाली हौ । तपाईँ नेपाली हुनुहुन्छ । ऊ नेपाली हो कि होइन भन्ने मलाई थाहा छैन तर उहाँ चाहिँ नेपाली नै हुनुहुन्छ । उः पर उभिने मान्छेहरू को हुन् नि ? तिनीहरू त नेपाली जस्ता छैनन् । ती पक्कै पनि विदेशी हुनुपर्छ । त्यो चाहिँ नेपाली हुँदै होइन । यी चाहिँ नेपाली नै हुन् ।

४. **रातो अक्षरले लेखिएका नामका सट्टामा मिल्ने सर्वनाम शब्द राखी पुनर्लेखन गर्नुहोस् :**

(क) न्हुच्छेमान बजार गयो । ***न्हुच्छेमान***ले पत्रिका किन्यो ।

(ख) बुबा शिक्षक हुनुहुन्छ । ***बुबा*** विद्यालयमा पढाउनुहुन्छ ।

(ग) भान्जी मिलनसार छिन् । ***भान्जी*** मिहिनेती पनि छिन् ।

(घ) साथीहरू फुटबल खेल्न गए । ***साथीहरू***ले स्वर्णपदक पाए ।

५. **तलका सर्वनाम र क्रियाबिच जोडा मिलाउनुहोस् :**

| | |
|---|---|
| त्यो | पढ्छस् |
| हामी | पढ्छौ |
| तँ | पढ्छौँ |
| तिमी | पढ्छन् |
| उनीहरू | पढ्छ |

६. **दिइएका सर्वनामलाई वाक्यमा प्रयोग गर्नुहोस् :**

हामी, तपाईँ, उहाँ, तँ, तिमी, ऊ, उनी, यो, त्यो, यी, ती

७. **कविताबाट ह्रस्व इकार (ि) लागेका शब्द टिप्नुहोस् ।**

८. **तलका शब्दको वर्णविन्यास मिलाएर लेख्नुहोस् :**

कसीलो, ईन्जिनियर, गरीब, ईच्छा, पीरो, सहीद, अफीस, घीउ, पर्सी, पछ्याडी, परीभाषा, अभीभावक, कवी, कृषी, वृद्धी, मिती, निति, पण्डीत

## सुनाइ र बोलाइ

१. **सुनाइ पाठ १ सुनेर ठिक भए ठिक र बेठिक भए बेठिक भन्नुहोस् :**

(क) नेपालमा लेक र बेँसीहरू छन् ।

(ख) नेपाल मरुभूमिको देश हो ।

(ग) हामी नेपालका स्वप्न हौँ ।

(घ) हामी सबै मिलेर देशका लागि खट्नुपर्छ ।

२. **सुनाइ पाठ १ का आधारमा उत्तर भन्नुहोस् :**

(क) सबै जना नेपाललाई कस्तो भूमि भन्छन् ?

(ख) यसैका हौँ स्वप्न हामी भनेर केलाई सङ्केत गर्न खोजिएको हो ?

(ग) हामी को जस्तै सन्त, ज्ञानी र वीर हुनुपर्छ ?

(घ) देश बनाउन सबै जनाले के गर्नुपर्छ ?

३. **कक्षाका विद्यार्थीहरू समूहमा बस्नुहोस् । त्यसपछि विभिन्न सन्दर्भ सामग्री, इमेल, इन्टरनेटलगायतको उपयोग गरी आफ्नो स्थानीय तहको भौगोलिक सिमाना, जातजाति, संस्कृति, वेशभूषा, खानपिन, भाषा र जनसङ्ख्या शीर्षकमा एक एकओटाका बारेमा जानकारी सङ्कलन गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।**

## सिर्जना/परियोजना

१. **तलका कुनै एक शीर्षकमा कविता लेख्नुहोस् :**

(क) चाडपर्व (ख) नेपालका हिमाल (घ) नदीनाला

२. **तपाईँका समुदायमा बोलिने नेपाली भाषाबाहेकका कम्तीमा बिसओटा शब्दहरू सङ्कलन गर्नुहोस् । ती शब्दहरूको नेपाली अर्थ पनि लेख्नुहोस् । आफूले सङ्कलन गरेका भाषाका शब्द र तिनका नेपाली अर्थ पनि कक्षामा सुनाउनुहोस् ।**

पाठ २

## पूर्व पठन

**चित्रमा दिइएका पौराणिक पात्रहरूका बारेमा तपाईँलाई के जानकारी छ, सोधखोज गरी बताउनुहोस् :**



सीता



भीम



भस्मासुर



एकलव्य



हर्कुलस



यलम्बर

मूल पाठ

# कुमार यवक्रीत

२

*शारदारमण नेपाल*

गङ्गा किनारको रमाइलो घना जङ्गलभित्र भारद्वाज मुनि बस्थे । उनको र रैभ्यमुनिको आश्रम नजिकनजिकै बनेका थिए । रैभ्यमुनि त्यसताका निकै कहलिएका विद्वान् थिए । उनका छोरा परावसु पनि त्यत्तिकै नामुद विद्वान् भएर निस्केका थिए । जता गए पनि यिनीहरूकै विद्वत्ताको चर्चा सुनिन्थ्यो । चारैतिरबाट मानिसहरू ज्ञानगुनका कुरा सिक्न त्यस आश्रममा आइरहन्थे । त्यहाँ निकै चहलपहल थियो । सँगैको भारद्वाज आश्रम भने सधैँ सुनसान देखिन्थ्यो । भारद्वाज आफू धेरै जसो समाधिमै रहन्थे । उनका छोरा यवक्रीत हलक्क बढेका त थिए तर पढेका भने थिएनन् । उताको आश्रममा भने परावसु र उर्वावसुको चहलपहल थियो । यो देखेर यवक्रीतकै मनमा पनि धेरै कुरा खेल्न थालेका थिए, “उनीहरूले धेरै नै पढिसके, काम देखाइसके र नाम पनि कमाइसके । म भने अझै ठन्डाराम छु । म अब पढेर तिनीहरू जस्तै विद्वान् कहिले हुने ? कसरी हुने ? नपढीकनै विद्वान् बन्ने उपाय खोज्नुपर्‍यो बा !” मनमा यस्तै यस्तै कुरा खेलाउँदै एक दिन कुमार यवक्रीत देवराज इन्द्रकहाँ पुगे ।

यवक्रीतका सबै गुनासा सुनिसकेपछि इन्द्रले भने, “बाबु यवक्रीत, ज्ञान र सिप आर्जन गर्न मिहिनेत गरेर पढ्नै पर्छ । नपढी विद्वान् बन्न खोज्नु त सपनामा लड्डु खाएर बिपनामा अघाउन खोज्नु जस्तै हो । तिमी विद्वान् गुरुकहाँ जाऊ । मिहिनेत गर । हेर, पढेर सिक्नै नसक्ने मान्छे तिमी होइनौ । तिम्रो पढाइमा म पनि जो सकेको मदत गरुँला हुन्न ?”

*शब्दार्थ*

*आश्रम : प्राचीन ऋषिमुनिहरूले बस्नका निम्ति प्राय: जङ्गलमा बनाएको आवास*
*विद्वत्ता : विद्वान् हुनुको भाव*
*समाधि : तपस्या*

देवराज इन्द्रले मन लगाएर उपाय गरिदिए भने नपढीकन पनि विद्वान् बन्न सकिन्छ भन्ने यवक्रीतले अठोट गरे । उनले अझ जिद्दी गरेर भने, "म अब पढ्नतिर लाग्दिनँ, म झ्याउँदिनँ काका । मलाई तपाईँले जसरी पनि नपढीकनै विद्वान् बन्ने उपाय बताइदिनै पर्छ ।"

इन्द्रले विभिन्न उदाहरण दिएर पटक पटक सम्झाइबुझाइ गर्न खोजे तर उनको जिद्दी झन्झन् बढ्दै गयो । आखिरमा उनले इन्द्रका ढोकामा अनशन नै सुरु गरे ।

कुमार यवक्रीत बिहान सबेरै गङ्गास्नान गर्न जान्थे । स्नान सकिएपछि फर्केर इन्द्रका ढोकामा आई रातदिन कष्ट देखाएर पसारो परिरहन्थे ।

यवक्रीतको हठ देखेर देवराज इन्द्र हैरान भए । सुरुमा एकदुई दिन त उनले केही सोच्नै सकेनन् । तेस्रो दिन उज्यालो हुनुभन्दा अगाडि नै इन्द्रले आफ्ना कपाल र दारी जुँघामा सेतो दले । उनले झुत्रेझाम्रे कपडा लगाए । एक जना समाजसेवी बुढा मान्छेको भेष बनाएर बिहानै सुटुक्क गङ्गाको किनारमा बसे ।

कुमार यवक्रीत गङ्गास्नान गर्न जाँदा त्यहाँ किनारमा एक जना बुढा मान्छेलाई देखे । ती बुढा मान्छे आफ्ना मुठीमा बालुवा उठाउँदै गङ्गाको पानीमा फ्याँक्दै गरिरहेका थिए । बुढा मानिसलाई आदर गर्नुपर्छ भन्ने जानेका कुमार यवक्रीतले दुई हात जोडेर भने, "प्रणाम हजुरबुबा ?"

"आशीर्वाद बाबु !" पिलिक्क हेरेर मुस्कुराउँदै बुढा मान्छे फेरि आफ्नो काममा लागे । बुढा मान्छेको काम हेरेर मनको खुलदुली रोक्न नसकी कुमार यवक्रीतले नजिकै गएर सोधे, "यसरी गङ्गाको पानीमा एक एक मुठी बालुवा फ्याँकेर के फल मिल्छ, हजुरबुबा !"

प्रश्न सुनेर पहिले त बुढा मान्छे खित्का छाडेर हाँसे । उनले भने, "बाबु, यो त अक्कलको कुरा हो । हेर्नुहोस् न, यहाँ एउटा पुल नहुनाले बटुवाहरूले धेरै दुःख पाएका छन् । यहाँनेर फराकिलो र बलियो एउटा पुल बनाइदिनुपर्छ ।

*अनशन : आहार त्याग*

त्यसपछि बटुवाहरूलाई गङ्गा पार गर्न सजिलो हुन्छ र मेरो नाम पनि चल्छ । म यो बालुवा नदीमा फ्याँकेर एउटा भव्य पुल बनाउन लागेको छु ।"

बुढा मान्छेका कुरा सुनेर यवक्रीतलाई हाँसो उठ्यो । उनले हाँस्दै भने, "यसरी बेकारमा समय र श्रम खर्च गर्नु त मूर्खता होइन र, हजुरबुबा ? यति पाको उमेरमा पनि यस्तो काँचो बुद्धि कसरी आएको ? यस्तो गर्न त भएन नि ।"

"हँ, हुँदैन र ? किन नहुने बाबु ?" बुढा मान्छेले गम्भीर बन्दै भने, "बाबु ! हिजो मात्र मैले सुनेँ, एक जना यवक्रीत नामका होनहार कुमार केही दिनदेखि इन्द्रका ढोकामा अनशन बसेर विद्वान् हुन कसिनुभएको छ रे । विद्वत् समाजमा हुर्केका कुमार यवक्रीत त्यत्तिकै कुरै नबुझी अनशन बस्नुभएको होला त ? अनशन बसेका भरमा नपढीकनै मानिस विद्वान् बन्न सक्छ भने यसरी बालुवा फ्याँकेर गङ्गामाथि किन पुल राख्न सकिन्न ? म त आँट गरेरै लागेको छु, बाबु !"

बुढाका कुरा सुनेर यवक्रीत झस्किए । उनलाई यी बुढा मान्छे इन्द्र नै हुन् कि जस्तो पनि लाग्यो । यसबारे बढी सोधखोज नगरी उनी खुसुक्क नदीमा ओर्ले । त्यसपछि नुहाए, कपडा फेरे र मिहिनेत गरेर पढ्ने अनि विद्वान् बन्ने सङ्कल्प लिएर फटाफट गुरुकुलतिर लागे ।

*विद्वत्* : *बुद्धिमान्*

*सङ्कल्प* : *अठोट*

*गुरुकुल* : *प्राचीन पद्धतिको शिक्षाकेन्द्र*

## शब्दभण्डार

१. **शब्द र अर्थबिच जोडा मिलाउनुहोस् :**

| | |
|---|---|
| खुसुक्क | हेर्दैमा सुन्दर एवम् विशाल |
| होनहार | अठोट |
| बेकार | ज्यादै सिपालु |
| खित्का | सुटुक्क |
| हठ | प्रसिद्ध |
| नामुद | रसिलो |
| सङ्कल्प | बेसरी हाँस्दाको आवाज |
| भव्य | काम नलाग्ने |
| | जिद्दी |

२. **विपरीत अर्थ बुझाउने शब्द पाठबाट खोजेर लेख्नुहोस् :**

मूर्ख, चेला, पाकेको, होहल्ला, बिपना, अन्त्य, अप्ठ्यारो

३. **शब्दजोडीमध्ये विपरीतार्थी शब्दजोडीलाई चिनेर गोलो घेरा लगाउनुहोस् :**

| | | |
|---|---|---|
| आकाश - पाताल | असल - खराब | जल - पानी |
| सफल - विफल | काम - खाम | अक्कल - बुद्धि |
| वन - जङ्गल | सुनाइ-बोलाइ | दिन - रात |

४. **कक्षामा छलफल गरी तलका विपरीत अर्थ बुझाउने शब्द लेख्नुहोस् :**

मित्र, उकालो, जीवन, सज्जन, विष, सम्पन्न, सकारात्मक

५. **वाक्यमा प्रयोग गर्नुहोस् :**

सङ्कल्प, जिद्दी, मदत, विद्वान्, होनहार

## *बोध र अभिव्यक्ति*

१. **तलका शब्द शुद्धसँग सार्नुहोस् र पढेर साथीलाई सुनाउनुहोस् :**

| | | | | | |
|---|---|---|---|---|---|
| भारद्वाज | रैभ्य | आश्रम | विद्वान् | परावसु | उर्वावसु |
| विद्वत्ता | चर्चा | यवक्रीत | हलक्क | ठन्डाराम | इन्द्र |
| आर्जन | मदत | जिद्दी | विभिन्न | अनशन | गङ्गास्नान |
| कष्ट | दारीजुँगा | प्रणाम | भव्य | बुद्धि | सङ्कल्प |

२. **पाठका आधारमा ठिक बेठिक लेख्नुहोस् :**

(क) कुमार यवक्रीत भारद्वाज मुनिका पुत्र थिए । (...........)

(ख) यवक्रीत इन्द्रकहाँ पढ्नका लागि गए । (...........)

(ग) यवक्रीत इन्द्रका ढोकामा दिनभर अनशन बस्थे । (...........)

(घ) विष्णु समाजसेवीको भेषमा गङ्गा किनारमा आए । (...........)

(ङ) कुमार यवक्रीत विद्वान् बन्ने सङ्कल्प लिएर गुरुकुलतिर लागे । (......)

३. **ठिक उत्तरमा ठिक चिह्न (√) लगाउनुहोस् :**

(क) परावसु र उर्वावसुका पिताको नाम के थियो ?

(अ) भारद्वाज (आ) रैभ्य (इ) वशिष्ठ (ई) द्रोणाचार्य

(ख) यवक्रीत नपढीकन विद्वान् बन्ने उपाय खोज्न कसकहाँ गए ?

(अ) रैभ्यकहाँ (आ) विष्णुकहाँ (इ) इन्द्रकहाँ (ई) लक्ष्मीकहाँ

(ग) यवक्रीतले इन्द्रका ढोकाअगाडि के सुरु गरे ?

(अ) अनशन (आ) नाचगान (इ) भाषण (ई) कविता वाचन

(घ) यवक्रीत बिहानै कहाँ नुहाउन जान्थे ?

(अ) यमुना नदीमा (आ) कुवामा (इ) गङ्गा नदीमा (ई) पँधेरामा

(ङ) इन्द्रले मुठीको बालुवाले गङ्गामा के बनाउने कुरा गरे ?

(अ) दरबार (आ) पुल (इ) मन्दिर (ई) बाटो

**४. पाठका आधारमा एक वाक्यमा उत्तर लेख्नुहोस् :**

(क) यवक्रीत कसका सन्तान थिए ?

(ख) यवक्रीत किन इन्द्रकहाँ गए ?

(ग) सपनामा लड्डु खाएर बिपनामा अघाउनु भनेको के हो ?

(घ) इन्द्रले किन भेष बदल्नुपरेको थियो ?

(ङ) यवक्रीतले नपढी पनि के कुरा जानेका थिए ?

(च) यवक्रीत किन फटाफट गुरुकुलतिर लागे ?

**५. पाठका आधारमा लामो उत्तर दिनुहोस् :**

(क) इन्द्रले यवक्रीतलाई कसरी सम्झाउन खोजे, कथाका आधारमा वर्णन गर्नुहोस् ।

(ख) 'कुमार यवक्रीत' कथाको मुख्य सन्देश लेख्नुहोस् ।

**६. कथाको दोस्रो र तेस्रो अनुच्छेदबाट पाँचओटा प्रश्न बनाउनुहोस् । तपाईँले बनाएका प्रश्नहरू साथीलाई सोध्नुहोस् । साथीले सोधेका प्रश्नको उत्तर तपाईँ पनि दिनुहोस् ।**

**७. कथाको पहिलो अनुच्छेदको सार लेख्नुहोस् ।**

**८. इन्द्रले यवक्रीतलाई नपढी ज्ञान मिल्दैन भन्ने कुरा बुझाउने शैली तपाईँलाई कस्तो लाग्यो, आफ्ना तर्क दिएर एक अनुच्छेद लेख्नुहोस् ।**

**९. कुमार यवक्रीतको ठाउँमा तपाईँ हुनुभएको भए के गर्नुहुन्थ्यो, तपाईँको विचार प्रस्तुत गर्नुहोस् ।**

**१०. कुमार यवक्रीत कस्ता पात्र हुन्, कथाका आधारमा लेख्नुहोस् ।**

## *भाषिक संरचना र वर्णविन्यास*

(कक्षा ६ का विद्यार्थीहरूको फुटबल खेल्ने कार्यक्रमसम्बन्धी कुरा हुँदै थियो। उक्त छलफलमा कक्षा शिक्षक फाल्गुणी र कक्षाका सबै विद्यार्थीहरू सहभागी थिए। एक कुनामा दुई जना विद्यार्थी कुरा गर्दै थिए।)

रत्नमान : सरोज ! तिमी फुटबल नखेल्ने हो र ?

सरोज : तिमीहरू नै खेल। आफैँ टोली बनाओ। मलाई खेल्न मन छैन।

(दुई जनाको कुरा सुनेपछि ...)

गुरुआमा : (सरोजलाई सम्झाउँदै) हेर सरोज, कुनै पनि खेल सबै मिलेर खेल्नुपर्छ। त्यसैले आज म, हामी, तँ, तिमी, तपाईं, हजुर, यो, त्यो, आफू, अरू भन्दै नबसौँ। सबै मिलेर खेलौँ।

पेम्बा : जो खेल्दैन त्यसलाई किन कर गर्ने गुरुआमा ? बरु को को खेल्ने, को को नखेल्ने, नाम टिपौँ न। को टोली नेता बन्ने पनि छलफल गरौँ। कसले के गर्ने हो, त्यसको सूची बनाऔँ।

(सबैले पेम्बाको कुरामा सहमति जनाए।)

१. **माथिको कुराकानी मनमनै पढ्नुहोस्। त्यहाँ रेखाङ्कन गरिएका शब्द नामका सट्टामा प्रयोग भएका छन्। नामका सट्टामा प्रयोग हुने यस्ता शब्दहरू सर्वनाम हुन्। यी सर्वनाम शब्दलाई नदोहोर्‍याईकन टिपोट गर्नुहोस्।**

२. **वाक्यमा आएका सर्वनाम चिनेर खाली ठाउँमा लेख्नुहोस् :**

(क) जो मिहिनेत गर्छ, त्यो सफल हुन्छ। (जो, त्यो)

(ख) निमा जे किन्छ, पासाङ पनि त्यही किन्छ। (..........,...........)

(ग) भाइबहिनीले जसलाई भेटे, दाजुदिदीले त्यसलाई भेटेनन्। (..., ...)

(घ) जसले मह काढ्छ, उसले हात चाट्छ। (......,......)

(ङ) सारिकाले जे भनिन्, प्रियङ्काले उही गरिन् । (.........,........)

(च) जो अगुवा छ, त्यसले गलत काम गर्नुहुँदैन । (..........,..........)

(छ) केटाहरू जे जे भन्छन्, साथीहरू त्यही त्यही मान्छन् । (....., ....)

(ज) जसलाई घर जानु छ, त्यसले निवेदन लेख्नुपर्छ । (..........,........)

**३. रातो पारिएका नामका सट्टामा प्रश्न बुझाउने सर्वनाम राखेर वाक्य बनाउनुहोस् :**

(क) बहिनी घर गइन् । को घर गइन् ?

(ख) उसले कलम हरायो । ...............................................?

(ग) उनीहरूले आँप र सुन्तला खाए । ...............................?

(घ) बुबाले कथा भन्नुभयो । ..........................................?

(ङ) गोपाल खेतमा गयो । ...............................................?

**४. अनुच्छेद पढी सर्वनाम शब्द टिप्नुहोस् र वाक्यमा प्रयोग गर्नुहोस् :**

हामी नेपाली हौँ । हाम्रो आफ्नै किसिमको संस्कृति छ । हामीकहाँ उमेर, साइनो आदिका आधारमा 'तँ, तिमी, तपाईं, हजुर' को प्रयोग गर्ने चलन छ । परोपकारमा विश्वास गर्ने नेपालीहरूमा 'म' र 'हामी' लाई भन्दा 'ऊ', 'उनी' वा 'उनीहरू' लाई बढी महत्त्व दिइँदैन । न्याय र समानताको कुरा गर्दा को आफ्नो र को पराई भन्ने कुरालाई महत्त्व दिइन्न । आफू सही हुँदा नझुक्ने तर गल्ती भए शिर झुकाएर गल्ती स्वीकार गर्ने नेपाली चलन छ । स्वयम्लाई भोलि के खाने भन्ने समस्या हुँदा पनि आफूसँग भएको कुरा आजै दान गर्न नेपालीहरू सधैँ तत्पर हुन्छन् ।

**५. दिइएको अनुच्छेद मनमनै पढ्नुहोस् र सुरु, बिच र अन्त्यमा दीर्घ इकार लागेका शब्दको सूची बनाउनुहोस् :**

विद्यार्थी जीवन असल बानी विकासको समय हो । यस समयमा जे जस्तो बानीको विकास गऱ्यो उही बानी जीवनभरि रहने गर्दछ ।

त्यसैले यस समयमा खानपान र उठबसमा विशेष ख्याल गर्नुपर्छ । आफ्नो शरीर र व्यक्तित्वलाई फाइदा नपुग्ने कुराबाट टाढा रहनुपर्छ । यसो गर्न सके जीवनको सुखभोग गर्न सकिन्छ । जीवनमा परिश्रमी बन्नुपर्छ । परिश्रम गर्ने बानी पनि यही समयदेखि बसाउँदै गरियो भने जीवन भोगाइ सजिलो हुन्छ । समयमा सुत्ने, पूर्वमा सूर्य नउदाउँदै उठ्ने तथा उचित आहारविहार गर्ने बानी विकास गर्नुपर्छ । पढाइमा मिहिनेत गर्ने, अरूप्रति सहयोगी भावना राख्ने जस्ता बानीको विकास गर्नुपर्छ । उल्लिखित काम गर्न सके विद्यार्थी जीवनलाई सही अर्थमा सदुपयोग गरेको ठहर्छ ।

६. **'कुमार यवक्रीत' पाठको अन्तिम अनुच्छेदबाट दीर्घ इकार लागेका शब्दको सूची बनाई शिक्षकलाई देखाउनुहोस् ।**

## सुनाइ र बोलाइ

१. **सुनाइ पाठ २ सुनेर खाली ठाउँ भर्नुहोस् :**

(क) महाकाव्यका रचनाकार महर्षि .............................. हुन् ।

(ख) 'महाभारत' मा मूलतः कौरव र पाण्डवको पारिवारिक सम्बन्ध र .............................. कथा छ ।

(ग) यहाँ थुप्रै थुप्रै .............................. कथा छन् ।

(घ) देवव्रत र उनको .............................................. कथा छ ।

२. **सुनाइ पाठ २ का आधारमा जोडा मिलाउनुहोस् :**

| | |
|---|---|
| (क) एकलव्य | षड्यन्त्रकारी |
| (ख) विदुर | कुरौटे |
| (ग) दुर्वासा | महान् धनुर्धर |
| (घ) शकुनि | नपढी ज्ञान प्राप्त गर्न खोज्ने बालक |
| (ङ) यवक्रीत | महाज्ञानी |
| | रिसाहा |

३. **सुनाइ पाठ २ सुनेका आधारमा उत्तर भन्नुहोस् :**

(क) 'महाभारत' मा ककसका कथा छन् ?

(ख) 'महाभारत' को मुख्य सन्देश के हो ?

४. **तपाईँले सुनेको कुनै एउटा कथा कक्षामा सुनाउनुहोस् ।**

## सिर्जना/परियोजना

१. **दिइएका सन्दर्भका आधारमा कथा बनाई त्यसको शीर्षक पनि चयन गर्नुहोस् :**

धेरै पहिला भ्यागुताहरूको दौड प्रतियोगिता हुनु । सबै भ्यागुता जम्मा हुनु । दौड सुरु हुनु । दौडेर पहाडको टुप्पामा पुग्नुपर्ने सर्त हुनु । भ्यागुताहरू उकालामा उफ्रँदै कुद्न थाल्नु । धेरै जनावरहरू भ्यागुताको दौड हेर्न आउनु । बाटामा लहरै लागेर सबै जनावरहरू उकालामा भ्यागुता कुदेको हेर्नु । भ्यागुताहरू उफ्रँदै चढ्नु । भ्यागुताहरूलाई धेरै गाह्रो हुनु । सबै जनावरले भ्यागुताहरूलाई गाह्रो भयो भन्नु । भ्यागुताहरू पनि हामी सक्ने रहेनछौँ भनी दौड छोड्नु ।

एउटा भ्यागुताले सबैलाई सम्झाउनु । अरू भ्यागुताले साथ नदिनु । त्यो भ्यागुतो पहाडको टुप्पामा पुग्नु । त्यही भ्यागुताले दौड जित्नु । लक्ष्य प्राप्तिका लागि अरूका कुराबाट विचलित नभई अगाडि बढ्नुपर्ने सन्देश ।

२. **कक्षाका साथी मिलेर आफू बस्ने वडा कार्यालयको अवलोकन भ्रमण गर्नुहोस् र त्यहाँबाट हुने कार्यहरू (वडापत्रका आधारमा) समाचारको ढाँचामा तयार पारी कक्षामा सुनाउनुहोस् ।**

## पूर्व पठन

**तलका चित्रहरू हेरी चित्रका बारेमा कक्षामा छलफल गर्नुहोस् :**



साकेला नाच



कुमारी नाच



लट्ठी नाच



तामाङ सेलो



मारुनी नाच



घाटु नाच

मूल पाठ

# ३ नेपाली संस्कृति



समाजमा बस्ने मानिसको आफ्नै किसिमको सामाजिक जीवन हुन्छ। परम्परागत रूपमा विकसित हुँदै आएको उनीहरूको आचारविचार, चालचलन पनि आफ्नै किसिमको हुन्छ। उनीहरूको कला, साहित्य, भाषा, धर्म, दर्शन, मूल्यमान्यता आदि पनि भिन्न र विशेष किसिमको हुन्छ। यी सबै कुराको समष्टिलाई संस्कृति भनिन्छ। यसै अर्थअनुसार नेपाली संस्कृतिलाई अर्थ्याउने हो भने नेपालीहरूले परम्परादेखि नै अवलम्बन गर्दै आएको जीवनपद्धति तथा मूल्यमान्यतालाई नेपाली संस्कृति भन्नुपर्छ। नेपाली संस्कृति भूगोल र जाति तथा धर्मसम्प्रदायको भिन्नताका आधारमा विविधतामय बन्न पुगेको छ। यो नेपालको भौगोलिक सीमाभन्दा पनि परपरसम्म फैलिएको छ। यस्तो विस्तार र विविधताका माझमा पनि एकत्व रहनु नेपाली संस्कृतिको विशेषता बनेको छ।

*शब्दार्थ*

| | | |
|---|---|---|
| *आचारविचार* | : | *चालचलन* |
| *दर्शन* | : | *हेर्ने दृष्टिकोण* |
| *समष्टि* | : | *उस्तै खालका वस्तुको मेल* |
| *अवलम्बन* | : | *अपनाउने काम* |
| *जीवनपद्धति* | : | *जीवन जिउने तरिका* |

नेपाल प्राकृतिक सुन्दरताले भरिपूर्ण भूपरिवेष्टित देश हो । यहाँ सयौँ जातजाति र भाषाभाषीका मानिसहरूको बसोबास रहेको छ । पूर्वदेखि पश्चिमसम्मै फैलिएका ब्राह्मण र छेत्रीहरू दसैँतिहारलगायतका विभिन्न पर्वहरू मनाउँछन् । संस्कार र संस्कृतिका धनी उनीहरू मूलतः नेपाली भाषा बोल्छन् तर पश्चिमतिर भने डोटेली, दार्चुलेली, अछामी आदि भाषा पनि बोल्छन् । पूर्वका किरातीहरू धान नाच, च्याब्रुङ नाच र साकेलामा रमाउँछन् । किरातीहरूमध्ये पनि लिम्बुहरू लिम्बु भाषा बोल्छन् भने राईहरू बान्तवा, चाम्लिङ, लोहोरुङलगायतका अनेक राई किराती भाषाहरू बोल्छन् । साकेला (उँधौली, उँभौली), चासोक तङनाम आदि मनाउँछन् । पश्चिमका नेपालीहरू देउडा भनेपछि हुरुक्क हुन्छन् । उनीहरू गौरा पर्वमा रमाउँछन् ।

मध्य खण्डमा तामाङहरू सेलो नाच्छन् । तामाङहरूले बोल्ने भाषालाई तामाङ भाषा भनिन्छ । उनीहरू धुमधामका साथ ल्होसार मनाउँछन् । नेवारहरू हाकुपटासी र छोटो दौरामा ठाँटिएर बिस्केटजात्रा, इन्द्रजात्रा, म्हपूजा आदि मनाउँछन् । उनीहरूको भाषालाई नेपाल भाषा भनिन्छ । गुरुङ र मगरहरू रोदीमा रम्छन्, घाटुमा नाच्छन् । गुरुङहरू गुरुङ र घले भाषा बोल्छन् भने मगरहरू मगर तथा खाम भाषा बोल्छन् । ल्होसार र भूमि पूजा उनीहरूको मुख्य पर्व हो । तराई मधेसमा मधेसीहरू अनेक रङहरूले फगुवा रङ्गाउँछन्, छठमा सूर्यको उपासना गर्छन् र सिरुवा पर्व मनाउँछन् । उनीहरू मैथिली, भोजपुरी, अवधी, राजवंशी, धिमाल, सतार, उर्दूलगायत भाषा बोल्छन् । माथि हिमालतिर चौरीको पुच्छर डोलाउँदै, बक्खु र दोचामा सजिएर शेर्पा समुदाय ल्होसार मनाउँछन् । त्यसरी नै थकाली र डोल्पालीहरूका आफ्नै भाषा र पर्वहरू छन् । विभिन्न भेकमा विभिन्न भाषा, भेष, पर्व र जात्राहरू मनाउँदै आफ्नो संस्कृति पछ्याउने हरेक जातजातिको जन्मदेखि मृत्युसम्मका अनेक संस्कारहरू छन् । कतिपय जातिका त्यस्ता संस्कारहरूबिच समानता पनि छन् । कतिमा भिन्नता पनि छन् । यसरी जातजातिपिच्छे र नेपाली भूगोलको खण्डपिच्छे फरक फरक जीवनपद्धति, जात्रा

*भूपरिवेष्टित : देशको सबै सिमाना जमिनले घेरेको*

वा पर्वहरू, भाषा, भेष वा संस्कार हुनु र एकआपसमा सहिष्णुता कायम राख्नु नेपाली संस्कृति हो ।

जाति, भाषा र भूगोलपिच्छे फरक फरक मूल्यमान्यता भए जस्तै धार्मिक आस्थाका दृष्टिले पनि नेपालीहरूमा विविधतामा एकता पाइन्छ । पूर्वीय आर्य सभ्यताका अनुयायीहरू हिन्दुधर्ममा विश्वास गर्दछन् र यसलाई अन्य सभ्यताका समुदायले पनि वरण गरेका छन् । त्यस्तै गौतम बुद्धका महान् उपदेशलाई आत्मसात् गर्ने बौद्ध धर्मावलम्बी पनि धेरै छन् । जैन र शिख सम्प्रदायका मानिसहरू पनि छन् । यहाँ मुस्लिम धर्ममा विश्वास गर्नेहरू पनि धेरै छन् । यहाँ किरात धर्म मान्नेहरू पनि छन् । नेपालमा इसाई धर्म मान्नेहरू पनि छन् । संविधानले नै धर्म निरपेक्ष राष्ट्रका रूपमा परिभाषित भएको यस मुलुकमा उदाहरणीय धार्मिक सहिष्णुता छ । यहाँका हिन्दुहरू बुद्धलाई आफ्नै देवता मानी पूज्छन्, बौद्ध दर्शनका अनुयायी बन्छन् । बौद्ध धर्मावलम्बीहरू पनि हिन्दुलाई सम्मान गर्छन् । शिख र जैनको पनि हिन्दु र बौद्धसँग मलमिलाप अनुकरणीय छ । यहाँ हिन्दु, बौद्ध, इस्लामलगायत सबै धर्मको सम्मान हुन्छ । उनीहरू सहिष्णु भई सहकार्य, मेलमिलाप र एकताको सन्देश दिन्छन् । एकअर्काको चाडपर्व मनाउँछन्, त्यसमा सहभागी भई रमाइलो गर्छन् । यस्तो अद्वितीय धार्मिक मेलमिलाप नेपाली संस्कृति हो, नेपाली संस्कृतिको विशेषता हो ।

नेपाली संस्कृति नेपालभित्र मात्र होइन, संसारको जुन कुनासम्म नेपालीहरू पुगेका छन्, त्यहाँसम्म फैलिएको छ । नेपालबाहिर भारतको दार्जिलिङ, सिक्किम,

*जैन : महावीरले चलाएको अहिंसात्मक धर्म*
*शिख : गुरु नानकले चलाएको एक धर्म*
*धर्म निरपेक्ष : कुनै एउटा धर्मलाई मात्र मान्यता नदिने*
*इस्लाम : मुहम्मदले प्रचलनमा ल्याएको मुसलमानी धर्म*
*सहिष्णु : सहनशील*
*सहकार्य : एक साथ मिलेर काम गर्ने प्रक्रिया*
*अद्वितीय : जोडा नभएको, अप्रतिम*

कालिम्पोङ र पश्चिम बङ्गालको उत्तरी क्षेत्र त नेपाली संस्कृतिको भण्डार नै हो । त्यसदेखि पूर्व आसाम, मेघालय, मनिपुरलगायतका भारतीय राज्यहरूमा पनि त्यहाँको परिवेश सुहाउँदो नेपाली संस्कृति जीवित छ। भारतका अरू राज्यहरूमा पनि नेपाली मूलका धेरै मानिसहरूको बसोबास छ। आजीविकाको सिलसिलामा नेपालीहरू ती ठाउँहरूमा पुगेपछि उनीहरूको साथमै नेपाली संस्कृति पनि गएको छ । भारतबाहेक म्यानमार, हङकङ, बेलायत, अमेरिका, अस्ट्रेलिया आदि देशमा पनि नेपाली संस्कृति फैलँदो छ। साउदी अरेबिया, कतार, दुबई, मलेसिया, दक्षिण कोरिया, जापान, सिङ्गापुर, ब्रुनाई, इजरायल, पोल्यान्ड आदि देशहरूमा पनि नेपाली संस्कृतिको विस्तार भइरहेको छ । यसरी नेपालबाहिर नेपाली संस्कृति फैलने महत्त्वपूर्ण आधार नेपाली भाषा र नेपालभित्र बोलिने अन्य भाषाहरू बनेका छन् । यसका साथै नेपाली सँगै नेपालीले मनाउने चाडपर्व, वेशभूषा, खानपान र नेपाली संस्कार जहाँ जहाँ पुग्छन् त्यहाँ त्यहाँ नेपाली संस्कृति फैलिइरहेको छ ।

नेपालीले पाहुनालाई देवता मान्ने प्रचलन छ । आफूले रुखोसुखो खाए पनि अतिथिलाई मिठोमसिनो खुवाउने नेपाली चलन छ । जननी र जन्मभूमिलाई स्वर्गभन्दा पनि महान् ठान्ने परम्परा छ । सामाजिक हितका लागि पाटीपौवा, बाटोघाटो र पुलपुलेसा बनाउने चलन छ। नेपालीको दान गर्ने बानी प्रशंसनीय छ । समुदायमा जिउँदो छँदा जन्ती र मर्दा मलामी जाने प्रचलन छ । मारुनी, बालन र सोरठीका भाकामा टुङ्ना, डम्फु, च्याब्रुङ, मादल र मुरलीको कलात्मक संयोजन छ । यस्तो विविधतामय चालचलन नै नेपाली संस्कृति हो ।

*आजीविका : जीवन निर्वाहका लागि गरिने काम*

*अतिथि : पाहुना*

*पाटीपौवा : बटुवालाई बस्नका लागि बनाइएको ठाउँ*

## शब्दभण्डार

**१. तलका शब्द र अर्थबिच जोडा मिलाउनुहोस् :**

| | |
|---|---|
| विविधता | चलिआएको रीतिथिति |
| रुखोसुखो | मुलुक |
| समानता | संस्कार |
| संस्कृति | समान हुने स्थिति |
| राज्य अनेकता | चिल्लोचाप्लो र रसिलोपोसिलो नभएको |
| परम्परा | राम्रो |

**२. उस्तै अर्थ दिने शब्द पाठबाट खोजेर लेख्नुहोस् :**

चालचलन, अवलम्बन, अप्रतिम, पाहुना, सम्पदा, सहिष्णुता, शिर, चाड

**३. अनुकरणात्मक शब्दसँग मिल्ने क्रियामूल छानेर जोडा मिलाउनुहोस् :**

| | |
|---|---|
| पुलुक्क | चुहिनु |
| टुप्लुक्क | बस्नु |
| झुलुक्क | भाग्नु |
| तपतप | पोल्नु |
| थचक्क | झुल्कनु |
| भतभती | हेर्नु |
| सुटुक्क | आइपुग्नु |
| ड्याम्म | टाँसिनु |
| थ्याच्च | पड्कनु |
| गल्र्याम्म | बस्नु |
| ट्याप्प | ढल्नु |

**४. अभ्यास ३ मा प्रयोग नभएका अन्य दशओटा अनुकरणात्मक शब्द टिपोट गरी वाक्यमा प्रयोग गर्नुहोस् ।**

## *बोध र अभिव्यक्ति*

**१. जोडा मिलाई अर्थपूर्ण वाक्य बनाउनुहोस् :**

| | | |
|---|---|---|
| (क) | नेपाली संस्कृति | शेर्पा, तामाङ, गुरुङहरूको महत्त्वपूर्ण चाड हो । |
| (ख) | किरातहरू | हिन्दुले मनाउने प्रसिद्ध चाड हुन् । |
| (ग) | देउडा | नेपाली संस्कृतिमा देवता मानिन्छ । |
| (घ) | छठ पूजा | नेपालको भौगोलिक सीमाभन्दा परसम्म फैलिएको छ । |
| (ङ) | ल्होसार | तराई मधेसमा मनाइने मुख्य चाड हो । |
| (च) | दसैँ र तिहार | साकेला, चासोक तङ्नाम मनाउँछन् । |
| (छ) | अतिथिलाई | नेपालको सुदूरपश्चिममा अत्यन्त लोकप्रिय छ । |

**२. पाठको दोस्रो अनुच्छेदका आधारमा उत्तर भन्नुहोस् :**

(क) किरातहरू केमा रमाउँछन् ?

(ख) गौरा पर्व मुख्य गरी कहाँ मनाइन्छ ?

(ग) नेवार समुदायमा मनाइने मुख्य जात्रा र पर्वहरू के के हुन् ?

(घ) रोदी र घाटुमा को को रम्छन् ?

**३. शिक्षकबाट सुनेर लेख्नुहोस् र आफूले लेखेका शब्दहरू आफैँ जाँच्नुहोस् :**

मिठोमसिनो, स्वर्ग, च्याब्रुङ, वेशभूषा, आस्था, महत्त्वपूर्ण, मठमन्दिर, सहिष्णुता, दार्चुलेली, हाकुपटासी, मृत्यु, संस्कार, धर्मसम्प्रदाय

**४. पाठका आधारमा छोटो उत्तर लेख्नुहोस् :**

(क) संस्कृति भनेको के हो ?

(ख) नेपाली संस्कृतिको विशेषता के हो ?

(ग) नेपालमा धार्मिक विविधताभित्र कस्तो एकता छ ?

(घ) नेपाली संस्कृति कहाँसम्म फैलिएको छ ?

(ङ) 'जिउँदाका जन्ती र मर्दाका मलामी' भन्नुको तात्पर्य के हो ?

**५. पाठका आधारमा लामो उत्तर लेख्नुहोस् :**

(क) नेपालमा के कस्ता जाति, भाषा र धर्मसम्प्रदायहरू छन् ?

(ख) नेपाल सांस्कृतिक विविधता भएको देश हो भन्ने भनाइलाई पाठका आधारमा पुष्टि गर्नुहोस् ।

**६. अनुच्छेद पढ्नुहोस् र पाँचओटा बुँदा टिपोट गरेर कक्षामा सुनाउनुहोस् :**

कर्णाली प्रदेश नेपाली भाषाको उद्गम थलोका रूपमा सुपरिचित छ । यस प्रदेशमा हुम्ला, जुम्ला, डोल्पालगायतका जिल्ला पर्छन् । नेपाली लेख्य साहित्यमा जुम्लाको आफ्नै पहिचान छ। डोल्पा भने ठुला शिलाखण्ड र शीतल वातावरणले भरिपूर्ण छ । त्यसैले डोल्पा जिल्ला प्राकृतिक चिडियाघरका रूपमा पनि परिचित छ । डोल्पा कुमाउ गाउँ नेपालको भूभागमा पत्ता लागेको सबैभन्दा नयाँ मानव बस्ती हो । यहाँ सुप्रसिद्ध बाला त्रिपुरासुन्दरी मन्दिर छ । यहाँ श्री पूर्णानन्द उपाध्यायले बाला त्रिपुरासुन्दरीको वर्णन गरी १९१४ मा लेखेको त्रिपुरा सहस्रनाम शीर्षकको पाण्डुलिपि प्राप्त छ । यस पाण्डुलिपिलाई २०३७ सालमा रविप्रसाद न्यौपानेले सम्पादन गरी प्रकाशन गरेका छन् । यहाँ बौद्ध धर्मावलम्बीको बाक्लो बसोबास छ ।

**७. तपाईँको समुदायमा वा परिवारमा मान्दै आएको कुनै एक चालचलनका बारेमा लेख्नुहोस् ।**

## भाषिक संरचना र वर्णविन्यास

१. **अनुच्छेद मनमनै पढ्नुहोस् र रातो अक्षरमा लेखिएका शब्दहरू साथीलाई सुनाउनुहोस् :**

नयाँ कपडा लगाएका सात जना मान्छेहरू बाटामा हिँडिरहेका थिए । उनीहरूले ठुलो बोरा बोकेका थिए । प्लास्टिकको त्यो बोरा टम्म बाँधिएको थियो । बोराभित्र पुराना कागजहरू थिए । मान्छेहरू ती सबै असल थिए । तिनीहरूले धेरै सामान बोकेका थिए । उनीहरूसँग सानो बाबु पनि थियो । थोरै पैसा र अलिकति चामल पनि थियो । फलामका टुक्रा हालेको ठुलो झोला पनि थियो । उनीहरूले आफ्नो सामान आफैँ बोकेका थिए ।

**माथिको अनुच्छेदबाट तालिकामा मिल्ने शब्दहरू टिप्नुहोस् :**

| | |
|---|---|
| 'कस्तो' को उत्तरमा आउने शब्दहरू | नयाँ |
| 'कत्रो' को उत्तरमा आउने शब्दहरू | |
| 'कति' को उत्तरमा आउने शब्दहरू | |
| 'कुन' को उत्तरमा आउने शब्दहरू | |
| 'कसको' को उत्तरमा आउने शब्दहरू | |

वाक्यमा नामको अगिल्तिर आएर 'कस्तो', 'कत्रो', 'कति', 'कुन' र 'कसको को उत्तरमा आउने पदहरू विशेषण हुन् । विशेषणले नामको गुण, विशेषता, अवस्था, रङ, सङ्ख्या, मात्रा, क्रम, आवृत्ति, सम्बन्ध आदिलाई बुझाउँछ ।

२. **दिइएका वाक्यमा रहेका विशेषण शब्द पहिचान गरी लेख्नुहोस् :**

(क) हामीले पुराना सामानहरू हटायौँ ।

(ख) साथीहरू रसिला सुन्तला र ताजा स्याउ किन्दै थिए ।

(ग) कोसी नेपालको सबैभन्दा ठुलो नदी हो ।

(घ) भाइले नयाँ घडी लगाएको थियो ।

(ङ) राम्रा लुगा लगाउन मन पराउने धेरै छन् ।

३. **अनुच्छेद पढ्नुहोस् र रातो अक्षरमा लेखिएका र रेखाङ्कन गरिएका शब्दहरू तालिका बनाएर भर्नुहोस् :**

असल चरित्र र खराब चरित्रमा धेरै अन्तर हुन्छ । राम्रो मानिस आफू जति पैसा लिन्छ, त्यसभन्दा धेरै योगदान दिन्छ । नराम्रो मानिस आफू कति पैसा लिन्छ त्यसभन्दा थोरै मात्र योगदान गर्न चाहन्छ । ज्यादा योगदान गरे पनि त्यसको जति फल प्राप्त हुन्छ त्यसमा सन्तुष्ट हुनुपर्छ । यो नै सही चरित्रको सुन्दर नमुना हो । अलिकति योगदान गर्नु र थुप्रै फाइदा खोज्नु गलत चरित्रको उदाहरण हो । त्यसैले हामीले थोरै काम गर्ने तर धेरै सुविधा खोज्न थाल्ने हो भने हाम्रो बलियो चरित्र बन्दैन । कमजोर चरित्र लिएर सफल शिक्षक, कर्मचारी, व्यापारी, कलाकार, नेता वा केही पनि बन्न सकिँदैन ।

| रातो अक्षरमा लेखिएका शब्दहरू | रेखाङ्कन गरिएका शब्दहरू |
|---|---|

तालिकामा रातो अक्षरमा दिइएका शब्दहरू गुणबोधक विशेषण हुन् । असल, खराब, राम्रो, नराम्रो, सन्तुष्ट, सही, गलत, बलियो, कमजोर, सफल गुणबोधक विशेषण हुन् । यिनले गुण, दोष, अवस्था, पदार्थ, रङ, आकार आदि बताउँछन् । त्यस्तै रेखाङ्कन गरिएका शब्दहरू परिमाणबोधक विशेषण हुन् । धेरै, जति, कति, ज्यादै, अलिकति, थुप्रै, थोरै, यति परिमाणबोधक विशेषण हुन् । यिनले नामको यति वा उति मात्रा वा परिमाण बुझाउँछन् ।

४. **तलका विशेषणलाई कति र कस्तो बुझाउने विशेषणमा छुट्याउनुहोस् :**

सानो, राम्रो, पाँच, पहिलो, सयौँ, हजारौँ, गुलियो, तितो, पिरो, टर्रो, अम्लो, सय, पच्चिस, आठ, तेस्रो, मसिनो, पुरानो, लाखौँ, बिस

५. **तलका वाक्यम लिङ्ग, वचन र आदरअनुसार विशेषण मिलाएर लेख्नुहोस् :**

(क) सानो छोरी घरमै बस्छे ।

(ख) अग्ली केटाहरू भलिबल खेल्दै छन् ।

(ग) हाम्रो भान्जी र उनकी छोरी एउटै विद्यालयमा पढ्छन् ।

(घ) राम्रो विद्यार्थी बोलीबाटै चिनिन्छन् ।

६. **पाठको अन्तिम अनुच्छेद पढ्नुहोस् र सुरु, बिच र अन्त्यमा ह्रस्व उकार ( ु) लागेका शब्द लेख्नुहोस् ।**

७. **तलका शब्द शुद्ध गरी लेख्नुहोस् :**

बूद्धि, दू:ख, सूख, कूमारी, जिऊ, आयू, वायू, कुखूरो, मनूष्य, गूलेली, घूँडा, चुचूरो, छूर्पी, जूत्ता, दूलो, ठूलो, मूला, लूगा, नमूना, मुजूर, सिपालू

## सुनाइ र बोलाइ

१. **सुनाइ पाठ ३ सुनेर खाली ठाउँ भरेर वाक्य पूरा गरी भन्नुहोस् :**

(क) इभान मिनाएभले ............. को यात्रा गरे । (नेपाल, भारत, चीन)

(ख) इभानले ............... भाषाको शब्दकोश तयार पारे । (नेवारी, अवधी, लिम्बू)

(ग) अफ्रो एसियाली लेखक सम्मेलनमा ........ ले सम्बोधन गरे । (माधवप्रसाद घिमिरे, सिद्धिचरण श्रेष्ठ, लक्ष्मीप्रसाद देवकोटा)

(घ) रसियाली भाषामा .............. सङ्ग्रह प्रकाशन भएको थियो । (कथा, कविता, गीत)

(ङ) ........ देवकोटालाई विशेष सम्मान गरिन्छ । (रुसमा, कुबेतमा, भुटानमा)

## २. सुनाइ पाठ ३ का आधारमा मिल्दो शब्दसँग जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| प्रस्तुत | भनिएको |
| क्रान्ति | अचानक हुने भेट |
| चर्चा | एक ठाउँमा जम्मा पार्ने काम |
| सम्बोधन | भाषिक रूपान्तर |
| अनुवाद | कसैलाई बोलाउने वा पुकार्ने काम |
| सङ्ग्रह | उद्देश्यसाथ गरिने भेला |
| संयोग | परिवर्तनका लागि गरिने विद्रोह |
| सम्मेलन | गम्भीर छलफल |

## ३. सुनाइ पाठ ३ मा आधारित भई उत्तर भन्नुहोस् :

(क) इभान मिनाएभ को थिए ?

(ख) अक्टोबर समाजवादी क्रान्ति कहिले भयो ?

(ग) तत्कालीन सोभियत सङ्घको भ्रमण ककसले गरेका थिए ?

(घ) 'नेपालका कविहरू' कविता सङ्ग्रह कसरी प्रकाशन गरिएको थियो ?

## सिर्जना/परियोजना

**१ 'मलाई मन पर्ने कला' शीर्षकमा एक अनुच्छेद तयार पारी कक्षामा प्रस्तुत गर्नुहोस् ।**

**२. आफ्नो ठाउँ/टोलमा भएको कुनै एक सांस्कृतिक महत्त्वको स्थान (मन्दिर, गुम्बा, मस्जिद, गिर्जाघर, थान, पाटी, पौवा, चौतारो, धर्मशाला, सार्वजनिक भवन, किरियापुत्री घर, गुठी आदि) का बारेमा एक अनुच्छेद लेख्नुहोस् ।**

पाठ ४

## पूर्व पठन

**तलका चित्र हेरी तिनीहरूका बारेमा बताउनुहोस् :**




खाम



पत्रमञ्जुषा



रेडियो



टेलिभिजन




टिकट

मूल पाठ

# ४ छोरालाई चिठी

मिति : २०७६/०३/१६

अल मुरब्बा, रियाद, साउदी अरेबिया

प्यारो छोरो कमलेश,

शुभाशीर्वाद !

म यहाँ आरामै छु । त्यहाँ तिमीहरू पनि आरामै रहेको कुरा तिम्रो पत्रबाट थाहा पाएँ । पत्रमा तिमीले आमा र गाउँघरको हालखबर लेख्दै मलाई घर फर्कन अनुरोध गरेका रहेछौ । पत्र पढेर अत्यन्त खुसी छु ।

छोरा कमलेश ! मलाई तिम्रो पत्र पढ्दा जिम्मेवारीले तिमीलाई सानै उमेरमा ठुलो बनाए जस्तो अनुभूति भइरहेको छ । हुन त तिमी उमेरले एघार वर्षका मात्र भयौ तर तिमी आमाको सहारा र छ वर्षकी बहिनीको अभिभावक पनि हौ । घरमा बुबा नभएपछि तिमीमा कलिलै उमेरमा जिम्मेवारी आइलाग्यो । अबको केही महिनापछि तिमी किशोर कालमा प्रवेश गर्छौ । किशोर उमेरमा शरीरमा हुने हर्मोनहरूको परिवर्तनले व्यक्तिको सोच्ने तरिकामा पनि फरक पार्छ र अलि विद्रोही भावना आउँछ । त्यसैले किशोर काललाई आँधीबेहरीको उमेर पनि भनिन्छ । म परदेशी बुबालाई तिम्रा बारेमा यसकारणले पनि अलि चिन्ता लागिरहेको छ । तिमी मेरा सुझाव र शिक्षकहरूको मार्गदर्शनमा रहेर अघि बढ्ने छौ भन्ने कुरामा म विश्वस्त छु । तिमीले आफ्नो जीवन सार्थक पार्ने छौ ।

*शब्दार्थ*

*अनुभूति : मनले अनुभव गर्ने कार्य*

*सुझाव : सम्झाउने वा स्मरण गराउने काम*

*मार्गदर्शन : बाटो देखाउने काम*

छोरा, किशोर काल पार गरेपछि तिमीलाई साथीहरूसँग बढी घुलमिल गर्न मन लाग्ने छ । यस्तो बेलामा तिमीले साथी छान्दा सबैभन्दा बढी सावधानी अपनाउनुपर्ने हुन्छ । साथीहरूले बोल्ने, खाने, काम गर्ने, सोच्ने आदि कुराहरूले तिम्रो गतिविधि र सोचाइलाई आकार दिइरहेको हुन्छ । धेरै किशोरकिशोरीहरू साथीहरूको लहैलहैमा लागेर गलत गतिविधिमा फस्न पुग्छन् । त्यसैले तिमीले पनि साथी छनोटसँगै साथीलाई गर्ने व्यवहारमा पनि विशेष ध्यान दिनु जरुरी छ । तिमीले साथीलाई सहयोग, सद्भाव र उसको दुःखमा सहानुभूति दिन सक्यौ भने बदलामा तिमीले पनि त्यही पाउँछौ । तिमीलाई थाहा छँदै छ नि, धतुराको बिउ रोपेर आँप कहीँ पनि फल्दैन ।

कमलेश, तिमीले चिठीमा मलाई अरब छोडी आफ्नै देशमा फर्केर काम गर्न आग्रह गरेका रहेछौ । तिम्रो आग्रहलाई सलाम छ । म पनि त्यही सोच्दै छु । आत्मीय परिवारजन, हितैषी आफन्त र छिमेकी, गाउँघर र देश छोडेर परदेसिएको छ वर्ष पूरा भएछ । बसौँदेखिको ऋण तिरूँ र तिमीहरूको शिक्षाका लागि अलिकति जोहो गरूँ भनेर अरब पसेको थिएँ । विदेशमा भने आफूले सोचेजस्तो नहुँदो रहेछ । यतिका वर्षदेखि चालिस डिग्रीभन्दा माथिको तापक्रममा घोटिएर बल्ल ऋण तिरिसकियो । गाउँघरमै बसेर व्यवसाय सुरु गर्न पुँजीको जोहो भने गर्न सकेको छैन । अब म चाँडै फर्कन्छु र तिमीले भनेजस्तै गाउँघरमै केही गर्छु । मलाई खेतीपातीमा असाध्यै रुचि छ । त्यसैले आधुनिक तरिकाले खेती गर्ने सोच बनाएको छु । हाम्रो तराई मधेसलाई देशको अन्नभण्डार मानिन्छ । दुई वर्षअघि छुट्टीमा घर फर्कंदा धेरै जमिन बाँझै रहेको देखेँ । हामी जस्ता काम गर्न सक्ने सिपयुक्त जनशक्तिहरू विदेशमा गएपछि जमिन बाँझै रहनु स्वाभाविक हो । यो लक्षण देशोन्नतिका लागि कदापि राम्रो होइन । यही कुरा सम्झेर पनि मैले अब गाउँमै आधुनिक कृषिसम्बन्धी केही गर्ने योजना बनाएको छु । सरकारले पनि कृषि क्षेत्रमा केही गर्न चाहनेलाई विभिन्न तालिम, आर्थिक सुविधा र सहुलियत

*सावधानी : सतर्कता*

*सहानुभूति : अर्काको दुःख, वेदना आदिमा हुने समान अनुभव*

*सहुलियत : कुनै खास विषय वा परिस्थितिमा सबैलाई वा खास खास व्यक्तिलाई दिइने सुविधा*

ब्याजमा कर्जा दिने व्यवस्था गरेको कुरा मैले अनलाइन समाचारहरूमा पढेको छु । यस्ता सुविधाहरूको सदुपयोग गर्दै जैविक खेती वा अर्गानिक खेती र माछापालन व्यवसाय गर्ने योजना छ । मेरो योजना यहाँ काम गर्ने साथीहरू सुनाउँदा उहाँहरू पनि उत्साहित हुनुभएको छ। केही साथीहरू त मसँगसँगै स्वदेश फर्कने तयारीमा हुनुहुन्छ। म पनि यताका सबै कुरा मिलाएर एकदुई महिनाभित्रै देश फर्किसक्छु । त्यसपछि सधैँका लागि परिवारसँगै रहने छु ।

छोरा कमलेश, पत्र अलि लामो भयो । तिम्रा आमा र बहिनीलाई पनि मेरो असीम स्नेह सुनाइदेऊ । अब चाँडै भेट्ने आशासहित पत्र यही अन्त्य गर्दछु ।

तिम्रो बुबा
अखिलेश पासवान

*जैविक खेती : रासायनिक तथा हानिकारक मलहरूको प्रयोग नगरीकन गरिने खेती*
*असीम : सीमा नभएको*

**खामको नमुना**

पठाउने
अखिलेश पासवान
अल मुरब्बा, रियाद
साउदी अरेबिया

पाउने
कमलेश पासवान
महुली बजार
अग्निसयर कृष्णशवरण गाउँपालिका १
सप्तरी
नेपाल

## शब्दभण्डार

**१. शब्द र अर्थबिच जोडा मिलाउनुहोस् :**

| | |
|---|---|
| जिम्मेवारी | सञ्चित धन |
| ईर्ष्या | जिम्मा लिने काम |
| पुँजी | मनमा उब्जने डाह |
| विश्वास | कुनै कामका निमित्त गरिने बन्दोबस्त |
| जोहो | भरोसा |
| | लाभ |

**२. उस्तै अर्थ दिने शब्द पाठबाट खोजेर लेख्नुहोस् :**

अभिभारा, कर्जा, आग्रह, सल्लाह, राष्ट्रोन्नति, खेलाँची, खबर, निकट

**३. शिष्टाचारका शब्द वा शब्दावलीहरू पढेर तालिकाको मिल्ने कोठामा भर्नुहोस् :**

सादर नमस्कार, धेरै धेरै माया, आशीर्वाद, दण्डवत्, शुभाशिष्, सप्रेम सम्झना, असीम स्नेह, हार्दिक प्रणाम

| | |
|---|---|
| आफूभन्दा ठुलाका लागि प्रयोग गरिने शिष्टाचारका शब्द वा शब्दावली | |
| आफू समान (साथी) का लागि प्रयोग गरिने शिष्टाचारका शब्द वा शब्दावली | |
| आफूभन्दा सानाका लागि प्रयोग गरिने शिष्टाचारका शब्द वा शब्दावली | |

## बोध र अभिव्यक्ति

१. **'छोरालाई चिठी' पाठ मौनपठन गर्नुहोस् । त्यसपछि निम्नलिखित विषयमाथि सामूहिक छलफल गर्नुहोस् :**

**(क) चिठीको संरचना**

| | |
|---|---|
| आदि भाग | (मिति, ठेगाना, सम्बोधन, शिष्टाचार) |
| मध्य भाग/मुख्य भाग | (कुशलकामना/विषय प्रवेश, मुख्य कुरा, टुङ्ग्याउनी) |
| अन्त्य भाग | (सम्बोधितसँगको सम्बन्ध, हस्ताक्षर वा लेखकको नाम) |
| खामको नमुना | (प्रेषक र प्रापकको नाम तथा ठेगानाको क्रम) |

**(ख) चिठीको विषयवस्तु तथा सन्देश**

२. **पाठका आधारमा ठिक उत्तरमा रेजा (√) लगाउनुहोस् :**

(क) यो चिठी कहाँबाट लेखिएको हो ?

(अ) मलेसिया (आ) साउदी अरेबिया

(इ) दुबई (ई) कतार

(ख) यो चिठी कसले लेखेको हो ?

(अ) कमलेश पासवानले (आ) अभिनव पासवानले

(इ) अखिलेश पासवानले (ई) विमल पासवानले

(ग) कमलेश पासवान कति वर्षको छ ?

(अ) दश वर्षको (आ) बाह्र वर्षको

(इ) चौध वर्षको (ई) एघार वर्षको

(घ) कमलेशका बुबाले नेपाल फर्किएपछि के गर्ने योजना बनाएका छन् ?

(अ) व्यापार (आ) कृषि

(इ) उद्योग (ई) नोकरी

४. **पाठका आधारमा छोटो उत्तर लेख्नुहोस् :**

(क) चिठीमा बुबाले छोरालाई के कस्ता सुझाव दिएका छन् ?

(ख) रोजगारीका लागि विदेश जाने चलनलाई कसरी रोक्न सकिन्छ ?

(ग) अखिलेश किन अरब गएका हुन् ?

(घ) अखिलेशले गाउँ फर्केपछि के गर्ने योजना बनाएका छन् ?

५. **'छोरालाई चिठी' पाठ पढी उक्त चिठीको प्रत्युत्तर लेख्नुहोस् र खामको नमुना पनि बनाउनुहोस् ।**

६. **बधाई तथा कृतज्ञता ज्ञापन पत्र पढी सोधिएका प्रश्नहरूको उत्तर दिनुहोस् :**

**(क) बधाई ज्ञापन पत्र**

बधाई ज्ञापन

यस विद्यालयको ६ कक्षामा अध्ययनरत छात्रा सुश्री आस्था शर्माले जिल्लास्तरीय लोकनृत्य प्रतियोगितामा प्रथम स्थान हासिल गर्न सफल हुनुभएकामा यहाँको उत्तरोत्तर प्रगतिको कामना गर्दै हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछौं ।

प्राचार्य तथा

जनता माध्यमिक विद्यालय परिवार

दार्चुला

(ख) **कृतज्ञता ज्ञापन पत्र**

## कृतज्ञता ज्ञापन

मेरो स्वास्थ्य अवस्था अति नै कमजोर भई औषधी उपचार गर्न नसकेको अवस्थामा समाजसेवी, गाउँकै अग्रज व्यक्तित्व तपाईँ श्री जगदीश ज्ञवालीज्यूबाट मेरो स्वास्थ्य उपचारका लागि गर्नुभएको आर्थिक सहयोगप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

प्रार्थी

सुमन शाही

कालिकेश्वरी मा.वि., तुर्माखाद गा.पा. ६

अछाम

**प्रश्नहरू**

(क) माथिको बधाई ज्ञापन कसले कसलाई दिएको हो ?

(ख) प्रतियोगीले कुन कार्यक्रममा भाग लिएका थिए ?

(ग) कृतज्ञता ज्ञापनको मुख्य विषय के हो ?

(घ) कृतज्ञता ज्ञापन किन गरेको हो ?

७. **तपाईँ आफ्नो घरमा कोही पाहुना आउँदा उहाँलाई कसरी स्वागत तथा सम्मान गर्नुहुन्छ, हरेकले आआफ्नो घरको चलनअनुसार पाहुनालाई गर्ने स्वागत तथा सम्मानका बारेमा कक्षामा सुनाउनुहोस् ।**

## *भाषिक संरचना र वर्णविन्यास*

१. **तलको अनुच्छेद मनमनै पढ्नुहोस् र विशेषण शब्द टिप्नुहोस् :**

मेरो विद्यालय गाउँमा छ । मेरो विद्यालयमा थोरै विद्यार्थी छन् । तीमध्ये हाम्रो टोलबाट धेरै साथीहरू त्यही विद्यालय जान्छन् । उनीहरू आफ्नो पढाइ राम्ररी गर्छन् । केही साथीहरू खेलमा रुचि राख्छन् । ती साथीहरू पढाइ र खेलमा अब्बल छन् ।

२. **तलका विशेषण शब्दलाई गोलो घेरा लगाउनुहोस् र नाम शब्दलाई रेखाङ्कन गर्नुहोस् :**

मेरो झोला, केही किताब, त्यो मान्छे, यी रुखहरू, थोरै समय, अलिकति पानी, ती किसानहरू, यी साथीहरू, प्रशस्त खानेकुरा, तपाईँको सामान, आफ्नो झोला

३. **तलका विशेषण शब्दका पछाडि मिल्ने नाम शब्द राखी वाक्य बनाउनुहोस् :**

आफ्नो, तेरो, त्यो, ती, यी, यो, सबै, थोरै, अलिकति, ज्यादा

४. **दिइएका शब्दका ह्रस्व र दीर्घ उकार सच्याएर सार्नुहोस् :**

मूनि, सुचना, कुकूर, बाबू, भिनाजू, घिऊ, धनू, पिडालू, दयालू, सुची, जाउ, ल्याउ, बसुँ, हाँसु

५. **मूल पाठबाट दीर्घ उकार ( ू ) लागेका शब्द खोजेर लेख्नुहोस् । ती शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् ।**

## सुनाइ र बोलाइ

१. **सुनाइ पाठ ४ सुनेर जोडा मिलाउनुहोस् :**

| | |
|---|---|
| (क) रश्मिराज | चिठी लेखेको दिन |
| (ख) १९६८ चैत्र १ | खेती बिग्रेर लागेको जम्मा ऋण |
| (ग) बार ७ | क्रियापद समावेश भएको कोश अर्थात् क्रियाकोश |
| (घ) छ सय | चेतनाथका दाइ |
| (ङ) आख्यात चन्द्रिका | शनिबार |

२. **सुनाइ पाठ ४ सुनेका आधारमा उत्तर भन्नुहोस् :**

(क) सुनाइ पाठ ४ को चिठी कुन विषयमा लेखिएको हो ?

(ख) चिठीमा कसरी सम्बोधन र शिष्टाचार व्यक्त गरिएको छ ?

(ग) चिठीको मुख्य आशय के हो ?

## सिर्जना / परियोजना

१. आफ्नो विद्यालय र पढाइबारे बताउँदै साथीलाई एउटा चिठी लेख्नुहोस् र खामको नमुना पनि तयार पार्नुहोस् ।

२. अबको बिस वर्षमा के कस्ता परिवर्तन होलान् ? विद्यालयहरू कस्ता होलान् ? यातायातका के कस्ता साधन आउलान् ? विज्ञान तथा प्रविधिमा के कस्ता चमत्कारहरू देखिएलान् ? मानिसको दैनिकी कस्तो होला ? तपाईँहरू के गर्दै हुनुहोला ? चारपाँच जनाको समूह बन्नुहोस् । अब हरेक समूहले छलफल गरी कापीमा पाँचओटा बुँदा लेख्नुहोस् । तपाईँको समूहले लेखेका बुँदाहरूका आधारमा समूहबाट एक जनाले अबको बिस वर्षमा हुने परिवर्तनको वर्णन गर्नुहोस् ।

पाठ ५

## पूर्व पठन

**तलका व्यक्तिहरू चिन्नुहुन्छ, छलफल गरी उनीहरूको योगदानका बारेमा बताउनुहोस् :**



विश्वेश्वरप्रसाद कोइराला



राम शाह



तारादेवी



माधवप्रसाद घिमिरे





वैकुण्ठ मानन्धर



अरुणा लामा



सत्यमोहन जोशी



लक्ष्मीप्रसाद देवकोटा

मूल पाठ

# ५ सङ्गीतकार अम्बर गुरुङ



मानिस जन्मले होइन कर्मले महान् हुन्छ । सिर्जनशील कर्म, साहित्य, सङ्गीत र कलाको साधनामा आफ्नो जीवन समर्पण गर्नेहरू सबैको मनमस्तिष्कमा बस्छन् । त्यस्तै व्यक्तिहरूमध्ये एक महान् सङ्गीतकार अम्बर गुरुङ हुन् । उनको जन्म वि.सं. १९९४ फागुन १४ गते भारतको दार्जिलिङस्थित मिलिङ चिया कमानमा भएको थियो । पिता उजिरसिंह गुरुङ र माता रेणुका गुरुङका सुपुत्र अम्बर गुरुङको बाल्यकाल सामान्य रूपमा बितेको थियो । भारतमा जन्मिए पनि नेपाललाई कर्मथलो बनाउने अम्बर गुरुङको पुर्ख्यौली थलो नेपालको गोरखा जिल्लाको रिसिङ गाउँ हो । उनले दार्जिलिङकै टर्नबुल विद्यालयबाट प्रारम्भिक शिक्षा हासिल गरेका थिए । औपचारिक शिक्षा सामान्य रहे पनि उनले पूर्वीय तथा पाश्चात्य सङ्गीतको गहन अध्ययन गरेका थिए ।

अम्बर गुरुङका पिता ब्रिटिस गोरखा पल्टनमा जागिरे थिए । पिताको इच्छा छोरालाई पनि आफू जस्तै पल्टनमा जागिर खुवाउने रहे पनि आमाको प्रेरणाले उनी सानैदेखि सङ्गीतको साधनामा लाग्न पुगे । उनी विद्यालयमा पढ्दादेखि नै सबै जसो साङ्गीतिक कार्यक्रमहरूमा सहभागी हुने गर्दथे । उनले सानैदेखि

*शब्दार्थ*

*सिर्जनशील – सिर्जनामा लागिरहने*
*साधना – सफलता प्राप्तिका निम्ति बारबार गरिने अभ्यास*
*समर्पण – आफ्नो अधिकार, स्वामित्व आदि कसैलाई दिने काम*
*समर्पित – सुम्पिएको, चढाइएको*
*पाश्चात्य – पश्चिमेली*

त्यहाँ उपलब्ध भएसम्मका सबै जसो बाजाहरू बजाउँथे, गीत गाउँथे र रचना पनि गर्थे । उनी धार्मिक भजनहरू पनि गाउँथे । 'हुने बिरुवाको चिल्लो पात' भने झैँ सङ्गीततर्फको अभिरुचि र साधनाले गर्दा उनी नेपाली सङ्गीतकर्मीहरूका प्रेरणाका स्रोत र आदर्शका पुञ्ज बन्न पुगे ।

सङ्गीतसँग आफ्नो भावना गाँसिएको विचार राख्ने अम्बर गुरुङले वि.सं. २०१६ मा 'म अम्बर हुँ' र 'सम्हालेर राख' जस्ता गीतबाट आफ्नो साङ्गीतिक यात्रा सुरु गरेका थिए । त्यसपछि वि. सं. २०१८ मा वरिष्ठ साहित्यकार अगमसिंह गिरीद्वारा रचित 'नौ लाख तारा उदाए..' बोलको गीत उनको स्वर तथा सङ्गीतमा कलकत्तामा रेकर्डिङ भयो । प्रवासमा रहेर नेपालीहरूले भोग्नुपरेका दुःख र गर्नुपरेका सङ्घर्षलाई यस गीतमा अभिव्यक्त गरिएको छ । यसै गीतका कारण उनी चर्चाको शिखरमा पुगे । प्रवासी नेपालीको पक्षमा रचिएको उक्त गीतले तत्कालीन राजा महेन्द्र अत्यन्त प्रभावित भएका थिए । पछि उक्त गीत भारत सरकारले बजाउन प्रतिबन्धसमेत लगायो । यसबाट गुरुङ निराश बन्न पुगे । यस घटनाले उनलाई सङ्गीत क्षेत्र एउटा पेसा नभई सोखको विषय रहेछ भन्ने लाग्यो । सङ्गीतलाई पेसा बनाउने उद्देश्य लिएका गुरुङले जीविका चलाउने सिलसिलामा कठिनाइ उत्पन्न भएपछि एकताक झन्डै साङ्गीतिक यात्रालाई छोडी तरकारी खेतीतर्फ लाग्न पुगेका थिए । पछि उनलाई पुनः सङ्गीततर्फ अभिप्रेरित गर्ने काम नेपाली साहित्यका स्रष्टा शङ्कर लामिछानेले गरे । यही क्रममा वि.सं. २०२५ तिर तत्कालीन राजा महेन्द्रसँग उनको भेट भयो । राजा महेन्द्रले उनलाई नेपाल आउन आग्रह गरे । राजाको आग्रहलाई स्विकार्दै पछि उनी नेपाल आए । वि.सं. २०२६ देखि नेपाल प्रज्ञा प्रतिष्ठानमा सङ्गीतज्ञका रूपमा काम गर्दै लगभग २८ वर्ष सेवारत रहे । गुरुङले नेपाल आगमनपछि धेरै कालजयी नेपाली गीतसङ्गीतको सिर्जना गरे ।

*अभिरुचि – कुनै विषय वा वस्तुप्रति भएको तीव्र रुचि*
*वरिष्ठ – उच्चकोटिको*
*स्रष्टा – रचना गर्ने, निर्माता*

जीवनमा आइपरेका घटनाहरूले नै आफूलाई सङ्गीत सिकाएको भन्ने धारणा व्यक्त गर्ने गुरुङको जीवन सङ्घर्षमय थियो । जीवनमा विभिन्न समस्या र आर्थिक अभावसँग सिँगौरी खेल्दै उनी नेपाली सङ्गीतको साधना र उत्थानमा अहोरात्र लागिरहे । पाश्चात्य सङ्गीतसँग नेपाली सङ्गीतलाई संयोजन गर्ने उनी एक प्रयोगवादी सङ्गीतकारसमेत मानिन्छन् । उनले नेपाली सङ्गीतका क्षेत्रमा गम्भीर अध्ययन, खोज, अनुसन्धान र नवीन प्रयोग गरे । यस कारण उनी एक प्रयोगशील सङ्गीतकारका रूपमा नेपाली सङ्गीत जगत्मा सुपरिचित बन्न पुगे ।

अम्बर गुरुङले २०११ सालमा वीणा गुरुङसँग वैवाहिक सम्बन्ध गाँसे । उनीहरूबाट तीन छोरा र एक छोरी गरी चार सन्तानको जन्म भयो । तीमध्ये किशोर गुरुङ नेपाली सङ्गीत जगत्मा बाबुको बिँडो थाम्ने सन्ततिका रूपमा देखा परे । अम्बर गुरुङको जीवन यात्रा शिक्षण पेसाबाट प्रारम्भ भएको थियो । गुरुङले अगमसिंह गिरीद्वारा स्थापित भानुभक्त विद्यालयको प्रधानाध्यापक भएर केही समय काम गरे । यसै क्रममा उनले सङ्गीत प्रतिष्ठान खोली धेरैलाई सङ्गीत शिक्षा प्रदान गरे । उनीसँग शिक्षा प्राप्त गर्ने प्रतिभाहरूमा गोपाल योञ्जन, कर्म योञ्जन, अरुणा लामा, रञ्जित गजमेर आदि उल्लेखनीय मूर्धन्य प्रतिभाहरू हुन् । यसका साथै भूपी शेरचन, शङ्कर लामिछाने, अगमसिंह गिरी, बैरागी काइँला, ईश्वर बल्लभ, इन्द्रबहादुर राई, उत्तम कुँवर, हरिभक्त कटवाल जस्ता साहित्य साधकसँग घनिष्ठ र आत्मीय सम्बन्ध रहेको थियो ।

‘सयौँ थुँगा फूलका हामी एउटै माला नेपाली...’ बोलको हाम्रो राष्ट्रिय गानमा सुमधुर सङ्गीत भर्ने अरू कोही नभएर यिनै महान् सङ्गीतकार अम्बर गुरुङ हुन् । उनले महाकवि लक्ष्मीप्रसाद देवकोटाको लोकप्रिय काव्य ‘मुनामदन’ र

*अहोरात्र - दिनरात*
*संयोजन - दुई वा दुईभन्दा बढी तत्त्व मिल्ने वा जोडिने काम*
*गम्भीर - विचारपूर्ण, गहिरो*
*प्रयोगशील - प्रयोगमा ल्याउन सिपालु*
*मूर्धन्य - ठुला, प्रमुख*
*साधक - कुनै कुरा सिद्ध गर्ने*

'कुञ्जिनी', राष्ट्रकवि माधव घिमिरेको गीतिनाटक 'मालती मङ्गले' र शताब्दी पुरुष सत्यमोहन जोशीका चारओटा नाट्यकृतिमा सङ्गीत भर्ने काम गरे । यसका साथै उनले 'मनको बाँध', 'जीवनरेखा' जस्ता चलचित्र र आदिकवि भानुभक्तको वृत्तचित्रमा समेत सङ्गीत भर्ने काम गरेका थिए । यसका अतिरिक्त नेपाली सङ्गीतलाई समृद्ध बनाउने क्रममा उनले पाँच सयभन्दा बढी गीतमा सङ्गीत भरे । दुई सयभन्दा बढी गीत आफैँले गाए । एक सय पचासभन्दा बढी गीतको रचना पनि गरे । यस अर्थमा उनीलाई नेपाली सङ्गीतका त्रिवेणी मान्न सकिन्छ । यसरी नेपाली गीतसङ्गीतको विकासमा उनले पुऱ्याएको योगदानको उच्च कदर गर्दै नेपाल सरकार तथा विभिन्न सङ्घसंस्थाबाट विभिन्न पुरस्कार, सम्मान तथा उपाधिद्वारा उनलाई विभूषित गरियो । उनले प्रबल गोरखा दक्षिण बाहु चौथो (२०२८), इन्द्रराज्यलक्ष्मी पुरस्कार (२०३८), जगदम्बाश्री पुरस्कार (२०५४), छिन्नलता गीत पुरस्कार (२०४७), उत्तम शान्ति पुरस्कार (२०६४), भूपालमानसिंह कार्की पुरस्कार आदि प्राप्त गरे । यसका साथै हङकङमा आयोजित कार्यक्रममा उनलाई महासङ्गीतकारका रूपमा सम्मान गरियो । उनलाई नेपाली सेनाले मानार्थ महासेनानीको उपाधि प्रदान गर्नुका साथै स्वदेश तथा विदेशका विभिन्न सङ्घसंस्थाद्वारा अभिनन्दनसमेत गरियो । अम्बर गुरुङले सङ्गीतका माध्यमबाट देश र जनताको सेवामा आफूलाई समर्पण गरे । उनको स्वर, सङ्गीत र रचनाले नेपाली सङ्गीतभूमि उर्वरा भयो । यसै क्रममा उनी सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका प्रथम कुलपतिसमेत भए ।

जन्म र मृत्यु एकै सिक्काका दुई भाग हुन् । जन्मेपछि मर्नु प्राकृतिक नियम नै हो । जतिसुकै महान् व्यक्तिले पनि एक न एक दिन मृत्यु वरण गर्नै पर्दछ ।

*शताब्दी - सय वर्षको समय*
*समृद्ध - धनधान्य आदिले सम्पन्न*
*विभूषित - सिँगारिएको, सजाइएको*
*अभिनन्दन - योगदान गर्ने व्यक्तिलाई गरिने सम्मान*
*उर्वरा - धेरै उब्जाउ हुने भूमि*

नेपाली सङ्गीतको विकासमा मन, वचन र कर्मले प्रतिबद्ध भई निरन्तर साधना गर्दै यसको उत्थानमा लाग्न सबैलाई उत्प्रेरणा दिने अम्बर गुरुङको निधन वि.सं. २०७३ जेठ २५ गते मङ्गलबारका दिन ७९ वर्षको उमेरमा काठमाडौँमा भयो। यसरी आधुनिक नेपाली गीतसङ्गीत र साहित्यको क्षेत्रमा पुऱ्याएको विशिष्ट योगदानले गर्दा आज उनी मूर्धन्य सङ्गीतकारका रूपमा अमर भएका छन्।

*प्रतिबद्ध - बाँधिएको, कटिबद्ध*

## शब्दभण्डार

**१. तलका शब्द र अर्थबिच जोडा मिलाउनुहोस् :**

| | |
|---|---|
| आकर्षित | स्थापना गर्ने काम |
| प्रतिभा | तानिएको |
| प्रवास | श्रुतिमधुर |
| शताब्दी | विदेश |
| कर्णप्रिय | सय वर्षको समय वा अवधि |
| अभिनन्दन | सत्कार |
| | प्रशंसा |

**२. पढ्नुहोस् र समावेशक तथा समावेश्य शब्दबिचको अन्तर पत्ता लगाउनुहोस् :**

| जनावर | फलफूल |
|---|---|
| बाघ, भालु, गाई, बाख्रो, घोडो, खरायो | आँप, अम्बा, स्याउ, सुन्तला, अङ्गुर, मेवा |

'जनावर' शब्दभित्र बाघ, भालु, गाई, बाख्रो, घोडो, खरायो आदि समावेश हुन्छन्। त्यस्तै 'फलफूल' भित्र आँप, अम्बा, स्याउ, सुन्तला,

अङ्गुर, मेवा आदि समावेश हुन्छन् । यसरी जुन शब्दभित्र अन्य शब्द समावेश हुन्छन्, त्यस्ता शब्द समावेशक शब्द हुन्। माथिका जनावर र फलफूल समावेशक शब्द हुन् । समावेशक शब्दभित्र समावेश हुने शब्दहरू चाहिँ समावेश्य शब्द हुन् । माथिका बाघ, भालु, गाई, बाख्रो, घोडो, खरायो आदि 'जनावर' का समावेश्य शब्द हुन् भने आँप, अम्बा, स्याउ, सुन्तला, अङ्गुर, मेवालगायत 'फलफूल' का समावेश्य शब्द हुन् ।

३. **तलका समावेशक शब्दसँग सम्बन्धित चार चारओटा समावेश्य शब्द लेख्नुहोस् :**

किताब, फूल, चरा, लुगा, गहना, भाँडावर्तन, नदी, अन्न

४. **तलका समावेश्य शब्दहरूसँग सम्बन्धित समावेशक शब्द लेख्नुहोस् :**

(क) आलु, काउली, लौका

(ख) गण्डकी, कर्णाली, कोसी

(ग) सगरमाथा, कञ्चनजङ्घा, अन्नपूर्ण

(घ) जिप, बस, ट्रक

## *बोध र अभिव्यक्ति*

१. **माथिको जीवनी कक्षाका सबै जनाले पालैपालो एक एक अनुच्छेद सस्वरवाचन गर्नुहोस् ।**

२. **दिइएका शब्द शुद्धसँग उच्चारण गरी कापीमा सार्नुहोस् :**

व्याकुल, पङ्क्ति, पुख्र्यौली, साङ्गीतिक, वरिष्ठ, महेन्द्र, सम्हालेर, कुञ्जिनी, शताब्दी, छिन्नलता, हङकङ, सङ्घसंस्था

३. **अम्बर गुरुङसँग सम्बन्धित तलका विषयवस्तुलाई घटनाक्रमका आधारमा १. २. ३. को क्रममा राख्नुहोस् :**

(  ) अम्बर गुरुङको जन्म दार्जिलिङको मिलिङ चिया कमानमा हुनु

(  ) नेपाल प्रज्ञा प्रतिष्ठानका सङ्गीत प्रमुखका रूपमा काम गर्दागर्दै अवकाश लिनु

(  ) 'म अम्बर हुँ' र 'सम्हालेर राख' गीतहरू गाउनु

(  ) 'सयौँ थुँगा फूलका हामी एउटै माला नेपाली....' राष्ट्रिय गानमा सङ्गीत भर्नु

(  ) दार्जिलिङकै टर्नबुल विद्यालयमा प्रारम्भिक शिक्षा पूरा गर्नु

(  ) नेपाल प्रज्ञा प्रतिष्ठानमा सङ्गीतज्ञका रूपमा काम गर्न थाल्नु

(  ) अगमसिंह गिरीद्वारा रचित 'नौ लाख तारा उदाए...' गीत कलकत्तामा रेकर्ड गराउनु

## ४. पाठका आधारमा मौखिक उत्तर दिनुहोस् :

(क) अम्बर गुरुङको जन्म कहाँ भएको हो ?

(ख) अम्बर गुरुको साङ्गीतिक यात्रा कहिलेदेखि सुरु भएको हो ?

(ग) 'नौ लाख तारा उदाए...' बोलको गीत कहाँ रेकर्ड गराएका थिए ?

(घ) अम्बर गुरुङले नेपाल प्रज्ञा प्रतिष्ठानमा सङ्गीतज्ञका रूपमा कहिलेदेखि काम गर्न थाले ?

(ङ) राष्ट्रकवि माधव घिमिरेको कुन कृतिमा अम्बर गुरुङको साङ्गीतिक जादु प्रस्तुत भएको छ ?

## ५. पाठका आधारमा छोटो उत्तर दिनुहोस् :

(क) अम्बर गुरुङको बाल्यकाल कसरी बित्यो ?

(ख) अम्बर गुरुङले कुन कुन सङ्घसंस्थामा आबद्ध भएर कार्य गरे ?

(ग) अम्बर गुरुङले कुन कुन गीतमा सङ्गीत भरेका थिए ?

(घ) अम्बर गुरुङले प्राप्त गरेका मानसम्मान र उपाधिहरू के के हुन् ?

(ङ) अम्बर गुरुङको जीवनीबाट के शिक्षा पाइन्छ ?

**६. पाठका आधारमा लामो उत्तर लेख्नुहोस् :**

(क) नेपाली गीत सङ्गीतका क्षेत्रमा सङ्गीतकार अम्बर गुरुङले कस्तो योगदान पुऱ्याएका छन्, लेख्नुहोस् ।

(ख) अम्बर गुरुङ नेपाली सङ्गीतका त्रिवेणी हुन् । यस भनाइलाई जीवनीका आधारमा पुष्टि गर्नुहोस् ।

**७. तलको अनुच्छेद मौन पठन गर्नुहोस् । उक्त अनुच्छेदबाट मुख्य मुख्य पाँचओटा बुँदाहरू टिप्नुहोस् :**

गायिका तारादेवीको जन्म वि.सं. २००२ साल माघ २ गते मङ्गलबार भएको हो । उनी कृष्णबहादुर कार्की तथा राधादेवीकी सुपुत्री हुन् । उनको परिवार काठमाडौँको इन्द्रचोकमा बस्थ्यो । तारादेवीलाई बाल्यकालमा डोलकुमारी भनी बोलाइन्थ्यो । वि.सं. २०२२ सालमा तारादेवीले शिवबहादुर श्रेष्ठसँग प्रेमविवाह गरिन् । शिवबहादुर हवाईचालक थिए । यिनबाट छोरी चारु तथा छोरा शशि र रविको जन्म भएको थियो । २०५१ सालमा उनको जागिर पनि छुट्यो । जागिर छुटेकै बेलामा छोरा शशि भने क्यान्सर रोगका कारण स्वर्गवास भए । २०५५ सालमा हवाई दुर्घटनामा परी शिवबहादुरको मृत्यु भएकाले तारादेवीलाई अझ ठुलो चोट पऱ्यो । त्यसपछि तारादेवीको जीवन अत्यन्तै कष्टपूर्ण रह्यो । तारादेवी निर्भीक र साहसी महिला थिइन् । उनले सङ्गीतको साधना गर्न छाडिनन् । २०५६ साल फागुन १३ गते उनले सांस्कृतिक कार्यक्रममा गीत गाइन् । त्यसपछि उनको चर्चा र साधनाले निरन्तरता पायो ।

तारादेवीलाई २०५० सालमा जगदम्बाश्री पुरस्कार प्रदान गरियो । उनले इन्द्रराज्यलक्ष्मी प्रज्ञा पुरस्कार, छिन्नलता पुरस्कार, मैना पुरस्कार र नइ सुर सम्मान पनि पाइन् । तारादेवीले सुप्रसिद्ध प्रबल गोरखा दक्षिण बाहु प्रथम पनि प्राप्त गरिन् । यसका अतिरिक्त तारादेवीले स्वदेश तथा विदेशबाट अन्य थुप्रै पदक, पुरस्कार, सम्मान र अभिनन्दनहरू पनि पाएकी थिइन् ।

**८. देशको नामुद कलाकार वा साहित्यकार तपाईँको विद्यालयमा आउनुभयो । उहाँ कुनै एउटा जटिल रोगले पीडित पनि हुनुहुन्छ । अब कुनै कार्यक्रममा तपाईँ एक उद्घोषकका हिसाबले उहाँलाई स्वागत कसरी गर्नुहुन्छ र उहाँका लागि सहयोग गर्न कसरी आह्वान गर्नुहुन्छ, बताउनुहोस् ।**

## *भाषिक संरचना र वर्णविन्यास*

**१. दिइएको अनुच्छेद पढ्नुहोस् र सही लेख्य चिह्नहरू राखी अनुच्छेद पूरा गर्नुहोस् :**

भाइ तिमी कहिले आयौ अनि सहरबाट मलाई के के ल्याइदियौ फलफूल, मिठाई र नरिवल त ल्यायौ नै होला हजुरबुबा र हजुरआमालाई गुदपाक मन पर्छ त्यो पनि ल्याएकै हुनुपर्छ

**चिह्न प्रयोसम्बन्धी जानकारी**

| | | | |
|---|---|---|---|
| (क) | पूर्णविराम चिह्न | : । | (वाक्य प्रश्न नगरी सामान्य अवस्थामा टुङ्गिँदा प्रयोग हुने) |
| (ख) | प्रश्नवाचक चिह्न | : ? | (प्रश्न बुझाउने वाक्य टुङ्गिँदा प्रयोग हुने) |
| (ग) | अल्पविराम चिह्न | : , | (उस्तै किसिमका धेरै पद वा पदावली एकै ठाउँ आउँदा छुट्याउन प्रयोग हुने |
| (घ) | उद्गार चिह्न | : ! | (हर्ष वा विस्मय बुझाउँदा प्रयोग हुने) |
| (ङ) | योजक चिह्न | : - | (उस्तै वा विपरीत अर्थ बुझाउने पदहरूलाई जोड्न तथा हरफको अन्त्यमा कुनै शब्द पुरै नअटेको अवस्था जनाउन हरफको अन्त्यमा प्रयोग हुन आउने) |

२. ( । ) ( ? ) ( , ) ( ! ) ( – ) **चिह्न प्रयोग गरी एक एक वाक्य बनाउनुहोस् ।**

**३. मूल पाठबाट 'ब' लागेका दशओटा र 'व' लागेका दशओटा शब्द टिप्नुहोस् ।**

४. **तलका शब्दहरू पढ्नुहोस् र तालिकाको निर्देशनअनुसार मिल्ने शब्द लेख्नुहोस् :**

बाटो, वाक्क, विज्ञान, बिहान, वारि, विदेश, विचार, डेरावाला, बदला, थुनुवा, भाव, अम्बा, ज्वाला, भव्य, बाकस, बन्चरो, स्वाद, अविनाश, कविता, वकिल, सम्बन्ध, क्वालालम्पुर, शब्द, विवाह

| 'ब' लेखेर 'ब' नै बोलिने शब्द | 'व' लेखेर 'व' नै बोलिने शब्द | 'व' लेखेर 'ब' बोलिने शब्द |
|---|---|---|

## सुनाइ र बोलाइ

३. **सुनाइ पाठ ५ सुन्नुहोस् र जोडा मिलाई भन्नुहोस् :**

| | |
|---|---|
| (क) सोलुखुम्बुको चौँरीखर्क | मनाङ जिल्लामा पर्ने एक हिमाल |
| (ख) लाक्पा सोनाम | पासाङल्हामुलाई राष्ट्रिय विभूति घोषणा गरिएको दिन |
| (ग) पिसाङ | पासाङल्हामुको जन्मस्थल |
| (घ) वि. सं २०४८ | पासाङल्हामुका पति तथा पर्यटन व्यवसायी |
| (ङ) वि. सं. २०५९ वैशाख १० | पासाङल्हामुको सगरमाथा आरोहणको दोस्रो पटक प्रयास गरेको वर्ष |

२. **सुनाइ पाठ ५ का आधारमा उत्तर भन्नुहोस् :**

(क) पासाङल्हामु शेर्पाको जन्म कहिले भएको हो ?

(ख) पासाङल्हामुका मातापिताको नाम बताउनुहोस् ।

(ग) पासाङल्हामुले आरोहण गरेका हिमाल कुन कुन हुन् ?

(घ) पासाङल्हामुले सर्वोच्च शिखर सगरमाथाको सफल आरोहण कहिले गरिन् ?

(ङ) उनलाई वीरङ्गना नारी किन भनिएको हो ?

३. **पासाङल्हामु शेर्पा जस्तै अन्य कुनै एक पर्वतारोहीका बारेमा सोधखोज गरी उनका बारेका कक्षामा पालैपालो सुनाउनुहोस् ।**

४. **कक्षाका सम्पूर्ण विद्यार्थीहरूको छओटा समूह बनाउनुहोस् । अब प्रत्येक समूहले गोला प्रथाद्वारा तलका मध्ये कुनै एक व्यक्तिका बारेमा छलफल गर्नुहोस् :**








**माथिको छलफलमा निम्नलिखित बुँदाहरूसँग सम्बन्धित पक्ष समेट्नुहोस् :**

१. **आदि भाग**

(क) जन्म

(ख) जन्मस्थान

(ग) आमाबुबाको नाम

(घ) शैक्षिक योग्यता

२. **मध्य भाग/मुख्य भाग**

(क) पेसा/कृति/योगदानको क्रमबद्ध वर्णन

३. **अन्त्य भाग**

(क) मृत्यु र स्थान (मृत्यु भएको हकमा मात्र)

(ख) मूल्याङ्कन

## सिर्जना/परियोजना

१. **दिइएका बुँदाका आधारमा छोटो जीवनी तयार पार्नुहोस् :**

नाम - लक्ष्मीप्रसाद देवकोटा, साहित्यिक उपाधि महाकवि

मातापिता - अमर राज्यलक्ष्मी/तिलमाधव

जन्म - वि.सं. १९६६ कात्तिक २७ लक्ष्मीपूजाका दिन

जन्मस्थान - धोबीधारा, काठमाडौँ

**प्रमुख साहित्यिक कृति**

फुटकर कविता : 'गरिब', 'भिखारी', 'यात्री', 'प्रश्नोत्तर' आदि छ सय जति फुटकर कविताहरू

महाकाव्य : शाकुन्तल, सुलोचना, वनकुसुम, महाराणा प्रताप आदि

खण्डकाव्य : मुनामदन, कुञ्जिनी, लुना आदि

उपन्यास : चम्पा

निबन्ध : लक्ष्मी निबन्ध सङ्ग्रह, दाडिमको रुखनेर

स्वच्छन्दतावादी, मानवतावादी, प्रकृतिप्रेमी, देशभक्त साहित्यकार

मृत्यु : क्यान्सर रोगबाट २०१६ भदौ, काठमाडौँमा

२. **आफ्नो टोल, समुदायमा रहेका देशका लागि महत्त्वपूर्ण योगदान दिने व्यक्तिका बारेमा एउटा छोटो जीवनी तयार पारी कक्षामा सुनाउनुहोस् ।**

पाठ ६

## पूर्व पठन

तलको चित्रका बारेमा कक्षामा छलफल गर्नुहोस् :



# चम्किला अनुहारहरू

## ६

अनन्त वाग्ले

मालाखर्क घरहरूको माला जस्तै थियो । त्यही सुन्दर गाउँभित्र ढुङ्गेछाना भएका दुई घरहरूबिचको मेलमिलाप गजबको थियो । दुवै घरका पाका मान्छेदेखि साना नानीसम्म पनि असाध्यै मिल्थे । वल्लो घरको सुखमा पल्लो घर मुस्कुराउँथ्यो । पल्लो घरमा दुःख पर्दा वल्लो घर दिक्दार बन्थ्यो । दुवै घरका परिवारमा वल्लो घरकी गरिमा र पल्लो घरकी मालिका मिल्ने साथी हुन् । लाग्थ्यो यिनीहरूको त मन, मुटु नै एउटै छ । उस्तै उमेर, उही कक्षा अनि एकै थालमा खाँदै हुर्केका यिनीहरूका मित्रता रहर लाग्दो थियो । एउटीबिना अर्की एकछिन पनि बस्नै सक्दैनथे ।

एक दिनको एउटा घटनाले भने ती दुई घरको मिलापमा हलचल ल्यायो । भयो के भने सबै जना काममा गएका थिए । गरिमा पनि गाई चराउन गएकी थिई । गाईले सँगैको मालिकाको बारीमा लहलहाइरहेका हरिया र कल्कलाउँदा मकैका बिरुवा सखाप पाऱ्यो ।

मालिकाका बुबाले बारीमा मस्त मकै खाइरहेको गाई देखे । गोठालो लागेकी गरिमाको अत्तोपत्तो थिएन । मालिकाका बुबा सुरुमा त पशुले गरेको, जे हुनु भइहाल्यो भन्ने सोच्दै थिए । आधा पाटो मकै खाइसक्दा पनि धपाउन कोही नआएको देख्दा भने उनलाई झनक्क रिस उठ्यो । उनले काठको ठेउको टिपेर प्रहार गरे । ठेउकाले गाईको पेटमै लाग्यो । गाई रन्थनियो । त्यो बाँबाँ कराउँदै गोठतिर दगुऱ्यो ।

**शब्दार्थ**

*गजब* – *विशेष किसिमको अनौठो*
*दिक्दार* – *हैरान, दिक्क*
*सखाप* – *सबै समाप्त भएको*

साँझ सबै जना कामबाट घर फर्किए । गरिमाका गाईले मकै खाएको विषयमा मालिकाका घरमा चर्काचर्की सुनियो । मालिकाकी आमा भनिरहेकी थिइन्, "हाम्रो पनि वर्ष दिन खाने बाली हो, बसाहा पालेपछि राम्ररी बाँध्न पनि त सक्नुपर्‍यो नि, केटाकेटीका भरमा छाडेर हुन्छ !"

मालिकाकी आमाको च्याँट्ठिएको आवाज सामुन्नेको गरिमाको घरमा नठोक्किने कुरै भएन । गल्ती आफ्नैबाट भएकाले गरिमाका बुबा, आमा केही नबोली बसिरहे । गरिमा त डरले थुरथुर थिइन् । आमाबुबा पनि उनले गाई राम्ररी नहेरेको भनी झपारिरहेका थिए । गरिमाको परिवारले नोक्सानअनुसार हर्जाना तिर्ने विचार गरे ।

भोलिपल्ट पो यो घटनाले ठुलो रूप लिन पुग्यो, जब गरिमाको गाई तुहियो । नौ महिनामा ब्याउनुपर्ने गाईले चार महिनामै बाछो जस्तो आकृति र रगतका फाल्सा खसाल्यो । सुरुमा त गरिमाको परिवारलाई थाहा थिएन । पछि मालिकाका बुबाले अगिल्लो दिन गाईलाई ठेउकाले हानेको कुरा एक जना गाउँलेले बताइदियो । यो थाहा पाएपछि उनीहरूले साह्रै चित्त दुखाए । फेरि चर्काचर्की भयो । हात हालाहाल हुन भने छिमेकीले रोके । यो घटनापछि गरिमा र मालिकाका आमाबुबाहरूको एकआपसमा बोलचाल बन्द भयो ।

"अब त्योसँग नहिँड्नु नि, गरिमाले गर्दा यो सबै भएको हो ।" मालिकाकी आमाले चेतावनी दिइन् । मालिकालाई नरमाइलो लाग्यो तर आमाको कुरा काट्ने हिम्मत आएन ।

गरिमाकी आमाले पनि मालिकासँग बसउठ नगर्न भनिन् । गरिमालाई आमाका कुराले झनक्क रिस उठ्यो । आफ्नै मुटु हुत्तिएर बाहिर निस्केजस्तो भयो तैपनि उनले जबाफ फर्काइनन् ।

त्यस दिन गरिमा र मालिका दुवै गह्रौँ मन, मुटु लिएर विद्यालयतिर लागे । सधैँ झैँ हात समाउँदै र अङ्कमाल गर्दै होइन, दुवै जना एक्लाएक्लै ।

*हर्जाना – कसैको धनमाल वा अन्नबाली नोक्सान भएमा सट्टापट्टा दिइने धन वा वस्तु*

गरिमाले मनभरि कुरा खेलाउँदै बिस्तारै पाइला चालिरही, "साच्चै मालिकाले अब मलाई माया गर्दिन त ? नत्र किन एक्लै लम्केकी ?"

सल्लाघारीको गैरो काट्नासाथ गरिमाले मालिकालाई देखी। मालिका एउटा सानो रुखको फेदमा बसेर सुँक्कसुँक्क गरेकी थिई। उसको मुन्टो निहुरिएको थियो र आँखा उदास थिए।

गरिमा पनि भक्कानिई। उसले गम्लङ्ङ मालिकालाई अँगालो हाली। दुवै जना केही बोल्न सकेनन्। बरु दुवै सुक्सुकाउन थाले। दुवै जनाका आँखा रसाए र तिनका चेपबाट बिस्तारै आँसुले बाटो लियो। केही बेरसम्म दुवै एकअर्काको अँगालामा कस्सिइरहे।

"आमाबुबाहरू जेसुकै गरुन्। गाईलाई ठिक भइहाल्छ नि। हामी त उस्तै हुनुपर्छ है !", मालिकाले मधुरो आवाजमा भनी, "मेरो बुबाले गाईलाई नोक्सानै पार्न त खोज्नुभएको होइन रे। धपाउँदा लाग्न पुग्यो भनेर दुःख मान्दै हुनुहुन्थ्यो। फेरि जानाजान तिमीहरूले पनि गाई बारीमा लगाएका होइनौ। बित्थामा नराम्रो भयो।"

"म पनि तिमीलाई यही भन्न खोज्दैथेँ" गरिमा पनि सम्हाँलिदै बोली, "म तिमीलाई उस्तै माया गर्छु, अझ बढी माया गर्छु। जे जे भयो, सकियो।"

अनि दुवै जना सधैँ झैँ हात समातेर विद्यालयतिर लागे।

गरिमा र मालिकाको मिल्ती उस्तै भए पनि दुवैका आमाबुबाहरूको भने एकआपसमा बोलचाल बन्द थियो। ऐँचोपैँचो चल्न छाडेको थियो। मिठोचोखो पाक्दा पहिले झैँ एकले अर्कालाई सम्झन र एक घरबाट अर्कोमा लगिदिन पनि छाडेका थिए।

गरिमा र मालिका दुवै जनालाई आमाबुबाहरूको तरिका मन परेको थिएन। "झन् ठुला मान्छेहरूको मन चाहिँ कत्ति सानो !", उनीहरू भन्थे। उनीहरू चाहन्थे

*ऐँचोपैँचो* – *सरसापटी रुपियाँ पैसा वा सरसामान सापट दिने र लिने काम*

आमाबुबाहरूको बोलचाल होस् । मिल्ती होस् । पहिले जस्तै सम्बन्ध सुमधुर होस् ।

घण्टा, दिन र साता हुँदै केही महिना बिते । गरिमा र मालिकाका आमाबुबाहरू पनि एकआपसको मिलेमतो टुटेकामा नरमाइलो मान्न थाले ।

"केटाकेटीले हेरेका पशुले गरेको बिराममा पनि म कत्ति आवेशमा आएछु है त्यस दिन !" एक दिन आमासँग बुबा पछुताइरहनुभएको मालिकाले सुनिन्, "गरिमाका आमाबुबा नराम्रा मान्छे त होइनन् । केही चिज पैँचो लगे भने कत्ति हत्तारिएर तिर्न ल्याइहाल्थे । दिएर बिर्सने तर लिएर कहिल्यै नबिर्सने बानीका यस्ता मान्छे कहाँ पाउनु !"

आमाले पनि गरिमाका परिवारको झनै प्रशंसा गरिन्, "हाम्री मालिका कुन, उनीहरूकी गरिमा कुन ! उनीहरू मालिकालाई पनि त आफ्नै छोरी जस्तो गर्थे ।"

बुबाआमाको कुराले मालिकाको मनमा ठुलो खुसी सल्बलायो ।

गरिमाका बुबाले पनि त खेतमा सबै खेतालाको अघिल्तिरै भनेथे, "आखिर हामी दुवै गरिखाने परिवार हौँ । सँगै भएपछि कहिलेकाहीँ यस्तो हुनु ठुलो कुरा होइन । तिललाई पहाड बनाउनेहरूले जेसुकै भनुन् तर हामी उनीहरूको नराम्रो सोच्नै सक्दैनौँ ।"

त्यही बेला गरिमाकी आमाले पनि थपेकी थिइन्, "कृषिमा केही नयाँ बोटबिउ आयो कि उनैले हामीलाई नि ल्याइदिन्थे । बित्थामा सानो निहुँले नराम्रो मात्रै भयो ! हाम्रो गाई फेरि ब्याउने भइहाल्यो ।"

त्यति बेला सिरानघरेका खेतमा भेला भएका सबै खेतालाले पनि 'हामी आआफ्नो गरिखानेहरू नै यसरी फुट्यौँ भने त कसरी उँभो लाग्ला यो गाउँ' भन्दै खिन्न मन पारेका थिए ।

त्यसै दिनको खाजा खाने बेला छापका कुलानन्द काकाले भनेका कुरा भने

*बिराम – कसुर, भुलचुक, काममा बाधा*

अझै घत लाग्दो थियो । यो सम्झदा गरिमा अहिले पनि दङ्ग पर्छिन् । काका कुलानन्दले भनेका थिए, “यी ठुला भनाउँदा बाउबाउ र आमाआमा नबोलेका त हुन् नि । ज्यानले ठुला, चित्तले साना । तिनका छोरीहरूबाट पो सिक्नु छ त हामीले । हेरहेर तिनको मिल्ती । यति विधि मिलेर काम गर्छन् ती । एउटीलाई हाच्छ्युँ आए पनि अर्कीसँग सोधेर मात्र गर्छन् जस्तो छ । सम्बन्ध भनेको त यस्तो पो बाबै ।”

काका कुलानन्दले थपेका थिए, “एकै ठाउँ भएपछि कहिलेकाहीँ भाँडा पनि बज्छ, यस्तै हो, आखिर छोरीहरूलाई हेरेर पनि यिनीहरू नमिली सुख्खै छैन ।”

“आज त जतिसुकै अबेर होस् । सबै कार्यक्रम नसकिएसम्म नजाने है गरिमा !”, विद्यालयमा पुस्तक मेलाको दिन मालिकाले भनी । हुन पनि त्यस दिन विद्यालयमा निकै रमाइलो थियो । कविता, हाजिरीजवाफ, कथावाचन, निबन्ध लेखन अनि पुस्तक प्रदर्शनी । थरीथरीका किताब हेर्दै, छान्दै र पढ्दै सबै जना रमाइरहेका थिए ।

साँझ अबेरसम्म पनि छोरीहरू नफर्केपछि घरतिर भने सोधीखोजी हुन थाल्यो । “चितुवाको बिगबिगी छ गाउँमा, जानुस् लिन”, गरिमाकी आमाको बोली भुइँमा के खसेथ्यो, उनका बुबा गरिमालाई लिन भनी हिँडे । सल्लाघारीको गहिरामा मालिकाका बुबा पनि विद्यालयतिरै गइरहेका भेटिए । दुवै जना नबोली नबोली अघि बढिरहे ।

अलि पर पुगेपछि हात समातेर हाँसीहाँसी फर्किरहेका गरिमा र मालिकालाई उनीहरूले देखे । छोरीहरूका हँसिला मुहार देखिरहेका बुबाहरूका आँखा एकआपसमा जुध्न पुगे । अनि अनायास दुवै मुसुक्क हाँसे ।

“हामी मात्र त नबोलेका रहेछौँ नि, छोरीहरू त उत्तिकै छन् ।” गरिमाका बुबाले लजाउँदै मुख फोरे, “तेलपानी एकै, पिना बाहिर भनेको यही त हो नि !”

कहिले बोल्न पाइएला जस्तो गरी उभिएका मालिकाका बुबाले पनि भनिहाले,

*अनायास – अचानक, एकाएक*

"केटाकेटी भनेका साच्चै निर्दोष हुँदा रहेछन् । केको इख, केको रिस । बित्थामा हामी मात्र... !"

बुबाहरूको बोलचाल भएको खुसीमा गरिमा र मालिकालाई खुट्टा भुइँमा छन् कि छैनन् जस्तो भइरहेथ्यो । चारै जना कुराकानी गर्दै घरतिर लागे ।

घरनजिकैको पिपलको फेदमा छोरीहरू र छोरीहरूलाई लिन गएका बुबाहरूलाई हेर्दै गरिमा र मालिकाका आमाहरू पर्खिरहेका थिए । त्यहाँ पनि कस्तो भएछ भने गरिमाकी आमा यसो पिपलचौतारीमा निस्केर के चिहाउँदै थिइन्, मालिकाकी आमा पनि त्यहीँ आइपुगिछन् । दुवैलाई असजिलो असजिलो लागेछ । गरिमाकी आमा पिपलको फेदमा दायाँतिर बसिछन् । मालिकाकी आमा बायाँतिर ।

अलिबेरमा हँसिलो अनुहारका छोरीहरू अघि लगाएर मुस्कुराउँदै बुबाहरू पिपलचौतारीमा देखा परे । छोरीहरू त मिल्थे नै । बुबाहरूको पनि बोलचाल भएको आमाहरूले चाल पाए । "ए ! हामी मात्र किन नबोली नबोली भित्रभित्रै जलिरहने मालिकाकी आमा ?" गरिमाकी आमाले भनिन्, "मेरो पेटमा त नराम्रो केही छैन है अब !"

"मलाई पनि त कहिले बोलूँ भइरहेको थियो नि दिदी !", मालिकाकी आमाले भनिन्, "आवेशमा जुन बेला जे भयो, सकियो । सधैँलाई इख लिएर किन हुन्थ्यो ।"

दुवै आमाहरूको अनुहारमा अनौठो मुस्कान देखियो । बुबाहरू त झन् खुसी छँदै थिए । अनि गरिमा र मालिकाको मिल्ती त सधैँ उस्तै नै थियो । यति बेला भने तिनका अनुहारमा विशेष ज्योति जगमगाइरहेको थियो । जुनेली रातमा चम्किरहेका छ जनाको अनुहार बिस्तारै तिनै ढुङ्गे छानाका दुई घरतिर बाँडिए । पिपलका पातहरूबाट खुसीको एक झोक्का मधुर हावा सुस्तरी मालाखर्कतिर लाग्यो ।

*आवेश – असामान्य मन, झोँक*
*जगमगाइ – जगमग गर्ने भाव, क्रिया वा प्रक्रिया*

## शब्दभण्डार

१. **दिइएका पदावली र अर्थबिच जोडा मिलाउनुहोस् :**

| | |
|---|---|
| हात हालाहाल गर्नु | आँखाबाट आँसु आउनु |
| चेतावनी दिनु | ठुलो बरबादी हुनु |
| आँखा रसाउनु | कुटाकुट गर्नु |
| भित्रभित्रै जल्नु | रातोपिरो हुनु |
| सत्यानाश हुनु | भित्रभित्रै पिल्सिनु |
| | सचेत गराउनु |

२. **दिइएका शब्दको अर्थ पढेर वाक्यमा प्रयोग गर्नुहोस् :**

(क) जाति : जात विशेष
जाती : असल

(ख) आदि : इत्यादि
आदी : बानी परेको

(ग) दर : भाउ
दर : तिजको अगिल्लो दिन खाने विशेष खाना

(घ) पट्टि : तर्फ
पट्टी : घाउ हुँदा बाँधिने कपडा

(ङ) खाली : रित्तो
खालि : मात्र

(च) दिन : दिवा
दीन : दुःखी

(छ) जुन : सर्वनाम
जून : चन्द्रमा

(ज) देखि : बाट
देखी : देख्ने काम

३. **कोष्ठकबाट मिल्दा शब्द छानी खाली ठाउँ भर्नुहोस् :**

(क) म त विद्यालय............ लागेँ । (तिर/तीर)

(ख) तिमी पूर्व ............ जाऊ । (दिसा/दिशा)

(ग) मानिसका प्रत्येक ............मा रगत बग्छ । (नशा/नसा)

(घ) मैले आकाशमा ............ देखेँ । (जुन/जून)

(ङ) उनीहरू पछाडि............ खेल्न गए । (पट्टि/पट्टी)

**४. उस्तै सुनिने शब्द लेखी वाक्यमा प्रयोग गर्नुहोस् :**

आशु, शीत, फुल, तिन, पूरा

## *बोध र अभिव्यक्ति*

**१. 'चम्किला अनुहारहरू' कथा सस्वरवाचन गर्नुहोस् ।**

**२. दिइएका शब्द शुद्ध उच्चारण गर्नुहोस् :**

कल्कलाउँदा, हर्जाना, भाँडा, आवेश, चौतारी, हाच्छ्युँ, हालाहाल, बित्थामा, सत्यानाश, गम्लङ्ङ, अङ्कमाल, गुन्जियो, छुच्ची, अँगालो, सल्लाघारी, आँसु

**३. पाठको पहिलो अनुच्छेद पढी दिइएका प्रश्नको एक वाक्यमा उत्तर दिनुहोस् :**

(क) मालाखर्क गाउँ कस्तो थियो ?

(ख) त्यस गाउँमा घरका छाना केले छाएका थिए ?

(ग) त्यो गाउँको मेलमिलाप कस्तो थियो ?

(घ) वल्लोपल्लो घर के कारण दिक्दार मान्थे ?

(ङ) मालिका र गरिमाबिचको मेल कस्तो थियो ?

**४. पाठ पढी कथामा भएका पुरुष र महिला पात्रका बारेमा एक एक वाक्य लेख्नुहोस् ।**

**५. पाठको अन्तिम अनुच्छेद पढी दुईओटा प्रश्न बनाउनुहोस् । ती प्रश्न साथीलाई सोध्नुहोस् । साथीले सोधेका प्रश्नको तपाईँ पनि उत्तर दिनुहोस् ।**

६. **पाठका आधारमा छोटो उत्तर लेख्नुहोस् :**

(क) गरिमा र मालिकाका परिवारबिच किन झगडा भयो ?

(ख) गरिमा र मालिका एक्लाएक्लै विद्यालय जानुको मुख्य कारण के हो ?

(ग) मालिकाका आमाबुबाले किन पछुतो मानेका होलान् ?

(घ) कुलानन्दले गरिमा र मालिकाका आमाबुबालाई कस्तो अर्ती दिए ?

(ङ) "केटाकेटी भनेका साँच्चै निर्दोष हुँदा रहेछन् ।" यस भनाइलाई पुष्टि गर्नुहोस् ।

(च) गरिमा र मालिकाका विद्यालयमा भएका कार्यक्रमको सूची बनाउनुहोस् ।

(छ) यस कथाको शीर्षक 'चम्किला अनुहारहरू' राख्नु कत्तिको सान्दर्भिक छ ?

७. **भाव विस्तार गर्नुहोस् :**

(क) एकै ठाउँ भएपछि कहिलेकाहीँ भाँडा पनि बज्छन् ।

(ख) तिललाई पहाड बनाउनेहरूले जेसुकै भनुन् तर हामी उनीहरूको कहिल्यै नराम्रो सोच्नै सक्दैनौँ ।

८. **गरिमा र मालिकाका परिवारमा भएको झगडा कसरी अन्त्य भयो, पाठका आधारमा लेख्नुहोस् ।**

९. **गरिमा र मालिकाको मिलाप नभएको भए उनीहरूका आमाबुबाको झगडा अन्त्य हुन्थ्यो कि हुँदैनथ्यो होला, पाठ पढी तार्किक उत्तर दिनुहोस् ।**

१०. **तपाईँको टोलछिमेकमा विभिन्न जातजाति, भाषाभाषी र धर्मसंस्कृतिका मानिस बस्छन् । तिनीहरूबिच कसरी सामाजिक सद्भाव बढाउन सकिन्छ, लेख्नुहोस् ।**

## *भाषिक संरचना र वर्णविन्यास*

१. **उदाहरण हेरी तलका धातुबाट क्रियापद बनाउनुहोस् :**

पढ् : पढ्छ, पढ्छु, पढ्छौँ, पढ्छन्, पढ्नुहुन्छ

खा : ...... ....... ....... ....... ....... ....... ....... ....... .......

जा : ...... ....... ....... ....... ....... ....... ....... ....... .......

हेर् : ...... ....... ....... ....... ....... ....... ....... ....... .......

भन् : ...... ....... ....... ....... ....... ....... ....... ....... .......

२. **तलका क्रियापदबाट धातु छुट्याएर लेख्नुहोस् :**

खायो, जान्छ, भन्छ, दिए, पढ्छ, बोल्छ, हेर्छ, कुद्छ, सुत्छ, उठ्छ, गयो

३. **तलका धातुबाट क्रियापद बनाई वाक्यमा प्रयोग गर्नुहोस् :**

बोल्, सुन्, हेर्, जित्, हार्, घुम्

४. **दिइएका शब्द पढ्नुहोस् र तिनीहरूको प्रयोग थाहा पाउनुहोस् :**

**'य' प्रयोग भएका शब्द**

यो, यी, यिनी, यसले, यति, यहाँ, यसरी, यस्तो, यही, यज्ञ, थियो, आयो, कार्य, जय, पेय, सौन्दर्य, मूल्य, राष्ट्रिय, पराजय, यन्त्र

**'ए' प्रयोग भएका शब्द**

एक, एउटा, एक्काइस, एक्लो, थिएँ, खाएँ, गए, लिए, दिए, भए, एवम्, एरोप्लेन, एम्बुलेन्स, आएर, पिएर, गएर, भएको, पाएको, आएको, आएँ

५. **अनुच्छेद पढ्नुहोस् र 'य', 'ए' प्रयोग भएका शब्द टिप्नुहोस् :**

भवानी भिक्षुको जन्म १९७१ साल जेठ २१ गते भएको थियो । उनी इन्द्रप्रसाद गुप्ता र यशोदा कलवारका माइला छोरा थिए । भवानी भिक्षुको राम्रो लेखनदासका रूपमा तौलिहवामा नाम चलेको थियो । उनलाई लेखनदासको कामले सन्तुष्टि दिएन । उनी काठमाडौँ आए । काठमाडौँ आएर भवानी भिक्षुले सिद्धिचरण श्रेष्ठलाई भेटे । नेपाली साहित्यका शिखरपुरुष सिद्धिचरणलाई भवानी भिक्षुको

नेपाली भाषाप्रतिको अनन्यप्रेम, आस्था र लगनशीलताले प्रभावित पाऱ्यो । सिद्धिचरण श्रेष्ठले भवानी भिक्षुको उत्साहले भरिएको नेपाली भाषा साहित्यप्रतिको योगदानलाई कदर गरे । भवानी भिक्षुलाई जोरगणेश प्रेसमा पुऱ्याइदिए । त्यहाँ पुगेर भवानी भिक्षुले आफ्नो रचना 'शारदा' पत्रिकामा दिए । १९९३ सालमा उनको पहिलो समालोचना नेपाली भाषामा छापिएको थियो । पछि गएर भवानी भिक्षु शारदा पत्रिकाकै सम्पादक भए ।

## सुनाइ र बोलाइ

**१. सुनाइ पाठ ६ का आधारमा खाली ठाउँ भरी भन्नुहोस् :**

(क) कुनै ठाउँमा एउटा .................. गाउँ थियो ।

(ख) गाउँलेहरू त्यस ठाउँबाट .................. सरोस् भन्ने चाहन्थे ।

(ग) एकैछिनपछि फर्निचर कारखानाको .................. पनि आयो ।

(घ) असल छिमेकीहरू गुमाउँदा .................. कुरा बताए ।

(ङ) घन ठोकेको र काठ चिरेको .................. भने आइरह्यो ।

**२. सुनाइ पाठ ६ सुनेर पात्रका नाम भन्नुहोस् :**

(क) आवाजसँग हैरान भएका पात्र

(ख) कारखाना सञ्चालन गर्ने पात्र

(ग) सबैभन्दा पहिला कारखाना सार्दै छु भन्ने पात्र

(घ) एकैछिनपछि गएर कारखाना सार्दै छु भन्ने पात्र

**३. सुनाइ पाठ ६ सुनेर उत्तर भन्नुहोस् :**

(क) ग्रिल कारखाना कहाँ थियो ?

(ख) गाउँलेको चाहना के थियो ?

(ग) कारखाना सञ्चालकहरूले गाउँलेलाई कस्तो निर्णय सुनाए ?


(घ) गाउँले किन खुसी भएका होलान् ?

(ङ) मानव बस्तीमा उद्योगधन्दा सञ्चालन गर्नु ठिक हुन्छ कि हुँदैन, आफ्नो विचार प्रस्तुत गर्नुहोस् ।

**४. तपाईँको टोलसमाजमा भएको कुनै एक समस्या कक्षामा सुनाउनुहोस् र साथीबाट उक्त समस्या समाधानको सुझाव लिनुहोस् ।**

## सिर्जना/परियोजना

**१. तल दिइएका चित्र हेरी एउटा कथा रचना गर्नुहोस् :**



**२. समूहमा बसी प्रत्येकले आफूलाई मन पर्ने कथा सुनाउनुहोस् । समूहमा सुनाएको सबैभन्दा राम्रो कथा कसको रह्यो ? समूहले नै छलफल गर्नुहोस् । समूहमा उत्कृष्ट ठहरिएको कथा कक्षामा सुनाउनुहोस् ।**

## पूर्व पठन

तलका चित्रहरू हेर्नुहोस् । यी विद्यालयमा हुने सह तथा अतिरिक्त क्रियाकलापका चित्र हुन् । के तपाईँको विद्यालयमा तलका सबै गतिविधिहरू हुन्छन् ? यीमध्ये तपाईँलाई सबैभन्दा मन पर्ने क्रियाकलाप कुन हो, बताउनुहोस् :











माथिको चित्रमा नभएका तर तपाईँको विद्यालयमा हुने अन्य सह तथा अतिरिक्त क्रियाकलापहरू के के हुन्, बताउनुहोस् ।

मूल पाठ

# ७ सम्पत्तिभन्दा स्वास्थ्य ठुलो




*विद्यालयको सभाकक्ष विद्यार्थी र शिक्षकले खचाखच भरिएको छ । विद्यालयको नियमित अतिरिक्त क्रियाकलापअन्तर्गत वादविवाद प्रतियोगिता सञ्चालन हुन लागिरहेको छ । उक्त कार्यक्रम सञ्चालक (उद्घोषक) ६ कक्षाकी छात्रा ललिताकुमारी झा हुनुहुन्छ ।*

श्रद्धेय गुरुवर्ग तथा सम्पूर्ण विद्यार्थी साथीहरू !

आजको यस वादविवाद कार्यक्रमको सञ्चालक म ललिताकुमारी झाको नमस्कार । हाम्रो विद्यालयमा हरेक हप्ता आयोजना हुने अतिरिक्त क्रियाकलापअन्तर्गत आज वादविवाद कार्यक्रमको पालो रहेको छ। आजको वादविवाद प्रतियोगिताको शीर्षक रहेको छ, 'सम्पत्तिभन्दा स्वास्थ्य ठुलो' । म आजको यस कार्यक्रमको सभाध्यक्षको आसन ग्रहण गरिदिनुहुन विद्यालयकी प्रधानाध्यापक श्री ममता पाठकलाई सविनय अनुरोध गर्दछु । यस प्रतियोगिताको निर्णायकको

*शब्दार्थ*

*सविनय – नम्र बनेर*

भूमिकामा रहिदिनका लागि गुरुहरू चन्द्रा नकर्मी, आइतमान मुसहर र कमल अधिकारीलाई अनुरोध गर्दछु । यसै गरी समयपालकका रूपमा ६ कक्षाकी छात्रा रुकु चौधरीलाई अनुरोध गर्दछु ।

अब म वादविवाद प्रतियोगिताका नियमहरू बताउँछु । सहभागी प्रतियोगीले यी नियमको पूर्ण पालना गर्नुपर्ने छ :

१. कुनै टिपोट वा कागज हेरेर बोल्न पाइने छैन ।
२. कुनै व्यक्ति, जाति, भाषा, धर्म, संस्कृतिप्रति आरोप लगाउन पाइने छैन ।
३. वक्तालाई बोल्नका लागि पाँच मिनेटको समय निर्धारण गरिएको छ । प्रत्येक चार मिनेटमा जनाउ घन्टी लाग्ने छ । पाँच मिनेटभन्दा बढी बोलेका कुरा मान्य हुने छैन ।
४. विपक्षका भनाइलाई खण्डन वा असहमति प्रकट गर्दा शिष्ट र मर्यादित रूपमा गर्नुपर्ने छ ।
५. निर्णायक मण्डलको निर्णय नै अन्तिम हुने छ ।

अब म पक्षका तर्फबाट आफ्ना विचार राख्न ६ कक्षाकी छात्रा करुणा गुरुङलाई निम्त्याउँछु ।

**करुणा गुरुङ**

श्रीमान् सभाध्यक्ष,

निर्णायक मण्डल, गुरुजन र सम्पूर्ण साथीहरू ! हार्दिक अभिवादन !

'सम्पत्तिभन्दा स्वास्थ्य ठुलो' भन्ने शीर्षक रहेको आजको वादविवाद प्रतियोगितामा म पक्षबाट आफ्ना विचारहरू राख्दै छु ।

मानिसहरू सम्पत्ति भए सबै थोक प्राप्त गर्न सकिन्छ भन्ने सोच्छन् । उनीहरू सम्पत्तिले घर, जग्गा, गाडी, जहाज, लत्ताकपडा, गरगहना आदि किन्न सकिन्छ त्यस्ता वस्तुहरूले खुसी दिन्छ भन्ने ठान्छन् । त्यसैले मानिसहरू पैसाकै पछि दौडिन्छन् । आफूसँग स्वस्थ शरीर छैन भने सारा वैभवको के

*मर्यादित – संयमित*
*वैभव – धनसम्पत्ति*

काम ? वास्तवमा स्वस्थ शरीर जीवनको सबैभन्दा ठुलो आशीर्वाद हो । स्वस्थ मान्छेले मात्र जीवनको वास्तविक खुसी प्राप्त गर्न सक्छ । आफूले चाहेको काम गर्न सक्छ । उसले आफूले चाहेको कुरा खान सक्छ र आफूले चाहेको ठाउँमा जान सक्छ । यसरी आफूले चाहेका कुराहरू गर्न सक्ने मान्छे मात्र जीवनमा सधैँ खुसी रहन्छ । आफूसँग प्रशस्त धनदौलत भए पनि आफूले चाहेका कुरा गर्न नसक्ने रोगग्रस्त मानिसहरू कसरी खुसी र सन्तुष्ट रहन सक्लान् ? उनीहरूलाई त म कैदी जस्तो देख्छु, जसको जीवनमा स्वतन्त्रता नामको कुनै वस्तु छैन । उनीहरूको जीवनमा खुसी नामको क्षण हुँदैन ।

**श्रीमान् सभाध्यक्ष**

स्वास्थ्य भनेको निरोगी अवस्था हो, तन्दुरुस्ती हो; मानसिक उद्वेग र चिन्तारहित अवस्था हो । मानिसले जम्मा गर्ने सम्पत्ति त केवल साधन मात्र हो । साध्य त स्वास्थ्य नै हो । हामी सम्पत्तिरूपी साधनको उपयोग गरेर खाद्यान्न किन्छौँ । हामी जाडोगर्मी छल्न लताकपडा किन्छौँ । हामी स्वास्थ्यकै सुरक्षाका लागि घरमहल बनाउँछौँ । कुनै कारणवश स्वास्थ्यमा गडबढी आयो भने रोगमुक्त हुन हामीसँग भएको सबै सम्पत्ति खर्च गर्छौं । कुनै पनि विवेकशील मान्छेले स्वास्थ्य बिगारेर, अङ्गभङ्ग भएर सम्पत्ति जम्मा गर्नुमा उसको कुनै हित हुँदैन । मान्छेले जम्मा गरेको सारा सम्पत्ति उसको स्वास्थ्यकै लागि हो । उसको शारीरिक तथा मानसिक तन्दुरुस्तीका लागि हो ।

**जनाउ घन्टी बज्छ ।**

सभाध्यक्ष महोदय,

मान्छेसँग प्रशस्त सम्पत्ति भए पनि ऊ स्वस्थ नै रहेन भने त्यस्तो सम्पत्तिको कुनै अर्थ हुँदैन । त्यति मात्र होइन, मान्छे शारीरिक वा मानसिक रूपले रोगी छ भने आफूसँग जतिसुकै धनदौलत भए पनि ऊ खुसी हुन सक्दैन । ऊ सन्तुष्ट

*उद्वेग - तीव्र वेग वा गति*
*विवेकशील - विवेक भएको*

हुन सक्दैन । खासमा स्वास्थ्य भनेको जीवन हो । जीवन नै छैन भने सम्पत्तिको कुनै काम हुँदैन । त्यसैले सम्पत्तिभन्दा स्वास्थ्य ठुलो हुन्छ भन्दै म आफ्नो भनाइ अन्त्य गर्दछु । धन्यवाद !

*कार्यक्रम सञ्चालक*

आजको वादविवादमा पक्षबाट आफ्ना तर्क राख्ने करुणा गुरुङलाई धन्यवाद । अब म विपक्षका तर्फबाट आफ्ना विचार राख्नुहुन ६ कक्षाका छात्र विकल्प अधिकारीलाई निम्त्याउँछु ।

**विकल्प अधिकारी**

श्रद्धेय सभाध्यक्ष !

निर्णायकको गहन जिम्मेवारीमा रहनुहुने गुरु गुरुआमा तथा यस सभामा उपस्थित आदरणीय गुरुजन र मेरा प्यारा साथीहरूमा अभिवादन !

आजको यो 'सम्पत्तिभन्दा स्वास्थ्य ठुलो' भन्ने शीर्षकको वादविवाद प्रतियोगितामा म विपक्षका तर्फबाट आफ्ना तर्कहरू प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

आदरणीय महानुभावहरू !

पूर्ववक्ता साथीले सम्पत्तिलाई श्राप र स्वास्थ्यलाई आशीर्वादका रूपमा चर्चा गर्दै आफ्नो मन्तव्य राख्नुभयो । म उहाँलाई प्रश्न गर्छु, किन मानिसहरू जागिर खान्छन् ? किन उद्योग खोल्छन् ? किन व्यापार व्यवसाय गर्छन् ? के यी सब कर्महरू स्वास्थ्यका लागि हुन् ? निश्चय नै होइनन् । यी जीविका चलाउनका लागि हुन् । धन कमाउनका लागि हुन् । सम्पत्ति जम्मा गर्नका लागि हुन् । स्वास्थ्यका लागि त घरमा व्यायाम गरेर बसे भइहाल्थ्यो नि ! किन टन्टलापुर घाममा मान्छे पोलिन्छन् ? किन खतरनाक सुरुङभित्र मान्छे पसेर काममा जोतिन्छन् ? किन अर्काको अधीनमा बसेर दिनरात खटिन्छन् ? किन सबैभन्दा प्यारा परिवारजनलाई छोडेर परदेसिन्छन् ? यी सबै कर्महरू मान्छेले सम्पत्ति कमाउनलाई गर्ने होइन ? पैसा कमाउन गर्ने होइन ? खासमा आजको वयस्क मान्छेले गर्ने अधिकांश

*व्यायाम – कसरत*
*वयस्क – उमेर पुगेको, बालिग*

क्रियाकलाप धन आर्जनका लागि गरिरहेका हुन्छन् । यसबाट पनि स्वास्थ्यका तुलनामा धनको महत्त्व कति ठुलो छ भन्ने कुरा घाम जस्तै छर्लङ्ग छ ।

आदरणीय गुरुवर्ग तथा साथीहरू !

सम्पत्तिमा सबैको हाइहाइ भन्ने भनाइ त्यसै बनेको होइन । सम्पत्ति भएमा सबैले सम्मान दिन्छन् । सम्पत्ति भए आफूले चाहेको सबै कुरा प्राप्त गर्न सकिन्छ । जहाँसम्म खुसीको कुरा छ, त्यो त सम्पत्तिको बलमै अडिएको छ भने पनि हुन्छ । सम्पत्ति भए आफूलाई मन लागेको कुरा किनेर खान सकिन्छ । आफूले चाहेको ठाउँमा जान, घुमफिर गर्न सकिन्छ । आफूलाई मन पर्ने लुगा किनेर लगाउन सकिन्छ । आवश्यक परेका बेलामा कुनै व्यक्ति, समाज र देशलाई सहयोग गर्न सकिन्छ । दानदातव्य गर्न सकिन्छ । प्राकृतिक वा अन्य विपत्तिका बेला के तपाईंले कहिल्यै कुनै स्वस्थ, हट्टाकट्टा मान्छेले यति सहयोग गऱ्यो भनेको सुन्नुभएको छ, अवश्य छैन । यस्तो सहयोग जससँग सम्पत्ति हुन्छ, उसैले मात्र गर्न सक्छ । अरूलाई सङ्कट परेका बेलामा सम्पत्ति नभएकाहरूले गर्न सक्ने कुरा केवल सहानुभूतिका शब्दहरू मात्र बर्साउने हो । स्वस्थ शरीरबाट निस्केका सहानुभूतिका शब्दहरूले भोकले तड्पिरहेका मान्छेहरूको पेट भर्न सक्दैन । यस्तो बेलामा उनीहरूलाई भौतिक सहयोगको खाँचो हुन्छ । आर्थिक सहयोगको खाँचो हुन्छ र त्यस्तो सहयोग आफूसँग सम्पत्ति भएकाहरूले मात्र गर्न सक्छन् । अभावले छट्पटाइरहेका मान्छेहरूलाई आर्थिक सहयोग गर्दा पाइने सन्तुष्टि अलौकिक हुन्छ । यसरी आफूसँग भएको सम्पत्तिका कारणले आफूले चाहेका सबै थोक गर्न पाएपछि मान्छे खुसी नभएर के रुँदै हिँड्छ त ?

**जनाउ घन्टी बज्छ ।**

मानिस स्वस्थ रहेमात्र जीवन ऊर्जाशील बन्छ । स्वास्थ्यले व्यक्तिको कार्यतत्परता वृद्धि गर्छ र जीवन सार्थक बनाउन सक्छ । त्यसैले म स्वास्थभन्दा सम्पत्ति ठुलो हुन्छ भन्दै आफ्ना भनाइ यहीँ अन्त्य गर्दछु । धन्यवाद !

### कार्यक्रम सञ्चालक

विकल्प अधिकारीलाई आकर्षक प्रस्तुतिका लागि धन्यवाद ! अब म फेरि पक्षबाट आफ्ना तर्क राख्न ६ कक्षाका छात्र मुस्तफा आलमलाई निम्त्याउँछु ।

### मुस्तफा आलम

श्रीमान् सभाध्यक्ष, निर्णायक मण्डल, गुरुवर्ग र सम्पूर्ण विद्यार्थी साथीहरूमा हार्दिक नमस्कार !

आजको सम्पत्तिभन्दा स्वास्थ्य ठुलो शीर्षकको वादविवाद प्रतियोगितामा म विषयको पक्षबाट बोल्दै छु ।

महाकवि लक्ष्मीप्रसाद देवकोटाले धनलाई हातको मैला भनेका छन् । यसले पनि सम्पत्ति महत्त्वपूर्ण कुरा होइन भन्ने कुरा प्रस्ट हुन्छ । त्यति मात्र होइन, सम्पत्ति क्षणिक छ भन्ने आशय महाकवि देवकोटाको रहेको छ । पूर्ववक्ता साथीले अरूलाई आर्थिक सहयोग गर्दा पाइने खुसी अलौकिक हुन्छ भन्नुभयो तर म उहाँको यस विचारप्रति पूर्ण असहमत छु । खासमा त्यो खुसी त दुनियाँका अगाडि मैले यति सहयोग गर्न सकेँ भन्ने घमन्डको प्रदर्शनी मात्र हो । सम्पत्तिले मानिसलाई सन्तुष्टि दिनुपर्ने हो तर यसको ठिक उल्टो हुन्छ । भनाइ नै छ, सम्पत्तिले कसैलाई डकार आउँदैन । सम्पत्तिले मानिसलाई झन्झन् असन्तुष्ट बनाउँछ । धेरै धनदौलत भएकालाई आफ्नो सम्पत्ति नाश होला कि, कसैले चोरीलुटी लैजाला कि भन्ने चिन्ता थपिन्छ । त्यसैले ऊ ढुक्कले निदाउन सक्दैन । उसलाई कहिलेकाहीँ त सबैभन्दा नजिकका मान्छेसँग पनि अविश्वास लाग्छ । यस्ता कुराहरूले उसमा विभिन्न किसिमका शारीरिक तथा मानसिक रोगहरू लाग्छन् । यसको विपरीत, स्वस्थ शरीरमा स्वस्थ विचार पलाउँछ । स्वस्थ मानिसले आफूलाई चाहिने सम्पत्ति कमाउन काम गर्न सक्छ । व्यवसाय गर्न, उद्योग कलकारखाना चलाउन तथा जागिर खान पनि स्वास्थ्य राम्रो हुनुपर्छ ।

### श्रीमान् सभाध्यक्ष !

मेरो विचारमा सम्पत्तिभन्दा स्वास्थ्य महत्त्वपूर्ण हुन्छ । संसारको कुनै पनि

धनदौलतले स्वास्थ्य किन्न सकिँदैन । शारीरिक तथा मानसिक रूपले तन्दुरुस्त व्यक्तिले मात्र प्रशस्त सम्पत्ति कमाउन सक्छ । यसको अर्थ सम्पत्ति स्वास्थ्यको पछि पछि दौडने कुरा हो । मानव जीवनको खुसीको सबैभन्दा महत्त्वपूर्ण स्रोत भनेको स्वास्थ्य हो । मान्छे त्यति बेला सबैभन्दा खुसी हुन्छ, जति बेला आफूले चाहेको कुरा गर्न उसको स्वास्थ्यले साथ दिन्छ । मान्छेले चाह्यो भने बाल्यकालदेखि बुढेसकालसम्म आफ्नो स्वास्थ्य तन्दुरुस्त राख्न सक्छ तर सम्पत्ति मान्छेको वशमा हुँदैन । सम्पत्ति त बाह्य परिस्थितिमाथि निर्भर हुन्छ ।

**जनाउ घन्टी बज्छ ।**

**सभाध्यक्ष महोदय,**

त्यसैले हामीले दुनियाँमा सम्पत्तिका मालिक रहेका मान्छेहरू टाट पल्टेर सडकछाप बनेको देखेका पनि छौँ । त्यस्तै कतिपय मानिसहरू केही दिनकै अन्तरालमा धनी, उद्योगपति बनेको पनि देखेका छौँ । त्यसैले सम्पत्ति आफ्नो वशमा रहँदैन तर स्वास्थ्य आफूले वशमा राख्न र निरोगी रहन सकिन्छ । यसर्थ सम्पत्तिभन्दा स्वास्थ्य ठुलो हो भन्दै आफ्ना विचारहरू अन्त्य गर्दछु । धन्यवाद !

**कार्यक्रम सञ्चालक**

मुस्तफा आलमलाई बेजोड प्रस्तुतिका लागि धन्यवाद । म विपक्षबाट आफ्ना तर्क राख्न ६ कक्षाकी छात्रा सरिस्मा प्रजापतिलाई निम्त्याउँछु ।

**सरिस्मा प्रजापति**

श्रीमान् सभाध्यक्ष, निर्णायकको भूमिकामा रहनुहुने गुरुजन, आदरणीय शिक्षक वर्ग तथा प्रतियोगी र मेरा सम्पूर्ण विद्यार्थी साथीहरूमा हार्दिक अभिवादन !

सम्पत्तिभन्दा स्वास्थ्य ठुलो भन्ने आजको वादविवाद प्रतियोगितामा म विषयको विपक्ष अर्थात् सम्पत्ति ठुलो भन्ने पक्षबाट बोल्दै छु ।

सम्पत्ति भनेको कसैको निजी अधिकारमा रहेको धन वा दौलत हो । ऐश्वर्य वा वैभव हो । यस्तो सम्पत्तिवाला मानिसहरू जुन देशमा धेरै हुन्छन्, त्यो

देशको विकास द्रुत गतिमा भएको देखेका पनि छौँ । त्यस्ता धनाढ्यहरूले आफ्नो देश वा विदेशमा उद्योग, कलकारखाना खोल्छन् र धेरै मानिसलाई रोजगार दिन्छन् । व्यापार व्यवसाय गर्छन् र राज्यलाई विभिन्न राजस्व तथा कर तिर्छन् अनि देशलाई झन् सम्पन्न बनाउँछन् । देशमा आपतकाल आएका बेलामा म स्वस्थ छु, मेरो स्वास्थ्य प्रयोग गर भनेर मात्र आपतकाल टर्दैन । त्यति बेला आवश्यक पर्ने वस्तुहरू, खाद्यान्नहरू, औजार तथा हतियारहरू, औषधीहरू खरिद गर्न पुँजी नभई हुँदैन । स्वास्थ्य राम्रो भए सब थोक हुन्छ भनेर गर्व गर्ने पूर्ववक्ता साथीलाई प्रश्न गर्न चाहन्छु, कुनै दुर्घटना वा विपत्तिका कारण स्वास्थ्यमा गडबडी भयो वा बिग्रियो भने के हुन्छ ? म स्वस्थ छु, मलाई ठिक भइहाल्छ भनेर बिग्रेको स्वास्थ्य फिर्ता हुन्छ ? यस्तो बेलामा अस्पताल जानुपर्छ । औषधी गर्नुपर्छ । डाक्टर र अस्पतालको शुल्क तिनुपर्छ अनि मात्र आफ्नो बिग्रेको स्वास्थ्य फिर्ता आउँछ । यसका लागि पनि सम्पत्ति आवश्यक हुन्छ ।

**आदरणीय गुरुवर्ग तथा साथीहरू !**

स्वास्थ्यभन्दा सम्पत्ति महत्त्वपूर्ण हुने अनेक कारणहरू छन् । पहिलो कारण, तन्दुरुस्त स्वास्थ्यका लागि स्वास्थ्यकर आहार चाहिन्छ । हामी सबैलाई थाहा छ, बजारमा अनेक किसिमका आहारहरू छन् । तन्दुरुस्तीका लागि आवश्यक पर्ने स्वास्थ्यकर आहारले मात्र हाम्रो मन र मस्तिष्क स्वस्थ राख्न सकिन्छ । त्यसका लागि पैसा चाहिन्छ । यसबाट के प्रस्ट हुन्छ भने हाम्रो मन र मस्तिष्क स्वस्थ राख्नका लागि पनि सम्पत्ति नै चाहिन्छ । दोस्रो कारण, जीवनमा अनेक सङ्कटहरू आइपर्छन् । कति खेर कुन दुर्घटनामा पर्न सकिन्छ, कुन प्राकृतिक वा मानवीय विपत्तिमा फसिन्छ भन्ने कुराको ठेगान हुँदैन । हामीले भर्खरै भूकम्पको सामना गऱ्यौँ । कोभिड - १९ को महामारी पनि सह्यौँ । यस्ता प्राकृतिक वा अन्य सङ्कटहरूको बेलामा हामीले शारीरिक रूपमा तन्दुरुस्त भए पनि सम्पत्ति नभएकाहरूको बिजोग देख्यौँ । भोकभोकै भएको समाचारहरू सुन्यौँ र हेऱ्यौँ । सम्पन्नहरूलाई यस्ता विपत्तिहरूले खासै प्रभाव नपारेको हामीले देखेकै

*राजस्व - विभिन्न कर वा शुल्कबाट राज्यलाई प्राप्त हुने रकम*

छौँ । त्यसैले भइपरिआउने अनेक सङ्कटहरूबाट हामीलाई सम्पत्तिले नै बचाउँछ न कि स्वास्थ्यले । तेस्रो कारण, सेवा नै धर्म हो भन्ने कुरा सबलाई थाहा छ । जीवनलाई सार्थक पार्न चाहने हरेक व्यक्ति समाजसेवा गर्न चाहन्छन् । समाजमा रहेका मानिसहरूलाई सहयोग गर्न चाहन्छन् । समाजको उन्नतिका लागि योगदान गर्न चाहन्छन् । अप्ठेरामा परेकाहरूलाई उद्धार गर्न चाहन्छन् । यस्ता कार्यहरू गर्न उससँग सम्पत्ति हुनुपर्छ ।

**जनाउ घन्टी बज्छ ।**

**सभाध्यक्ष महोदय,**

त्यसो त सम्पत्ति नभए पनि स्वस्थ शरीर भएका मान्छेले समाजसेवा गर्न सक्छ तर त्यस्तो सेवा सीमित हुन्छ । उसले एक पटकमा सीमित मानिसहरूलाई मात्र सहयोग गर्न सक्छ तर एउटा सम्पन्न व्यक्तिले आफूसँग भएको सम्पत्तिको सदुपयोग गरेर एकै समयमा विभिन्न ठाउँमा सहयोग पुऱ्याउन सक्छ । सम्पत्तिका माध्यमबाट प्रशस्त स्रोत र संसाधनहरूको व्यवस्थापन गर्न सक्छ । त्यसैले म स्वास्थ्यभन्दा सम्पत्ति ठुलो भन्दै आफ्ना भनाइ अन्त्य गर्दछु, धन्यवाद !

***यसपछि कार्यक्रम सञ्चालकले वक्तालाई धन्यवाद दिँदै निर्णायक मण्डललाई निर्णय सुनाउन आग्रह गर्नुहुन्छ । निर्णायकहरूमध्येबाट शिक्षक चन्द्रा नकर्मीले निर्णायक मण्डलको निर्णय सुनाउनुहुन्छ । अन्त्यमा सभाको अध्यक्षता गरिरहनुभएकी विद्यालयका प्रधानाध्यापकले वादविवाद र सह तथा अतिरिक्त क्रियाकलापको महत्त्व बताउनुहुन्छ । विजेता र सहभागीहरूलाई बधाई तथा धन्यवाद दिँदै कार्यक्रम समापन गर्नुहुन्छ ।***

## शब्दभण्डार

१. **दिइएका अनेकार्थी शब्दहरूसँग मिल्ने अर्थमा जोडा मिलाउनुहोस् :**

| अर्थ – १ | अनेकार्थी शब्द | अर्थ – २ |
|---|---|---|
| राजस्व | रहर | एक दिशा |
| बालक | उत्तर | गैँडाको बच्चा |
| चाहना | साँचो | चाबी |
| सहर | कर | 'गर' को अकरणबोधक क्रिया |
| जवाफ | केटा | एक किसिमको दाल |
| सत्य | नगर | ढिपी |

२. **तलका शब्द तथा अर्थ पढेर वाक्यमा प्रयोग गर्नुहोस् :**

(क) (अ) वीर (बहादुर)
(आ) बिर (सुँगुरको भाले)

(ख) (अ) पुरा (पुरानो)
(आ) पूरा (सम्पूर्ण)

(ग) (अ) फुल (अन्डा)
(आ) फूल (पुष्प)

(घ) (अ) शीत (चिसो)
(आ) सित (सँग)

(ङ) (अ) विष (जहर)
(आ) बिस (उन्नाइसपछिको अङ्क)

(च) (अ) तिर (तर्फ)
(आ) तीर (बाण)

३. **तलका सानो रूप जनाउने शब्दबिच जोडा मिलाउनुहोस् :**

| | |
|---|---|
| गाग्रो | त्यान्द्रो |
| दुध | चोइटो |
| पानी | हतर |
| दाउरा | तुर्को |
| पराल | थोपो |

४. **सानो रूप जनाउने शब्द लेख्नुहोस् :**

| | | | | | |
|---|---|---|---|---|---|
| थैलो | = | थैली | चिम्टा | = | ........................ |
| डालो | = | ........................ | थाल | = | ........................ |
| अचार | = | ........................ | घैँटो | = | ........................ |

## *बोध र अभिव्यक्ति*

१. **पाठ पढी दिइएका शब्द उच्चारण गर्नुहोस् :**

निष्पक्ष, निर्णायक मण्डल, स्वास्थ्य, प्रतियोगिता, तन्दुरुस्त, स्वतन्त्रता, महत्त्वपूर्ण, सन्तुष्टि, क्रियाकलाप, धनाढ्य, राजस्व, खाद्यान्न, विपत्ति

२. **करुणा गुरुङको सम्बोधनपछिको पहिलो अनुच्छेद पढी छोटो उत्तर दिनुहोस् :**

(क) मानिसले सम्पत्तिबाट के के कुरा प्राप्त गर्न सक्छ ?

(ख) जीवनको सबैभन्दा ठुलो आशीर्वाद के हो ?

(ग) आफूले चाहेजस्तो जीवन जिउन के चाहिन्छ होला ?

(घ) 'वादविवाद' र 'स्वतन्त्रता' शब्दको अर्थ भन्नुहोस् ।

३. **पाठका आधारमा उत्तर भन्नुहोस् :**

(क) वादविवाद कार्यक्रम कहाँ भइरहेको छ ?

(ख) वादविवाद कार्यक्रमको उद्घोषकको नाम के हो ?

(ग) निर्णायक मण्डलमा को को रहनुभएको छ ?

(घ) रुकु चौधरी कुन भूमिकामा छिन् ?

(ङ) वक्ताहरूलाई बोल्न कति समय दिइएको छ ?

(च) वादविवादको विषय के हो ?

(छ) विपक्षमा बोल्ने वक्ताहरूको नाम भन्नुहोस् ।

(ज) कार्यक्रमको समापन कसरी भयो ?

४. **पाठका आधारमा वक्ता पहिल्याउनुहोस् :**

(क) आफूसँग स्वस्थ शरीर छैन भने सारा वैभवको के काम ?

(ख) समयपालकका रूपमा ६ कक्षाकी छात्रा रुकु चौधरी रहेकी छिन् ।

(ग) देशमा आपतकाल आएका बेलामा म स्वस्थ छु, मेरो स्वास्थ्य प्रयोग गर भनेर मात्र आपतकाल टर्दैन ।

(घ) किन टन्टलापुर घाममा मान्छे पोलिन्छन् ? किन खतरनाक सुरुङभित्र मान्छे पसेर काममा जोतिन्छन् ?

(ङ) भनाइ नै छ, सम्पत्तिले कसैलाई डकार आउँदैन ।

५. **पाठका आधारमा कुनै एक पक्षको मन्तव्यबाट पाँचओटा बुँदा टिप्नुहोस् ।**

६. **पाठका आधारमा छोटो उत्तर दिनुहोस् :**

(क) वादविवाद प्रतियोगितामा सहभागी हुने वक्ताले पालन गर्नुपर्ने नियमहरू के के हुन् ?

(ख) ‘स्वस्थ शरीर जीवनको सबैभन्दा ठुलो आशीर्वाद हो’ कसरी ?

(ग) देवकोटाले धनलाई किन हातको मैला भनेका हुन् ?

(घ) मानिसले किन सम्पत्ति कमाउन चाहन्छन् ?

(ङ) सम्पत्तिले के के गर्न सकिन्छ ?

**७. अनुच्छेद मौन पठन गर्नुहोस् र सारांश लेख्नुहोस् :**

मान्छे ढुङ्गे युगदेखि आजसम्म आइपुग्दा उसले गरेका काम वर्णन गरिसाध्य छैन । आज मान्छे विज्ञानकै कारणले चरा जस्तै आकाशमा उड्न, माछा जस्तै पानीमा तैरिन, जमिनमा छिटोभन्दा छिटो दगुर्न सफल भएको छ । यो विश्वमा मान्छे जहाँ पनि भ्रमण गर्न सक्छ । हिँडेर महिनौँ, बर्सौं लाग्ने ठाउँमा विज्ञानको सहायताले एकैछिनमा पुग्न सक्छ । संसारमा भएका दैनिक घटनाहरू एकै ठाउँमा बसेर सुन्न र हेर्न सक्छ । संसारका जुनसुकै कुनाका मानिससँग चाहेको खण्डमा कुराकानी गर्न सक्छ । हजारौँ मान्छेले बर्सौं लगाएर गर्ने काम क्षणभरमा गर्न सक्छ । यी यावत् काम गर्न मानिस विज्ञानको चमत्कारको कारणले सफल भएको छ ।

**८. दिइएको अनुच्छेद सुनेर लेख्नुहोस् :**

सम्पत्तिले मानिसलाई सन्तुष्टि दिनुपर्ने हो तर यसको ठिक उल्टो हुन्छ । भनाइ नै छ, सम्पत्तिले कसैलाई डकार आउँदैन । सम्पत्तिले मानिसलाई झन्झन् असन्तुष्ट बनाउँछ । धेरै धनदौलत भएकालाई आफ्नो सम्पत्ति नाश होला कि, कसैले चोरीलुटी लैजाला भन्ने चिन्ता थपिन्छ । त्यसैले ऊ ढुक्कको निद्रा सुत्न सक्दैन । उसलाई कहिलेकाहीँ त सबैभन्दा नजिकका मान्छेसँग पनि अविश्वास लाग्छ ।

**९. कक्षामा तलकामध्ये कुनै एक शीर्षकमा वादविवाद कार्यक्रमको आयोजना गर्नुहोस् । उक्त वादविवाद कार्यक्रममा विद्यार्थीहरूले प्राप्त गरेको भूमिका निर्वाह गर्नुहोस् । भूमिका नपाउने विद्यार्थीहरू असल श्रोताका रूपमा रहनुहोस् :**

**वादविवादका शीर्षक :**

(क) युवाहरू विदेशमा जानुभन्दा स्वदेशमै बस्नु जाती

(ख) छोराछोरीलाई सम्पत्ति दिनुभन्दा शिक्षा दिनु राम्रो

**विद्यार्थीले निर्वाह गर्नुपर्ने भूमिका**

(क) कार्यक्रम सञ्चालक (उद्घोषक) : एक जना विद्यार्थी

(ख) सभाध्यक्ष : एक जना विद्यार्थी

(ग) निर्णायक मण्डल : तीन जना विद्यार्थी

(घ) समयपालक : एक जना विद्यार्थी

(ङ) पक्षबाट बोल्ने प्रतियोगीहरू : दुई जना विद्यार्थी

(च) विपक्षबाट बोल्ने प्रतियोगीहरू : दुई जना विद्यार्थी

## *भाषिक संरचना र वर्णविन्यास*

१. **पढ्नुहोस् र वर्तमान काल, भूत काल र भविष्यत् काल जनाउने शब्दलाई तालिकामा लेख्नुहोस :**

| (क) | (ख) | (ग) |
|---|---|---|
| ऊ खेल खेल्छ । | प्रभात बजार गयो । | उमेश बिहान उठ्ने छ । |
| ऊ राम्ररी पढ्छ । | उसले चिनी किन्यो । | ऊ खाना खाने छ । |
| ऊ प्रगति गर्छ । | ऊ घर फर्क्यो । | त्यसपछि काममा जाने छ । |
| उसले अवसर पाउँछ । | साथीहरू बाटामा थिए । | ऊ दिनभरि काम गर्ने छ । |
| उसले आफ्नो पहिचान बनाउँछ । | उसले साथीहरू भेट्यो । | ऊ खाना खाने छ । |
| ऊ समाजसेवा गर्छ । | साथीहरू खुसी भए । | साथीहरू पनि काम गर्ने छन् । |
| | | ऊ बेलुका घर फर्कने छ । |

माथिको तालिकामा भएका रातो रङका शब्दले समय बुझाएका छन् । पहिलो तालिकामा भएका क्रियापदले अहिलेको समयलाई बुझाएका छन्। दोस्रो तालिकामा भएका क्रियापदले बितेको समय बुझाएका छन्। तेस्रो तालिकामा भएका क्रियापदले पछिको समयलाई बुझाएका छन् ।

यसरी माथिको तालिकामा भएका क्रियाले समय बुझाउँछन् । क्रियाले बुझाउने समय काल हो । माथिको तालिकामा भएका पहिलाको समय बुझाउने क्रियाका काल भूत काल, अहिलेको समय बुझाउने क्रियाका काल वर्तमान काल र पछिको समय बुझाउने क्रियाका काल भविष्यत् काल हुन् ।

२. उदाहरणमा देखाए जस्तै तलका क्रियापदलाई परिवर्तन गर्नुहोस् :

| भविष्यत् काल | वर्तमान काल | भूत काल |
|---|---|---|
| खेल्ने छु | खेल्छु | खेले |
| बस्ने छन् | | |
| आउने छौ | | |
| बोक्ने छिन् | | |

३. दिइएको निर्देशनअनुसार वाक्य बनाउनुहोस्:

(क) हामी कथा ..................... (पढ् : भविष्यत् काल)
(ख) तैँले खेल .................... (जित् : भूत काल)
(ग) बहिनी खेल्न .................. (जा : वर्तमान काल)
(घ) उहाँले प्रगति ................. (गर् : भूत काल)
(ङ) त्यो यतैतिर .................. (आउ : वर्तमान काल)

४. तलको अनुच्छेद मौनवाचन गर्नुहोस् र 'रि' र 'ऋ' लागेका शब्द पहिचान गरी लेख्नुहोस् :

रिजन कृषि ऋण लिन कृषि विकास बैङ्क गए । बैङ्कमा ऋषि, ऋचा, सृष्टि, प्रिया र कृति अघि नै लाइनमा थिए । उनीहरूले ऋण पाए तर

रिजन रित्तै हात घर फर्किए । घरमा आएर उनी आफूले ऋण नपाएको टिपोट लेखाउन वडाका रिमाल सरकहाँ गए । रिमाल सरले रित नपुगी आएको निवेदन आफूले नबुझ्ने कुरा बताउनुभयो ।

## सुनाइ र बोलाइ

**१. सुनाइ पाठ ७ सुन्नुहोस् र त्यसका आधारमा वाक्य पूरा गरी भन्नुहोस् :**

(क) कसैले सुन, चाँदी, हिरा, मोतीलाई .................. ठान्छन् ।

(ख) स्वास्थ्य मानिसका लागि .................. सम्पत्ति हो ।

(ग) स्वस्थ शरीरमा स्वस्थ ................ को बास हुन्छ ।

(घ) आफ्नो स्वास्थ्य ......... राख्ने कार्यमा हामी हरपल सचेत रहनुपर्छ ।

(ङ) हाम्रो .............. नै हाम्रो स्वास्थ्यलाई हानि गर्ने मुख्य कारण हो ।

**२. सुनाइ पाठ ७ का आधारमा उत्तर भन्नुहोस् :**

(क) मानिसका लागि सबैभन्दा मूल्यवान् वस्तु के होला ?

(ख) हाम्रो स्वास्थ्य राम्रो भयो भने के के गर्न सकिन्छ ?

(ग) स्वस्थ शरीरमा स्वस्थ विचारको बास हुन्छ, कसरी ?

(घ) स्वास्थ्यलाई असर गर्ने मुख्य कारण के हो ?

## सिर्जना / परियोजना

**१. तल दिइएका विषयको पक्ष वा विपक्षमा वादविवाद लेख्नुहोस् :**

(क) विज्ञान अभिशाप नभई वरदान हो ।

(ख) मानिसभन्दा प्रकृति बलियो

**२. कक्षामा गाउँसभा वा नगरसभाको जस्तै गरी सभा आयोजना गर्नुहोस् । विद्यार्थीले नै जनप्रतिनिधि र अन्य सरोकारवालाको भूमिका निर्वाह गरी कुनै विषयवस्तुमा आधारित भई पक्ष र विपक्षमा तर्क राख्नुहोस् ।**

पाठ ८

## पूर्व पठन

**तल दिइएका चित्रका बारेमा छलफल गर्नुहोस् :**



मूल पाठ

८

# मेरा रहर

"तपाईँ भविष्यमा के बन्नुहुन्छ ?"

तपाईँहरूले धेरै पल्ट यस प्रश्नको सामना गरेको हुनुपर्छ। अनि जबाफ के दिनुहुन्छ त ?

मैले पनि तपाईँहरूले जस्तै यस प्रश्नको पटक पटक सामना गरेको छु । कहिले पाहुनाबाट, कहिले शिक्षकबाट, कहिले अभिभावकबाट र कहिले त साथीबाट पनि । म कहिले साहित्यकार बन्छु भन्छु। कहिले खेलाडी त कहिले डाक्टर बन्छु भन्छु। कहिले इन्जिनियर, कहिले सिपाही वा प्रहरी बन्न मन पर्छ र त्यही भनिदिन्छु। कहिले चित्रकार वा वकिल बन्ने रहर गर्छु। कहिले किसान, शिक्षक वा व्यापारी बन्ने रहर लाग्छ र त्यही जबाफ दिन्छु। कहिले पत्रकार अथवा कर्मचारी बनूँ जस्तो लाग्छ। कहिले कलाकार वा राजनीतिज्ञ बनेर देशको सेवा गर्ने इच्छा जाग्छ र त्यही भनिदिन्छु । यसरी कुनै प्रस्ट आकार लिई नसकेको, छिनछिनमा बदलिरहने आकाशको बादल जस्तो छ मेरो जबाफ ।

मलाई राम्रा गीत सुन्दा, नाटक हेर्दा, कविता, कथा, उपन्यास र निबन्ध पढ्दा साहित्यकार बन्न मन पर्छ । साहित्यकार बनेर मान्छे, समाज, देश र विदेशका कुराहरू लेखेर अरूलाई आनन्द र चेतना बाँडूँ जस्तो लाग्छ । सिनेमा हेर्दा कलाकार बनेर सबैका मनमा बसूँ र सबैलाई मनोरञ्जन र शिक्षासँगै उत्साह थपूँ जस्तो लाग्छ । म कहिले काहीँ विभिन्न किसिमका खेलहरू खेल्छु र कति खेलहरू रङ्गशाला, टिभी र कम्प्युटरमा हेर्छु। त्यति बेला मलाई खेलाडी बनेरै जीवन बिताउने रहर लाग्छ। ओहो ! राम्रो खेलाडी बन्न सके त देशको नामसमेत संसारभर फैलाउन सकिन्थ्यो । मलाई राम्रा चित्रहरू हेर्दा र चित्र बनाउन बस्दा अत्यन्त रमाइलो लाग्छ। त्यस्तो बेला मलाई चित्रकार बनेर

*शब्दार्थ*

| | | |
|---|---|---|
| *राजनीतिज्ञ* | - | *राजनीति गर्ने मानिस* |
| *चेतना* | - | *राम्रो विचार, ज्ञान* |
| *उत्साह* | - | *केही राम्रो गरौँ भन्ने भाव, कार्य गर्ने उत्सुकता* |
| *रङ्गशाला* | - | *खेलकुद, नाटक, नाचगान आदि कार्यको प्रदर्शन गरिने ठाउँ* |

मन र आँखाले देखेका सुन्दर कुराहरूको चित्र बनाएरै जीवन बिताऊँ जस्तो लाग्छ । रोगीहरूको उपचार गरी उनीहरूलाई निको बनाएको देख्दा डाक्टर वा नर्स बन्न मन लाग्छ । मैले धेरै स्वास्थ्यकर्मीहरू कोरोना भाइरसको महामारीमा आफ्नै जीवनको जोखिम मोलेर रोगीका सेवामा जुटेको समाचार सुनेको छु । त्यस्ता स्वास्थ्यकर्मीलाई सलाम गर्दै त्यही बाटामा आफू पनि हिँडूँ जस्तो लाग्छ । सुन्दर र फराकिला बाटाघाटा, पुल, नहर, आकर्षक भवनको डिजाइन इन्जिनियरहरूले गर्दा रहेछन् । त्यसैले मलाई इन्जिनियर बनेर नयाँ कुराहरूको निर्माण गर्ने रहर जाग्छ । विकास र निर्माणले देशमा सभ्यताको नयाँ उचाइ थप्न मन लाग्छ । देश विकासको कुरा गर्दा मलाई व्यापारी, उद्योगपति बन्न सके हुन्थ्यो जस्तो लाग्छ । आफ्ना देशका उत्पादनहरूलाई विदेशमा बेचेर देशलाई धनी बनाउने इच्छा जाग्छ । विदेशका राम्रा कुराहरूलाई देशमा ल्याएर त्यसको उपयोग गर्न गराउन व्यवसायी बनूँ जस्तो लाग्छ ।

बाटामा सानाठुला सवारी साधन गुड्छन् । आकाशमा हवाईजहाज, हेलिकोप्टर वा रकेटहरू उड्छन् । समुद्रमा पानीजहाज चल्छन् । मलाई त्यस्ता सवारी साधनहरूको चालक बनेर देशविदेश डुल्न मन पर्छ । आफूसँगै अरूलाई पनि देशदेशावर देखाउन मन पर्छ । यसरी डुल्दै देखाउँदै जाँदा अन्नबालीले सजिएका सुन्दर खेतबारी पनि देखिन्छन् । ती अन्नहरू, ती बोटबिरुवाहरू सुन्दरताका प्रतीक मात्र होइनन्, तिनीहरू त हाम्रो जीवनका अमृतहरू हुन् । त्यस्ता अन्नबाली नभए हाम्रो जीवन रहँदैन । ती अमृतरूपी अन्नबालीहरू किसानको पसिनाका उपज हुन् । त्यसैले मलाई जीवनदायिनी अमृत उपार्जन गर्ने कृषिप्रधान देशको सफल किसान बन्न मन लाग्छ । आफू बाँचेर अरूलाई बचाउने अभियानमा हिँड्न मन पर्छ । यति सुन्दर अभियानमा हिँड्न सिकाउने काम शिक्षकले गर्छन् । शिक्षकले अरूको जीवनको अन्धकार हटाउँछन् । आफू नाविक

*स्वास्थ्यकर्मी – स्वास्थ्यसम्बन्धी काम गर्ने*
*देशदेशावर – देशविदेश*
*जीवनदायिनी – जीवन दिने किसिमको*
*उपार्जन – आम्दानी*
*अभियान – कुनै निश्चित उद्देश्य प्राप्त गर्न प्रायः सामूहिक रूपमा गरिने प्रयास*
*नाविक – डुङ्गा चलाउने मानिस*

बनेर पुरानो डुङ्गा लिएर नदी रुँघिरहन्छन् तर अरूलाई जीवनको नदी तारेर सफलताको नयाँ यात्रामा पठाउँछन्। आफ्ना विद्यार्थीको सफलतामा खुसी हुँदै त्यही खुसी अरूहरूलाई बाँडिरहन्छन्। त्यसैले मलाई शिक्षक बन्न मन पर्छ।

हाम्रो देश वीर गोर्खालीहरूको देश हो। त्यसैले हाम्रो इतिहासभरि हाम्रा पुर्खाहरूको वीरताको गाथा पाइन्छ। यस्ता बहादुरीको कथा पढ्दा मलाई सेना वा प्रहरी बनेर देशको सेवामा खटिने रहर जाग्छ। वीरताको इतिहासले रङ्गिएको हाम्रो देशमा अझै पनि कतिपय अन्धविश्वास छन्। अन्याय, अत्याचार र भ्रष्टाचार पनि छन्। त्यसैले यस्तो अन्धविश्वास, अत्याचार र भ्रष्टाचार निर्मूल गर्नका लागि मलाई समाजसेवा गर्न मन लाग्छ। राजनीतिमा लाग्न मन लाग्छ र समय सुहाँउदो नियम, कानुन बनाएर देशमा सुशासन कायम गर्न मन लाग्छ। विकासको मूल फुटाएर एउटा विकसित देशका रूपमा सगरमाथाको देश नेपाललाई विश्वभर चिनाउन मन लाग्छ। सुशासनको कुरा गर्दा कर्मचारीको भूमिका महत्त्वपूर्ण भएर आउँछ। त्यसैले मलाई कर्मचारी बनेर जनताको सेवा गर्ने रहर लाग्छ।

हो, मेरा अनेक रहर छन्। जीवनमा मलाई धेरै कुराहरू गर्न मन छ। मलाई थाहा छ, मैले सोचेका सबै कुरा गर्न म सक्दिनँ। मेरा सबै रहर पूरा हुन पनि सक्दैनन्। अहिले नै म यसै गर्छु भनेर किट्ने बेला पनि होइन। मलाई थाहा छ, मेरा अगाडि रहरका धेरै बाटाहरू छन्। म जुनसुकै क्षेत्रमा रम्न सक्छु। जुनसुकै पेसा वा व्यवसाय अँगाल्न सक्छु। म जुन क्षेत्रमा गए पनि, जुन पेसा वा व्यवसाय अँगाले पनि एउटा असल मानिस बनेर जिउने रहर छ। आफ्नो ठाउँ, आफ्नो देश र संसारकै मानिसहरूको भलो हुने काम गर्ने रहर छ।

*गाथा – कसैको प्रशंसा वा स्तुति*
*सुशासन – असल शासन*

## शब्दभण्डार

**१. दिइएका पारिभाषिक शब्द एवम् तिनका अर्थ पढ्नुहोस् र बुझ्नुहोस् :**

सह तथा अतिरिक्त क्रियाकलाप : विद्यालयमा हुने लेखपढबाहेकका खेलकुद, नाचगान आदि व्यक्तित्व विकासका लागि गरिने अन्य गतिविधि (शिक्षा) ।

प्रश्नावली : कुनै कुराको अध्ययन तथा अनुसन्धानका लागि निर्मित प्रश्नवलीको सूची (शिक्षा)

सम्पादक : समाचार सम्पादन गर्ने व्यक्ति (सञ्चार)

ऐलानी : सरकारी जग्गा, कसैको नाममा दर्ता नभएको जग्गा (भूमि व्यवस्था)

आशुकवि : तुरुन्तै कविता रचना गर्न सक्ने कवि (साहित्य)

शिलालेख : ढुङ्गामा लेखिएको लेख (पुरातत्त्व)

निक्षेप : निश्चित ब्याज पाइने गरी बैङ्कमा जम्मा गरेको धन (अर्थशास्त्र)

जमानत : धरौटी (कानुन)

कुषोषण : स्वास्थ्यलाई हित नगर्ने किसिमका खानेकुरा (स्वास्थ्य)

क्षेप्यास्त्र : हुत्याएर प्रहार गरिने हतियार (प्रविधि)

जीवकोश : आफैँमा परिपूर्ण भएका सूक्ष्म जीवाणु (जीवविज्ञान)

**२. मिल्ने पारिभाषिक शब्द राखी वाक्य पूरा गर्नुहोस् :**

(छन्द, निःशुल्क, पदोन्नति, सुकुम्बासी, अधिवक्ता)

(क) नेपालमा माध्यमिक तहसम्म ............ पढाइने व्यवस्था छ ।

(ख) सरकारले ........... समस्या समाधान गर्ने भएको छ ।

(ग) ............ मिलाएर कविता लेख्न कठिन हुन्छ ।

(घ) यही वर्ष रामबहादुरको अधिकृतमा ............ भएको छ ।

(ङ) रश्मि न्यौपाने सरकारी ............ बनेकी छिन् ।

३. **वाक्यमा प्रयोग गर्नुहोस् :**

(क) दूरसञ्चार (टाढासम्म समाचार पुऱ्याउने कार्य)

(ख) निकुञ्ज (वन्यजन्तुका सुरक्षाका लागि आरक्षित जङ्गल)

(ग) रेखाचित्र (रेखा नै रेखाद्वारा तयार पारिएको चित्र)

(घ) जीवाणु (नाङ्गो आँखाले देख्न नसकिने सूक्ष्म जीव)

(ङ) महामारी (हैजा, प्लेग, शीतला, कोभिड -१९ आदि जस्ता सङ्क्रामक रोग)

(च) शिलान्यास (घर, मन्दिर आदि बनाउँदा जगमा विधिपूर्वक प्रथम ढुङ्गा हाल्ने काम)

(छ) तारापुञ्ज (राति आकाशमा झल्कने प्रकाश पिण्डको समूह)

## *बोध र अभिव्यक्ति*

१. **माथिको पाठको पहिलो र दोस्रो अनुच्छेद द्रुत पठन गर्नुहोस् र पढाइ सही भएनभएको साथीलाई सुन्न लगाउनुहोस् ।**

२. **तलका शब्द शुद्धसँग उच्चारण गरेर कापीमा सार्नुहोस् :**

साहित्यकार, मनोरञ्जन, रङ्गशाला, स्वास्थ्यकर्मी, कोरोना भाइरस, इन्जिनियर, उद्योगपति, उत्पादन, व्यवसायी, हेलिकोप्टर, अन्नबाली, भ्रष्टाचार, अन्याय, अत्याचार

## ३. ठिक बेठिक छुट्याउनुहोस् :

(क) अमृतरूपी अन्नबाली किसानको पसिनाका उपज हुन् ।
(ख) शिक्षकले जीवनको अन्धकार हटाउँछन् ।
(ग) प्रहरीले बिरामीको हेरचाह गर्छन् ।
(घ) स्वस्थ हुन समाजसेवा गर्नुपर्छ ।
(ङ) राजनीतिमा लाग्ने सबै मानिस भ्रष्टाचारी हुँदैनन् ।

## ४. ठिक शब्दमा (√) रेजा लगाउनुहोस् ।

(क) मान्छेका, समाजका, देशविदेशका कुराहरू लेखेर अरूलाई आनन्द र चेतना बाँड्ने काम ........... गर्छन् ।

(अ) खेलाडी (आ) नृत्यकार (इ) साहित्यकार (ई) डाक्टर

(ख) खेलका माध्यमबाट देशको इज्जत बढाउने मानिसलाई ....भनिन्छ ।

(अ) शिक्षक (आ) खेलाडी (इ) कर्मचारी (ई) सङ्गीतकार

(ग) रोगीको उपचारमा निरन्तर खट्ने मानिसलाई .............. भनिन्छ ।

(अ) प्रहरी (आ) वकिल (इ) डाक्टर (ई) कृषक

(घ) न्याय निसाफसम्बन्धी छिनोफानो गर्ने मानिस ............. हो ।

(अ) न्यायाधीश (आ) नर्स (इ) शिक्षक (ई) खेलाडी

(ङ) नयाँ नयाँ कुराको खोज अनुसन्धान र आविष्कार गर्ने मानिस ................. हो ।

(अ) पत्रकार (आ) खेलाडी (इ) वैज्ञानिक (ई) पशुविद्

## ५. पाठका आधारमा उत्तर लेख्नुहोस् :

(क) भविष्यमा तिमी के बन्छौ भन्ने प्रश्नमा लेखक के जबाफ दिन्छन् ?
(ख) लेखकलाई किन कवि, साहित्यकार बन्न मन लाग्छ ?

(ग) किसान किन महत्त्वपूर्ण व्यक्ति हो ?

(घ) कस्तो व्यक्तिलाई असल व्यक्ति भनिन्छ ?

**६. तलको अनुच्छेद मौन पठन गर्नुहोस् र उत्तर दिनुहोस् :**

निरन्तरको प्रयासले मानिसले आफ्नो पहिचान बनाउँछ । सुगन्धित फूल फुल्न हावाहुरी, घामपानी, खडेरी, हिउँ, काँडा सबैसँग कठोर सङ्घर्ष गर्नुपर्छ । एउटा व्यक्तिले आफू के हो भनेर चिनाउन जीवनमा अनेक कठिनाइसँग लड्नुपर्छ । चर्को घाम र दर्के पानीमा किसानले धर्तीमा श्रम नगरे, पसिना नबगाए सारा विश्वले भोकभोकै मर्नुपर्छ । किसान आफू बाँचेर अरूलाई बचाउँछ । आफू भोकै बसेर अरूलाई हँसाउँछ । किसानले कर्तव्य बिर्सिए धरतीमा के होला ? रोगव्याधीको रोकथाम गर्दै एउटा स्वास्थ्यकर्मी दिनरात अरूको उपचारमा खटिरहेको हुन्छ । उनीहरूले उपचार गर्न छोडे के होला ? समाजमा शान्ति सुरक्षा कायम राख्न, जनताको जिउधनको रक्षा गर्न रातदिन सुरक्षाकर्मी खटिएका हुन्छन् । आदर्श समाज स्थापना गर्न परोपकारी मनहरू निरन्तर समाजसेवामा खटिएका हुन्छन् । त्यस्तै शिक्षक, पाइलट, ड्राइभर, वकिल, इन्जिनियर, वैज्ञानिक आदिले आफ्नो काम जस्तोसुकै चुनौतीपूर्ण भए पनि निरन्तरता दिइरहेका हुन्छन् । हावा निरन्तर बहन्छ । सूर्यले निरन्तर प्रकाश दिन्छ । त्यस्तै हामीले पनि जीवनमा आइपर्ने हरेक समस्यालाई अवसरका रूपमा बदलेर निरन्तर रचनात्मक काम गर्न सक्यौँ भने हाम्रो जीवन सफल हुन्छ ।

**प्रश्नहरू**

(क) माथिको अनुच्छेदबाट चारओटा प्रश्न बनाउनुहोस् ।

(ख) आफूले बनाएका प्रश्नहरूको आफैँ उत्तर दिनुहोस् ।

**७. विभिन्न व्यक्तिका बारेमा विभिन्न श्रव्यदृश्य सामग्री वा मुद्रित सामग्री अध्ययन गर्नुहोस् र उनीहरूका इच्छा वा रहर टिपोट गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।**

**८. घरपरिवारका सदस्यसँग आआफ्ना इच्छा वा रहरका बारेमा छलफल गर्नुहोस् र भिन्न भिन्न इच्छा वा रहरको सूची बनाई कक्षामा प्रस्तुत गर्नुहोस् ।**

१. **अनुच्छेद पढ्नुहोस् र समस्त शब्दहरूमा रेखाङ्कन गरी ती समस्त शब्दहरूको शब्द बनोट प्रक्रियासमेत देखाउनुहोस् :**

मानिस दिनरात मिहिनेत गर्छ । कहिले दाजुभाइ, इष्टमित्रका लागि काम गर्छ । कहिले घामपानी, भोकतिर्खा सहँदै धर्मकर्म गर्छ । कहिले छोराछोरीका शिक्षाका लागि दौडधुप गर्छ । यसरी सुखदुःख सहँदै जीवनरथ अघि बढाउँछ ।

२. **'मेरा रहर' निबन्धबाट दशओटा समस्त शब्द टिप्नुहोस् ।**

३. **दिइएको तालिकामा भएका वाक्यहरू पढेर क्रियामा गोलो घेरा लगाउनुहोस् :**

| (क) | (ख) | (ग) |
|---|---|---|
| ऊ बिहान डुल्दै थियो । | ऊ बिहान डुल्दै छ । | ऊ बिहान डुल्दै हुने छ । |
| साथीहरू पनि डुल्दै थिए । | साथीहरू पनि डुल्दै छन् । | साथीहरू डुल्दै हुने छन् । |
| बटुवाहरू हिँड्दै थिए । | बटुवाहरू हिँड्दै छन् । | बटुवाहरू हिड्दै हुने छन् । |
| बहिनी दौडँदै थिइन् । | बहिनी पनि दौडँदै छिन् । | बहिनी पनि दौडँदै हुने छिन् । |
| गुरु योग गर्दै हुनुहुन्थ्यो । | गुरु योग गर्दै हुनुहुन्छ । | गुरु योग गर्दै हुनुहुने छ । |

**माथिका तालिकामा भएका क्रियापदले कुनै काम भइरहेको बुझाएका छन् । त्यसैले यी अपूर्ण पक्षका क्रियापद हुन् ।**

४. **अभ्यास ३ को तालिकामा भएका क्रियापदलाई तलको तालिकामा मिल्ने गरी भर्नुहोस् :**

| भूत काल अपूर्ण पक्ष | वर्तमान काल अपूर्ण पक्ष | भविष्यत् काल अपूर्ण पक्ष |
|---|---|---|
| | | |

## ५. दिइएका निर्देशनअनुसार वाक्य पूरा गर्नुहोस् :

(क) उनीहरू क्रिकेट ...................। (खेल् : भूत : अपूर्ण पक्ष )
(ख) साथीहरू खेल्न .....................। (जा : वर्तमान : अपूर्ण पक्ष )
(ग) तिमीहरू घर .......................। (आउ : भविष्यत् : अपूर्ण पक्ष)
(घ) त्यो राम्ररी ..........................। (पढ् : वर्तमान : अपूर्ण पक्ष)
(ङ) भाइ गीत ...........................। (गाउ : भूत : अपूर्ण पक्ष)

## ६. दिइएको अनुच्छेद मनमनै पढी क्ष, छ, छे, छ्य लागेका शब्दहरू टिप्नुहोस् :

छत्र छेत्रीले राम्रा अक्षरमा छन्दमा कविता लेखेर कक्षामा सुनाए । छत्रको कविता रक्षा, दीक्षा, इच्छा, छवि र यक्षलाई धेरै मन पऱ्यो । छत्रको विपक्षमा जहिल्यै बोल्ने छलीमायाले सङ्क्षेपमा तुच्छ शब्द बोलिन् । छत्रले मायालाई क्षमा दिई राम्रो सोच्ने र बोल्ने शिक्षा दिए । अरूले छलीमायालाई छ्या यस्तो छुद्र शब्द बोल्नु हुँदैन भनेछन् ।

## सुनाइ र बोलाइ

## १. सुनाइ पाठ ८ सुन्नुहोस् र तलका भनाइ ठिक भए ठिक र बेठिक भए बेठिक भन्नुहोस् :

(क) सुनाइ पाठ ८ को शीर्षक सिद्ध टोपी रहेको छ ।
(ख) सिद्ध टोपी बैतडी जिल्लामा रहेको छ ।
(ग) सिद्ध टोपीमा ब्रम्ह दह र पासा दह गरी दुईओटा ठुला ठुला ताल रहेका छन् ।
(घ) सिद्ध टोपी वरपर बहुमूल्य जडीबुटी पाइन्छन् ।
(ङ) सिद्ध टोपीलाई चैत्रदेखि मङ्सिरसम्म हिउँले ढाकेको हुन्छ ।

## २. सुनाइ पाठ ८ का आधारमा तलका प्रश्नको मौखिक उत्तर दिनुहोस् :

(क) सुनाइ पाठ ८ मा केको वर्णन गरिएको छ ?
(ख) सिद्ध टोपीमा कुन कुन ताल रहेका छन् ?

(ग) कुन दहलाई तातोपानी धामको स्रोत मानिन्छ ।

(घ) सिद्ध टोपीबाट के के अवलोकन गर्न सकिन्छ ?

(ङ) सिद्ध टोपी भ्रमणका लागि कुन समय उपयुक्त मानिन्छ ?

**३. ब्रम्ह दहमा निलो, पासा दहमा कालो र टोटी दहमा रातो दृश्य किन देखिएको होला, अनुमान गर्नुहोस् र कक्षामा सुनाउनुहोस् ।**

## सिर्जना/परियोजना

**१. 'मेरो जीवनको लक्ष्य' शीर्षकमा १५० शब्दसम्मको निबन्ध तयार पारी शिक्षकलाई देखाउनुहोस् ।**

**२. तपाईंको गाउँ वा टोलमा विभिन्न पेसा वा व्यवसाय गर्ने मानिसहरू हुनुहुन्छ । त्यस्ता मानिसमध्ये कुनै तीन जना फरक फरक पेसा वा व्यवसाय भएका मानिसलाई भेट्नुहोस् र निम्नलिखित कुराहरू सोध्नुहोस् :**

(क) उहाँले जीवनमा त्यही पेसा/व्यवसाय किन रोज्नुभयो ?

(ख) उहाँले त्यो पेसा/व्यवसाय कहिलेदेखि अपनाउनुभएको हो ?

(ग) उहाँलाई आफ्नो पेसा/व्यवसाय कस्तो लाग्छ ?

**माथिका प्रश्नहरूका आधारमा प्रत्येकका बारेमा एक एक अनुच्छेद लेखी शिक्षकलाई देखाउनुहोस् ।**

## पूर्व पठन

**तल दिइएको चित्र हेरी छलफल गर्नुहोस् :**














मूल पाठ

# जाग जाग

## ८

धरणीधर कोइराला

जाग जाग अब जाग न जाग ।
लाग उन्नतिविषे अब लाग ॥
घोर नीद अब ता परित्याग ।
भो भयो अति सुत्यौ अब जाग ॥ १

देशबन्धुहरू हो उठ जाग ।
लाग उन्नतिविषे अब लाग ॥
धोऊ धोऊ मनको अब मैलो ।
फालिदेऊ डरको अब थैलो ॥ २



जाग जाग अब जाग न जाग ।
लाग उन्नतिविषे अब लाग ॥
हेर लौ अरूहरू सब जागे ।
देश उन्नतिविषे अब लागे ॥ ३

हामीहेरू पनि लौ अब जागौँ ।
देश उन्नतिविषे सब लागौँ ॥
घोर नीद अब ता परित्यागौँ ।
भो भयो अति सुत्यौँ अब जागौँ ॥ ४

*उन्नतिविषे - उन्नतिका लागि, विकासका निम्ति*
*घोर - धेरै, गहिरो*
*देशबन्धु - देशबासी*
*परित्याग - पूर्ण रूपमा त्यागने काम*

अन्य देशहरूका अब दाँजा ।
लागने समय भो बुझ ताजा ॥
दाजुभाइहरू हो उठ जाग ।
जाग उन्नतिविषे अब लाग ॥ ५

जे भए पनि भयो अब भैगो ।
बित्नु हो जति थियो बितिगैगो ॥
खोल लौ नयन खोल न खोल ।
फालछौ किन ? न फाल न काल ॥ ६

*दाँजो* – *तुलना गरेर हेर्ने काम*
*ताजा* – *बासी नभएको*

## शब्दभण्डार

**१. तलका शब्द र अर्थबिच जोडा मिलाउनुहोस् :**

| | |
|---|---|
| नयन | समय |
| काल | उगार्नु |
| खोल | ज्यादै |
| अति | कुनै पनि चिज राख्न बनाइएको कपडाको झोला |
| थैलो | आँखा |
| | रहर |

२. **उस्तै अर्थ दिने शब्द पाठबाट खोजेर लेख्नुहोस् :**

| | | | |
|---|---|---|---|
| धेरै = | ........................ | विकास = | ........................ |
| त्रास = | ........................ | निद्रा = | ........................ |
| साजी = | ........................ | आँखा = | ........................ |
| समय = | ........................ | मुलुक = | ........................ |
| हृदय = | ........................ | फोहोर = | ........................ |

३. **दिइएका शब्दको दुई दुईओटा अर्थ लेख्नुहोस् :**

काल, पर्व, सार, ताल, हार, कल, तर, कर

४. **जाग, लाग जस्तै अन्य लयात्मक शब्द पाठबाट खोजेर लेख्नुहोस् ।**

## *बोध र अभिव्यक्ति*

१. **'जाग जाग' कविता लय मिलाएर पढ्नुहोस् र दिइएका शब्दहरू उच्चारण गरी सार्नुहोस् :**

उन्नतिविषे, देशबन्धुहरू, थैलो, परित्याग, दाँजो, नीद, बितिगयो, नयन

२. **तलको श्लोक पूरा गर्नुहोस् :**

देशबन्धुहरू हो ........................ जाग ।
लाग ........................ अब लाग ॥
धोऊ धोऊ ........................ अब ........................ ।
........................ डरको ........................ थैलो ॥

३. **पाठका आधारमा उत्तर भन्नुहोस् :**

(क) 'जाग जाग' कविताका रचयिता को हुन् ?

(ख) 'घोर नीद' भनेको के हो ?

(ग) देश विकास गर्न के परित्याग गर्नुपर्छ ?

(घ) कविले ‘देशबन्धु’ भनेर कसलाई भनेका हुन् ?

(ङ) कविले के के धुने र फाल्ने सन्देश दिएका छन् ?

४. **तलका हरफहरूलाई गद्यमा लेख्नुहोस् :**

(क) धोऊ धोऊ मनको अब मैलो

(ख) फालिदेऊ डरको अब थैलो

५. **व्याख्या गर्नुहोस् :**

(क) देशबन्धुहरू हो उठ जाग ।
लाग उन्नतिविषे अब लाग ॥

(ख) हामीहेरू पनि लौ अब जागौँ ।
देश उन्नतिविषे सब लागौँ ॥

६. **पाठका आधारमा लामो उत्तर लेख्नुहोस् :**

(क) ‘जाग जाग’ कविताले दिन खोजेको सन्देश के हो, कविताका आधारमा व्याख्या गर्नुहोस् ।

७. **‘जाग जाग’ कविताको चौथो श्लोक र तलको अनुच्छेद पढेर मिल्ने विषयवस्तु टिपोट गर्नुहोस् :**

हामी सम्पूर्ण नेपालीहरू जाग्ने बेला भएको छ । देश विकासका लागि एक जुट भएर लाग्नुपर्ने बेला भएको छ । अहिलेसम्म हामी घोर निद्रामा छौँ । अरू देशले समयमै जागेर धेरै उन्नति गरिसके । हामी भने जहाँको त्यही छौँ । मस्त निद्रामा छौँ । निदाएर सपना देखिरहेका छौँ तर अब यो समय त ब्युँझेर हाम्रा सुन्दर सपनाहरू पूरा गर्न लाग्नुपर्ने समय हो । श्रममा विश्वास गरेर सपनाहरू साकार पार्नुपर्ने बेला हो । त्यसैले अब हामी जागौँ । देशोन्नतिमा लागौँ । आलस्य र अचेतना रूपी निद्रालाई त्यागेर अघि बढौँ ।

८. **‘जाग जाग’ कविताको पाचौँ श्लोकको भाव एक अनुच्छेदमा लेख्नुहोस् ।**

९. **दिइएको श्लोकको आशय एक अनुच्छेदमा लेख्नुहोस् :**

जे भए पनि भयो अब भैगो ।
बित्नु हो जति थियो बितिगैगो ॥
खोल लौ नयन खोल न खोल ।
फालछौ किन ? न फालन काल ॥

१०. **सामान्यतया आफूभन्दा साना (कहिलेकाहीँ आफूसमानलाई पनि) लाई स्नेह प्रकट गरिन्छ । यस्तो स्नेह प्रकट गर्न के कस्ता शब्द, पदावली वा वाक्य प्रयोग गरिन्छ, आफ्ना विचार राख्नुहोस् ।**

## *भाषिक संरचना र वर्णविन्यास*

१. **उदाहरण हेरी तलका शब्द दोहोऱ्याएर नयाँ शब्द बनाउनुहोस् :**

| | | | | | |
|---|---|---|---|---|---|
| जाग | = जाग जाग | सानो | = ससानो | पैसा | = पैसासैसा |
| लाग | = ............... | आफ्नो | = ............... | बानी | = ............... |
| पानी | = ............... | ठुलो | = ............ | घर | = ............... |

२. **माथि तपाईँले शब्द दोहोऱ्याएर बनाएका शब्दमध्ये कुनै पाँचओटा शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् ।**

३. **दिइएको अनुच्छेद पढ्नुहोस् र रातो रङका शब्दहरूको बनोटमा ध्यान दिनुहोस् :**

मैले बुबाले रोप्नुभएका ससाना बिरुवाहरू झारसार त होला भनेर उखेलेँ । उखेलिसकेपछि पो मलाई नरमाइलो लाग्यो । आफैँसँग रिस रिस पनि उठ्यो ।

**बनोट :** ससाना (साना + साना), झारसार (झार + झार) र रिस रिस (रिस + रिस)

**माथिका तीनओटै शब्दहरू शब्द दाहोरिएर बनेका शब्द हुन् । यसरी शब्द दोहोरिएर नयाँ शब्द बन्दा कहिले एउटा अंश मात्र दोहोरिन्छ (ससाना) । कहिलै पूरै अंश दाहोरिन्छ (रिस रिस) । कहिलेकाहीँ दोहोरिने क्रममा परिवर्तन पनि आउँछ (हातसात) ।**

**उदाहरण हेरी तलका शब्दहरू दोहोऱ्याएर नयाँ शब्द बनाउनुहोस् :**

| | | |
|---|---|---|
| आफ्नो : आआफ्नो | पानी : पानीपानी | पैसा : पैसासैसा |
| ठुला : ............... | घर : ............ | बाटो : .................. |
| कसको : ................ | साथी : ............... | मान्छे : ................. |
| झगडा : ................ | खेत : .............. | कापी : .................... |

४. **दिइएको तालिकामा भएका वाक्यहरू पढ्नुहोस् र रेखाङ्कित क्रियापदमा ध्यान दिनुहोस् । यी पूर्ण पक्ष जनाउने क्रियापद हुन् :**

| (क) | (ख) | (ग) |
|---|---|---|
| प्रभात बजार गएको थियो ।<br>प्रभातले सामान किनेको थियो ।<br>साथीहरू हिँडेका थिए ।<br>मैले उनीहरूलाई भेटेको थिएँ ।<br>बहिनी पनि गएकी थिई । | प्रभात बजार गएको छ ।<br>प्रभातले सामान किनेको छ ।<br>साथीहरू हिँडेका छन् ।<br>मैले उनीहरूलाई भेटेको छु ।<br>बहिनी पनि गएकी छे । | प्रभात बजार गएको हुने छ ।<br>प्रभातले सामान किनेको हुने छ ।<br>साथीहरू हिँडेका हुने छन् ।<br>मैले उनीहरूलाई भेटेको हुने छु ।<br>बहिनी पनि गएकी हुने छ । |

**माथिका तालिकामा भएका रेखाङ्कित क्रियाहरूले कुनै निश्चित समयमा काम सम्पन्न भएको बुझाएका छन् । त्यसैले सबै क्रियापदले पूर्ण पक्षलाई बुझाएका छन् ।**

### ५. कोष्ठकमा दिइएका निर्देशनअनुसार वाक्य पूरा गर्नुहोस् :

(क) उनीहरू घर ............................ । (जा : भूत काल, पूर्ण पक्ष)

(ख) म खेल्न ................................ । (जा : वर्तमान काल, पूर्ण पक्ष)

(ग) तिमीले कथा .................... । (पढ् : भविष्यत् काल, पूर्ण पक्ष)

(घ) साथीले मलाई ......................... । (भेट् : वर्तमान काल, पूर्ण पक्ष)

(ङ) तपाईँले राम्ररी ...........................। (खेल् : भूत काल, पूर्ण पक्ष)

### ६. तलका शब्दलाई तालिकामा मिल्ने गरी भर्नुहोस् :

शिशु, उषा, चस्मा, सलाई, कृषक, शिखर, बाँस, देश, वर्ष, संस्कृति, विष, विषय, भाषण, आषाढ, विश्व, आशा, सहर, पशु, अभ्यास, पुस्तक, सजिलो, भीषण, पाठशाला, ईश्वर

| श प्रयोग भएका | ष प्रयोग भएका | स प्रयोग भएका |
|---|---|---|
| ...................... | ...................... | ...................... |
| ...................... | ...................... | ...................... |
| ...................... | ...................... | ...................... |
| ...................... | ...................... | ...................... |
| ...................... | ...................... | ...................... |
| ...................... | ...................... | ...................... |
| ...................... | ...................... | ...................... |
| ...................... | ...................... | ...................... |

### ७. शुद्ध शब्द छानेर खाली ठाउँमा लेख्नुहोस् :

(क) शाथी / षाथी / साथी : ..................................

(ख) प्रकाश / प्रकाष / प्रकास : ..................................

(ग) भविश्य / भविष्य / भविस्य : ...........................

(घ) शुन / सुन / षुन : ....................................

(ङ) पृष्ठ / पृस्ठ / पृश्ठ : .................................

(च) शहर / षहर / सहर : .................................

## सुनाइ र बोलाइ

१. **सुनाइ पाठ ९ सुनेर ठिक भए ठिक र बेठिक भए बेठिक भन्नुहोस् :**

(क) विद्यार्थी जीवनका आदतहरू परिवर्तन हुन्छन् ।

(ख) हामीलाई फाइदा नपुग्ने कुराबाट टाढा रहेको खण्डमा जीवनमा सुखभोग गर्न सकिन्छ ।

(ग) परिश्रम नगर्ने बानीको विकासबाट जीवन भोगाइ सजिलो हुन्छ ।

(घ) विद्यार्थी जीवनमा असामाजिक कुराले खासै आकर्षित गर्दैन ।

(ङ) आफू ठिक भएपछि कहिल्यै पनि अन्यायमा परिँदैन ।

२. **सुनाइ पाठ ९ का आधारमा उपयुक्त शब्द छानेर खाली ठाउँ पूरा गर्नुहोस् :**

(क) विद्यार्थी जीवनमा गरेका हरेक क्रियाकलापले जीवनमा ...................... राख्दछन् । (अर्थ, शब्द, वाक्य)

(ख) विद्यार्थी जीवन ........................ निर्माणको उमेर हो । (साथी, बानी, सम्पत्ति)

(ग) विद्यार्थी जीवनमा आकर्षित गर्ने असामाजिक व्यवहारबाट आफूलाई ........................ सक्नुपर्छ । (घुमाउन, बेच्न, बचाउन)

(घ) आफूले राम्रो गर्दागर्दै, आफू ठिक हुँदाहुँदै कहिलेकाहीँ ........................

मा पर्न सकिन्छ । (न्याय, अन्याय, फाइदा)

(ङ) जीवन भोगाइमा .............................. परिणाम आए पनि अघि बढ्न जान्नुपर्छ । (मिठो, नजिक, अकल्पनीय)

**३. सुनाइ पाठ ९ का आधारमा उत्तर भन्नुहोस् :**

(क) मानिसको जीवनको कुन काललाई जग निर्माणको उमेर भनिन्छ ?

(ख) विद्यार्थी जीवनमा विकास गर्नुपर्ने कुनै चारओटा असल बानीहरू बताउनुहोस् ।

(ग) विद्यार्थी जीवनमा कस्ता कुराहरू पनि नक्कल गर्न मन पर्छ ?

(घ) कस्तो समयमा पनि सकारात्मक भएर अगाडि बढ्नुपर्छ ?

## सिर्जना/परियोजना

**१. तलका कुनै शीर्षकमा कविता लेखी कक्षामा सुनाउनुहोस् :**

(क) मेरो देश (ख) हामी बालबालिका


(ग) आमा (घ) मेरो सपना

**२ . कक्षामा चार चार जनाको समूह बनाउनुहोस् । प्रत्येक समूहले समाज र राष्ट्रका लागि राम्रो काम गरेर अमर भएका व्यक्तिका नाम र काम लेखी कक्षामा प्रस्तुत गर्नुहोस् ।**

पाठ १०

## पूर्व पठन

**तलका चित्रकथा हेर्नुहोस् । चित्रकथाको अन्त्य कसरी भयो होला, कल्पना गरी भन्नुहोस् :**



मूल पाठ

# आशाको दियो

## १०

*"आमा, ए आमा ! उठ्नुहोस् न आमा ! मैले दवाई किनेर ल्याएकी छु । आमा, ए आमा ! उठ्नुहोस् न आमा ! दवाई खान उठ्नुहोस् न । अब चाँडै निको हुन्छ । पिर नगर्नुहोस् आमा ! उठ्नुहोस् ।" आमा इन्तु न चिन्तु भएर लड्नुभएको छ । एउटी दशएघार वर्षकी सानी चमेली हातमा पानीको बोतल र औषधी लिएर आमाको छेउमा बस्छिन् । उनी आमालाई पटक पटक बोलाउँछिन् । निकैबेर बोलाएपछि आमा ऐया... भन्दै कोल्टे फेर्नुहुन्छ । चमेली फेरि आमालाई बोलाउँछिन् । "आमा, ए आमा ! उठ्नुहोस् न आमा दवाई खान । हेर्नुहोस् त मैले दवाई किनेर ल्याएकी छु । आज त चामल पनि ल्याएकी छु । आमा उठ्नुहोस् न ।" कोठाको एक छेउमा आमा सुतिरहेकी छिन् । कोठाको अर्को छेउमा सामान छरपस्ट छन् । छेवैमा दशएघार वर्षकी चमेली हातमा पानीको गिलास बोकेर बसेकी छिन् । वातावरण सुनसान छ । नेपथ्यमा कुकुर भुकेको आवाज आउँछ, (भौँभौँ भौँभौँ ...)*

आमा : ए चमेली किन चिच्याएकी ? ऐया...। खै मरिन्छ कि क्या हो ?

चमेली : आमा उठ्नुहोस् न मैले औषधी किनेर ल्याएकी छु । (यी हेर्नुस् त ? औषधी देखाउँदै)

आमा : खै, म त बाँच्दिनँ जस्तो छ । खै के गर्ने ? हे दैव तँ कति निष्ठुरी ? यो छोरीको रक्षा गर ।

चमेली : त्यसो नभन्नुहोस् न आमा, तपाईँलाई केही हुँदैन । मैले औषधी ल्याएकी छु । आज चामल पनि किनेर ल्याएकी छु । म जाउलो पकाइदिन्छु नि ।

**शब्दार्थ**

इन्तु न चिन्तु : होसहवास नभएको अवस्था

नेपथ्य : पर्दापछाडिको छुट्टै ठाउँ

निष्ठुरी : माया दया नभएको

आमा : खै लेऊ न त खाऊँ । तर यसले खै के पो गर्ला र ?

चमेली : पहिले औषधी खाएर त हेर्नुहोस् । लौ उठेर आँ गर्नुहोस्, आमा !

आमा : खै लेऊ, म आफैँ खान्छु । (औषधीसँगै पानी पिउनुहुन्छ ।) ऐया...यो टाउको फुट्ला जस्तै चड्किएको छ । तिमीले के खायौ त ?

चमेली : अब म नुन हालेर जाउलो पकाउँछु, अनि खाउँला न आमाछोरी ।

आमा : पैसा कसले दियो त चामल किन्ने ?

चमेली : आज मैले दशओटा पानीका बोतल बेचेँ नि आमा । एकै जनाले पाँच बोतल किनिदिए, कति जाती मान्छे !

आमा : तिमीलाई पढाएर ठुलो मान्छे बनाउने रहर थियो । त्यो पनि अधुरै रहने भयो । यो पापी कालले टपक्कै टिप्ला जस्तो छ । खै बाबै ! सारा सपनाहरू केवल सपनामै हराउलान् जस्ता छन् ।

चमेली : लौ त आमा जाउलो पाक्यो । तात्तातै खानुहोस् । यो रोग त निको भइहाल्छ नि । किन पिर मान्नुहुन्छ आमा ? म छँदै छु नि ।

*(आमाछोरी सँगै बसेर जाउलो खान्छन् । चमेलीले आफू थोरै खाएर आमालाई थपिदिन्छिन् ।)*

आमा : भो भो तिमी खाऊ । आज कति दिनमा तिम्रो पेटमा पनि तातो जाउलो परेको छ ।

चमेली : लौ आमा सुत्नुहोस् है । म पानी बेच्न जान्छु । तपाईं निको भएपछि मात्र म विद्यालय जान्छु ।

*(चमेलीले आमालाई ओढ्ने ओढाइदिन्छिन् । खाएका जुठाभाँडा माझेर कोठा सफा गरी बाहिर निस्किन्छिन् ।)*

चमेली : ए हजुर ! लौ आयो । चिसो पानी आयो । चिसो पानी, चिसो पानी पिउनुहोस् हजुर ! तिर्खा मेटाउनुहोस् ।

बटुवा : कति पैसा हो पानीको नानी ?

चमेली : एउटाको पच्चिस, दुइटाको पैँतालिस हजुर । चिसो पानी पिउनुहोस् हजुर । हाँसेर जिउनुहोस् । आयो है आयो, चिसो पानी आयो ।

कल्पना : ए चमेली ! तिमी किन विद्यालय नआएकी हँ ? सविता गुरुमाले अस्तिदेखि तिमीलाई सोधिरहनुभएको छ ।

चमेली : (आँखाबाट आँसु झार्दै) खै साथी के भनौँ र ! हामी जस्ता गरिबले कहाँ पढ्न पाउनु र ? (आँसु पुछ्न थाल्छिन् ) खै साथी म त ...।

कल्पना : ल तिमी त रुन पो थाल्यौ त ? किन के भयो ? भन न साथी, के भयो ?

चमेली : हाम्रो कथा तिमी सुन्न सक्दिनौ साथी । भो नसुन मेरो दुःख मैसँग रहोस् ।

कल्पना : छ्या ! तिमी त आफ्नो मिल्ने साथीलाई पनि कुरा लुकाउँछ्यौ त ? भन न म आज तिम्रो कुरा सुन्छु । आफ्नो दुःख बाँड्यो भने पो कम हुन्छ त । समस्या भए समाधान पनि त निस्किन्छ नि ।

चमेली : मेरी आमा सिकिस्तै बिरामी हुनुहुन्छ । घरमा कोही छैन । खानेकुरा केही छैन । म पानी बेचेर केही पैसा जम्मा गरेर पहिले आमाको उपचार गर्छु, अनि... !

कल्पना : तिम्रा बुबा हुनुहुन्न र ?

चमेली : पोहोर साल गाडी... (ऊ रुन थाली ।) सम्झन पनि सक्दिनँ

*सिकिस्तै : ज्यादै बिरामी भएको*

साथी ! मेरो आँखैअगाडि त्यो राक्षस गाडीले मबाट मेरो बुबालाई खोस्यो । म चाहिँ बल्ल बल्ल बचेँ ।

कल्पना : बिचऽऽऽरा ! वैकुण्ठमा वास होस् । तिम्रा प्यारा बुबाको ।

चमेली : बुबाको निधनपछि हामी आमाछोरी सहाराविहीन भयौँ । आमा अरूका घरमा काम गरेर मेरो पढाइलाई निरन्तरता दिँदै हुनुहुन्थ्यो । आज आमा बिरामी भएर थला पर्नुभएको छ ।

कल्पना : औषधी गर्न अस्पताल लगिनौ त ?

चमेली : अस्पताल लान त पैसा हुनुपऱ्यो नि ! आज बल्लतल्ल सिटामोल किनेर खुवाएँ । दुई किलो चामल किनेर लगेँ । अलिकति जाउलो बनाएर खुवाएँ । अब चाहिँ बाँच्नुहोला कि ?

कल्पना : यस्तो अप्ठ्यारो पर्दा त हामीलाई भन्नुपर्छ नि ! साथीभाइ भनेको दुःखसुखमा त हो नि !

चमेली : भैगो मेरो दुःख मैसँग रहन देऊ । म एक हप्ता पानी बेचेर कमाएको पैसाले पहिला आमाको उपचार गर्छु अनि आमालाई निको भएपछि विद्यालय आउँछु ।

कल्पना : हिम्मत गर साथी ! म पनि सकेँ भने केही उपाय अवश्य निकाल्ने छु । तिम्री आमाको शीघ्र स्वास्थ्यलाभको कामना गर्छु ।

चमेली : हुन्छ, ल अब जाऊँ है । पानी खाएर जाऊ न । (चमेलीले पानी दिन्छिन् । पैसा लिन मान्दिनन् ।) के साथीसँग पनि पैसा लिन्छन् त ? ए हजुर ! लौ आयो है आयो, यो गर्मीमा आँत भिजाउनुहोस्, पानी पिउनुहोस् हजुर ! पानी, पानी पिऊँ हजुर, आनन्दले जिऊँ ।

*सहाराविहीन : सहारा नभएको*

*(विद्यालयको कक्षाकोठा । सबै जना कक्षामा विद्यालय पोसाकमा ठाँटिएर बसेका छन् । चमेली आफ्नो पुरानो विद्यालय पोसाक लगाएर एउटा पुरानो झोला बोकेर कक्षामा प्रवेश गर्छिन् । अभिनव उठेर ठुलो स्वरले हल्ला गर्छ । "ल है साथी हो ! आयो है आयो, खै के आयो ?"*

*सबै गलल्ल हाँस्छन् । बुधनले उठेर भन्छ, "मन लागे आयो, नलागे नआयो, भेटे खायो, नभेटे नखायो । आयो एउटा अचम्मको पोको आयो ।"*

*सबै गलल हाँस्न थाल्छन् । चमेली कक्षामा गएर बेन्चमा मुन्टो राखेर नबोली बस्छिन् ।)*

कल्पना : ए साथी हो ! केही काम नपाए जस्तो अरूलाई उडाएर बस्छौ । मानिसका बाध्यता नबुझी यसरी खिल्ली उडाउन लाज लाग्दैन ?

पाल्तेन : त्यही त भनेको यी हुनेखानेका सन्तानलाई गरिबको मर्म के थाहा ?

अभिनव : उड्यो चरी उड्यो, नाच्यो चरी नाच्यो ।

धनीराम : बारुले कम्मर भाँच्यो, नाच्यो चरी नाच्यो ।

*(चमेली सुँक्कसुँक्क रुन थाल्छे । मनमा असह्य पीडा बोकेर सबैले उसलाई हेरेर मजाक उडाइरहेका छन् । पोलेको घाउमा नुनचुक घसे झैँ उसलाई वचनबाणले घोचिरहेका छन् ।)*

*बुधन गोजीबाट रुमाल झिकेर जिस्क्याउँछ, "विरहको आँसु पुछ्ने रुमाल, नरोऊ नरोऊ नानी, नानीको रुन्चे बानी, हामीलाई खोई त पानी, भन त रुन्ची नानी, आँसु पुछ्ने रुमाल, भो अब आँसु नझार ।" सबै जना वाह, वाह ! भन्दै टेबल ठटाउँदै हाँस्छन् । कोही फनफनी घुमेर नाच्छन् । यतिकैमा कक्षा शिक्षक सविताको प्रवेश हुन्छ ।*

***असह्य पीडा** : सहन नसकिने दुःख*
***विरह** : वियोगजन्य पीडा वा दुःख*

सबै जना : शुभप्रभात गुरुआमा !

सविता : मेरा प्यारा विद्यार्थी भाइबहिनीहरूलाई शुभप्रभात ! आजको दिन सबैको शुभ रहोस् । ल आज त चमेली पनि आइछिन् । तिमीलाई सन्चो भएन कि के हो ?

चमेली : सन्चै छु गुरुआमा !

अभिवन : भर्खरै बिरामी, फेरि सन्चो रे हिहिही । (सबै गलल्ल हाँस्छन् ।)

सविता : तिमीहरूको अरूलाई उडाउने बानी चाहिँ कहिल्यै हटेन है ! साथीभाइसँग मिलेर बस्नु, एकअर्काका दुःखमा सहयोगी बन्नु, विनम्र हुनु त कता हो कता, सधैँ होहल्ला मात्र गऱ्यो, यसरी असल मान्छे बनिएला त ?

कल्पना : हेर्नुस् न गुरुआमा ! यो बिचरी चमेलीलाई हेपेर जिस्क्याएर बस्नै दिँदैनन् । आज पनि आउनेबित्तिकै गाईजात्रा सुरु गरे । बिचरा ! रुनु न हाँस्नु भएकी छे ।

चमेली : भैगो कल्पना ! म दुःखीलाई बचाउन नखोज । हाँस्न देऊ मेरो गरिबीमाथि, आखिर म सहनै जन्मिएकी रहिछु, सहिदिन्छु । यिनीहरूलाई गरिबीको पीडा कति कठोर हुन्छ, कति दुःखदायी हुन्छ, के थाहा ?

कल्पना : मान्छेको अवस्था के छ भन्ने नबुझी उडाउने ? घरमा आमा बिरामी हुनुहुन्छ, खानेकुरा केही छैन, बिचरी ! ऊ कसरी आओस् विद्यालय ?

सविता : मैले सबैको कुरा बुझेँ । म चमेलीकी आमाको उपचार र उनको पढाइको विषयमा चाँडै केही उपाय निकाल्ने छु ।

कल्पना : लौ न गुरुआमा ! केही त गर्नै पऱ्यो, बिचरीको सहारा पनि त

कोही छैन । म पनि मेरो बुबासँग कुरा गर्छु, केही उपाय त निस्किएला ।

सविता : यस्तो समयमा धैर्यले काम लिनुपर्छ । तिम्रा साथीभाइ सबै मिलेर तिम्रो बसाइ र पढाइको व्यवस्था गर्न सक्छन् । तिम्रो चित्रकला, सुमधुर स्वर, विनम्रता, कविता लेख्ने क्षमता आदिले एक दिन तिमीलाई अवश्य सफल मान्छे बन्न प्रेरित गर्दछ । यो सङ्घर्षपूर्ण जीवनमा समस्यादेखि भाग्नु हुँदैन । समस्यालाई डटेर समाधान गर्दै जानुपर्छ । एउटा राम्रो गहना बन्न सुनले कति चोट सहनुपर्छ ? आगामा पोलिनुपर्छ । तिमी पनि एउटा असल सुन हौ । जीवनको आकार लिन समस्यारूपी आगाले तिमीलाई पोलिरहेको छ । तर... उठ...हरेस नखाऊ । एक दिन समस्या नै तिमीसँग हारेर टाढा भाग्ने छ ।

*(चमेली आँखाभरि आँसु पारेर किताब च्यापेर लुरुलुरु घरतिर लाग्छे । बाटामा सोच्दै हिँड्छे, "के साँच्चै गुरुआमाले भने जस्तै होला त ? मेरी आमा निको हुनुहोला त ? हो, अवश्य मेरी आमा निको हुनुहुन्छ । म निरन्तर विद्यालय जान्छु । राम्ररी पढ्छु र आफ्ना लागि, आमाका लागि र देशका लागि केही गर्छु । आज मलाई गुरुआमाले आशाको दियो जगाइदिनुभयो । म यसलाई निभ्न नदिई निरन्तर बाल्ने प्रयत्न गर्ने छु ।")*

***धैर्य*** : ***कठिन समयमा विचलित नभई रहने, धीरता***

***डटेर*** : ***अडिग रहेर***

***अवश्य*** : ***निश्चय***

## शब्दभण्डार

**१. दिइएका अनुकरणात्मक शब्दको मिल्ने क्रियासँग जोडा मिलाउनुहोस् :**

| | |
|---|---|
| भुकभुक | पड्किनु |
| सुँक्कसुँक्क | आवाज निकाल्नु |
| प्याच्च | उड्नु |
| ड्याम्म | हास्नु |
| गुनगुन | रुनु |
| फुङ्ग | टिप्नु |
| टक्क | भुक्नु |
| ग्वाम्लाङ्ङ | भन्नु |
| टपक्क | अँगालो हाल्नु |
| | अडिनु |

**२. तलका टुक्का र तिनका अर्थबिच जोडा मिलाउनुहोस् :**

| | |
|---|---|
| गाली खानु | तुरुन्त जबाफ फर्काउनु |
| मुखमुखै लाग्नु | पक्ष लिनु, पक्षपात गर्नु |
| बढ्ता हुनु | दुःखको गहिरो अनुभूति हुनु |
| माया मार्नु | आवश्यकताभन्दा बढी जान्ने हुनु |
| काखी च्याप्नु | कसैले आफूलाई नराम्रो वचन लगाउनु |
| मुटु चिरिनु | त्याग्नु |

३. **तलका उखान र तिनको आशयबिच जोडा मिलाउनुहोस् :**

| | |
|---|---|
| अघिको तितो पछिको मिठो | केही पनि नगुमाईकन काम फत्ते गर्नु |
| ढुङ्गो खोज्दा देउता मिल्नु | आफ्नो ढङ्ग नभईकन अर्कामाथि दोष थोपर्ने |
| साँप पनि मरोस् लट्ठी पनि नभाँचियोस् | काम गर्नेलाई कुनै बाधाले रोक्न नसक्नु |
| खाने मुखलाई जुँघाले छेक्दैन | पहिले नराम्रो वा दुःख भए पनि पछाडि राम्रो वा सुख हुँदा बेस |
| नाच्न नजान्ने आँगन टेढो | सामान्य वस्तु खोज्दा बहुमूल्य वस्तु प्राप्त गर्नु |

४. **तलका टुक्काहरूलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्नुहोस् :**

टाउकामा टेक्नु (मात्तिएर हेप्नु), तालुमा आलु फल्नु (भाग्य सप्रनु), घुँडा टेक्नु (हार खानु), बाचा बाँध्नु (प्रतिज्ञा गर्नु), लख काट्नु (अड्कल गर्नु), हातमुख जोर्नु (जीविका चलाउनु), कम्मर कस्नु (आँट गर्नु), घैँटामा घाम लाग्नु (बुद्धि खुल्नु), नाक काट्नु (बेइज्जत हुनु)

## *बोध र अभिव्यक्ति*

१. **माथिको कथा निम्नानुसारले पठन गर्नुहोस् :**

(क) मौन पठन गर्नुहोस् र नबुझेका शब्द वा सन्दर्भ टिपोट गर्नुहोस् । मौन पठनको अवधि सकिएपछि नबुझेका कुरा शिक्षकलाई सोधेर प्रस्ट हुनुहोस् ।

(ख) शिक्षकको निर्देशनअनुसारका अनुच्छेदहरू पालैपालो सस्वर पठन गर्नुहोस् ।

२. **दिइएका घटनाहरूलाई पाठका आधारमा घटनाक्रम मिलाई १, २, ३ ... को क्रममा राख्नुहोस् :**

( ) आमा बिरामी भएका कारण विद्यालय जान नसकेकी

( ) कल्पना भन्ने साथीले चमेलीको समस्या बुझेकी

( ) चमेलीकी आमा बिरामी भएर इन्तु न चिन्तु भई लडेकी

( ) गुरुआमाले सबैलाई सम्झाउने प्रयास गर्नुभएको

( ) चमेली हरबखत आमाको सेवामा लागेकी

( ) अन्त्यमा गुरुआमाले धैर्यले काम गर्नुपर्छ भनी चमेलीलाई सम्झाउनुभएको

( ) बाटामा पानी बेचेर आमाको औषधी र सामान्य खानाको जोहो गरेकी

( ) गुरुआमाले सम्झाएपछि चमेलीको मनमा आशाको दियो बलेको

( ) विद्यालयमा अन्य साथीहरूले चमेलीको खिल्ली उडाएका

३. **पाठका आधारमा दिइएका पात्रहरूका बारेमा मौखिक वर्णन गर्नुहोस् :**

(क) चमेली

(ख) आमा

(ग) कल्पना

(घ) सविता गुरुआमा

४. **पाठका आधारमा उत्तर दिनुहोस् :**

(क) चमेलीकी आमाको रहर के थियो ?

(ख) चमेलीका जीवनमा कस्ता समस्या आइपरेका थिए ?

(ग) चमेलीलाई कसले आशाको दियो जगाइदियो ?

## ५. भाव विस्तार गर्नुहोस् :

समस्या भए समाधान पनि त निस्किन्छ नि ।

## ६. माथिको कथा पढी एक अनुच्छेदमा उक्त कथाको सन्देश लेख्नुहोस् ।

## ७. अनुच्छेद पढ्नुहोस् र एकतिहाइमा सार लेख्नुहोस् :

मोतीराम भट्टले नेपाली साहित्यमा 'प्रह्लादभक्ति कथा', 'पिकदूत', 'उषाचरित्र', 'गजेन्द्रमोक्ष', 'मनोद्वेगप्रवाह' 'कविसमूह वर्णनम्', 'भ्रमर गीत' (कविता काव्य), 'प्रियदर्शिका' (नाटिका), 'शकुन्तला' (नाटक), 'भानुभक्तको जीवनचरित्र' (जीवनी) जस्ता अजर अमर कृतिहरू दिएका छन् । उनले नेपाली काव्यजगत्मा कवितामै समस्या राख्ने र त्यसको जबाफ कुनै अन्य कविले कवितामै दिने किसिमका कविता लेख्ने अभियान चलाए । यस चलनलाई नेपाली साहित्यमा समस्यापूर्ति कविता भनिन्छ । 'भारतजीवन' नामक प्रेस खोलेर त्यसको व्यवस्थापकसमेत आफैँ भए । उनले त्यस प्रेसबाट भानुभक्तीय 'रामायण' को बालकाण्ड छपाए । उनले 'गोरखा भारत जीवन' नामक नेपाली भाषाको पत्रिकासमेत प्रकाशन गरे । उनले दिएको साहित्यिक योगदानका कारण हामी उनलाई माध्यमिक कालका केन्द्रीय प्रतिभा मान्छौँ । उनी प्रथम नेपाली गजलकार हुन् । उनी कवि तथा नाटककारका रूपमा समेत परिचित छन् । उनलाई प्रथम जीवनीकार तथा समालोचक पनि भनिन्छ । उनी साहित्य क्षेत्रका एक अन्वेषक र पत्रकार हुन् । त्यसैले साहित्यकार मोतीराम भट्टलाई बहुमुखी प्रतिभाका धनी मानिन्छ ।

## ८. तलका बुँदाका आधारमा छोटो कथा लेख्नुहोस् :

हात्तीको सानो छावा हुनु

त्यो साह्रै चकचके हुनु

माहुतेले त्यसका खुट्टामा साङ्लाले बाँधेर खम्बामा अल्झाउनु

छावाले त्यो साङ्लो चुडाउन बल गर्नु

खुट्टामा घाउ हुनु तर पनि साङ्लो चुडाउन नसक्नु

छावाले दिनहुँ बल गर्नु तर असफल हुनु

छावा बढ्दै जानु र घरीघरी साङ्लो चुडाउन खोज्नु तर पनि चुडाउन नसक्नु

पछि पछि त चुडाउने प्रयास गर्न छोड्नु

माहुतेले एउटा सानो डोरीले खुट्टालाई खम्बामा बाँधे जस्तो गर्नु

हात्ती त्यसैमा अल्भ्केर एकै ठाउँ बस्नु

९. **आवश्यकताअनुसार समूह बन्नुहोस् । हरेक समूहले 'आशाको दियो' कथाबाट एकदुई शब्दमा उत्तर आउने दुई दुईओटा प्रश्न बनाउनुहोस् र आफ्नो समूहले बनाएका प्रश्न पालैपालो सुनाउनुहोस् ।**

१०. **कल्पना गर्नुहोस् कि तपाईँको नजिकको साथी कुनै कुरामा असफल भयो । त्यस असफलताले उसलाई गहिरो चोट लाग्यो । यस्तो बेलामा हतासमा भएको उक्त साथीलाई तपाईँ कसरी सम्झाउनुहुन्छ ? कसरी सान्त्वना दिनुहुन्छ ? हतास भएको उक्त साथीलाई कसरी प्रोत्साहन गर्नुहुन्छ, कक्षामा बताउनुहोस् ।**

## *भाषिक संरचना र वर्णविन्यास*

१. **दिइएको अनुच्छेद पढ्नुहोस् र रातो अक्षरका विभक्ति पहिचान गरी लेख्नुहोस् :**

एकादेशमा एउटी बुढी आमा हुनुहुन्थ्यो । उहाँको कोही थिएन । उहाँको दैनिकी भनेकै घरदेखि जङ्गल जानु र फर्किनु थियो । जङ्गलमा गएर दाउरा खोजी गाउँमा लैजानुहुन्थ्यो । ती दाउरा बेचेर धेरै मुस्किलले उहाँ आफ्नो पेट पाल्नुहुन्थ्यो । अरू दिनमा जस्तै गरी एक दिन जङ्गलमा दाउरा खोज्दा उहाँले झाडीमा कुखुराको एउटा फुल भेट्टाउनुभयो । सायद त्यो वन कुखुराको फुल थियो । उहाँले त्यो फुल घर लगेर बडो

जतनले राख्नुभयो । केही दिनपछि फुल राखेका ठाउँबाट उहाँले कुखुराका चल्लाको आवाज सुन्नभयो । त्यहाँ गएर हेर्दा एउटा खुब राम्रो र रहर लाग्दो कुखुराका चल्लो देख्नुभयो । बुढी आमाले त्यस चल्लालाई आफू नखाएर पनि ज्युँ त्युँ गरी हुर्काउनुभयो । एक दिन कुखुरो ठुलो भएपछि त्यसले बुढीलाई भन्यो, “मेरी आमा, तपाईंसँग पैसा छ भने दिनुहोस् न । पसलबाट केही किनेर ल्याउँछु ।” कुखुराले मानिसले झैँ बोलेको सुन्दा बुढी आमा छक्क पर्नुभयो ।

**माथिको अनुच्छेदमा कुन विभक्ति सबैभन्दा धैरै पटक प्रयोग भएको छ ? त्यो कति पटक प्रयोग भएको छ ? एकपल्ट मात्र प्रयोग भएका विभक्ति कुन कुन हुन्, लेख्नुहोस् ।**

२. **उपयुक्त ठाउँमा ठिक विभक्ति भरी तलका वाक्यहरूको पुनर्लेखन गर्नुहोस् :**

(क) मैले भाइ भेटेको छैन ।

(ख) हरि काठमाडौँ देखेको छ ।

(ग) राम बुबा र म चिन्नुहुन्छ ।

(घ) पासाङ टेबल किताब राख्यो ।

(ङ) पर्सि विद्यालय सुरु हुन्छ ।

(च) अञ्जली सुम्निमा साथी ठान्छिन् ।

(छ) केटो कैँची साथी कपाल काट्यो ।

(ज) हाम्रो घर छेउ ठुलो पसल छ ।

(ज) काका धरान हिँडेर काँकडभिट्टा आइपुग्नुभयो ।

(झ) मनोज दिदी म घर बोलाउनुभएको छ ।

३. **माथिका संवादमा प्रयुक्त सातओटा विभक्ति टिपेर वाक्यमा प्रयोग गर्नुहोस् ।**

४. **अनुच्छदमा रेखाङ्कन गरिएका शब्द टिप्नुहोस् र कर्ता र कर्म कारक पहिचान गरी तालिका बनाई लेख्नुहोस् :**

भाइ खाजा खान्छ । उसले बहिनीलाई बोलाउँदा उनीहरू चउरमा खेल्छन् । बहिनीले उसका साथीहरू पनि बोलाउँछिन् । साथीहरू पनि केही बेर खेल्छन् । साँझ हुन्छ । आमा उनीहरूलाई बोलाउनुहुन्छ । उनीहरू घर जान्छन् । उनीहरू खाना खान्छन् ।

**वाक्यमा काम जसले गर्छ त्यो नै कर्ता कारक हुन्छ । कामको असर पर्ने कर्म कारक हुन्छ । कर्ता र कर्म कारकमा विभक्ति लाग्न पनि सक्छ र नलाग्न पनि सक्छ ।**

५. **तलका वाक्यमा आएका कारक चिनेर खाली ठाउँमा लेख्नुहोस् :**

| | कारक |
|---|---|
| (क) गुरुले कथा पढाउनुभयो । | .................... |
| (ख) उनीहरू घरमा बस्छन् । | .................... |
| (ग) काठमाडौँबाट पोखरा जाने बस छुट्यो । | .................... |
| (घ) भाइले चम्चाले भात खायो । | .................... |
| (ङ) उनका घरमा पूजा छ । | .................... |

६. **अनुच्छेद पढ्नुहोस् र ग्यँ एवम् ज्ञ प्रयोग भएका शब्दको छुट्टाछुट्टै सूची बनाउनुहोस् :**

ग्याँचराजले ज्ञानगुनका धेरै कुरा बुझेको छैन तर ऊ ज्ञानविज्ञानका कुरालाई अवज्ञा गर्दैन । उसले आफ्ना भाइलाई चाहिँ ज्ञानी बनाउने विचार राखेको छ । ऊ भाइको विज्ञतामा मक्ख छ । आफू भने गलामा

ग्याँटिस झुन्ड्याएर ग्याँठवाला जुत्तामा सजिएर बजार जान्छ । आमाको आज्ञाअनुसार बजारबाट ग्याँस लिएर आउँछ ।

(क) 'ग्यँ' लागेका शब्द :

........................................................................

(ख) 'ज्ञ' लागेका शब्द :

........................................................................

## सुनाइ र बोलाइ

**१. सुनाइ पाठ १० सुन्नुहोस् । गिलासको तौल कसले कति भने जोडा मिलाउनुहोस् :**

| | | |
|---|---|---|
| (क) | बबिता | आधा किलो |
| (ख) | मनीष | एक किलो |
| (ग) | नयना | तीन पाउ |
| (घ) | नुच्छेमान | दुई सय ग्राम |
| (ङ) | यालुङहाङ | छ सय ग्राम |
| (च) | चित्रलेखा | एक सय ग्राम |

**२. सुनाइ पाठ १० का आधारमा दिइएका प्रश्नहरूको उत्तर भन्नुहोस् :**

(क) अप्पुले दिव्यको कानमा मुख लगेर के भन्यो ?

(ख) गुरुआमाले ककसलाई बोल्ने अनुमति दिनुभयो ?

(ग) फुर्बाका विचारमा गिलासको तौल कति रहेछ ?

(घ) गिलास एक घण्टासम्म उचालिराख्दा के हुन्छ ?

(ङ) गिलास कति बेला हातबाट खस्छ होला ?

(च) के कस्ता कुराहरूलाई जतिसक्दो चाँडो छोड्दै जानुपर्छ ?

३. **सुनाइ पाठ १० को मुख्य सन्देश बताउनुहोस् ।**

## सिर्जना / परियोजना

१. **कहिलेकाहीँ कसैको भनाइ वा व्यवहारले तपाईँलाई रिस उठेको वा मन दुखेको अवस्थामा तपाईँले त्यस्तो अनुभूतिलाई कसरी व्यक्त गर्नुहुन्छ, एक अनुच्छेदमा वर्णन गर्नुहोस् ।**

२. **आफ्ना अभिभावकका सहायताबाट दशओटा उखान र तिनका अर्थ लेख्नुहोस् । आफूले लेखेका उखानहरू कक्षामा सुनाउनुहोस् ।**

पाठ ११

## पूर्व पठन

**तलका चित्रका बारेमा छलफल गरी प्राप्त निष्कर्ष बताउनुहोस् :**







*मूल पाठ*

# ११ सहभागिताका लागि निवेदन

मिति : २०७७/०९/११

श्रीमान् प्रधानाध्यापक,
श्री नवदुर्गा माध्यमिक विद्यालय
लाटामाडौँ, नवदुर्गा २, डँडेलधुरा

विषय : शैक्षिक भ्रमणमा सहभागी हुन पाऊँ भन्ने सम्बन्धमा ।

महोदय,

उपर्युक्त सम्बन्धमा हाम्रो विद्यालयले हिउँदे बिदामा कक्षा ६ का विद्यार्थीहरूका लागि पाँच दिने "लुम्बिनी देवघाट शैक्षिक भ्रमण कार्यक्रम" आयोजना गरेको कुरा विद्यालयको सूचना बोर्डबाट थाहा पाएँ । उक्त कार्यक्रम हामी जस्ता विद्यार्थीलाई अत्यन्तै फलदायी हुने तथ्य सबैलाई थाहा नै छ । त्यसैले म पनि उक्त कार्यक्रममा सहभागी भई लाभान्वित हुन सकूँ भन्ने उद्देश्यले मेरा अभिभावकको स्वीकृतिपत्रसहित यो निवेदन पेस गरेकी छु । मलाई यो मौका प्रदान गर्नुहुन हार्दिक अनुरोध गर्दछु ।

निवेदक
सुप्रिया ऐर
कक्षा ६
क्रमसङ्ख्या २३

*शब्दार्थ*

*फलदायी : फल दिने*
*लाभान्वित : लाभको सुविधा पाएको वा पाउने*
*स्वीकृतिपत्र : मन्जुरीपत्र स्वीकृति दिएको कागज*

## शब्दभण्डार

१. **दिइएको अनुच्छेद पढ्नुहोस् :**

विद्यालयले कुनै खास उद्देश्य राखेर औपचारिक रूपमा समूहमा गरिने भ्रमणलाई शैक्षिक भ्रमण भनिन्छ । शैक्षिक भ्रमण विशेष गरेर कुनै सांस्कृतिक, प्राकृतिक, ऐतिहासिक एवम् पुरातात्त्विक ठाउँ आदिको अवलोकनार्थ गर्ने गरिन्छ ।

किताबी ज्ञान मात्र मानिसलाई पर्याप्त हुँदैन । यसका साथै जीवनमा व्यावहारिक ज्ञानको पनि अझ बढी आवश्यकता पर्छ । व्यावहारिक ज्ञान कि त गरेर कि त प्रत्यक्ष अवलोकन भ्रमणबाट प्राप्त गरिन्छ । प्रत्यक्ष अवलोकन भ्रमणबाट प्राप्त गरेको ज्ञान चिरस्थायी प्रकृतिको हुन्छ । त्यसैले विद्यार्थी समुदायलाई विद्यालयले आफ्नो अवस्था हेरेर विभिन्न प्रकृतिको शैक्षिक भ्रमणमा सहभागी गराउने गर्दछ ।

(क) **माथिको अनुच्छेद मौन पठन गर्नुहोस् र तल दिइएका शब्दका उस्तै अर्थ दिने शब्दहरू टिप्नुहोस् :**

लक्ष्य, मानव, घुमफिर, जिन्दगी, स्थान, विद्या, स्थिति

(ख) **माथिको अनुच्छेदबाट तलका शब्दहरूको उल्टो अर्थ दिने शब्दहरू टिप्नुहोस् :**

अनौपचारिक, मरण, अव्यावहारिक, परोक्ष, अल्पस्थायी, अज्ञान

२. **शब्द समूहबाट नमिल्ने शब्दमा गोलो घेरा लगाउनुहोस् :**

(क) खुट्टा पाउ चरण मरण

| | | | | |
|---|---|---|---|---|
| (ख) | धन | मन | सम्पत्ति | दौलत |
| (ग) | वन | फूल | जङ्गल | अरण्य |
| (घ) | शिशु | बालक | बच्चा | कच्चा |
| (ङ) | ज्ञाता | जान्ने | विज्ञ | आज्ञा |
| (च) | धन | समीर | पुँजी | सम्पत्ति |

३. **दिइएका शब्द समूहबाट उल्टो अर्थ दिने शब्द खोजी गोलो घेरा लगाउनुहोस् :**

| | | | | |
|---|---|---|---|---|
| (क) | पाप | ताप | पुण्य | शून्य |
| (ख) | आस्तिक | ईश्वर | नास्तिक | सात्त्विक |
| (ग) | विष | अमृत | अबला | अमला |
| (घ) | चोर | महात्मा | सन्त | साधु |
| (ङ) | नाफा | फाइदा | नोक्सान | मुनाफा |

## *बोध र अभिव्यक्ति*

१. **माथिको निवेदन पढ्नुहोस् र ठिक (√) बेठिक (X) छुट्याउनुहोस् :**

(क) यो निवेदन खेलकुदका विषयमा लेखिएको छ । ( )

(ख) प्रत्यक्ष अध्ययन अवलोकनबाट प्राप्त ज्ञान चिरस्थायी हुन्छ । ( )

(ग) भ्रमणले व्यावहारिक ज्ञान आर्जन गर्न त्यति मदत गर्दैन । ( )

(घ) सिकाइलाई प्रभावकारी र व्यावहारिक बनाउन शैक्षिक भ्रमणले सहयोग गर्छ । ( )

(ङ) यो निवेदन लेखक सुप्रिया अधिकारी हुन् । ( )

## २. पाठका आधारमा उत्तर भन्नुहोस् :

(क) यो निवेदन कुन मितिमा लेखिएको हो ?

(ख) यो निवेदन कसले कसलाई लेखेको हो ?

(ग) शैक्षिक भ्रमणमा कहाँ जाने कार्यक्रम छ ?

(घ) यो निवेदनको विषय के हो ?

## ३. पढ्नुहोस् र उत्तर दिनुहोस् :

### निवेदन लेख्दा ध्यान दिनुपर्ने पक्षहरू

१. पानाका दायाँपट्टि सिरान भागमा सो निवेदन लेखेका दिनको मिति उल्लेख गर्ने

२. मिति उल्लेख गरिसकेपछि त्यसैको मुन्तिर एक पङ्क्ति छोडेर बायाँपट्टि निवेदन गर्नुपर्ने कार्यालय वा संस्थालाई वा त्यसका पदाधिकारीलाई (खासगरी प्रमुखलाई) सम्बोधन गर्ने

३. सम्बोधन गरिसकेपछि त्यसैको मुन्तिर उक्त कार्यालय वा संस्थाको नाम लेख्ने

४. कार्यालयको नामको मुन्तिर ठेगाना लेख्ने

५. ठेगानापछि पुनः एक पङ्क्ति छोडेर निवेदन लेख्नुपर्ने विषय लेख्ने

६ निवेदनको विषय लेखिसकेपछि पुनः एक पङ्क्ति छोडेर पुनः सम्बोधन (महोदय/महाशय) लेख्ने

७. पुनः सम्बोधन (महोदय/महाशय) गरिसकेपछि त्यसको तलतिर पुनः एक पङ्क्ति छोडेर विषयलाई खुलस्त पार्ने गरी आवश्यक कुराहरू लेख्ने

८. त्यसपछि एक पङ्क्ति छोडेर पानाको दायाँतिर 'भवदीय/निवेदक/तपाईंको ...' आदि लेख्ने

९. 'भवदीय/ निवेदक/तपाईंको ...' को ठिक मुन्तिर निवेदकको हस्ताक्षर, नाम र ठेगाना लेख्ने

यति गरिसकेपछि निवेदन पूर्ण हुन्छ र यसलाई खामबन्दी गर्नु परे प्रेषक र प्रापकको नाम/पद र ठेगाना घरायसी चिठीअनुसार नै लेख्नुपर्छ।

**प्रश्नहरू**

(क) निवेदनका जम्मा कतिओटा चरण हुँदा रहेछन् ?

(ख) निवेदनको पहिलो चरणमा के लेखिन्छ ?

(ग) निवेदन लेख्दा विषयको जानकारी कुन चरणमा गराइन्छ ?

(घ) निवेदनको मुख्य विषय कुन चरणमा लेखिन्छ ?

**४. घरमा हजुरआमा बिरामी भई अस्पताल लैजानुपरेकाले एक दिनको बिदा पाऊँ भनी प्रधानध्यापकलाई निवेदन लेख्नुहोस् ।**

## ५. दिइएको सूचना पढ्नुहोस् र पाँचओटा प्रश्नहरू बनाउनुहोस् :

मौसमी रुगाखोकी र ज्वरोले विभिन्न उमेर समूहका व्यक्तिहरू बिरामी पर्छन् । यो रोगको प्रकोप नेपालका विभिन्न भूभागमा समय समयमा देखापर्छ । वर्षा यामको सुरु तथा अन्त्य, जाडो यामको सुरु तथा अन्त्यमा साधारणतया रुगाखोकी, ज्वरो तथा एन्फ्लुएन्जाका बिरामी बढी देखापर्छन् । यसबाट बच्न निम्नलिखित उपायहरू अपनाउन सर्वसाधारणमा अनुरोध छ :

**लक्षणहरू**

ज्वरो आउने

टाउको दुख्ने, घाँटी दुख्ने

रुगा र खोकी लाग्ने, सास फेर्न गाह्रो हुने

बच्चाहरूलाई झाडापखाला पनि लाग्न सक्ने

**बच्ने उपायहरू**

खोक्दा र हाच्छ्युँ गर्दा सफा कपडा वा रुमाल वा पाखुराले नाक र मुख छोप्ने

साबुन पानीले मिचिमिची हात धुने

पोसिलो र झोल पदार्थ प्रशस्त मात्रामा पिउने

ज्वरो आएका व्यक्तिले प्रशस्त हावा ओहोरदोहोर गर्ने कोठामा आराम गर्ने

अनावश्यक रूपमा मानिसहरूको भिडभाडमा नजाने

घरेलु उपचारबाट स्वास्थ्यमा सुधार नभएमा नजिकको स्वास्थ्य केन्द्रमा जाने

शङ्कास्पद रोगीबाट टाढै बस्ने

आँखा, नाक र मुखमा अनावश्यक रूपमा हात नलैजाने

नाक, मुख छोप्न प्रयोग गरिएको रुमाल धोएर मात्र प्रयोग गर्ने

**नेपाल सरकार**

**स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय**

६. तल दिइएको समवेदना पढ्नुहोस् र यस्तै अर्को नमुना समवेदना लेख्नुहोस् :

## समवेदना



**जन्म**

**२००१ जेठ ५ गते**

**मृत्यु**

**२०७७ जेठ १५ गते**

यस दुर्गा मा.वि. का पूर्व प्रधानाध्यापक तथा शिक्षासेवी सन्तलाल चौधरीको २०७७/०२/१५ गते ७७ वर्षको उमेरमा असामयिक निधन भएको खबरले हामीलाई अत्यन्त दुःखी तुल्याएको छ। यस दुखद घडीमा स्वर्गीय सन्तलाल चौधरीको आत्माप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनप्रति धैर्य धारण गर्ने शक्ति मिलोस् भनी हार्दिक समवेदना प्रकट गर्दछौँ ।

**सीताराम मजगैँया**

अध्यक्ष तथा

दुर्गा मा.वि. परिवार, घोराही, दाङ

७. तपाईँको कुनै साथी निम्नलिखित कारणले निराश वा दुःखी छ । उसलाई तपाईँले कसरी सहानुभूति दिनुहुन्छ, कुनै एउटा समस्या लिएर आफूले सम्झाउने भाव प्रकट गर्नुहोस् :

(क) कुनै प्रतिस्पर्धाबाट बाहिरिएको अवस्थामा

(ख) कुनै आफन्त गुमाएर दुःखी भएको अवस्थामा

(ग) आमाबुबामध्ये कोही धेरै समयका लागि बाहिर गएपछि बेचैन भएको अवस्थामा

**१. दिइएको अनुच्छेद पढ्नुहोस् र रातो अक्षरले लेखिएका शब्दहरूमा ध्यान दिनुहोस् :**

बहिनी अहिले पारि जाँदै छे । ऊ बिस्तारै हिँड्दै छे । ऊ पारि त्यतिकै गएकी हो । भोलि सायद सुटुक्क यता फर्कन्छे । ऊ भान्जीलाई भेट्न आउँछे ।

माथि रातो अक्षरले लेखिएका शब्दहरूलाई 'कहाँ', 'कहिले', 'कसरी' र 'किन' को सट्टामा प्रयोग गरिन्छ । वाक्यमा कहाँ (स्थान) कहिले (समय), कसरी (तरिका) र किन (कारण) बुझाउने शब्द क्रियायोगी हुन् ।

**तलको तालिकामा मिल्ने गरी चार चारओटा विशेषण शब्द टिप्नुहोस् :**

| स्थानबोधक | समयबोधक | रीतिबोधक | कारणबोधक |
|---|---|---|---|
| (कहाँ ?) | (कहिले ?) | (कसरी ?) | (किन ?) |
| ........................ | ........................ | ........................ | ........................ |
| ........................ | ........................ | ........................ | ........................ |
| ........................ | ........................ | ........................ | ........................ |
| ........................ | ........................ | ........................ | ........................ |

**२. तलको अनुच्छेद पढ्नुहोस् र रेखाङ्कित शब्दलाई टिपोट गर्नुहोस् :**

मेरा केही साथीहरू मेरो घरतर्फ आए । उनीहरूमध्ये केही साथी खेल्न भनी चारैतिर हिँडे । म पनि साथीहरूसित खेल्न थालेँ । केही साथीहरू त हामीभन्दा अघि नै पुगेका थिए । चउरबाहिर धेरै दर्शकहरू थिए । कोही रुखमाथि बसेर रमिता हेरिरहेका थिए । रुखमुनि पनि त्यत्तिकै मानिसहरू थिए ।

**माथि रेखाङ्कन गरिएका शब्द नामयोगी हुन् । नामयोगी नाम वा सर्वनामसँग जोडिएर आउँछन् ।**

३. **तलका रेखाङ्कित शब्दहरू नामयोगी वा क्रियायोगी के हुन्, लेख्नुहोस् :**

| | **नामयोगी** | **क्रियायोगी** |
|---|---|---|
| (क) म साथीसित खेल्न भनी बाहिर जान्छु । | ............ | ............ |
| (ख) तिमीहरूभन्दा ऊ धेरै पहिला आयो । | ............. | ............ |
| (ग) बुबाले मेरा लागि किताब किनेर ल्याइदिनुभयो । | ......... | ............ |
| (घ) ऊ कुरा मात्र गर्छ, काम गर्दैन । | ............ | ............... |

४. **तलको अनुच्छेद पढ्नुहोस् र रङ्गीन शब्द हलन्त वा अजन्त के हुन् पहिचान गरी तालिकामा भर्नुहोस् :**

रामको घरको झ्याल खोलेर बाँदर भित्र पस्यो । त्यसलाई देखेर बुबाले ए राम, उठ, बाँदर आयो । हेर् त्यसले के के बिगार गऱ्यो । त्यसलाई एउटा लट्ठी लिएर खेद् । यति भनेर दुवै बाबुछोरा बाँदर धपाउन जान्छन् र बाँदर खेद्छन् ।

| हलन्त शब्द | | अजन्त शब्द | |
|---|---|---|---|
| ...................... | ...................... | ...................... | ...................... |
| ...................... | ...................... | ...................... | ...................... |
| ...................... | ...................... | ...................... | ...................... |
| ...................... | ...................... | ...................... | ...................... |

५. **पाठबाट पाँचओटा अजन्त र पाँचओटा हलन्त प्रयोग भएका शब्द खोजेर लेख्नुहोस् ।**

## सुनाइ र बोलाइ

१. **सुनाइ पाठ ११ सुन्नुहोस् र जोडा मिलाउनुहोस् :**

(क) दिनहाङ — बेहुलाको भाइ

(ख) सुम्निमा — बेहुलाका बाजे (हजुरबुबा)

| | | |
|---|---|---|
| (ग) | युगान्तर | बेहुलाकी आमा |
| (घ) | सरिता | बेहुलाकी बहिनी |
| (ङ) | मुक्साङहाङ | बेहुला |
| (च) | लक्सिमा | बेहुलीकी आमा |

२. **सुनाइ पाठ ११ का आधारमा उत्तर भन्नुहोस् :**

(क) यो कसकसको विवाहको निमन्त्रणा पत्र हो ?

(ख) बेहुलीका आमाबुबाको नाम लेख्नुहोस् ।

(ग) यो विवाहको निमन्त्रणा दिने व्यक्ति को हो ?

(घ) विवाह सम्पन्न हुने ठाउँको नाम के हो ?

(ङ) निमन्त्रणामा विवाह समारोह कति बजेदेखि हुने उल्लेख छ ?

३. **समूहमा बस्नुहोस् । हरेक समूहले एउटा विवाहको निमन्त्रणा पत्र तयार पार्नुहोस् । आफ्नो समूहले तयार पारेको निमन्त्रणा पत्र एक जनाले कक्षामा सुनाउनुहोस् ।**

## सिर्जना/परियोजना

१. **झाडापखाला लागेकाले विद्यालयमा उपस्थित हुन नसक्ने व्यहोरा जनाई प्रधानाध्यापकलाई एउटा निवेदन लेख्नुहोस् ।**

२. **आफ्नो गाउँ/टोलमा खानेपानीको समस्या भएकाले खानेपानीको व्यवस्था गरिदिनुहुन अनुरोध गर्दै वडाध्यक्षलाई निवेदन लेख्नुहोस् ।**

## पाठ १२

### पूर्व पठन

**तलका आविष्कार र तिनीहरूका आविष्कारकका नामबिच जोडा मिलाउनुहोस् :**



चार्ल्स बेबेज



ओर्भिल राइट र विल्भर राइट



गुग्लिएल्मो मार्कोनी



गुटेनबर्ग



मार्टिन कुपर




अलेक्जेन्डर ग्राहम बेल

**तपाईँको विचारमा संसारको सबैभन्दा महत्त्वपूर्ण आविष्कार के हो, आफ्नो विचार प्रस्तुत गर्नुहोस् ।**

मूल पाठ

# १२ थोमस एल्भा एडिसन



यन्त्र उपकरणको निर्माणमा विद्युत् शक्तिको भूमिका महत्त्वपूर्ण छ । विद्युत् शक्तिको प्रयोगबाट कलकारखाना र उद्योगधन्दा सञ्चालन गरी विकसित मुलुक समृद्ध बनेको कुरा हामीलाई थाहा छ । यसरी विद्युतीय चिम, फोनोग्राफ, ब्याट्रीलगायत महत्त्वपूर्ण वस्तु आविष्कार गर्न सफल व्यक्तित्व हुन् अमेरिकी महान् आविष्कारक थोमस एल्भा एडिसन ।

महान् आविष्कारक थोमस एल्भा एडिसनको जन्म सन् १८४७ फेब्रुअरी ११ का दिन अमेरिकाको ओहायो राज्यअन्तर्गत पर्ने मिलान भन्ने गाउँमा भएको थियो । उनी स्यामुएल एडिसन र न्यान्सी एडिसनका सातौँ तथा अन्तिम सन्तानका रूपमा जन्मेका थिए । उनको परिवार मिसिगन राज्यको पोर्टह्युरन भन्ने ठाउँमा बसाइँ सऱ्यो । त्यहाँ बसाइँ सरेपछि उनलाई एउटा स्थानीय विद्यालयमा भर्ना गरियो । उनी त्यतिखेर सात वर्षका भइसकेका थिए । उनी त्यस विद्यालयमा केवल तीन महिना मात्र पढ्न पाए । कुशाग्र र जिज्ञासु स्वभावका थोमसलाई घरमै उनकी आमाले भाषा र गणितका धेरै कुरा सिकाइन् । उनको जिज्ञासु स्वभावलाई चिनेर धेरै किताबहरू पढ्न उत्प्रेरित गरिन् । यसले थोमसमा जीवन र जगत्प्रति धेरै उत्सुकता थपिदियो । यही उत्सुकताले थोमसलाई महान् वैज्ञानिक बन्न प्रेरित गऱ्यो ।

*शब्दार्थ*

*कुशाग्र – साह्रै चनाखो*
*जिज्ञासु – जान्न चाहने*
*उत्सुकता – उत्सुक हुनुको भाव*
*प्रेरित – प्रेरणा गरिएको*

थोमस एल्भा एडिसनले तेर वर्षको उमेरमा पत्रिका बेच्ने काम थाले । उनी रेल्वे स्टेसनमा, रेलका डिब्बाहरूमा, चोकमा, गल्लीमा गएर कराई कराई पत्रिका बेच्थे । पत्रिका बेच्दाबेच्दै उनी त्यसमा छापिएका विभिन्न वैज्ञानिक आविष्कार तथा नयाँ प्रविधिहरूका बारेमा पढ्न थाले । यसरी पढ्दापढ्दै उनमा वैज्ञानिक आविष्कारतर्फ विशेष रुचि पलायो । उनी आविष्कार र आधुनिक प्रविधिसँग गाँसिएका समाचार तथा लेखहरू, पुस्तकहरू खोजी खोजी पढ्न थाले । यस्तैमा एक दिन एउटा तीन वर्षको बालक कुनै कारणले रेलको लिकमा खस्न पुग्यो । पत्रिका बेचिरहेका थोमसले त्यस बालकलाई परबाट आइरहेको रेलले किच्नबाट बचाए । आफ्नो छोराको ज्यान बचाएकामा कृतज्ञ बनेका त्यस बालकका बाबुले उनलाई टेलिग्राफ अपरेटरको काम सिकाए । पन्ध्र वर्षको उमेरमै उनी टेलिग्राफ अपरेटिङमा सिद्धहस्त भइसकेका थिए ।

पाँच वर्षसम्म उनले टेलिग्राफ अपरेटरका रूपमा काम गरे र कामसँगै विद्युतीय विज्ञानसँग गाँसिएका धेरै कुराहरूको अध्ययन र प्रयोगहरू गरे । उन्नाइस वर्षको उमेरसम्ममा उनी विद्युतीय विज्ञानमा पोख्त भइसकेका थिए । सन् १८६८ मा उनी बोस्टन गए । बोस्टन त्यतिखेर विज्ञान, कला र संस्कृतिको केन्द्रका रूपमा प्रसिद्ध थियो । त्यहाँ उनले विभिन्न कम्पनीहरूमा काम गरे । बोस्टनकै वेस्टन युनियन कम्पनीमा काम गर्दागर्दै उनले एउटा विद्युतीय भोटिङ रेकर्डर मेसिनको आविष्कार गरे । यो आविष्कार व्यावसायिक रूपमा सफल भएन । त्यसपछि उनी सन् १८६९ मा न्युयोर्क गए । त्यहाँ उनले युनिभर्सल स्टक प्रिन्टर नामक यन्त्रको आविष्कार गरे । त्यो आविष्कारलाई एउटा टेलिग्राफ कम्पनीले चालिस हजार डलरमा किन्यो । आफ्नो आविष्कारको बिक्रीबाट आएको पैसाले उनले न्युजर्सीको नेवार्क भन्ने ठाउँमा सन् १८७० मा एउटा सानो प्रयोगशाला बनाए ।

*आविष्कार – नयाँ सिद्धान्तको प्रतिपादन गर्नु*
*प्रविधि – कुनै काम गर्दा अँगालिने खास विधि वा प्रक्रिया*
*टेलिग्राफ – कुनै एक ठाउँबाट अर्को ठाउँमा बिजुलीको सहायताले खबर पुर्‍याउने साधन*
*अपरेटर – मेसिन, यन्त्र आदि चलाउने व्यक्ति*
*सिद्धहस्त – सिपालु*

थोमस एल्भा एडिसनले सन् १८७१ मा मेरी स्टिलवेलसँग विवाह गरे। विवाहपश्चात् उनले धेरै आविष्कारहरू गरे । यस क्रममा सन् १८७६ मा न्युजर्सीकै मेन्लो पार्कमा बसाइँ सरेपछि उनले त्यहाँ विशाल प्रयोगशाला र औद्योगिक यन्त्रहरूको अनुसन्धान र बिक्री केन्द्र स्थापना गरे । सन् १८७७ मा उनले पहिलो ध्वनि रेकर्ड गर्ने फोनोग्राफ बनाए । त्यही फोनोग्राफको आविष्कारबाटै टेपरेकर्डरको आविष्कारमा महत्त्वपूर्ण सहयोग मिल्यो। त्यसको दुई वर्षपछि अर्थात् सन् १८७९ मा उनले आजकल हामीले प्रयोग गर्ने बिजुलीको बल्बको आविष्कार गरे। यस्ता आविष्कारहरूले थोमसलाई प्रसिद्धिको शिखरमा पुऱ्यायो र आर्थिक रूपमा पनि अझ सम्पन्न बनायो । सन् १८८४ को कुनै एउटा दिन उनका लागि दुःखद् दिन रह्यो । उनकी प्राणप्यारी पत्नी मेरी स्टिलवेलले उनको जिम्मेवारीमा तीन सन्तान सुम्पिएर सदाका लागि बिदा लिइन्। त्यस बेलासम्ममा उनको परिवार वेस्ट अरेन्जमा बसाइँ सरिसकेको थियो ।

थोमस एल्भा एडिसनका जीवनमा अनेक सफलता र असफलताहरू आउँदैजाँदै गरे। यसै क्रममा सन १८८६ मा आफूभन्दा उन्नाइस वर्ष कान्छी मिना मिलरसँग भेट भयो । मिना मिलर उनको जन्मथलोतिरकै थिइन् । तिनै सुन्दरी मिलरसँग त्यही वर्ष उनको दोस्रो विवाह भयो र तिनबाट पनि उनलाई दुई सन्तान प्राप्त भयो। विवाहपश्चात् पनि उनी आफ्नो घरनजिकै बनाएको विशाल प्रयोगशालामा काम गरिरहन्थे। उनको त्यो प्रयोगशाला यति विशाल थियो कि पहिलो विश्वयुद्ध हुनुभन्दा पहिले त्यहाँ दश हजार जना मानिसहरू काम गर्दथे । उनले त्यही प्रयोगशालामा अरू धेरै कुराहरूको आविष्कार गरे । त्यस्ता आविष्कारहरूमध्ये चलचित्र बनाउने क्यामेरा पनि एक हो। त्यसो त उनकै आविष्कार फोनोग्राफ त्यति बेलाको मनोरञ्जनको महत्त्वपूर्ण घरेलु साधन बनिसकेको थियो। यस्तोमा चलचित्र (मोसन पिक्चर्स) बनाउने क्यामेराको आविष्कार दुनियाँकै मनोरञ्जनको महत्त्वपूर्ण साधन ठहरियो ।

थोमसले आफ्नो जीवनकालमा हजारौँ कुराहरूको आविष्कार गरेका छन्। उनको

नाममा अमेरिकामा १०९३ ओटा पेटेन्ट राइट (प्रतिलिपि अधिकार) सुरक्षित छ । यस्ता अनेक आविष्कारमार्फत मानव सभ्यतालाई अझ उचाइ दिने थोमसले धेरै असफताहरू पनि बेहोरेका थिए । भनिन्छ, बिजुलीको बल्ब बनाउने क्रममा उनको ९९९९ पटकको प्रयोग असफल भएको थियो तर १०००० पटकमा उनी सफल भए । सन् १९१४ मा उनको प्रयोगशालाको आधा भागभन्दा धेरै जलेर ध्वस्त भएको थियो । यस्तो ठुलो क्षतिमा पनि विचलित नभई उनले भनेका थिए, "मलाई दुःखमनाउ छैन । यो आगलागीसँगै मेरा कमजोरीहरू पनि जलेर खरानी भए । हो म ६७ वर्षको भइसकेँ तर पनि म तुरुन्त नयाँ ढङ्गले प्रयोगशाला निर्माण गर्छु ।" नभन्दै उनले पुनः उक्त प्रयोगशालालाई अझ विशाल र आधुनिक बनाएका थिए । यस्ता अजस्र प्रेरणाका स्रोत, महान् वैज्ञानिकको निधन सन् १९३१ अक्टोबर १८ मा भयो ।

*स्वाधिकार (पेटेन्ट राइट)* - *आफ्नो आविष्कार आदि बौद्धिक सम्पत्तिको पुनः उत्पादन, निर्माण वा उपयोग गर्न दिने नदिने कानुनी अधिकार*

*अजस्र* - *लगातार, निरन्तर*

## शब्दभण्डार

**१. दिइएका शब्द र अर्थबिच जोडा मिलाउनुहोस् :**

| | |
|---|---|
| व्यावहारिक | ठुलो |
| महान् | व्यवहारमा प्रयोग हुने |
| स्थानीय | विज्ञानसम्मत |
| उत्प्रेरित | आभारी हुनु |
| वैज्ञानिक | बिजुलीबाट चल्ने |
| कृतज्ञ | विज्ञान |
| विद्युतीय | प्रेरणा गरिएको |
| | आफू बस्ने ठाउँ नजिकको |

**२. तलका शब्दहरूको शब्दस्रोतसँग जोडा मिलाउनुहोस् :**

| | |
|---|---|
| कोट | शेर्पा |
| बुइँगल | गुरुङ |
| डम्फु | अङ्ग्रेजी |
| घले | नेवारी |
| च्याङ्ग्रा | जापानी |
| आपस | तामाङ |
| होन्डा | हिन्दी |

**३. पाठमा प्रयोग भएका अङ्ग्रेजी भाषाबाट आएका दशओटा शब्द खोजेर लेख्नुहोस् ।**

**४. दिइएका शब्द र तिनीहरूको अर्थ पढी वाक्यमा प्रयोग गर्नुहोस् :**

| शब्द | | अर्थ |
|---|---|---|
| महाभारत | : | लडाइँ, पारिवारिक कलह |
| कुबेर | : | धनवान् |
| कुम्भकर्ण | : | सुताहा |
| ढुङ्गा | : | कठोर, नपग्लिने |

## *बोध र अभिव्यक्ति*

**१. माथिको पाठ कक्षाका हरेक विद्यार्थीले एक एक अनुच्छेद पालैपालो सस्वर पठन गर्नुहोस् ।**

**२. दिइएका शब्द शुद्ध उच्चारण गरी लेख्नुहोस् :**

व्यावहारिक, आविष्कार, उत्सुकता, टेलिग्राफ, टेपरेकर्डर, जिम्मेवारी, प्रयोगशाला, फोनोग्राफ

**३. पाठका आधारमा दिइएका मिति र घटनाको जोडा मिलाउनुहोस् :**

| | |
|---|---|
| सन् १८४७ फेब्रुअरी ११ | न्युजर्सीको मन्लो पार्कमा बसाइँसराइ |
| सन् १८६८ | थोमस एल्भा एडिसन बोस्टन गएका |
| सन् १८६९ | थोमस एल्भा एडिसन न्युयोर्क गएका |
| सन् १८७० | मेरी स्टिलवेलको निधन |
| सन् १८७१ | थोमस एल्भा एडिसनको निधन |
| सन् १८७६ | थोमस एल्भा एडिसनको जन्म |
| सन् १८७७ | फोनोग्राफका आविष्कार |

| | |
|---|---|
| सन् १८७९ | न्युजर्सीको नेवार्कमा एउटा सानो प्रयोगशाला बनाएका |
| सन् १८८४ | मेरी स्टिलवेलसँग विवाह |
| सन् १८८६ | मिना मिल्लरसँगको भेट र विवाह |
| सन् १९१४ | एडिसनको प्रयोशालामा आगलागी |
| सन् १९३१ अक्टोबर १८ | बिजुलीको बल्बको आविष्कार |

४. **ठिक भए ठिक र बेठिक भए बेठिक लेख्नुहोस् :**

(क) थोमस एल्भा एडिसनले तीन महिनाजति मात्र विद्यालयमा पढ्न पाए ।

(ख) थोमस एल्भा एडिसनका पिता विद्यालयका शिक्षक थिए ।

(ग) थोमस एल्भा एडिसनले पत्रिका बेच्ने काम पनि गरे ।

(घ) थोमस एल्भा एडिसनले टेलिभिजन अपरेटरको काम गरे ।

(ङ) एडिसनको समयमा बोस्टन विज्ञान, कला र संस्कृतिको केन्द्रका रूपमा प्रसिद्ध थियो ।

(च) थोमस एल्भा एडिसनको पहिली पत्नीको नाम मिना मिल्लर थियो ।

(छ) मिना मिल्लर थोमस एल्भा एडिसनभन्दा उन्नाइस वर्ष कान्छी थिइन् ।

५. **पाठका आधारमा उत्तर दिनुहोस् :**

(क) थोमस एल्भा एडिसनको बाल्यकाल कस्तो थियो ?

(ख) थोमस एल्भा एडिसनले कति वर्ष टेलिग्राफ अपरेटरको काम गरे ?

(ग) थोमस एल्भा एडिसनलाई चर्चित बनाउने मुख्य आविष्कार कुन हो ?

(घ) थोमस एल्भा एडिसनले कहाँ विशाल प्रयोगशाला बनाए ?

(ङ) थोमस एल्भा एडिसनले आविष्कारक हुनुभन्दा अघि के के काम गरे ?

(च) थोमस एल्भा एडिसनलाई सफलताको शिखरमा पुऱ्याउने आविष्कार के के हुन् ?

(छ) थोमस एल्भा एडिसनको जीवनीबाट कस्तो प्रेरणा लिन सकिन्छ ?

## ६. पाठका आधारमा लामो उत्तर लेख्नुहोस् :

(क) थोमस एल्भा एडिसनले वैज्ञानिक आविष्कार गर्ने सन्दर्भमा गरेका महत्त्वपूर्ण कामलाई क्रमैसँग लेख्नुहोस् ।

(ख) 'असफलता नै सफलताको प्रेरक हो ।' यस भनाइलाई थोमस एल्भा एडिसनको जीवनीका आधारमा प्रस्ट पार्नुहोस् ।

## ७. दिइएको अनुच्छेद राम्ररी पढ्नुहोस् र चारओटा प्रश्न निर्माण गर्नुहोस् :

मानिसले ढुङ्गे युगदेखि आजसम्म आइपुग्दा उसले गरेका काम वर्णन गरेर सकिँदैन । आज मानिस वैज्ञानिक आविष्कारकै कारणले चरा जस्तै आकाशमा उड्न सक्छ । माछा जस्तै पानीमा तैरिन सक्छ । जमिनमा छिटोभन्दा छिटो दगुर्न सक्छ । हिँडेर महिनौँ, बसौँ लाग्ने ठाउँमा वैज्ञानिक आविष्कारका सहायताले एकैछिनमा पुग्न सक्छ । संसारमा भएका दैनिक घटनाहरू एकै ठाउँमा बसेर सुन्न र हेर्न सक्छ । संसारका जुनसुकै कुनाका मानिससँग चाहेको खण्डमा कुराकानी गर्न सक्छ । हजारौँ मान्छेले बसौँ लगाएर गर्ने काम क्षणभरमा गर्न सक्छ । आजको मानिस दोस्रो विश्वको खोजीमा लागेको छ । अन्तरिक्षमा बस्ती बसाउन खोज्दै छ । समुद्रमा सहर बसाउँदै छ । मानिसले कथामा कल्पेका घटना, पुराणमा सुनेका कुरा, सपनामा देखेका कुरा वैज्ञानिक आविष्कारको सहायताले बिपनामै साकार पारेको छ ।

## ८. तपाईँ कस्ता व्यक्तिलाई विश्वास गर्नुहुन्छ ? कस्ता व्यक्तिलाई अविश्वास गर्नुहुन्छ, छोटा छोटा दुईओटा अनुच्छेदमा लेख्नुहोस् ।

## *भाषिक संरचना र वर्णविन्यास*

१. **दिइएको अनुच्छेद पढ्नुहोस् र रातो अक्षरका शब्दको बनोटमा ध्यान दिनुहोस् :**

आमाको मुख हेर्ने दिन **अबेला** नगरी **प्रशान्त**ले आमालाई **उपहार** दियो । **अनमोल** रत्न पाए जसरी आमाले प्रशान्तको उपहारप्रति **आकर्षण** देखाउनुभयो । त्यसपछि **अत्यधिक** खुसी हुँदै, अरूको **बेवास्ता** गर्दै प्रशान्तलाई मात्र आशीर्वाद दिनुभयो ।

### *रातो अक्षरका शब्दको बनोट*

अबेला (अ+बेला), प्रशान्त (प्र+शान्त), उपहार (उप+हार), अनमोल (अन+मोल), आकर्षण (आ+कर्षण), अत्यधिक (अति+अधिक), बेवास्ता (बे+वास्ता)

**माथिको उदाहरणमा देखाए जस्तै शब्दका अगिल्तिर गाँसिने अ, प्र, उप, अन, आ, अति, बे जस्ता भाषिक एकाइ उपसर्ग हुन् ।**

**तलका उपसर्ग लगाई दुई दुईओटा शब्द बनाउनुहोस् :**

प्र, उप, अन, आ, बे, वि, प्रति, सु

२. **दिइएको अनुच्छेद पढ्नुहोस् । उक्त अनुच्छेदमा रेखाङ्कन गरिएका, छड्के पारिएका र रातो अक्षरसहित रेखाङ्कन गरिएका शब्दहरूमा ध्यान दिनुहोस् :**

हामी खेत तर्फ गयौँ *अनि* काम गरिरहेका किसानसँग सोध्यौँ *भने* उहाँले **नै** भन्नुहुने छ, "ओहो ! माटो महत्त्वपूर्ण कुरा हो *तर* पानी भएन *भने* **त** माटासित केही बाँकी रहँदैन **नि** । धत् ! यति जाबो कुरा पनि तिमीलाई भन्नुपर्छ ? पानी भएपछि मात्र **पो** माटाले हामीलाई अन्न, सागपात *र* फलफूल सब कुरो दिन्छ ।"

(क) माथिको अनुच्छेदमा छड्के पारिएका शब्द **संयोजक** हुन् । संयोजकले शब्दहरू, पदावलीहरू र वाक्यहरू जोड्छन् ।

(ख) माथिको अनुच्छेदमा रेखाङ्कन गरिएका शब्दहरू **विस्मयादिबोधक** हुन् । विस्मयादिबोधकले वक्ताका मनका हर्ष, विस्मात, प्रशंसा, घृणा व्यक्त गर्छन् ।

(ग) माथिको अनुच्छेदमा रातो अक्षरसहित रेखाङ्कन गरिएका शब्दहरू निपात हुन् । निपातको अर्थ स्वतन्त्र नभए पनि यिनीहरूले अभिव्यक्तिलाई सुन्दर पार्छन् ।

**३. अभ्यास २ को अनुच्छेदबाट तालिकामा मिल्ने गरी शब्दहरू टिप्नुहोस् र अरू दुई दुईओटा शब्द थप्नुहोस् :**

(क) संयोजक : .............. .............. ..............
.............. .............. ..............

(ख) विस्मयादिबोधक : .............. .............. ..............
.............. .............. ..............

(ग) निपात : .............. .............. ..............
.............. .............. ..............

**४. तलका शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् :**

ओहो, तापनि, छ्या, नै, सरासर, त्यसैले, किनभने, आत्था, रे

**५. रेखाङ्कित पदहरूको पदवर्ग छुट्याउनुहोस् :**

हिजो म, गोपाल, लतिका, राधा, हरिश र बुबा जङ्गल घुम्न गयौँ । जङ्गलछेउ पुग्नेबित्तिकै हरिशले भन्यो, "आब्बुइ ! कति घना जङ्गल ! जङ्गली जनावरले पो आक्रमण गर्ला कि ?"

**६. बोध अभिव्यक्तिको न. ७ को अनुच्छेद पढ्नुहोस् र चन्द्रबिन्दु ( ँ) लागेका शब्द लेखी वाक्यमा प्रयोग गर्नुहोस् ।**

**७. तलका शब्दमा उचित ठाउँमा चन्द्रबिन्दु लगाउनुहोस् :**

आखा, बास, आसु, साचो, कैची, चादी, औठी, दाइ, सधै, तपाई, काइयो, गलैचा, गास, घास

## सुनाइ र बोलाइ

**१. सुनाइ पाठ १२ सुन्नुहोस् र ठिक बेठिक छुट्याउनुहोस् :**

(क) फ्लोरेन्स नाइटिङ्गेलको जन्म सन् १८२० मे १२ मा इटालीमा भएको हो ।

(ख) फ्लोरेन्स नाइटिङ्गेलका बुबाको नाम हिलियम एडवार्ड थियो ।

(ग) फ्लोरेन्स नाइटिङ्गेलले सानै उमेरमा बुबासँग भाषा, गणित, इतिहास र दर्शनको अध्ययन गर्न पाइन् ।

(घ) फ्लोरेन्स नाइटिङ्गेलको समयमा नर्सिङलाई अत्यन्त मर्यादित पेसा मानिन्थ्यो ।

(ङ) फ्लोरेन्स नाइटिङ्गेललाई 'लेडी विथ द ल्याम्प' का उपनामले पनि चिनिन्छ ।

(च) फ्लोरेन्स नाइटिङ्गेलको मृत्यु ८० वर्षको उमेरमा भयो ।

**२. सुनाइ पाठ १२ का आधारमा सही उत्तर पहिचान गर्नुहोस् :**

(क) फ्लोरेन्स नाइटिङ्गेलकी आमाको नाम ....... थियो ।

(अ) जेनी स्मिथ (आ) फेनी स्मिथ
(इ) रेनी स्मिथ (ई) एडिनबरा स्मिथ

(ख) फ्लोरेन्स नाइटिङ्गेल सन् १९५३ मा ........ को एक हस्पिटलमा प्रमुख परिचारिका (नर्स) बनिन् ।

(अ) इटाली (आ) अमेरिका
(इ) बेलायत (ई) चीन

(ग) फ्लोरेन्स नाइटिङ्गेलले ............. को युद्धमा घाइते सिपाहीहरूको आदर्श सेवा गरिन् ।

(अ) क्रिमिया (आ) स्कुटारी

(इ) बार्सा (ई) स्पेन

(घ) फ्लोरेन्स नाइटिङ्गेलको मृत्यु सन् ........... मा भयो ।

(अ) १९१० अगस्त १० (आ) १९११ अगस्त १०

(इ) १९१० अगस्ट २० (ई) १९१२ अगस्त १०

३. **फ्लोरेन्स नाइटिङ्गेलको जीवनीबाट के प्रेरणा पाइन्छ, बताउनुहोस् ।**

४. **तपाईँको विचारमा सबैभन्दा महान् व्यक्ति को होला ? देश विकासका लागि उनको कस्तो योगदान रहेको छ, बताउनुहोस् ।**

## सिर्जना / परियोजना

१. **दिइएका बुँदाका आधारमा छोटो जीवनी लेख्नुहोस् :**

**नाम** : गुग्लिएल्मो मार्कोनी

**जन्ममिति** : सन् १८७४ अप्रिल २५

**जन्मस्थान** : बोलोग्ना, इटाली

**मातापिता** : गुइसिप्पे मार्कोनी, एन्नी जेमसन

**शिक्षादीक्षा** : अनौपचारिक रूपमा विभिन्न माध्यमबाट घरमै शिक्षा लिएका

**योगदान र पुरस्कार** : रेडियोको आविष्कार सन् १८९५ तिरै तर पेटेन्ट राइट भने १८९७ तिर मात्र लिएका सन् १९०१ मा नोबेल पुरस्कार पाएका

**मृत्यु** : सन् १९३७ जुलाई २०, रोम, इटाली

३. **तपाईँ भविष्यमा के बन्न चाहनुहुन्छ ? किन, छलफल गर्नुहोस् ।**

## पूर्व पठन

दिइएका चित्रका बारेमा छलफल गर्नुहोस् र भन्नुहोस् :



जानकी मन्दिर



कर्नाली पुल



मुस्ताङ



फेवाताल

तपाईँलाई सुन्दर लाग्ने नेपालका कुनै आठओटा ठाउँको नाम लेख्नुहोस् ।

मूल पाठ

# लाग्दछ मलाई रमाइलो

१३

राष्ट्रकवि माधवप्रसाद घिमिरे

लाग्दछ मलाई रमाइलो मेरै पाखापखेरो
हिमालचुली मन्तिर पानी भर्ने पँधेरो ।

लेकै हेरूँ लालीगुराँस बेँसी हेरूँ प्याउली
पीरति बास्ने परेवा विरह बोल्ने न्याउली ।
हिमाल छुन्छ बेलुकी सप्तर्षिका ताँतीले
जुनेली रात बिताउँछन् गाउँदागाउँदै साथीले ।

सम्झन्छु म हिमचुली आँसुको ढिका खसाली
यो बिरानु मुलुकमा बस्दैन माया बसाली ।
नौ डाँडाको पारमा प्रीतिको देश छ मेरो
मनमा घाम नलागे संसारै सारा अँधेरो ।

मेरो काली लेकैलाई ताकेर जाने बादल
नछोए पनि हातले हेर्दैमा कति कोमल ।
दौडाई लान्छ मलाई यै बादलु छायाले
पार्दछ जहाँ इन्द्रेनी परेला भिज्ने मायाले ।



*शब्दार्थ*

| | | |
|---|---|---|
| पखेरो | - | भिरालो परेको पहाडी जमिन |
| पँधेरो | - | खानेपानी लिन जाने कुवा, धारो |
| बेँसी | - | पहाडपर्वतका फेदीको मलिलो जमिन |
| प्याउली | - | पहेँलो फूल फुल्ने बुटो वा त्यसैको फूल |
| न्याउली | - | निलो टाउको, हरियो पुच्छर र रातो भुँडी हुने एक जातको चरो |
| सप्तर्षि | - | ध्रुवतारालाई परिक्रमा गर्ने सातओटा ताराहरूको समूह |
| बिरानु | - | अपरिचित |
| पार | - | डाँडा वा पहाडको पल्लो पाटो |

## शब्दभण्डार

१. **समूहवाची शब्द लेख्नुहोस् :**

| | | | | | |
|---|---|---|---|---|---|
| कमिलाको | = | ताँती | अङ्गुरको | = | ...................... |
| अन्नको | = | ...................... | हाँसको | = | ...................... |
| मानिसको | = | ...................... | गाईवस्तुको | = | ...................... |
| धुवाँको | = | ...................... | फूलको | = | ...................... |

२. **उदाहरणमा दिइए जस्तै सँगसँगै आउने शब्द लेख्नुहोस् :**

| | | | | | |
|---|---|---|---|---|---|
| पाखा | - | पाखापखेरो | खेत | - | ...................... |
| मिठो | - | ...................... | दाल | - | ...................... |
| गाउँ | - | ...................... | सहर | - | ...................... |
| टोल | - | ...................... | बाटो | - | ...................... |

३. **वाक्यमा प्रयोग गर्नुहोस् :**

पाखापखेरो, पँधेरो, लेक, जुनेली, कोमल

## *बोध र अभिव्यक्ति*

१. **'लाग्दछ मलाई रमाइलो' कविता लय हालेर वाचन गर्नुहोस् र वाचन गरेर मिलेनमिलेको छलफल गर्नुहोस् ।**

२. **दिइएका शब्द उच्चारण गर्नुहोस् :**

प्याउली, पँधेरो, पिरती, सप्तर्षि, डाँडा, इन्द्रेनी

३. **छुटेका शब्द भरी कविता पूरा गर्नुहोस् :**

(क) लेकै हेरूँ ..................... बेँसी हेरूँ प्याउली

पिरती बास्ने परेवा .................... बोल्ने न्याउली

.................... छुन्छ बेलुकी सप्तर्षिका ....................

जुनेली .................... बिताउँछन् .................... साथीले ।

४. **उदाहरणमा दिइए जस्तै गरी गद्यमा लेख्नुहोस् :**

**उदाहरण : लाग्दछ मलाई रमाइलो मेरै पाखा पखेरो ।**

**मलाई मेरै पाखा पखेरो रमाइलो लाग्दछ ।**

(क) हिमाल छुन्छ बेलुकी सप्तर्षिका ताँतीले ।

(ख) जुनेली रात बिताउँछन् गाउँदागाउँदै साथीले ।

(ग) सम्झन्छु म हिमचुली आँसुको ढिका खसाली ।

(घ) दौडाई लान्छ मलाई यै बादलु छायाले ।

५. **पाठका आधारमा उत्तर भन्नुहोस् :**

(क) कविलाई कुन ठाउँ रमाइलो लाग्छ ?

(ख) लेकमा कुन फूल फुलेको छ ?

(ग) बेँसीमा कुन फूल फुलेको छ ?

(घ) कुन चराले विरह बोल्छ ?

(ङ) पँधेरो कहाँ छ ?

६. **पाठका आधारमा छोटो उत्तर लेख्नुहोस् :**

(क) साथीहरूले गाउँदागाउँदै कस्तो रात बिताउँछन् ?

(ख) कवि आँसुका ढिका खसालेर के सम्झन्छन् ?

(ग) कति बेला सारा जगत् अँध्यारो हुन्छ ?

(घ) परेवा वा न्याउलीले के बताउँछन् ?

(ङ) कविको मनलाई केले दौडाई लान्छ ?

७. **भाव विस्तार गर्नुहोस् :**

(क) नौ डाँडाको पारमा प्रीतिको देश छ मेरो

मनमा घाम नलागे संसारै सारा अँधेरो ।

८. **'लाग्दछ मलाई रमाइलो' कवितामा व्यक्त भएका मुख्य मुख्य विषयवस्तु आफ्नै शैलीमा लेख्नुहोस् ।**

९. **तलको कविताको अंश लय हालेर पढ्नुहोस् र सोधिएका प्रश्नहरूको उत्तर दिनुहोस् :**

प्रकृति हो खुला पुस्तक प्रकृति नै गुरु
गुरु थापी प्रकृतिलाई पढ्न गर्छु सुरु ।
पानी मेरो ठुलो गुरु पूजा गर्छु पानी
पानी जस्तै सफा राख्छु मेरो आनीबानी ।
पानी जस्तै सङ्लिएर बाँच्न सिक्नुपर्छ
काँडाभित्र फूल जस्तै हाँस्न सिक्नुपर्छ ।

**प्रश्नहरू**

(क) प्रकृति कस्तो पुस्तक हो ?

(ख) हाम्रो आनीबानीलाई कसरी सफा राख्नुपर्छ ?

(ग) कस्तो कठिनाइमा पनि फूल हाँस्न सक्छ ?

१०. **दिइएका विषयवस्तुको कसरी र किन हेरचाह गर्नुहुन्छ, एक अनुच्छेदमा वर्णन गर्नुहोस् :**

(भाइ, बहिनी, हजुरआमा, हजुरबुबा, बुबा, आमा, बिरामी आफन्त, गाईवस्तु)

## *भाषिक संरचना र वर्णविन्यास*

**१. दिइएको अनुच्छेद पढ्नुहोस् र रातो अक्षरका शब्दको बनोटमा ध्यान दिनुहोस् :**

**घोकन्ते** तरिकाको **पढाइ** राम्रो हुँदैन । गृहकार्य नगरी 'गरेँ' भन्ने **ढँटुवा** चालाले पनि अध्ययनमा प्रगति हुँदैन । अध्ययन राम्रो **बनाउनु** छ भने असल साथी **छनोट गर्न** र स्वस्थ रहन सक्नुपर्छ । स्वस्थ रहनका लागि मिठोभन्दा **गुनिलो** खाना **खाने** बानी बसाल्नुपर्छ ।

**रातो अक्षरका शब्दको बनोट**

**घोकन्ते** (घोक्+अन्ते), **पढाइ** (पढ्+आइ), **ढँटुवा** (ढाँट्+उवा), बनाउनु (बनाउ+नु ), **छनोट** (छान्+ओट), **गर्न** (गर्+न), **गुनिलो** (गुन+इलो) र **खाने** (खा+ने)

**माथिका उदाहरणमा देखाए जस्तै धातु वा शब्दका पछिल्तिर गाँसिने अन्ते, आइ, उवा, ओट, इलो, न, ने, नु जस्ता भाषिक एकाइ 'प्रत्यय' हुन् । उदाहरणमा जस्तै दिइएका शब्दहरूको बनोट देखाउनुहोस् :**

| | | |
|---|---|---|
| मगन्ते : माग्+अन्ते | हिँडाइ : ................. | डुलुवा: ................. |
| बनोट : ................. | मलिलो : ................. | बस्न : ................. |
| जित्ने : ................. | लेख्नु : ................. | गरेर : ................. |

**२. तलका प्रत्यय लगाई एक एकओटा शब्द बनाउनुहोस् :**

नु, आलु, अन्ते, आइ, उवा, ओट, न, इयार, औली, ई, एलु, इलो, ने, ए, इया

**३. कर्ताको लिङ्गअनुसार ठिक क्रियापद राखी तलका वाक्यहरू पूरा गर्नुहोस् :**

(क) भाइ घरबाट ......................... । (आइ, आयो)

(ख) बहिनी बजार ......................... । (गई, गयो)

(ग) मेरी छोरी ......................... । (पढ्छ, पढ्छे)

(घ) मेरो छोरो फुटबल ........................ । (खेल्छ, खेल्छे)

(ङ) विनिता कविता ........................ । (लेख्छ, लेख्छे)

## ४. खाली ठाउँमा उपयुक्त सर्वनाम शब्द राखी वाक्य पूरा गर्नुहोस् :

(क) ........................ मामाघर जान्छौँ । (म, हामी)

(ख) ........................ खेल्न जान्छस् । (तिमीहरू, तँ)

(ग) ........................ मेरो घर आए । (ऊ, उनीहरू)

(घ) ........................ त घर पुगेछन् । (तिनीहरू, त्यो)

(ङ) ........................ नेपाली किताब पढ्छु । (हामी, म)

## ५. तलका सर्वनामअनुसार ठिक क्रियापद छान्नुहोस् :

(क) म समयमै विद्यालय ..................... । (पुग्छ, पुग्छु)

(ख) तिमी राम्ररी ..................... । (नाच्यौ, नाच्छौँ)

(ग) ऊ सबैले भनेको ..................... । मान्छ, मान्छु)

(घ) उनीहरू खेल्न ..................... । (जान्छ, जान्छन्)

## ६. तलका वाक्यहरूको पुरुषसङ्गति मिलाउनुहोस् :

(क) म पनि तिमीसँगै जान्छौ । ........................

(ख) तिमी मलाई बोलाउँछ । ........................

(ग) तपाईं बजार जान्छस् । ........................

(घ) तँ भनेको मान्नुहुन्छ । ........................

## ७. तलका वाक्यलाई पदसङ्गति मिलाएर लेख्नुहोस् :

(क) मञ्चमा पाँचसात जना बालबालिकाहरू खेलिरहेको छ ।

(ख) बुबा दिनभरि अफिसमा काम गर्छे ।

(ग) मेरो आमा विद्यालयमा पढाउँछ ।

(घ) म पनि त दिनभरि काम गर्छु नि ।

(ङ) दिदी समाज सेवा गर्छे ।

**८. तलका शब्दमा उपयुक्त ठाउँमा शिरबिन्दु लगाउनुहोस् :**

सस्कृत, सयोग, सवाद, सहार, सिह, सश्लेषण,
सस्कृति, सरक्षण, सरचना, ससार, हश, अश

## सुनाइ र बोलाइ

**१. सुनाइ पाठ १३ सुन्नुहोस् र छुटेका शब्द भरी श्लोक पूरा गरी भन्नुहोस् :**

हे मेरी ...... ! नभन त्यसो ........मा फुलेकी

फर्कन्छु ........ म चाँडै भन्ने किन हो .......... ?

म बिसैं .......... बसुँला ल्हासा ........... बिसैं दिन

.......... फेरि आउँछ उडी ............. कुनै दिन

भेटका .............. दिन ।

**२. सुनाइ पाठ १३ का आधारमा तलका प्रश्नहरूको उत्तर भन्नुहोस् :**

(क) 'मुनामदन' नेपाली साहित्यको कस्तो कृति हो ?

(ख) 'मुनामदन' का रचयिता को हुन् ?

(ग) मदनले किन ल्हासा जान चाहेका होलान् ?

(घ) मुनाले मदनलाई के भनिन् ?

(ङ) मुना हाँसे मदन के गर्न सक्छन् ?

३. सुनाइ पाठ १३ मा प्रयोग भएका तलका शब्द र तिनका अर्थबिच जोडा मिलाउनुहोस् :

| शब्द | अर्थ |
| --- | --- |
| अकेली | बिछोडको स्थिति |
| विरह | आँखा |
| लोचन | पोसाक |
| सङ्कट | एक्ली |
| इरादा | सङ्कष्ट |
| भेष | सङ्कल्प अठोट |

४. सुनाइ पाठ १३ को अन्तिम पङ्क्ति समाप्त भएपछि मुना र मदनबिच के कस्ता संवाद भए होलान्, अनुमान गरी बताउनुहोस् ।

## सिर्जना/परियोजना

१. कक्षामा चारपाँच जनाको समूह बन्नुहोस् । हरेकले अगिल्ला कक्षामा पढेका वा अन्य कुनै एउटा बालगीत वा बालकविता सम्झनुहोस् । त्यसपछि समूहमा छलफल गरी कुनै बालगीतका कम्तीमा दुई अन्तरा वा बालकविताका चार हरफ लेख्नुहोस् । आफ्नो समूहले लेखेको बालगीत वा बालकविता लयबद्ध वाचन गर्नुहोस् ।

२. तपाईँका आमा बुबा, हजुरबुबा वा हजुरआमामध्ये कसैलाई उहाँहरूको बाल्यकालका बारेमा सोध्नुहोस् । त्यसपछि उहाँहरूले बताएका कुरा सिलसिला मिलाएर 'मेरो/मेरी .............................. को बाल्यकाल' राखी लेख्नुहोस् ।

पाठ १४

## पूर्व पठन

**तलका चित्रका बारेमा साथीसँग छलफल गर्नुहोस् :**










*मूल पाठ*

# वनभोज

## १४

*अशेष मल्ल*



*(चउरको एक कुनामा ६ कक्षामा पढ्ने आठदश जना बालबालिकाहरू खेलिरहेका छन् । उनीहरू वनभोज आएका हुन् । त्यसैले नाच्दै, गीत गाउँदै रमाइलो गर्दैछन् । शिक्षक पनि छेउमा उनीहरूको नाचगान हेर्दै रमाइरहनुभएको छ । बालबालिकाहरू नाच्दानाच्दै थाकेपछि छरिएर भुइँमा बस्छन् र कुराकानी गर्न थाल्छन् ।)*

हरि : मज्जाले नाच्यौँ हगि ?

रामविलास : आज त म पनि राइझ्मा गीतमा नाचेँ ।

लुमन्ती : भोजपुरी गीत गाऊ न रामविलास ।

रामविलास : पहिले नेवारी गीत त गाऊ न तिमी ।

लुमन्ती : सबैले आआफ्नो भाषाको गीत गाउने है त ।

फुर्बा : पहिले खाजा खाने होइन ? मलाई त असाध्यै भोक लाग्यो ।

सबै : हो हो पहिले खाजा खाऔँ ।

गौरी : सर ! हजुर पनि आउनुस् न ।

शिक्षक : ल म पनि तिमीहरूसँगै खाजा खान्छु ।

*(सबैले खाजा खान थाल्छन् ।)*

गौरी : अब के गर्ने ?

झुमा : यसपालि वनभोजमा नाटक गर्ने भनेको हैन ?

लुमन्ती : हो त ।

हरि : हो, यही नाटक विद्यालयमा पनि देखाउनुपर्छ ।

रामविलास : कुन नाटक ?

झुमा : हामीले बनाउने नि ।

लुमन्ती : ओहो, कसरी बनाउने ?

हरि : आज एक दिन आमाबुबा बनेर हेरौँ, कस्तो हुँदो रहेछ ।

लुमन्ती : मैले त बुझिनँ, हरिले के भनेको ?

हरि : पहिले यसो गरौँ, केटा जति आआफ्नो बुबा बनौँ अनि केटी जतिले चाहिँ आआफ्नी आमाको भूमिका निर्वाह गरौँ ।

फुर्बा : कसरी बन्ने नि ?

रामविलास : यसो गरौँ न, हाम्रो बुबाले दिनभरि जे जे गर्नुहुन्छ त्यै त्यै गर्ने । अनि तिमीहरूले आआफ्ना आमाले दिनभरि जे जे गर्नुहुन्छ, त्यस्तै गर्ने ।

गौरी : आहा ! कति राम्रो आइडिया !

लुमन्ती : हैन यसो गरौँ । हामी बुबा पनि बनौँ, आमा पनि बनौँ ।

राम विलास: तिम्रो कुरा ठिकै हो । सरलाई मन पऱ्यो हाम्रो आइडिया ?

शिक्षक : एकदमै राम्रो ।

फुर्बा : त्यसो भए यसो गरौँ । सबैले आआफ्ना आमाबुबालाई सम्झौँ । मेरा बुबा दिनभरि कार्यालयमा काम गर्नुहुन्छ । आमा चाहिँ वडा कार्यालयमा स्वयम्सेवी हुनुहुन्छ ।

हरि : मेरी आमाको त सानो चियापसल छ ।

लुमन्ती : मेरी आमा त दिनभरि खेतमा काम गर्नुहुन्छ ।

रामविलास : मेरा बुबा पनि ।

गौरी : मेरा आमाबुबा त मजदुरी गर्नुहुन्छ ।

हरि : ल उठौँ, सबै आआफ्ना आमाबुबा बनौँ ।

लुमन्ती : पहिले तिमी नै सुरु गर ।

फुर्बा : म सबैभन्दा पछि गर्छु ।

रामविलास : ओहो ! कति बाठो !

गौरी : जल्ले सुरु गरे पनि हुन्छ नि !

फुर्बा : ल ल मै सुरु गर्छु । सुरु गर्छु है त ।

*(एकछिन सोचे जस्तो गर्छ अनि महिलाको आवाजमा बोल्न थाल्छ ।)*

फुर्बाको आप्पा ! ए फुर्बाको आप्पा ! म गाउँसभामा जान लागेको । (एकछिन सोचेर) अँ, छोराछोरी फलफूल खाने कुरा

गर्दै थिए । फर्कँदा तरकारी र फलफूल पनि नबिर्सिकन ल्याउनू है । (पुरुषको आवाज) मसँग पैसा छैन । महिना मरेकै छैन । (महिलाको आवाज) यसो सरसापट गरे भइहाल्छ नि, 'जहाँ इच्छा त्यहाँ उपाय' भन्छन् । आज मेरो गाउँसभाको बैठक अलि लामो हुन्छ । त्यसैले फर्कन अलिक ढिलो हुन्छ होला । बेलैमा घर आएर खाना बनाउनुहोस् है । (पुरुष) अफिसमा पनि टुसुक्क बस्न नपाई एकोहोरो जोतिइरहनुपर्छ । आज घरधन्दा पनि मेरै थाप्लामा (खुइय ऽ ऽ ऽ सुस्केरा हाल्छ ।) मरिने नै भो (महिलाको आवाज) मान्छे रोगले, भोकले मर्छ तर कामले कहिल्यै मर्दैन । त्यसमा पनि आफ्नो घरको काम, मिलेरै गर्नुपर्छ । (पुरुष आवाज) भैगो नि त, भाषण नदेऊ न । म गरिहाल्छु नि, तिमी चाहिँ भोकाउँछ्यौ, चाँडै घर आउनू नि । ल म अफिस हिँडें । (अफिस जान्छ । बाटामा बस चढे झैँ, बसको भिडमा कोचाकोच, बसबाट ओर्लेको, अफिसमा काम गरेको र साँझमा थाकेर घर फर्केको अभिनय गर्छ) ऐया ! बाबै ! कस्तो थकाइ लागेको ! (भन्दै थपक्क बस्छ ।)

*(सबै जना फुर्बाको अभिनय हेरेर थपडी मार्छन् ।)*

हरि : ओहो ! कति राम्रो अभिनय गरेको ।

शिक्षक : मलाई पनि राम्रो लाग्यो । अरूले पनि गर्नुपर्‍यो नि !

फुर्बा : हुन्छ सर । अब कसको पालो ? लुमन्ती अब तिम्रो पालो ।

लुमन्ती : खै, मलाई त नआए पनि कोसिस गर्छु है त ! (खेतमा कोदाली लिएर खन्दै गरे झैँ अभिनय गर्छे । केही बेरमा थाके झैँ गर्दै, पसिना पुस्छे ।) पैला जस्तो काँ हो र ! अब त बुढी भएँ, अलिकति काम गर्दा पनि ज्यान दुखेर आउँछ । काम नगरी

*कोसिस – प्रयास*

के खाने ? लुमन्तीको बुबा बितेको पनि तीन वर्ष भइसक्यो, ऊ छउन्जेल जसोतसो उसैले खेतको काम गर्थ्यो, अब त खेतको काम पनि आफैँ, घरको पनि आफैँ । (बिरामी भए झैँ) ज्यान सबै कटकटी खान्छ । म एक्लैले परिवार पाल्नुपर्छ ।

*(लुमन्ती अभिनय गर्दागर्दै रुन्छे । लुमन्तीको त्यो रुवाइलाई सुरुमा त सबै ले अभिनय नै होला भन्ने ठान्छन् तर रुँदारुँदै थचक्क बसेपछि मात्र उनी साँच्चिकै रोएकी हुन् भन्ने थाहा हुन्छ, सबै जना लुमन्तीलाई फकाउन थाल्छन् ।)*

रामविलास : (रुँदै) लुमन्ती, तिमीले त हामी सबैलाई रुलाइदियौ । ल, अब म हसाउँछु है त !

(कुकुरको अभिनय गर्दै) घ्वाङ, घ्वाङ ... हाम्रो घरमा नि ठुलो कुकुर छ हगि, राती चोर आयो भने चोर त डराएर भाग्छ । यी यसरी भुक्छ घ्वाङ घ्वाङ घ्वाङ । कुकुर हाम्रो राम्रो घ्वाङघ्वाङ गर्छ सधैँ, हामीलाई देख्दा भने पुच्छर हल्लाउँछ सधैँ । (सबै ताली पिट्छन् ।) हाम्रो त जग्गा पनि धेरै छैन । बुबा तरकारी खेती गर्नुहुन्छ । मौसमअनुसारका तरकारी उत्पादन गर्छौँ । म पनि बुबालाई काममा सघाउँछु । हामी सबै मिली तरकारी खेतीकै काम गर्छौं । (सबै हाँसीखुसी रमाउँछन् ।) म बुबा बन्छु है त !

(अभिनय गर्दै) ए रामबिलासिया, पढ्नु छैन कति खेलिरा', यसपालि पनि पढाइमा राम्रो गरिनस् भने नि विद्यालयबाट निकाल्दिन्छु । तँ त बिग्रिस् बिग्रिस्, भाइबैनीलाई पनि बिगारिस् । (आफ्नै स्वरमा) हुन्छ बुबा, अबदेखि पढ्छु (बुबाको स्वरमा) मलाई दुःख नदे न बाबु । अब कति वर्ष नै बाँच्छु र ! रोग लागेको थाहै छ । म मरे पछि के होला तिमीहरूको ? यही चिन्ताले निद्रा पनि

लाग्दैन । (रुन्छ । रुँदारुँदै हाँस्ने प्रयत्न गर्छ ।) भयो अब ।

गौरी : बस रामविलास ।

शिक्षक : मलाई पनि तिमीले त रुवाइदियौ ।

हरि : रमाइलो गर्न आएको त रुन पो थाल्यौँ त !

फुर्बा : ल अब तिम्रो पालो हरि ।

हरि : मलाई त आउँदैन । सक्दिनँ होला ।

गौरी : सक्छौ कोसिस गरेर हेर त !

रामविलास : उठ हरि, केही त देखाउनै पर्छ ।

हरि : (हरि आफ्नी आमाको नक्कल गर्दै अभिनय गर्छ ।) हरि ! ए हरि ! अलिकति पानी तताएर ले त । उठेर भान्सामा जाने पनि ताकत छैन । चिया पसल खोल्न नसकेको पनि चार दिन भइसक्यो । मर्छु कि क्या हो ।

गौरी : (गौरी पनि आफ्नी आमाको नक्कल गर्छे ।) ए नानी, आज तेरो विद्यालय बिदा हैन ? आइज मसँगै गिट्टी कुट्न जाऔँ । तेरो बाको अत्तोपत्तो छैन । मरे बाँचेको केही थाहापत्तो छैन ।

हरि : खै त तातो पानी ?

गौरी : हिँड् न ए नानी, कति खेल्न परेको ! (सबै उठ्छन्, आआफ्ना आमाबुबाका नक्कल गर्न थाल्छन् ।)

लुमन्ती : खेतमा काम गर्न नगए कसरी खान्छौ त तिमीहरू ?

(सबै ताली पिट्छन् ।)

*रमाइलो – मनोरञ्जन*

रामविलास : ल अब पुग्यो । ए झुमा ! तिमीले त केही पनि देखाइनौ !

झुमा : तिमीहरूका आमाबुबा जस्तै त हुन् नि मेरा आमाबुबा पनि । बुबा लुगा सिउनुहुन्छ । आमा बाल विकास केन्द्रमा पढाउनुहुन्छ । उहाँहरू रातदिन नभनी काम गर्नुहुन्छ । अब रमाइलो गरौँ ।

सबै : हो, रमाइलो गरौँ ।

*(सबै ताली पिट्छन्)*

फुर्बा : अब गीत गाएर नाच्ने है त !

सबै : ल हुन्छ ।

*(सबै जना गीत गाउँदै नाच्छन् ।)*

गौरी : साँझ पनि पऱ्यो । घर जानुपर्छ अब । आज सबैले आमाबुबाको दुःख देखायौँ ।

रामविलास : हाम्रा आमाबुबा हाम्रै लागि रातदिन दुःख नभनी काम गर्नुहुन्छ । हामी भने ... ।

लुमन्ती : हो त नि, हामीले राम्ररी पढिदिउन् भन्नुहुन्छ उहाँहरू ।

हरि : आमाबुबालाई त कहिल्यै बिर्सनुहुन्न ।

फुर्बा : आमाबुबा भनेका त भगवान् पो हुन् त बाबै । हामीले आज आमाबुबाको नक्कल त गऱ्यौँ तर आमाबुबाले हाम्रा लागि कति धेरै दुःख गर्नुहुँदो रहेछ । त्यो पनि बुझ्यौँ हगि !

गौरी : अबदेखि आमाबुबालाई कहिल्यै दुःख नदिने है ।

झुमा : आजको वनभोज बिर्सनै नसकिने वनभोज भयो ।

फुर्बा : आमाबुबाको दुःखको बारे त हामीले सोचेकै रहेनछौँ ।

रामविलास : आज एकछिन आमाबुबाको भूमिकामा अभिनय गर्दा त हामीलाई कति गाह्रो भयो । बिचरा आमाबुबाले कसरी सहिरहेका होलान् ।

गौरी : छोराछोरी हुन त सजिलो रहेछ । आमाबुबा हुन त कति गाह्रो पो हुँदो रहेछ । आज थाहा भयो ।

फुर्बा : आजको दिन त हामी कहिल्यै बिर्सने छैनौँ ।

सबै : हो त नि ।

झुमा : म एउटा कुरा भन्छु है ।

सबै : के कुरा भनन !

झुमा : यस्तै नाटक यसपालि विद्यालयमा देखाउने है । सर त केही बोल्नुभएको छैन ।

शिक्षक : म त तिमीहरूको प्रतिभा देखेर दङ्ग परिराछु । स्याबास ! सबै सहभागीहरूलाई ।

फुर्बा : यो नाटक विद्यालयमा पनि देखाउँदा हुन्न र सर ?

शिक्षक : किन नहुनु । पहिला कक्षाकोठामा अरू साथीहरूलाई देखाउने अनि सबैका लागि देखाउने ।

सबै : हुन्छ सर ।

रामविलास : अनि हाम्रा आमाबुबाहरूलाई पनि बोलाउने त्यस कार्यक्रममा ।

सबै : हो हो ! हाम्रा आमाबुबा, गुरुवर्ग र साथीहरू सबैलाई देखाउने ।

*(गीत गाउँछन् )*

पानी पऱ्यो झरर
हावा चल्यो सरर

*प्रतिभा* – *विशेष किसिमको क्षमता*
*दङ्ग* – *मक्ख*

## शब्दभण्डार

१. **दिइएका संस्कृत शब्द र तिनबाट रूप परिवर्तन भएर आएका नेपाली शब्दहरू दिइएका छन् । ती शब्दहरूको शुद्ध उच्चारण गर्नुहोस् :**

| संस्कृत | नेपाली | संस्कृत | नेपाली |
| --- | --- | --- | --- |
| हस्त | हात | स्थूल | ठुलो |
| कर्म | काम | पत्र | पात |
| क्षेत्र | खेत | पूर्ण | पूरा |
| काष्ठ | काठ | नव | नयाँ |

२. **तलका शब्द कुन भाषाबाट आएका हुन्, जोडा मिलाउनुहोस् :**

| | |
| --- | --- |
| आइडिया | फारसी |
| तलब | अङ्ग्रेजी |
| कोसिस | शेर्पा |
| पसल | तामाङ |
| डम्फु | नेपाल |
| च्याङ्ग्रा | अरबी |

३. **पढेर बुझ्नुहोस् :**

स्रोत भनेको कुनै कुराको मुहान वा आधार हो । शब्दस्रोत भनेको कुनै पनि भाषामा शब्दहरू आउने मुहान वा आधार हो । नेपाली भाषामा तीन किसिमले शब्दहरू आएका छन् :

(क) संस्कृतबाट जस्ताको त्यस्तै : पत्र, आषाढ, श्रावण, शिर, विद्यालय

(ख) संस्कृतबाट केही परिवर्तन भएर : हात, कान, काठ, साउन, असार, पात, मित


(ग) अन्य भाषाबाट : स्कुल, अफिस, आवाज, झ्याल, पैनी, पट्का

संस्कृतबाट जस्ताको त्यस्तै नेपाली भाषामा आएका र संस्कृतबाट नेपालीमा आउँदा अलि अलि रूप फेरिएर आएका शब्द मौलिक शब्द हुन् । संस्कृतबाहेक अरू सबै भाषाबाट नेपालीमा आएका शब्द आगन्तुक शब्द हुन् ।

४. **दशओटा मौलिक र आगन्तुक शब्दहरू लेख्नुहोस् ।**

५. **तलका चित्रहरूको नाम लेख्नुहोस् :**


..............


..............


..............


..............



..............


..............


..............


..............


..............


..............


..............


..............

## *बोध र अभिव्यक्ति*

१. **दिइएका शब्द सुनेर उच्चारण गर्नुहोस् :**

भगवान्, आइडिया, होटेल, विद्यालय, मजदुरी, आवाज, स्याबास, अभिनय

२. **दिइएका शब्दबाट वाक्य बनाउनुहोस् :**

नाटक, समाप्त, खेत, ठुलो, आइडिया, कोसिस

३. **पाठका आधारमा उत्तर भन्नुहोस् :**

(क) यो संवाद कसले लेखेका हुन् ?

(ख) रामविलास कुन गीतमा नाच्यो ?

(ग) फुर्बाको आफ्नो भाषा कुन हो ?

(घ) लुमन्तीको आफ्नो भाषा कुन हो ?

४. **कसले भनेको हो, पाठका आधारमा पात्रको नाम लेख्नुहोस् :**

(क) सबैले आआफ्नो भाषाको गीत गाउने । ...............

(ख) मलाई त भोक लाग्यो । ...............

(ग) सर ! हजुर पनि आउनुस् न । ...............

(घ) आज एक दिन आमाबुबा बनेर हेरौँ, कस्तो हुँदो रहेछ । ...............

(ङ) आहा ! कति राम्रो आइडिया । ...............

(च) हो त नि, हामीले राम्ररी पढिदिउन् भन्नुहुन्छ उहाँहरू । ...............

(छ) बुबा तरकारी खेती गर्नुहुन्छ । ...............

(ज) मेरी आमा मजदुरी गर्नुहुन्छ । ...............

## ५. पाठका आधारमा छोटो उत्तर लेख्नुहोस् :

(क) शान्ताले आफ्ना श्रीमान्लाई घर आउँदा के ल्याउनु भनिन् ?

(ख) लुमन्ती आमाको अभिनय गर्दा किन साच्चै रोई ?

(ग) रामविलासका बुबालाई किन राम्ररी निद्रा लागेन ?

(घ) गौरीकी आमा के गर्नुहुन्छ ?

(ङ) शिक्षक किन दङ्ग पर्नुभएको छ ?

## ६. वनभोज संवादका आधारमा तलका घटनाक्रम मिलाउनुहोस् :

( ) लुमन्तीपछि रामविलासले आफ्नो बुबाको अभिनय गर्नु

( ) खाजा खाएपछि नाटक गर्ने सल्लाह हुनु

( ) सबैभन्दा पहिले हरिले आफ्नो बुबाको अभिनय गर्नु

( ) वनभोजमा उनीहरू नाच्दै गाउँदै रमाइलो गर्नु

( ) हरिपछि लुमन्तीले आफ्नी आमाको अभिनय गर्नु

( ) संवादमा सबैले आआफ्ना आमाबुबाको अभिनय गर्न सहमति हुनु

( ) फुर्बा र गौरीको अभिनयपछि सबै जना गीत गाउँदै नाच्न थाल्नु

( ) वनभोजको अन्त्यमा सबैलाई आआफ्ना आमाबुबाको महत्त्व थाहा हुनु

( ) ६ कक्षाका बालबालिकाहरू वनभोज जानु

( ) अब विद्यालयमा पनि यही वनभोजकै नाटक देखाउने सल्लाह हुनु र संवाद सकिनु

( ) लुमन्ती त आमाको रोएको अभिनय गर्दागर्दै साँच्चिकै रुन थाल्नु

( ) रामविलासपछि फुर्बा र गौरीले आआफ्ना आमाहरूको अभिनय गर्नु

७. **पाठका आधारमा लामो उत्तर दिनुहोस् :**

(क) 'वनभोज' संवादका पात्रमध्ये कसको भूमिका तपाईँलाई मन पऱ्यो र किन, कारणसहित लेख्नुहोस् ।

८. **पाठका आधारमा व्याख्या गर्नुहोस् :**

(क) आमाबुबा भनेका त साक्षात् भगवान् नै हुन् ।

(ख) छोराछोरी हुन त सजिलो रहेछ, आमाबुबा हुन त कति गाह्रो हुँदो रहेछ ।

९. **'वनभोज' संवाद कक्षामा अभिनय गरेर देखाउनुहोस् । यसका लागि शिक्षक, हरि, लुमन्ती, रामविलास, फुर्बा, गौरी, झुमा को को बन्ने भनेर पहिला नै भूमिका बाँड्नुहोस् । कक्षामा भएका सबैलाई भूमिका दिनुहोस् ।**

१०. **संवाद पूरा गर्नुहोस् :**

### *शिक्षाको महत्व*

***(धनबहादुर र मनबहादुर चौतारामा बसेर कुराकानी गरिरहेका छन् । वैशाखको समय छ । विद्यालयले विद्यार्थी भर्ना अभियान चलाएको छ । उनीहरूको संवाद यसै विषयमा केन्द्रित छ ।)***

धनबहादुर - मनबहादुर भाइ ! तिम्रो घरतिरको विद्यालयका प्रधानाध्यापक आउनुभएन ? मेरोमा त आएर जसरी पनि ठुलीछोरी सरस्वतीलाई विद्यालय पठाउनुपर्छ भन्नुहुन्छ बा ! मेरी छोरीलाई विद्यालय पठाऊँ कि नपठाऊँ उहाँलाई के टाउको दुखाइ ?

मनबहादुर - धनबहादुर दाइ पनि ! के यस्तो कुरा गरेको ? उसलाई चाहिँ किन विद्यालय नपठाउनु अनि ?

धनबहादुर - ..............................................................

मनबहादुर - धनबहादुर दाइ ! कुरा त्यसो होइन । मानिसलाई विवेकी बनाउने नै शिक्षा हो । शिक्षाका लागि उमेर चाहिँदैन । मेरी श्रीमतीले १५ वर्षको उमेरमा कख पढेकी रे । हेर्नुहोस् त, मेरी श्रीमती पढेकी भएर जीवन सहज भएको छ । घरको काम त तपाईँ हामीले यसो सघाए भइगयो नि । सरस्वतीका भाइबहिनीलाई विद्यालय पठाएर उसलाई नपठाउनु चाहिँ अन्याय नै हो है दाइ !

धनबहादुर - ...................................................................

मनबहादुर - ...................................................................

धनबहादुर - ...................................................................

मनबहादुर - ...................................................................

धनबहादुर - ...................................................................

मनबहादुर - ...................................................................

धनबहादुर - हुन्छ, भाइले पनि मेरो आँखा खोलिदियौ । तिमीलाई धेरै धेरै धन्यवाद । *(दुवै आआफ्ना घरतिर लाग्छन् ।)*

११. **तपाईँ साथीहरूसँग वनभोज जानुभयो । वनभोजमा विभिन्न कार्यक्रम राखिएका थिए । अब तपाईँले विभिन्न कार्यक्रममध्ये एउटा कार्यक्रम सञ्चालन गर्नुपर्ने छ । तपाईँले उक्त कार्यक्रम कसरी सञ्चालन गर्नुहुन्छ, प्रस्तुत गर्नुहोस् ।**

## *भाषिक संरचना र वर्णविन्यास*

१. **कोष्ठकमा दिइएको सङ्केतका आधारमा वाक्य परिवर्तन गर्नुहोस् :**

(क) मेरो सानो भाइ आयो । (स्त्रीलिङ्ग)

(ख) उनीहरू यतै आए । (एकवचन)

(ग) तँ कता जान लागेको ?(उच्च आदर)

(घ) तपाईं यहीँ बस्नुहोस् । (सामान्य आदर)

(ङ) म पनि कथा पढ्छु । (बहुवचन)

(च) बुबाले हामीलाई बोलाउनुभयो । (स्त्रीलिङ्ग)

(छ) गोरुले घाँस खायो । (स्त्रीलिङ्ग)

(ज) चरो उड्यो । (बहुवचन)

(झ) तँ सानैदेखि मिहिनेती थिइस् । (सामान्य आदर)

(ञ) उसले गृहकार्य गरी । (बहुवचन)

**२. अनुच्छेद पढी रातो लगाइएका शब्दहरूलाई मिल्ने तालिकामा टिप्नुहोस् । त्यसपछि त्यस्तै अरू तीन तीनओटा शब्द लेख्नुहोस् :**

पञ्चमानले सङ्कटका बेला दैनिक अठार घण्टासम्म काम गरी सम्पत्ति सञ्चय गरेका छन् । उनी तन्दुरुस्त रहुन्जेल उनका सन्तानले दुःख पाउँदैनन् । उनको स्वास्थ्यमा तलमाथि भएको खण्डमा भने उनीहरूले धेरै दुःख पाउँछन् किनकि उनीहरूको न बोल्ने ढङ्ग छ, न त काम गर्ने नै । संयोगले आजसम्म उनीहरू संलग्न कुनै काम बिग्रेको छैन । उनीहरूबिचको सम्बन्ध पनि राम्रै छ ।

| | |
|---|---|
| 'ङ्' वर्ण प्रयोग भएका | ................ ................ |
| 'ञ्' वर्ण प्रयोग भएका | ................ ................ |
| 'ण्' वर्ण प्रयोग भएका | ................ ................ |
| 'न्' वर्ण प्रयोग भएका | ................ ................ |
| 'म्' वर्ण प्रयोग भएका | ................ ................ |
| शिरबिन्दु ( ं ) प्रयोग भएका | ................ ................ |

## सुनाइ र बोलाइ

१. **सुनाइ पाठ १४ सुनेर ठिक बेठिक छुट्याउनुहोस् :**

(क) हाम्रो समाजमा अन्धविश्वास अझ पनि छ ।

(ख) हाम्रो समाजमा अन्धविश्वास पहिला पहिला थिएन ।

(ग) अन्धविश्वासले वैज्ञानिक तर्क मान्दैन ।

(घ) अन्धविश्वासले समाजमा मेलमिलाप ल्याउँछ ।

(ङ) अन्धविश्वास हाम्रो राम्रो परम्परा हो ।

२. **सुनाइ पाठ १४ सुन्नुहोस् । कुन कुन वाक्य पाठमा छैनन्, नभएका वाक्य छैनन् भन्नुहोस् । पाठमा भएका वाक्यलाई छन् भन्नुहोस् :**

(क) हाम्रो समाज विकसित र सुविधा सम्पन्न छ ।

(ख) यस्ता कुराले समाज झन् पछाडि परिरहेको छ ।

(ग) हाम्रो समाजमा बिरामी हुँदा डाक्टरकहाँ लैजाने चलन छ ।

(घ) हामी हाम्रो रीतिरिवाज र परम्परामा धनी छौँ ।

३. **सुनाइ पाठ १४ का आधारमा जोडा मिलाउनुहोस् :**

| | |
|---|---|
| (क) अन्धविश्वास | खराब चलन |
| (ख) वैज्ञानिक सत्य | पहिलाको जमानामा भएको कार्यको फल |
| (ग) कुरीति | सानोठुलो, राम्रोनराम्रो भन्ने भेदको सिर्जना |
| (घ) पूर्वजन्मको फल | तृष्णा नभएको |
| (ङ) विभेद सिर्जना | विनातर्क गरिने विश्वास |
| (च) वितृष्णा | तार्किक सत्य |

**४. सुनाइ पाठ १४ सुन्नुहोस् र दिइएका प्रश्नहरूको उत्तर भन्नुहोस् :**

(क) अन्धविश्वास कहिलेदेखि चलिआएको छ ?

(ख) अन्धविश्वास भनेको के हो ?

(ग) हाम्रो समाजमा भएका कुनै दुई अन्धविश्वास बताउनुहोस् ।

(घ) अन्धविश्वासले कस्तो सत्यलाई मान्दैन ?

(ङ) अन्धविश्वासलाई कसरी हटाउन सकिन्छ ?

## सिर्जना / परियोजना

**१. तलका प्रश्नहरूको उत्तर आउने गरी एक अनुच्छेदमा आफ्नो प्रतिज्ञा लेख्नुहोस् :**

(क) तपाईँ कसरी आमाबुबाको असल सन्तान बन्नुहुन्छ ?

(ख) तपाईँ आफ्नो कुन खराब बानी त्याग्नु हुन्छ ?


(ग) तपाईँ कस्ता असल बानीहरू अपनाउनुहुन्छ ?

**२. अभिभावकहरूको आफ्नो सन्तानप्रति विशेष अपेक्षा हुन सक्छ । तपाईँप्रति पनि तपाईँका आमाबुबाका केही अपेक्षा होलान् । घरमा गएर आमाबुबालाई तपाईँप्रतिको अपेक्षा सोध्नुहोस् । उक्त अपेक्षाहरू समेटी एक अनुच्छेदमा लेख्नुहोस् ।**

## पूर्व पठन

**दिइएका पानीका स्रोतहरूको नाम लेख्नुहोस् :**











**पानीका अन्य स्रोतहरू के के होलान्, कक्षामा छलफल गर्नुहोस् ।**

**तपाईँका विचारमा माथिका पानीका स्रोतमध्ये सबैभन्दा बढी पानी दिने स्रोत कुन हो ? सबैभन्दा कम पानी दिने स्रोत कुन हो, बढीदेखि कमका क्रममा १, २, ३, ४, ५ लेख्नुहोस् ।**

मूल पाठ

# पानीको कथा

१५

शान्तदास मानन्धर

जिउनका लागि हावाजत्तिकै पानी पनि चाहिन्छ । यो कुरा हामीलाई थाहा छ । हाम्रो आफ्नै घरमा एक पटक हेरौँ, पानी हामीलाई के के कुरामा चाहिन्छ त ?

यसबारे हामीले आमासँग सोध्यौँ भने उहाँले के भन्नुहोला त ?

आमाले भन्नुहुन्छ होला, "लौ, हेर नानी, बिहान सबेरै उठ्नेबित्तिकै हामीहरू मुख धुन्छौँ, हातगोडा धुन्छौँ, त्यसपछि एकदुई गिलास पानी पिउँछौँ । फेरि भान्छाकै कुरा गरौँ, चामल भिजाउनुपऱ्यो अनि पकाउनलाई चाहिएजति पानी हाल्नुपऱ्यो, तरकारी सफा गर्नै पऱ्यो, भाँडाकुँडा माझ्दा धोइपखाल्नैपऱ्यो । यी सब काम पानी भएन भने कसरी गर्ने ? यति मात्र हो र, चर्पी सफा गर्न पनि पानी चाहियो । अनि नुहाउन र लुगा धुन पनि पानी नै चाहियो । हामीलाई पानी त नभई हुँदैन नानी ।"

अहो ! पानी नभई खाना पनि बन्दैन, यो त साह्रै आवश्यक रहेछ । त्यति मात्र कहाँ हो र सबैको घरमा एकदुइटा गमलाहरू त हुन्छन्, हुन्छन् । गमलामा पनि पानी हाल्नुपर्छ नि । गमलामा फूल फुलेपछि त आँगनको समेत शोभा बढ्छ, हैन त ?

खेतमा काम गरिरहेका किसानसँग सोध्यौँ भने उहाँले पनि भन्नुहुनेछ, "नानी, पानी भएन भने त खेत बाँझै रहन्छ, माटाले मात्र केही दिन सक्दैन । पानी भएपछि मात्र माटाले हामीलाई अन्न, सागपात, फलफूल सब कुरो दिन्छ । पानी त माटाको ज्यान हो । अनि हाम्रो पनि ज्यानै भएन त ?"

हो, उः हेर्नोस् त टन्टलापुर घाममा कुलो खनिरहेछ त्यो किसान, कति तिर्खाएको होला । खेतको तिर्खा मेटाउन मरिमेट्दै छ किसान !

कारखानामा काम गर्ने दाजु र दिदीहरूसँग सोध्यौँ भने पनि "पानी नभई केही हुँदै

न नानी ! पानी भएन भने तातिएको मेसिन नै चिसिँदैन । लौ तपाईंहरूलाई चाहिने कागतकै कुरा गरौँ, कागत कारखानामा एक टन कागत बनाउन झन्डै दुई लाख लिटर पानी चाहिन्छ अनि पानी नभई हुन्छ त नानी," भन्नुहुने छ ।

अस्ति हामी वनभोज गएका थियौँ । जङ्गल थियो, डाँडा थियो त्यहाँ, नयाँ ठाउँ, खुब रमाइलो भयो, पुग्नेबित्तिकै खुब डुल्यौँ, खेल्यौँ, रमाइलो गर्‍यौँ तर नजिकै कुवा, धारा, खोल्सा नभएर साह्रै हैरानी भयो । वनभोज त रमाइलो हुन्छ नै तर साँच्चैको रमाइलो त पानीको बन्दोबस्त भएको भए हुन्थ्यो ।

एकै छिनअघि खुसी भएर हाँसिरहेका, खेलिरहेका हामीहरू तिर्खाएर आकुलव्याकुल भयौँ । पानी हुनु र पानी नहुनुले कति फरक पार्दो रहेछ ।

वास्तवमा पानीले कहाँ के गरेको छैन ? यसले उपत्यकाहरू बनाएको छैन कि ? नयाँ तालहरूलाई जन्म दिएको छैन कि ? लौ हेर्नुहोस्, जङ्गलको एक कुनामा सानो मूल थियो, अलि अलि पानी निस्किरहेको थियो । यसले माटो खन्ने र पन्छाउने गर्‍यो । त्यो भुलभुले जस्तै थियो र उता जङ्गल भने विशाल थियो । तर पनि निरन्तर रूपमा मूलबाट निस्केको त्यो सानो धारो त्यस जङ्गलमा जम्दा जम्दा सानो दह जस्तो देखियो । पछि समय बित्दै जाँदा त्यसले ठुलो तालको रूप लियो । कालान्तरमा त्यस तालबाट नदी निस्क्यो र अरू खोलानालाहरूसित मिसिएर बग्न थाल्यो । बग्दै जाँदा एक ठाउँमा यसलाई पहाडले छेक्यो तर त्यो नदी भने "छाड, मेरो बाटो ! नछेक मलाई !" भन्दै रिसले मुर्मुरिँदै पहाडलाई हान्न थाल्यो आफ्ना छालहरूले । भिजेका चट्टानलाई चर्काउन त्यसबेला घामले, हावाले र ऋतु परिवर्तनले पनि त्यतिकै काम गरे । आखिरमा नदीले अघि बढ्ने बाटो बनाइछाड्यो र त्यसपछि पनि यसले आफ्नो बाटालाई फराकिलो पार्ने काम गर्दै रह्यो ।

*शब्दार्थ*

*आकुलव्याकुल - आत्तिएको*
*भुलभुले - भुल भुल गरी उम्रेको पानी*
*कालान्तर - धेरै पछिको समय*
*छाल - वायुको प्रभावले नदी, तलाउ, समुद्र आदिको पानी वेगले बहँदा उठेको लहर, तरङ्ग*

पोखरा उपत्यका र काठमाडौँ उपत्यकाको उत्पत्तिमा पानीले धेरै ठुलो काम गरेको हुनुपर्छ। पोखरा सेती गण्डकीको उपत्यका हुनुपर्छ र काठमाडौँ उपत्यका यहाँका वाग्मती, विष्णुमती आदि नदीहरूले बनाएको उपत्यका हो । मानिसहरू भन्छन्, "काठमाडौँ खाल्डो उहिले एउटा ताल थियो र पछि यहाँको पानी चोभारको गल्छी काटेर बगाइएको थियो। यसरी काठमाडौँ सहर बसालिएको थियो।"

हो, पानीले पृथ्वीको अनुहार फेर्ने काम गरेको थियो र यसले यो काम नथाकीकन निरन्तर गरिरहेको छ।

एक जना कविले नदीका बारेमा यसो लेखेका छन् :

"मानिसहरू आउन् कि जाउन्, हिसाब राख्तिनँ ।

म भने आफ्नो बाटामा हिँड्छु, फर्केर हेर्दिनँ ॥"

यो गीत हो नदीको । यो सधैँ बगिरहन्छ आफ्नै गतिमा तल तल, आफ्नै तालले गर्दै कलकल। तर मानिसहरू भने पानीको हिसाब राख्छन्। हामीहरू देख्छौँ, जहाँ धारो, पनेरो, कुवा, नदीनाला र मूलहरू हुन्छन्, त्यहाँ बस्ती हुने गर्छ। जहाँ पानीको छेलोखेलो हुन्छ, त्यहाँ बसोबास पनि बाक्लै हुन्छ।

बस्तीहरूको इतिहासले भन्छ, पानी सजिलै मनग्गे पाइने ठाउँमा नै ठुल्ठुला सहरहरू विकसित भएका छन् । भारतमा गङ्गा नदीका किनारमा इलाहावाद, बनारस, पटना, कलकत्ता जस्ता सहरहरू छन्। चीनमा याङत्से नदीका किनारमा नानकिङ, साङ्घाई जस्ता सहरहरू रहेका छन् भने ह्वाङहो नदीका किनारमा सियान सहर छ। मिश्रको काहिरोलाई नाइल नदीको कोसेली नै भन्छन्। विश्वकै पुरानो मुलुक मानिने बगदाद सहर युफ्रेटस र टाइग्रिस नदीका बिचमा छ। यस्तै अमेरिकाको मिसिसिपी र रुसको भोल्गा नदीका किनारमा ठुला ठुला सहरहरू छन्। बेलायतको

*उत्पत्ति* - *निस्कने काम*
*गल्छी* - *दुई पहाडको बिचमा खोँच वा सोतो परेको ठाउँ*
*छेलोखेलो* - *चाहिनेभन्दा बढी*

लन्डन सहर थेम्स नदीका किनारमा छ । यसो किन भएको होला ? नदीले पानी त दिन्छ दिन्छ, पानीका साथै यसले अन्य सुविधाहरू पनि दिन्छ ।

हाम्रो आफ्नै मुलुकमा हेरौँ कतिपय सहरबजारहरू नदीकै किनारमा छन् । ठुल्ठुला नदीका दोभानहरूमा घाट हुन्छन्, जहाँ नदी तर्ने व्यवस्था हुन्छ । दोभान दुई वा दुईभन्दा बढी नदीहरू मिल्ने ठाउँ हो । दोभानमा जसरी दुई फरक दिशाहरूबाट बग्दै आइपुगेका दुई नदीहरू मिल्छन्, त्यसरी नै दोभानका वारि र पारिका भेगका मानिसहरू त्यहाँ आएर भेला हुन्छन् । तिनीहरू एकले अर्काको लाभ र हितलाई हेरेर आफ्ना अनुभवहरू सुन्ने सुनाउने अर्थात् साटफेर गर्छन् । बिस्तारै त्यो दोभान तिनीहरूबिचको व्यापारको दोभानमा फेरिन थाल्छ । त्यो दोभान ज्ञान, सिप, प्रगति र विकासको केन्द्रका रूपमा विकसित हुन्छ । आखिर यो सब नदीको कथा हो, पानीको कथा हो । दुई मुलुकबिच पानी बोक्दै बगिरहेको कुनै नदीले वारि र पारिका ती दुई मुलुकलाई भेष र भाषादेखि रीतिरिवाज र सामाजिक मान्यतामासमेत बेग्लै देखिने गरी अलग्याइदिन्छ । सीमारेखाका रूपमा नाम राखिएको त्यस्तै अर्को नदीले भने नदी वारि र पारिका दुई मुलुकलाई गाँस्ने मितेरी गाँठोको काम पनि गरिरहेको हुन्छ ।

*दोभान* – *दुई वा दुईभन्दा बढी नदीहरू मिल्ने ठाउँ*
*घाट* – *नदीको दायाँबायाँको किनार*
*साटफेर* – *मालसामान साटासाट गर्ने काम*
*रीतिरिवाज* – *पहिलेदेखि चलिआएको नियम*

## शब्दभण्डार

१. **तलका पदावली र अर्थबिच जोडा मिलाउनुहोस् :**

| | |
|---|---|
| खेतको तिर्खा | धेरै रिसाएर भित्रभित्रै बोल्नु |
| पानीको बन्दोबस्त | अत्यासमा पर्नु |
| आकुलव्याकुल हुनु | तापक्रम |
| रिसले मुर्मुरिनु | खेत सुक्खा हुनु |
| | पानीको व्यवस्था |

२. **तलका टुक्का र तिनका अर्थबिच जोडा मिलाउनुहोस् :**

| **टुक्का** | **अर्थ** |
|---|---|
| अनुहार फेर्नु | पिट्नु |
| हिसाब राख्नु | आँट गर्नु |
| हात हाल्नु | स्वरूप बदल्नु |
| घुँडा टेक्नु | चेत्नु |
| कम्मर कस्नु | लेखाजोखा राख्नु |
| नाक काट्नु | मर्नु |
| कान समात्नु | हार्नु |
| मास छर्न जानु | इज्जत फाल्नु |

३. **क्रियाकलाप २ मा दिइएका टुक्काहरूलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्नुहोस् ।**

**४. तलका अनुकरणात्मक शब्द र क्रियाको जोडा मिलाउनुहोस् र तिनलाई वाक्यमा प्रयोग गर्नुहोस् :**

| | |
|---|---|
| कलकल | पसिना आउनु |
| भुलुक्क | घाम लाग्नु |
| खलखली | पानी पानी पिउनु |
| छताछुल्ल | डुब्नु |
| दरदर | पोखिनु |
| निथ्रुक्क | पानी दर्किनु |
| चुर्लुम्म | उम्लिनु |
| झलमल्ल | बग्नु |
| सलल | भिज्नु |

## *बोध र अभिव्यक्ति*

**१. 'पानीको कथा' निबन्ध पालैपालो सस्वरवाचन गर्नुहोस् ।**

**२. दिइएका शब्द उच्चारण गरी वाक्यमा प्रयोग गर्नुहोस् :**

टन्टलापुर, भाँडाकुँडा, कालान्तर, मुर्मुरिँदै, निरन्तर, इतिहास, कलकल

**३. पाठका आधारमा छोटो उत्तर दिनुहोस् :**

(क) आमाले पानी कुन कुन कामका लागि चाहिन्छ भन्नुभयो ?

(ख) वनभोजका रमाइला र नरमाइला पक्ष के के थिए ?

(ग) काठमाडौँ उपत्यका कुन कुन नदीले बनाएको सहर होला ?

(घ) नदीको महत्त्वका बारेमा एक अनुच्छेद लेख्नुहोस् ।

४. **पाठका आधारमा लामो उत्तर लेख्नुहोस् :**

(क) पानीले कसरी आफ्नो बाटो फराकिलो पार्छ, पाठका आधारमा वर्णन गर्नुहोस् ।

(ख) संसारमा नदी किनारमा बस्ती विकास हुनुको कारण के हो, चर्चा गर्नुहोस् ।

५. **व्याख्या गर्नुहोस् :**

(क) जिउनका लागि हावा जत्तिकै पानी चाहिन्छ ।

(ख) त्यो दोभान ज्ञान, सिप, प्रगति र विकासको केन्द्रका रूपमा विकसित हुन्छ ।

६. **'पानीको कथा' पाठले बताउने मुख्य मुख्य विषयवस्तु दश वाक्यमा लेख्नुहोस् ।**

७. **'पानीको कथा' पाठका आधारमा १, २, ३... लेखी घटनाक्रम मिलाउनुहोस् :**

(   ) वनभोजमा रमाइलो भए पनि पानीबिना दुःख भएको

(   ) बस्तीहरूको इतिहासको कुरा उल्लेख भएको

(   ) आमाले पानीको महत्त्वका बारेमा बताउनु भएको

(   ) नदी किनारले दुई मुलुकको मितेरी लगाएको

(   ) पानीले आफ्नो बाटो आफैँ बनाएको

(   ) दोभान र नदी किनारमा मानव बस्ती विकसित भएको


(   ) किसानले कुलो खनेर खेतमा पानी लगाएको

८. **तलको अनुच्छेद मनमनै पढी पाँचओटा प्रश्न बनाउनुहोस् :**

पानीको उपयोग प्रायः सबै कुरामा हुन्छ । पिउन, खाना पकाउन, लुगा धुन, नुहाउन, सरसफाइ गर्न मात्र होइन, उद्योगधन्दा चलाउन, खेतीपाती गर्न

पनि पानी नभई हुँदैन। पानी ऊर्जाको स्रोत पनि हो। पानीबाटै जलविद्युत् आयोजना सञ्चालन गरिन्छ। यसरी उत्पादन गरिएको विद्युतीय ऊर्जाले कोठा मात्र उज्यालो पार्दैन, सानादेखि ठुलासम्म कलकारखाना चलाउँछ। रेडियो, टेलिभिजन, कम्प्युटर आदि विद्युतीय उपकरणहरू चलाउन आवश्यक पर्ने उर्जा उत्पादन गर्छ। त्यसैले पनि हाम्रो जीवनमा र सभ्यताको निर्माणमा पानीको ठुलो महत्त्व रहेको छ।

९. **तलको चित्र हेरी वर्णन गर्नुहोस् :**



१०. **पानी हाम्रा लागि अति आवश्यक वस्तु हो। तपाइँ पानीको सदुपयोग कसरी गर्नुहुन्छ, यस विषयमा तपाइँ आफ्नो प्रतिबद्धता प्रस्तुत गर्नुहोस्।**

## *भाषिक संरचना र वर्णविन्यास*

१. **कोष्ठकका निर्देशनअनुसार वाक्य परिवर्तन गर्नुहोस् :**

(क) म खेल्न जान्छु।(द्वितीय पुरुष)

(ख) ऊ ६ कक्षामा पढ्छ। (प्रथम पुरुष)

(ग) उनीहरू आज कता गएछन् ? (द्वितीय पुरुष)

(घ) तिनीहरू पनि फुटबल खेल्छन् । (प्रथम पुरुष)

(ङ) हामी अब कथा पढ्छौँ । (द्वितीय पुरुष)

(च) तिमीहरू आज कता जान्छौ ? (तृतीय पुरुष)

(छ) तँ पनि भनेको मान्छस् । (तृतीय पुरुष)

**२. उदाहरण हेरी तलका वाक्यहरूलाई करण भए अकरणमा र अकरण भए करणमा परिवर्तन गर्नुहोस् :**

(क) भाइ भनेको मान्छ । भाइ भनेको मान्दैन ।

(ख) तिमी राम्ररी पढ्दैनौ । तिमी राम्ररी पढ्छौ ।

(ग) आज पानी पर्‍यो । ..................................................

(घ) उनीहरूले खेल जितेछन् । ..........................................

(ङ) साथीले धोका दिँदैन । ..................................................

(च) उनीहरू बजार नजाऊन् । ..........................................

(छ) हामी पोखरा गएका छौँ । ..........................................

(ज) उनीहरू भोलि फर्कलान् । ..........................................

**३. दिइएको अनुच्छेद पढ्नुहोस् र पदवियोग हुनुपर्ने शब्दमा रेखाङ्कन गर्नुहोस् । तपाईँले रेखाङ्कन गरेका शब्दलाई पदवियोग गर्नुहोस् :**

हाम्रो समाजमा यस्ता कतिपय परम्परा छन्, जुन परम्परामा कुनैवैज्ञानिक सत्यता छैन । त्यस्ता निराधार कुरालाई समाजका कतिपय मान्छेले अपनाइरहेका छन् । यसले समाजझन् रुढिग्रस्त बनेको छ । समाजमा गरिब, उत्पीडित, आर्थिक एवम् सामाजिक रूपमा कमजोर वर्ग, एकल

महिलालगायत कमजोर देखिएकाव्यक्तिलाई बोक्सीको आरोपलगाएर मरणासन्न हुने गरीकुटपिट गरेको, अमानवीय व्यवहार गरेकोर ज्यानसमेत लिएको पाउँछौँ । यीसबै घटना अन्धविश्वासको कारणलेघटेका हुन् । यस्ताकुरा जान्दाजान्दै पनि यसलाई हामीले समाजबाट निर्मूलपार्न सकेका छैनौँ ।

## ४. अनुच्छेद पढेर पदयोग तथा पदवियोग मिलाएर लेख्नुहोस् :

मैले पनि तपाईं हरूले जस्तै यस प्रश्न को पटकपटक सामना गरेको छु । कहिले पाहुना बाट, कहिले शिक्षकबाट, कहिले अभिभावकबाट र कहिले त साथीबाट पनि । म कहिले कविसाहित्यकार बन्छु भन्छु । कहि ले खेलाडीत कहिले डाक्टर बन्छु भन्छु । कहिले इन्जिनियर, कहिले सिपाहीँ वा प्रहरी बन्न मनपर्छ र त्यही भनिदिन्छु । कहिले चित्रकार वा वकिल बन्ने रहर गर्छु । कहिले किसान, शिक्षक वा व्यापारी बन्ने बन्ने रहर लाग्छ र त्यही जबाफ दिन्छु । कहिले पत्रकार अथवा कर्मचारी बनूँ जस्तोलाग्छ । कहिले कलाकार वा राजनीतिज्ञबनेर देशको सेवा गर्ने इच्छा जाग्छ र त्यहीभनिदिन्छु । यसरी गिलो माटो वा आकाश को बादल जस्तो छ बदलि रहने मेरो जबाफ ।

## सुनाइ र बोलाइ

## १. सुनाइ पाठ १५ सुन्नुहोस् र उत्तम विकल्प कुन हो भन्नुहोस् :

(क) पृथ्वीको चार खण्डको कति खण्ड पानीले ओगटेको छ ?

(अ) एक (आ) दुई (इ) तीन (ई) चार

(ख) फलफूल के कारणले रसिला हुन्छन् ?

(अ) फलका कारणले (आ) चाना भएका कारणले

(इ) माटामा फलेका कारणले (ई) पानी भएका कारणले

(ग) कुन फलफूलमा बढी पानी हुन्छ ?

(अ) आँप (आ) खरबुजा

(इ) स्याउ (ई) नास्पाती

(घ) यस संसारमा केमा बस्ने प्राणी धेरै छन् ?

(अ) पानी (आ) जमिन

(इ) फलफूल (ई) अन्न

(ङ) के पुगेन भने बिरुवा छिटै मर्छ ?

(अ) मल (आ) पानी

(इ) औषधी (ई) गोडमेल

**२. सुनाइ पाठ १५ का आधारमा ठिक भए ठिक र बेठिक भए बेठिक भन्नुहोस् :**

(क) यस संसारमा पानीभन्दा जमिन धेरै छ ।

(ख) हिमाल पानीको स्रोत हो ।

(ग) तरकारीको स्वाद भनेको तरकारीभित्रको पानीको स्वाद हो ।

(घ) हामीले फेर्ने सासमा पानीको मात्रा हुँदैन ।

(ङ) बोटबिरुवाले पानी लिँदैनन् ।

**३. सुनाइ पाठ १५ का आधारमा उत्तर भन्नुहोस् :**

(क) जमिनमाथि भएका कुनै चारओटा पानीका स्रोतहरू बताउनुहोस् ।

(ख) पानीको मात्रा बढी हुने कुनै चारओटा फलफूलका नाम बताउनुहोस् ।

(ग) पानीबिना बाँच्ने प्राणी हुन्छन् कि हुँदैनन् ?

(घ) हामीले पानी नपिई पनि के कसरी पानी खाइरहेका हुन्छौँ ?

४. **दिइएका विषयका आधारमा पालैपालो आफ्नो धारणा राख्नुहोस् :**

(क) पानीबिना बोटबिरुवा बाँच्न सक्दैनन् ।

(ख) जनावरहरूलाई पनि पानी चाहिन्छ ।

(ग) हिमाल पानीको स्रोत हो, कसरी ?

(घ) हामी पानी के के कामका लागि प्रयोग गर्छौं ?

(ङ) पानी कम खाएमा के हुन्छ ?

## सिर्जना/परियोजना

१. **'पानीको उपयोगिता' शीर्षकमा एउटा संवाद तयार पार्नुहोस् ।**

२. **कुनै पनि अन्न (धान, मकै, कोदो, तोरी आदि) उब्जाउने क्रममा के के गर्नुपर्छ । कुनै किसान वा खेतीपाती गर्न जान्ने मान्छेलाई सोधी क्रमबद्ध विवरण बनाउनुहोस् ।**

पाठ १६

## पूर्व पठन

**कुन प्राणी कहाँ बस्छन्, नाम बताउनुहोस् :**










**माथिका मध्ये तपाईँले कुन कुन प्राणी आफ्नो बासस्थानमा बसेको देख्नुभएको छ, नाम बताउनुहोस् ।**

मूल पाठ

# मायाको घर

## १६

*माया ठकुरी*

"बाबु ! ए बाबु ! दुध स्वाट्टै पार त ।"

"हत्तेरी हजुरआमा ! मलाई डिस्टब नगर्नू न । विद्यालय बस आउनै लाग्यो होला । आज म अलिक हतारमा छु क्या, हजुरआमा ।" नकुल उसकी हजुरआमालाई हरेक बिहान यस्तै तर्कवितर्कले अलमल्याउँथ्यो ।

"मेरो प्यारो नातिले राम्रोसँग खायो भने पो बलियो हुन्छ अनि राम्रोसँग पढ्न सक्छ ।" हजुरआमाले भन्नुभयो ।

"ए नकुल ! तिमीले हजुरआमालाई कति दुःख दिएको हँ ? एक गिलास त हो नि स्वाट्ट पार बाबु ! मेरो छोरो ज्ञानी छ । हेर त, आफ्नी प्यारी हजुरआमाले कत्ति माया गरेर दिनुभएको । ल ल ल झट्ट पिइहाल ।" नकुलकी आमाले भन्नुभयो ।

"ओहो ! हाम्री हजुरआमाले पनि कति जिद्दी गर्नुभएको होला ।" नकुलले हजुरआमाको हातबाट दुधको गिलास लियो र घटघटी पियो ।

हजुरआमाले नातिलाई हेर्दै मुस्कुराउनुभयो र 'स्याबास मेरो नाति' भन्दै रित्तो गिलास लिएर भित्र पस्नुभयो । नकुल विद्यालय जाने तयारीमा जुत्ता लगाउँदै थियो । हजुरआमा हातमा स्विटर बुन्दै आएर नकुललाई भन्नुभयो, "म मेरो प्यारो नातिलाई जाडो हुन्छ भनेर स्विटर बुन्दै छु । खै त, यो स्विटर नापौँ । यसपालिको जाडोमा मेरो नातिलाई नयाँ स्विटर, हा...हा..।"

"हजुरआमा पनि ! गाडी आइसक्यो होला, मलाई अबेर भइसक्यो । चाहिँदैन

*शब्दार्थ*

*तर्कवितर्क – मनमा कुरा खेलाई मनैमा विचार गर्ने काम*

यो स्विटर स्विटर । म त हिडेँ है ।" नकुल झोला बोकेर घरबाहिर निस्कियो । विद्यालय पुग्नासाथ उसले आफ्नो मिल्ने साथी मिलनसँग कुरा गर्न थाल्यो ।

"आज हामी कहाँ जान्छौँ होला ? कुन नयाँ ठाउँ जाने होला है ? निकै रमाइलो पो हुने भयो, हैन त नकुल !" मिलनले भन्यो ।

ठिक त्यसै समयमा कक्षा शिक्षक टुप्लुक्क कक्षामा आउनुभयो । "हेर्नुहोस् नानीबाबुहरू ! हरेक महिना जस्तै आज पनि हामी शैक्षिक अवलोकन भ्रमणमा जाँदै छौँ । भ्रमणमा देखेका, सुनेका अनुभव गरेका कुरा टिपोट गरेर भोलि सबैले कक्षामा सुनाउनुपर्छ । त्यसैले कापीकलम बोक्न चाहिँ नबिर्सनुस् है ।"

"हुन्छ गुरुआमा, तर आज हामी कहाँ जाने नि गुरुआमा ?" नकुलले उत्सुक हुँदै सोध्यो ।

"आज हामी 'मायाको घर' भन्ने वृद्धाश्रममा जाँदै छौँ । त्यहाँ वृद्ध हजुरबुबा हजुरआमाहरू बस्नुहुन्छ ।" गुरुआमाले भन्नुभयो ।

"के हजुरबुबा हजुरआमाहरू बस्ने पनि छुट्टै घर हुन्छ र गुरुआमा ?" नकुलले उत्सुक भएर सोध्यो ।

मिलन केही बोलेन । निरुता, कल्पना, शान्ता, सुशीला, रूपक, चमेली, अखिलेश, रतिया, भोजमानहरू मिठा मिठा गफ गर्दै गाडीमा चढे । मिलन यात्राभरि केही नबोली चुपचाप बस्यो ।

"ए मिलन ! किन चुप लागेको ? साथीहरू कस्तो रमाएका छन् । तिमी भने किन एक्लै धुमधुमती बसेको ?" नकुलले सोध्यो ।

"मलाई अलि सन्चो भएन, त्यसै त्यसै रिँगटा लागे जस्तो भयो ।" मिलनले भन्यो ।

केही बेरमै गुडिरहेको बस एउटा गेटका अगाडि घ्याच्च रोकियो । सबै जना बसबाट हुरुरु तल ओर्लिए । गेटमा ठुला अक्षरले 'मायाको घर' लेखिएको थियो । सबै जना गेटभित्र गए । गुरुआमाले अभिवादन गरेर सबै जनासँग परिचय आदानप्रदान

*अवलोकन – निरीक्षण*
*भ्रमण – घुमफिर*
*वृद्धाश्रम – बुढाबुढीहरू बस्न बनाएको आश्रम*

गराउनुभयो । त्यहाँ धेरै जना पाका आमाबुबा हुनुहुन्थ्यो । दुई दुई जना विद्यार्थीहरूका समूह बनाएर प्रत्येक हजुरबुबा हजुरआमासँग अनुभव साटासाट गर्ने कार्यक्रम बनाइयो । नकुल र मिलनको समूह एक जना वृद्धसँग पऱ्यो । तीनै जना चउरमा रहेका ठुलो रुखको फेदका बसेर कुरा गर्न थाले ।

"नमस्ते हजुरबुबा ! मेरो नाम नकुल अनि मेरो साथीको नाम मिलन । हामी हजुरबुबालाई केही प्रश्न सोध्न सक्छौँ ?" नकुलले चउरमा बस्दै भन्यो ।

"नमस्ते बाबुहरू ! मेरो नाम हर्कजित हो । यहाँ तपाईँहरू जस्तै नानीबाबुहरू आउनुहुन्छ । विभिन्न जिज्ञासा राख्नुहुन्छ । रमाइलो गरेर जानुहुन्छ । कसैले त आफ्नो जन्मदिन पनि यहीँ मनाउनुहुन्छ ।" चस्मा मिलाउँदै हजुरबुबाले भन्नुभयो ।

"तपाईँको घर कहाँ हो हजुरबुबा ? किन यहाँ बस्न आउनुभएको ?" नकुलले सोध्यो ।

"मेरो घर त काठमाडौँ नै हो ।" वृद्ध बुबाले भन्नुभयो ।

"तपाईँको घरमा को को हुनुहुन्छ त ? किन यहाँ एक्लै बस्न आउनुभएको ? के तपाईँलाई घरको याद आउँदैन हजुरबुबा ?" नकुलले जिज्ञासा राख्यो ।

"म छोरा बुहारी र नाति नातिनीसँग बस्थेँ । मेरी नातिनीले मलाई धेरै माया गर्थिन् । सधैँ चकलेट बाँडेर मात्र खान्थिन् । छोरा बुहारी दुवै जागिरे थिए । नातिनी पनि विद्यालय जाने उमेरकी भईन् । म आफैँ नातिनीलाई विद्यालय लाने ल्याउने गर्थेँ । नातिनी अत्यन्त चञ्चल स्वभावकी थिइन् । बाटामा मलाई विभिन्न प्रश्न सोधिरहन्थिन् । उनका प्रश्नको उत्तर दिन पाउँदा मलाई पनि औधी रमाइलो लाग्थ्यो । उनी मुसुक्क हाँस्थिन् । मेरो सारा थकाइ मेटिन्थ्यो । समय यसैगरी बित्दै थियो । एक दिन मेरी बुहारीले यो 'मायाको घर' का बारेमा बताइन् । अब त नातिनी पनि एक्लै विद्यालय आउन जान सक्ने भइन् । छोरा बुहारी दिनभरि जागिरमा जाने, म एक्लै धुमधुमती घरमा बसेर पट्यार लाग्दो जिन्दगी बाँचिरहेको थिएँ । बुहारीले वृद्धाश्रमको कुरा गरेपछि मेरो मन त्यतै तानियो । छोरा र नातिनीले घरमै बस्न अड्डी कसेका थिए । मलाई बुहारीको कुरा ठिकै जस्तो लाग्यो । म

*जिज्ञासा – जान्ने इच्छा*

यहाँ आएँ । आएको पनि एक वर्ष भइसक्यो । समय समयमा नातिनी आउँछिन्, घन्टौँसम्म मसँग खेल्छिन्, रमाउँछिन् । अनि घर जाने बेलामा आँखाभरि आँसु पार्दै मलाई घर फर्किन अनुरोध गर्छिन् । म आफ्नो मुटु दह्रो पार्छु । सकेसम्म आँसु लुकाउने प्रयास गर्छु । अनायासै बरर आँसु झर्छन् । नातिनी आउँछिन् र आँसु पुछिदिन्छिन् । म नातिनी गएको बाटो हेर्दाहेर्दै कहिलेकाहीँ यही चौतारीमा टोलाएर भुसुक्कै निदाउँछु । यहाँ म जस्ता धेरै पाकाहरू बस्छौँ । सुखदु:खका कुरा गर्छौँ ।" वृद्ध बुबाले भन्नुभयो ।

हजुरबुबाका कुरा सुनेर मिलन सुँक्कसुँक्क रुन लाग्यो । नकुलले मिलनलाई सोध्यो, "के भयो तिमीलाई मिलन ? किन रोएको यसरी ? ल ल, धेरै भावुक नबन । बरु तिम्रो मनमा केही लागेको भए हामीलाई भन । आफ्नो मनको कुरा भनेपछि हलुका हुन्छ ।"

"मलाई आज मेरो हजुरबुबाको झलझली याद आयो । हजुरबुबाले मलाई असाध्यै माया गर्नुहुन्थ्यो । मलाई भने हजुरबुबाको गनथन पटक्कै मन पर्दैनथ्यो । हजुरबुबा कान कम सुन्नुहुन्थ्यो । बोल्दा पनि ठुलो स्वर निकाल्नुहुन्थ्यो । मलाई कथा त सुनाउनुहुन्थ्यो तर मलाई पटक्कै मन पर्दैनथ्यो । म मेरो हजुरबुबालाई धेरै दु:ख दिन्थ्यैँ तर उहाँ मुसुक्क हाँस्नु मात्र हुन्थ्यो । घरमा आमाबुबाले पनि हजुरबुबाको बानी मन पराउनुहुन्नथ्यो । बुबाले लुकाएर दिएको खानेकुरा लुगाफाटो आमाले थाहा पाउँदा घरै उचालेर कराउनुहुन्थ्यो । म आमाको पक्ष लिएर कुरा लगाउँथेँ । बुबा चुप लागिरहनुहुन्थ्यो । हजुरबुबा मन अमिलो पारेर आँखाभरि आँसु बोकेर नबोली बस्नुहुन्थ्यो । समय यसरी नै बित्दै गयो । एक दिन बुबाले हजुरबुबालाई खै कहाँको वृद्धाश्रममा छाडेर आउनुभएछ । तीन वर्ष भयो मैले हजुरबुबालाई नभेटेको, हजुरबुबाको काखमा सुतेर कथा नसुनेको, हजुरबुबाको औँला समातेर नघुमेको, म मेरो हजुरबुबालाई भेटेर माफी माग्न चाहन्छु । सँगै लिएर घर जान चाहन्छु । आज मलाई पछुतो लागेको छ । मैले मेरो हजुरबुबालाई चिन्नै सकिनँ ।" मिलन रुन थाल्यो ।

*अनायास – अचानक*

"ल नानी नरोऊ, यसमा तिम्रो केही गल्ती छैन । हामी बुढाबुढीहरूको अलि कचकचे बानी हुन्छ, अनि केटाकेटीहरूको चकचके । तिमीले आफ्ना मनका कुरा आफ्ना आमाबुबालाई भन । उहाँहरूले अवश्य तिम्रो कुरा सुन्नुहुने छ । तिम्रो हजुरबुबासँग अवश्य भेट गराउनुहुने छ ।" हर्कजितले भन्नुभयो ।

"उहाँहरूले मान्नुहोला त ?" मिलनले जिज्ञासा राख्यो ।

"अवश्य मान्नुहुने छ । तिमी चिन्ता नगर । ढुक्क पर ।" हर्कजितले धाप मार्दै भन्नुभयो ।

मिलनले आँसु पुछेर पुलुक्क हेर्दै भन्यो, "साँच्चै हो हजुरबुबा ?"

"मिलन ! हजुरबुबाले भनेको साँच्चै हो । मेरो त हजुरआमा घरमै हुनुहुन्छ । मलाई त हजुरआमाको अत्ति नै माया लाग्छ । हजुरआमाको काखमा सुतेर कथा नसुनी निद्रै लाग्दैन !" नकुलले भन्यो ।

गुरुआमा र अरू साथीहरू चौतारीको वरिपरि भेला भए । आआफ्नो खाजा खाए । रमाइला गीत गाए, नाचे, रमाए । हजुरबुबा हजुरआमाका अनुभवका कथा सुने, सुनाए । आँखाका नानी जस्ता बालबालिकाहरू अनुभवका खानी पाकाहरूको सम्मानमा रमाए, ताली बजाए । तीन बजेपछि 'मायाको घर' बाट बिदा लिएर विद्यालय फर्की आआफ्ना घर गए । घरमा पुग्नासाथ गेटबाटै 'हजुरआमा' भन्दै नकुल दौडियो । सधैँ झैँ हजुरआमा मुसुमुसु हाँसेर उभिइरहनुभएको थियो ।

"लौ मेरो नाति आएछ । झट्ट लुगा फेर । मैले नातिलाई मन पर्ने खाजा खिर बनाएकी छु । कपाकप खाऊ अनि घुम्न पनि जाऔँला ।" हजुरआमाले भन्नुभयो ।

नकुलले खुसी हुँदै भन्यो, "पहिला हजुरआमाले मलाई बुनिदिनुभएको स्विटर हेरौँ न । कलर चाहिँ मलाई मन पर्ने हुनुपर्छ है ।"

*सम्मान* – *आदर, सत्कार*
*पछुतो* – *पश्चात्ताप*

## शब्दभण्डार

**१. दिइएका अनुकरणात्मक शब्दसँग मिल्ने क्रियाको जोडा मिलाउनुहोस् :**

| | |
|---|---|
| घटघटी | रुनु |
| टक्क | हेर्नु |
| सुँक्कसुँक्क | पिउनु |
| मुसुमुसु | रोकिनु |
| पुलुक्क | याद आउनु |
| झलझली | हाँस्नु |
| | कुद्नु |

**२. माथिको पाठबाट तलका अनुकरणात्मक शब्दसँग मिल्ने क्रिया खोजी लेख्नुहोस् :**

| | | | |
|---|---|---|---|
| स्वाट्टै | पार्नु | भुसुक्कै | ................................... |
| धुमधुमती | ...................... | हुरुरु | ................................... |
| बरर | ...................... | कपाकप | ................................... |

**३. दिइएको अनुच्छेदबाट अनुकरणात्मक शब्द पहिचान गरी रेखाङ्कन गर्नुहोस् र कापीमा सार्नुहोस् :**

सानो भाइ सरासर पोखरीछेउ पुग्यो । पोखरीमा रङ्गीचङ्गी माछाहरू थिए । माछाहरू फुत्तफुत्त उफ्रिन्थे । सुलुलु पौडन्थे । पानीमाथि पुलुकपुलक हेर्थे । ठुला माछाले साना माछा क्वाप्प खान्थे । पोखरीको पानी छेउबाट कलकल गरी बग्दै थियो । रुखमा चराहरू चिरबिर चिरबिर चिरबिराउँदै थिए । अर्को छेउमा मानिसहरूको कल्याङकुलुङ हल्ला आइरहेको थियो । सानो भाइ यी सबै कुरा टुलुटुलु हेरिरहेको थियो ।

४. **दिइएका मिल्ने शब्द लेखी खाली ठाउँ भर्नुहोस् :**

(झलमल, भलभली, गल्र्याम्म, दरर, धुम्म, मुसुक्क, सिरिङ्ग)

(क) रुख ..................... ढल्यो ।

(ख) पानी ..................... पऱ्यो ।

(ग) बहिनी ..................... हाँसी ।

(घ) आज ..................... घाम लाग्यो ।

(ङ) खुट्टाबाट ..................... रगत बग्यो ।

(च) सर्प देखेर मेरो जिउ ..................... भयो ।

(छ) आकाश ..................... भएको छ ।

५. **तलका अनुकरणात्मक शब्द प्रयोग गरी वाक्य बनाउनुहोस् :**

प्याट्ट, फुत्त, सुलुलु, भुलुक्क, स्वात्त, क्वाप्प

## *बोध र अभिव्यक्ति*

१. **'मायाको घर' कथा पालैपालो सस्वरवाचन गर्नुहोस् ।**

२. **दिइएका शब्द उच्चारण गर्नुहोस् :**

तर्कवितर्क, भ्रमण, जिज्ञासा, वृद्धाश्रम, अवश्य, हत्तेरी, अलमल्याउँथ्यो, स्विटर, यात्राभरि, धुमधुमती, घ्याच्च, सुँक्कसुँक्क, झलझली, पटक्कै, पट्यार

३. **दिइएका उत्तर आउने वाक्यका आधारमा प्रश्न बनाउनुहोस् :**

(क) मेरो छोरो ज्ञानी छ ।

(ख) नकुलले हजुरआमाको हातबाट दुधको गिलास लियो ।

(ग) नकुल विद्यालय जाने तयारीमा जुत्ता लगाउँदै थियो ।

(घ) नकुल झोला बोकेर घरबाहिर निस्कियो ।

(ङ) सबै जना बसबाट हुरुरु तल ओर्लिए ।

## ४. पाठका आधारमा छोटो उत्तर लेख्नुहोस् :

(क) हजुरआमाले नातिलाई कहिलेका लागि स्विटर बुनिदिन लाग्नुभएको हो ?

(ख) मिलनले नकुललाई के सोध्यो ?

(ग) नकुल विद्यालयबाट हरेक महिना कहाँ जान्छ ?

(घ) 'मायाको घर' भन्ने ठाउँ कस्तो रहेछ ?

## ५. पाठका आधारमा लामो उत्तर दिनुहोस् :

(क) मायाको घरमा कस्ता मानिसहरू बस्दा रहेछन्, पाठका आधारमा लेख्नुहोस् ।

(ख) 'मायाको घर' कथाका आधारमा हर्कजितको चरित्र चित्रण गर्नुहोस् ।

## ६. मायाको घरबाट फर्केपछि मिलनले कसरी हजुरबुबालाई भेट्यो होला, अनुमानका आधारमा एक अनुच्छेद लेख्नुहोस् ।

## ७. दिइएको अनुच्छेद मनमनै पढ्नुहोस् र सारांश लेख्नुहोस् :

भ्रमणलाई यात्रा पनि भनिन्छ । कुनै ठाउँमा गएर त्यस ठाउँको प्रत्यक्ष अवलोकन गर्नुलाई भ्रमण भनिन्छ । भ्रमण गरेर प्राप्त गरेको ज्ञान स्थायी प्रकृतिको हुन्छ । भ्रमणले मानवलाई ज्ञान र चेतनाका साथै मनोरञ्जन प्रदान गर्दछ । ज्ञान लिन, मनोरञ्जन प्राप्त गर्न, मस्तिष्क र शरीर दुवै तन्दुरुस्त राख्न भ्रमणको ठुलो महत्त्व छ । भ्रमण विभिन्न उद्देश्यका लागि गरिन्छ । उमेर, अवस्था, कामको प्रकृति, समूहअनुसार भ्रमण फरक फरक हुन्छ । विद्यार्थी वर्गले गर्ने भ्रमण शैक्षिक प्रकृतिको हुन्छ । किताबी ज्ञानले मात्र विद्यार्थीलाई पुग्दैन । प्रत्यक्ष अवलोकन भ्रमण गरेर प्राप्त भएको ज्ञान चिरस्थायी हुन्छ । त्यसैले उनीहरू ऐतिहासिक, पुरातात्त्विक, प्राकृतिक एवम् सांस्कृतिक महत्त्वका स्थलहरूको भ्रमण समूहमा गर्ने गर्दछन् ।

८. **तल एउटा कथाका विभिन्न घटनाहरूका बुँदा छन् । उक्त बुँदाहरूलाई क्रमशः १, २, ३... लेखी कथाको घटनाक्रम मिलाउनुहोस् :**

( ) सबै माछाहरू एउटा ठुलो समुद्रमा पुग्नु

( ) पोखरीका माछा समुद्रको वातावरणसँग मिल्न नसक्नु र मर्न थाल्नु

( ) समुद्रका माछासँग मित्रता बढाउँदै आफ्ना बन्धुबान्धवहरूलाई हेप्नु, इख्याउनु

( ) धेरै माछाहरू मर्नु र बाँचेका माछाहरू पनि पोखरीबाट समुद्रमा आएकामा पछुतो मान्नु

( ) एक दिनको ठुलो वर्षाका कारण आएको भेलले उनीहरूको इच्छा पूरा गर्नु

( ) एउटा पोखरीमा माछाहरू बस्नु

( ) ढिलो भए पनि सबै माछाहरूले आफ्नो ठाउँ र आफन्त नै काम लाग्ने कुरा बुझ्नु

( ) उनीहरूबिच मेलमिलाप नहुनु र छुट्टिएर बस्न खोज्नु

( ) समुद्रका माछासँग मिल्न नसक्ने माछाहरू जेनतेन समुद्रबाट बाहिर निस्किन सफल हुनु र पोखरीमा रमाइलोसँग बस्नु

( ) समुद्रका माछाले पोखरीका माछाहरूलाई हेप्नु, दुःख दिनु, घाइते बनाउनु

९. **तलको कथा मौनवाचन गर्नुहोस् :**

## *ढुङ्गो र माटो*

धेरै पहिलाको कुरा हो । त्यति बेला जीवजन्तु, ढुङ्गो र माटो जस्ता पदार्थहरू पनि मान्छे जस्तै बोल्न सक्थे रे । त्यसै समयमा एक ठाउँमा

ढुङ्गो र माटाको राम्रो मेल थियो । उनीहरूको मित्रता देखेर अरूलाई ईर्ष्या नै लाग्थ्यो ।

उनीहरू एकले अर्कालाई सहयोग गर्थे । एउटाको सहारा अर्कालाई मिलेको थियो । एक रात ठुलो वर्षा भयो । ढुङ्गाले माटालाई थिचेर बचायो । माटाले पनि ढुङ्गालाई समातेर राख्यो । रहँदा बस्दा ढुङ्गालाई माटोभन्दा आफू बलियो भएको घमन्ड पैदा भयो । माटालाई पनि आफू ढुङ्गाभन्दा ठुलो हुँ भन्ने घमन्ड जाग्यो । उनीहरू झगडा गर्न थाले । एकले अर्कालाई असहयोग गर्न थाले । उनीहरू एकले भनेको अर्काले मान्न पनि छोडे । दुवैबिच बोलचाल र सहयोग बन्द भयो । अर्को दिन घनघोर पानी पर्‍यो । पानीले माटालाई बगाएर लग्यो । ढुङ्गो पल्टिएर टुक्रा टुक्रा भयो । एकता र सहयोगको अभावमा दुवैको सर्वनाश भयो ।

**(क) माथिको कथाबाट चारओटा प्रश्न बनाउनुहोस् ।**

**(ख) माथिको कथाबाट तलका जस्तै आठओटा मुख्य घटनाहरू बुँदागत रूपमा लेख्नुहोस् :**

(क) धेरै पहिले जनावरहरू, ढुङ्गो र माटो आदि पनि मानिस जस्तै बोल्नु

**१०. तलका निर्देशन, नियम, आज्ञा वा आदेशहरू हामीले किन पालना गर्नुपर्छ, प्रत्येकले पालैपालो कुनै एउटा निर्देशन, नियम, आज्ञा वा आदेशको पालना गर्नुपर्ने कारण बताउनुहोस् :**

(क) गृहकार्य गर्नुपर्ने

(ख) विद्यालय पोसाक लगाउनुपर्ने

(ग) कक्षामा हात उठाएर शिक्षकले अनुमति दिएपछि मात्र बोल्नुपर्ने

(घ) नियमित विद्यालय उपस्थित हुनुपर्ने

(ङ) नियमित रूपमा आफ्नो सरसफाइ गर्नुपर्ने

(च) आमाबुबाको आज्ञा मान्नुपर्ने

(छ) सार्वजनिक ठाउँमा होहल्ला गर्न नहुने

(ज) सडक पार गर्दा जेब्राक्रसिङ वा आकासे पुल प्रयोग गर्नुपर्ने

(झ) सबैसँग नम्रतापूर्वक बोल्नुपर्ने

## *भाषिक संरचना र वर्णविन्यास*

**१. दिइएको अनुच्छेद ध्यानपूर्वक पढ्नुहोस् :**

विद्यालयमा प्रार्थनासभा समाप्त भयो । सबै विद्यार्थीहरू सरासर कक्षाकोठामा गए । एकछिनपछि उपमा गुरुआमा कक्षामा प्रवेश गर्नुभयो । त्यसपछि विद्यार्थीहरूको हाजिरी लिनुभयो र शैक्षणिक पाटीमा आजको पाठको शीर्षक 'मायाको घर' लेख्नुभयो ।

"भाइबहिनी हो ! सबैभन्दा पहिले किताब पल्टाओ । त्यसपछि 'मायाको घर' कथा मनमनै पढ । कथा पढ्दा नबुझेका शब्दहरूमा सिसाकलमले रेखाङ्कन गर । अन्त्यमा ती शब्दहरूलाई कापीमा सार ।" गुरुआमाले निर्देशन दिनुभयो ।

**माथिको अनुच्छेदमा रातो अक्षरमा लेखिएका क्रियाहरूले कुनै कुरा भयो वा भएन (हुन्छ वा हुँदैन) भन्ने सामान्य सूचना दिन्छन् । यस्ता सामान्य सूचना दिने क्रियाहरू सामान्यार्थ क्रिया हुन् । रेखाङ्कन गरिएका क्रियाहरूले आज्ञा वा आदेश दिन्छन् । यस्ता आज्ञा वा आदेश जनाउने क्रिया आज्ञार्थ क्रिया हुन् ।**

**२. तलको अनुच्छेद पढ्नुहोस् र सामान्यार्थ र आज्ञार्थ क्रिया टिप्नुहोस् :**

हजुरबुबाका कुरा सुनेर मिलन सुँक्कसुँक्क रुन लाग्यो । नकुलले मिलनलाई सोध्यो, "के भयो तिमीलाई मिलन ? किन रोएको यसरी ? ल ल, धेरै भावुक नबन । बरु तिम्रो मनमा केही लागेको भए हामीलाई भन । आफ्नो मनको कुरा भनेपछि हलुका हुन्छ ।"

## ३. तलका वाक्यले कुन अर्थ (सामान्यार्थ वा आज्ञार्थ) लाई बुझाउँछन्, लेख्नुहोस् :

(क) उनीहरू पढ्न थाले । ..........................

(ख) तिमी आज धेरै नखेल । ..........................

(ग) तिमी पनि धेरै खेल्दैनौ । ..........................

(घ) तँ घरभित्रै बस् । ..........................

(ङ) हामी बजार गयौँ । ..........................

(च) उनीहरू कथा लेख्छन् । ..........................

(छ) तिमीहरू भात खाओ । ..........................

## ४. तलका खाली ठाउँमा आज्ञा वा आदेश बुझाउने क्रियापद छानेर लेख्नुहोस् :

(क) तिमी घर .......................... । (जाऊ, जान्छौ)

(ख) तिमीहरू यता .......................... । (आउँछौ, आओ)

(ग) तँ राम्रो कविता .......................... । (लेख्, लेख्छस्)

(घ) तिमी काम .......................... । (गर्छौ, गर)

(ङ) तिमी त्यो सामान घरमा .......................... । (ल्याऊ, ल्याउँछौ)

## ५. तलका खाली ठाउँमा सम्भावनार्थ बुझाउने क्रिया छानेर लेख्नुहोस् :

(क) म विद्यालय .......................... । (जाउला, जाउँला)

(ख) हामी खेल .......................... । (खेलौला, खेलौँला)

(ग) तँ राम्ररी .......................... । (पढ्लास्, पढ्ला)

(घ) उनीहरू समयमै .......................... । (पुग्लान्, पुग्ला)

(ङ) त्यो सफल .......................... । (हुँला, होला)

## ६. कोष्ठकका निर्देशनअनुसार वाक्य पूरा गर्नुहोस् :

(क) उनीहरूले मलाई .......................... । (भेट् : सामान्यार्थ)

(ख) तँ राम्ररी .......................... । (लेख् : आज्ञार्थ)

(ग) तिमी घर .......................... । (जा : आज्ञार्थ)

(घ) ऊ कहिले ............................ ? (आउ : सम्भावनार्थ)

(ङ) हामी पनि घुम्न ..................... । (जा : सामान्यार्थ)

**७. तलका वर्णमा 'र' जोडेर लेख्नुहोस् :**

| | | | | | |
|---|---|---|---|---|---|
| क् + र | = | क्र | ख् + र | = | ................ |
| ग् + र | = | ................ | घ् + र | = | ................ |
| ज् + र | = | ................ | ट् + र | = | ................ |
| त् + र | = | ................ | ड् + र | = | ................ |
| द् + र | = | ................ | प् + र | = | ................ |
| ब् + र | = | ................ | भ् + र | = | ................ |
| म् + र | = | ................ | श् + र | = | श्र |
| ह् + र | = | ................ | फ् + र | = | ................ |

**८. तलका शब्दमा 'र' वर्णको प्रयोग गरी शुद्ध बनाई लेख्नुहोस् :**

प्रदशन, कपा, गदैन, कष्ण, नगने, गछ्न्, जकिन, टरो, थकमान, बको, मिमिरे, सष्टि, मुछ्ा, सुको, सिजना, वष्टि, पथक, हकत, हुरे, काँक्रो, बाख्रो, गाग्रो, बजा्चार्य, ट्रक, ड्रम, प्रकाश, जिब्रो, भ्राता, चाम्रो, श्रीमान्, गाह्रो, फ्रक, चन्द्रमा, पन्ध्र, हाम्रो

**९. अर्को वर्णसँग 'र' जोडिएका र 'रेफ' प्रयोग भएका दशओटा शब्द मूल पाठबाट खोजेर लेख्नुहोस् ।**

## सुनाइ र बोलाइ

**१. सुनाइ पाठ १६ सुनेर ठिक बेठिक छुट्याई भन्नुहोस् :**

(क) गल्तीवश राजाको हातबाट तरबार खुस्क्यो र उनको दाहिने खुट्टाको बुढी औँला च्वाट्टै पाऱ्यो ।

(ख) सिकारका क्रमका एउटा बाघलाई लखेट्दै सिकार टोली जङ्गलभित्र दगुर्न थाल्यो ।

(ग) जङ्गली मानिसहरूको घरपूजाको धुमधाम तयार भयो ।

(घ) प्राण बचेपछि राजा दरबार आए ।

(ङ) राजासँगै वीरबललाई पनि जङ्गली मानिसले भेटेको भए उनीहरूले आफ्नो कुलपूजामा वीरबललाई बलि चढाउँथे ।

**२. सुनाइ पाठ १६ का आधारमा जोडा मिलाउनुहोस् :**

| | |
|---|---|
| (क) राजाले आफूलाई रिस उठेपछि | मानिसकै बलि दिन्थे । |
| (ख) जङ्गली मानिसहरूले | कुलपूजामा बलि चढाइएन । |
| (ग) जङ्गली मानिसहरूले आफ्नो कुलपूजामा | वीरबललाई जेल हालिदिए । |
| (घ) राजाको अङ्गभङ्ग भएकाले उनलाई | अकबरलाई मुखियाकहाँ लगे । |

**३. सुनाइ पाठ १६ का आधारमा उत्तर भन्नुहोस् :**

(क) वीरबल कस्ता थिए ?

(ख) जङ्गली मानिसहरू राजालाई समातेपछि किन खुसी भएका रहेछन् ?

(ग) सुनाइ पाठ १६ को मुख्य सन्देश के हो ?

**४. तपाईंको घर वा समाजमा भएको कुनै एउटा सामाजिक समस्या भन्नुहोस् । उक्त समस्या कसरी समाधान होला, तपाईंको विचार वा उपाय कक्षामा सुनाउनुहोस् ।**

## सिर्जना / परियोजना

**१. तपाईंले सुन्नुभएको वा पढ्नुभएको कुनै एउटा कथा लेखेर कक्षामा सुनाउनुहोस् ।**

**२. 'मेरा हजुरबुबा' वा 'मेरी हजुरआमा' शीर्षकमा एउटा छोटो रचना तयार पार्नुहोस् । यसका लागि आफ्ना आमाबुबाको सहयोग लिनुहोस् । उक्त निबन्धमा उहाँको नाम, जन्ममिति, जन्मस्थान, शिक्षा, पेसा वा व्यवसाय, उहाँका सन्तानहरू आदि खुलस्त पार्नुहोस् ।**

## परिशिष्ट

## नमुना सुनाइ पाठ

### सुनाइ पाठ १

*देश हाम्रो सबैको हो* — *दैवज्ञराज न्यौपाने*

लेकबेँसी तराईले मिलेको छ ठाउँ
सबै भन्छन् स्वर्गभूमि नेपाल हो नाउँ
जहाँ जाऊँ राम्रो लाग्छ हेरिरहूँ जस्तो
जुनीजुनी फर्किएर खेलिरहूँ जस्तो ।

यसैका हौँ स्वप्न हामी सिर्जनाका डाली
पुर्खा जस्तै सन्त ज्ञानी वीर शक्तिशाली
सबै मिली उठ्नुपर्छ सबै जुट्नुपर्छ
देश हामी सबैको हो सबै खट्नुपर्छ ।

### सुनाइ पाठ २

*महाभारत*

'महाभारत' विश्वप्रसिद्ध पौराणिक ग्रन्थ हो । यसलाई संसारकै सबैभन्दा ठुलो महाकाव्य मानिन्छ । यस महाकाव्यको रचना महर्षि वेदव्यासले गरेका हुन् ।

'महाभारत' मा मूलतः कौरव र पाण्डवको पारिवारिक सम्बन्ध र युद्धको कथा छ । यसले निम्त्याएको भीषण युद्धको वर्णन छ । यसदेखि बाहेक पनि यहाँ थुप्रै थुप्रै पात्रका कथा छन् । यहाँ विश्वप्रसिद्ध धनुर्धर एकलव्य र उनको गुरुभक्तिको कथा छ । भीष्मपितामह भनेर चिनिने देवव्रत र उनको भीष्म प्रतिज्ञाको कथा छ । महाज्ञानी विदुरको ज्ञान, दुर्वासा ऋषिको रिस, शकुनिको षड्यन्त्र तथा दुर्योधनको अहङ्कारी चरित्रको कथा छ । नपढी ज्ञान प्राप्त गर्न खोज्ने यवक्रीतको कथा पनि यसमा समेटिएको छ ।

यसरी 'महाभारत' महाकाव्यमा थुप्रै थुप्रै पात्रहरूको र त्यसले निम्त्याउने परिणामको परिचय दिएको छ । यहाँ युद्ध र त्यसले निम्त्याउने विनाशको कथा छ । यस महाकाव्यमा असत्यको हार र सत्यको जित हुने बताइएको छ ।

### सुनाइ पाठ ३

*रुसमा नेपाली भाषा*

सन् १८७५ देखि रसियामा नेपाली भाषा र साहित्यको चर्चा हुन थालेको हो । त्यसताका प्रसिद्ध रसियन प्राच्यविद् इभान मिनाएभले नेपालको यात्रा गरेका थिए । उनी बौद्ध धर्मको

अध्ययन गर्न नेपाल आएका थिए । भनिन्छ, इभानले नेवारी भाषा सिकेर शब्दकोशसमेत तयार पारेका थिए । सन् १९१७ को ऐतिहासिक अक्टोबर समाजवादी क्रान्ति सम्पन्न हुनुभन्दा आधा शताब्दी अघि भूगोलविद् दिमित्री कोस्तिन्स्कीले नेपालबारे परिचयात्मक पुस्तक लेखेका थिए । नेपाली साहित्यका हस्तीहरू बालकृष्ण सम र सिद्धिचरण श्रेष्ठले तत्कालीन सोभियत सङ्घको भ्रमण गरेका थिए । सन् १९५८ मा महाकवि लक्ष्मीप्रसाद देवकोटा र माधवप्रसाद घिमिरेले अफ्रो एसियाली लेखक सम्मेलनमा भाग लिए । त्यस सम्मेलनमा देवकोटाले सम्बोधन पनि गरेका थिए । उल्लिखित कार्यबाट नेपाली साहित्यको जानकारी रुसमा पुगेको हो । नेपाली कविताको अङ्ग्रेजी अनुवादका आधारमा तत्कालै 'नेपालका कविहरू' शीर्षकमा रसियाली भाषामा कविता सङ्ग्रह प्रकाशन पनि भएको थियो । यसमा नेपालका प्रसिद्ध कविहरूका कविता समावेश गरिएका थिए । रुसमा देवकोटालाई विशेष सम्मान गर्ने गरिन्छ । सोभियत अन्तरिक्षयान चन्द्रमामा पुगेकै दिन देवकोटाको निधन भएको हो । यस संयोगलाई देवकोटाको 'उद्देश्य के लिनु, उडी छुनू चन्द्र एक' सँग जोडेर पनि प्रस्तुत गरिन्छ ।

## सुनाइ पाठ ४

*व्यावहारिक लेखनको प्राचीन नमुना*

चिरञ्जीवी भाइ चेतनाथ उपाध्यायमा

रश्मिराज उपाध्यायको शुभाशिष्

तेरा शरीरमा सदा आनन्द रहे मेरो मन आनन्द रहला । उपरान्त त्यहाँबाट फर्कंदा बुबाले प्युठानबाट १७ गतेमा पठाएको पत्र २७ गतेमा आइपुग्यो । तेरा भाउजूहरू पौषमा यहाँ आएका फाल्गुन २७ गते बार ७ मा घर गए । यहाँ सरकारी पाठशाला रहेको हुनाले त्यसमा महिनाको क. रु. ९ मा कबोल गरी पढाउन लागेँ । आज तीनचार दिन भयो । बिहान बेलुका जमहरामा छँदै छ । जागिरको ठेगान छैन । खान पाइएको छ । जागिर केही पाइने भएछ भने पछि लेखी पठाउँला । खेती बिग्रेर ऋण छ सय पुगिसक्यो । पासमा ८ गोरु बुढा परेका छन् । अहिलेलाई बुबालाई खर्च दिनुपर्ने हो । अब के उपायले पार लागिन्छ ? त्यहाँ तँसँग भेट गर्नको इच्छा भएको थियो । माथि भनिएका काममा अल्झनाले मैले बिदा नपाउने भएँ । मेरा मनमा ता यस्तो लाग्छ अहिले तँ पनि घर नआउनू । पछि केही तरिकाले बिदा लिन सकियो भने अथवा दसैँमा अनकूल पारी घरमा भेट हौँला भन्ने मन छ । तेरा विचारमा जो लाग्छ । चिठी बराबर लेख्दै रहनू । तैले लेखेको चिठी आएको थियो । जबाफ लेखेको थिइनँ । बनारसबाट आख्यात चन्द्रिका नाउँ भएको क्रियाकोश र मेदिनीकोश झिकाइ पढ्ने गर्नू । कम्पनी चौध चौध आना पर्छ । तीन तीन आनाको कपडाको जिल्ला पनि उहीँ बाँधी पठाउनु भन्नू । जम्मा रु २ आना २ पैसा पर्ने भयो । बिस्तारमा यहाँसम्म लेखेँ जान्ने आफैँ छस् । शुभम् ।

१९६८ चैत्र १ बार ४ शुभम्

(डा. भूपहरि पौडेलको 'नेपालको विद्वत्परम्परा' कृतिबाट रश्मिराज उपाध्यायको सम्पादित अंश)

## सुनाइ पाठ ५

*पासाङल्हामु शेर्पा*

पासाङल्हामु शेर्पाको जन्म वि.सं. २०१७ साल मङ्सिरमा सोलुखुम्बु जिल्लाको चौँरीखर्कमा भएको हो । उनी आप्पा फुर्बाकितार शेर्पा र आम्मा आङडाकीकी तेस्रो सन्तान हुन् । उनी दुई दाजु र दुई भाइकी एक्ली चेली हुन् । उनले काठमाडौँबाट माध्यमिक शिक्षा पूरा गरेकी छन् । उनी उन्नाइस वर्षको उमेरमा पर्यटन व्यवसायी लाक्पासोनामसँग वैवाहिक जीवनमा बाँधिइन् ।

पासाङल्हामु सानैदेखि हिमाल चढ्न लालायित थिइन् । आप्पा फुर्बाकितार र आफन्तबाट हिमाल चढ्दाको रोमाञ्चक वर्णनले उनमा सगरमाथा चढ्ने सपना जन्मिसकेको थियो । त्यसैले उनले पर्वतारोहणसम्बन्धी तालिम पनि लिइन् । सगरमाथा चढ्नुपूर्व मनाङको पिसाङ हिमाल र लाङटाङको यालापिक हिमाल चढिसकेकी थिइन् । वि. सं. २०४७ मा उनले पहिलो पटक सगरमाथा चढ्न प्रयास गरिन् तर प्रतिकूल मौसमका कारणले त्यसबेला उनलाई सफलता मिलेन । वि. सं. २०४८ र वि. सं. २०४९ का सगरमाथा आरोहणको अरू दुईओटा प्रयास पनि असफल रह्यो । असफलता नै सफलताको ढोका हो भन्ने कुरा राम्ररी बुझेकी पासाङले कहिल्यै हिम्मत हारिनन् । अन्ततः आफ्नो चौथो पटकको प्रयासमा उनले वि. सं. २०५० वैशाख १० गतेका दिन सगरमाथाको टाकुरामा पाइला टेकेरै छाडिन् । यो पाइला सगरमाथाको टाकुरामा नेपालकी छोरीको पहिलो पाइला थियो र समस्त नेपालीहरूको गौरवको पाइला थियो । यही गर्विलो पाइला लिएर ओर्लिने क्रममा आधार शिविर आइनपुग्दै हिमपातमा परी उनको निधन भयो । साहसिली पासाङको निधनले सारा राष्ट्र स्तब्ध बन्यो ।

हो, २०५० वैशाख १० गतेको दिन सगरमाथामा नेपाली महिलाले जितेको दिन हो र सारा नेपालीहरूको मनमा युग युगसम्म बाँच्ने गरी पासाङले मृत्युवरण गरेको दिन पनि हो । अदम्य साहस र प्रेरणाकी प्रतिमूर्ति पासाङल्हामु शेर्पालाई नेपाल सरकारले वि. सं. २०५९ वैशाख १० गतेकै दिन राष्ट्रिय विभूति घोषणा गरी सम्मान गरेको छ ।

## सुनाइ पाठ ६

*तिनीहरूले कारखाना त सारे तर ...*

एउटा सुन्दर गाउँ थियो । त्यस गाउँमा एउटा ग्रिल कारखाना थियो । त्यो ग्रिल कारखानाबाट फलाम पिटेको र काटेको झर्को लाग्दो आवाज आइरहन्थ्यो । त्यसै गरी त्यहाँ फर्निचर बनाउने कारखाना पनि थियो । त्यस कारखानाबाट पनि दिनभरि काठ चिरेको र खोपेको दिक्क लाग्दो आवाज आइरहन्थ्यो । त्यसैले गाउँलेहरू त्यस ठाउँबाट कारखाना सरोस् भन्ने चाहन्थे ।

गाउँलेको चाहनालाई ती कारखाना सञ्चालकहरूले राम्ररी बुझेका थिए । एक दिन दिउँसो ग्रिल

कारखानाको सञ्चालक उनीहरूकहाँ आयो र भन्यो, "म भोलि कारखाना सार्दै छु ।"

एकैछिनपछि फर्निचर कारखानाको सञ्चालक पनि आयो र भन्यो, "मैले पनि भोलि कारखाना सार्ने निर्णय गरेँ ।"

गाउँलेहरू अत्यन्त खुसी भए तर असल छिमेकीहरू गुमाउँदा दुःख लागेको कुरा बताए । त्यो साँझ गाउँलेले उनीहरूलाई भव्य भोज पनि खुवाए । तर भोलिपल्ट फलाम पिटेको र काठ चिरेको आवाज आएको आएै भयो । गाउँले छक्क पर्दै एक जनालाई कुरो बुझ्न पठाए ।

केही छिनमा ऊ आएर भन्यो, "हो, उनीहरूले कारखाना सारेको त सही रहेछ तर ग्रिल कारखाना फर्निचर कारखाना भएको ठाउँमा सरेछ । फर्निचर कारखाना ग्रिल कारखाना भएको ठाउँमा सरेछ ।" गाउँले जिल्ल परे । उता घन ठोकेको र काठ चिरेको आवाज भने आइरह्यो । के यसरी बसोबास भएको ठाउँमा उद्योग सञ्चालन गर्नु ठिक होला ?

## सुनाइ पाठ ७

### *सबैभन्दा मूल्यवान् कुरा*

श्रद्धेय श्रोतागण ! मानिसका लागि सबैभन्दा मूल्यवान् के होला ?

यस प्रश्नको उत्तरहरू धेरै हुन सक्छन् । कसैले सुन, चाँदी, हिरा, मोतीलाई मूल्यवान् ठान्छन् । कसैले जग्गाजमिन, रुपियाँपैसालाई मूल्यवान् ठान्छन् । कोही कोही विद्यालाई मूल्यवान् ठान्छन् भने कोही आफन्त, साथीसँगीलाई मूल्यवान् ठान्छन् । यस्तै उत्तरहरूमध्ये स्वास्थ्यलाई मूल्यवान् ठान्नेहरू पनि धेरै छन् । इमानदारी, नैतिकता र सदाचार मानिसका मूल्यवान् पक्ष हुन् ।

साँच्चिकै स्वास्थ्य मानिसका लागि अमूल्य सम्पत्ति हो । हाम्रो शरीर स्वस्थ छ भने हामी जे पनि गर्न सक्छौँ । राम्ररी काम गर्न, राम्ररी खेलकुदमा सहभागी हुन, राम्ररी लेखपढ गर्न शरीर स्वस्थ हुनुपर्छ । यति मात्र होइन, राम्रो कुरा सोच्न पनि स्वस्थ शरीर हुनुपर्छ । त्यसैले भनिएको छ, "स्वस्थ शरीरमा स्वस्थ विचारको बास हुन्छ ।"

एउटा भनाइ छ, "तिमीले सम्पत्ति गुमायौ भने केही पनि गुमाएनौ, समय गुमायौ भने केही चिज गुमायौ तर स्वास्थ्य गुमायौ भने सबै चिज गुमायौ ।" यस भनाइबाट पनि स्वास्थ्यको गरिमा प्रस्ट हुन्छ । त्यसैले आफ्नो स्वास्थ्य तन्दुरुस्त राख्ने कार्यमा हामी हरपल सचेत रहनुपर्छ ।

मानिसका लागि यति मूल्यवान् स्वास्थ्यलाई असर पार्ने धेरै कारणहरू हुन्छन् । यस्ता कारणहरूमध्ये मुख्य चाहिँ हामी आफैँ हौँ । हाम्रो लापरबाही नै हाम्रो स्वास्थ्यलाई हानि गर्ने मुख्य कारण हो । यसर्थ यस्तो लापरबाहीबाट बचेर अघि बढ्ने व्यक्ति नै सबैभन्दा सम्पन्न व्यक्ति बन्छ । धन्यवाद !

## सुनाइ पाठ ८

*सिद्ध टोपी*

नेपालमा थुप्रै पर्यटकीय स्थलहरू रहेका छन् । तीमध्ये सिद्ध टोपी सुदूरपश्चिम प्रदेशमा रहेको प्रमुख पर्यटकीय स्थल हो । यो दार्चुला जिल्लाको दुहुँ गाउँपालिकामा रहेको छ । सिद्ध टोपी अपिनम्पा संरक्षण क्षेत्रअन्तर्गत पर्दछ । यो समुद्री सतहबाट लगभग चार हजार मिटर उचाइमा अवस्थित छ ।

सिद्ध टोपीमा तीनओटा ठुला ठुला ताल रहेका छन् । तीनलाई ब्रह्म दह, पासा दह र टोटी दह भनिन्छ । यी तीनओटा तालहरूको दृश्य फरक फरक देखिन्छ । ब्रह्म दहको दृश्य निलो देखिन्छ । पासा दहको दृश्य कालो देखिन्छ । टोटी दहको दृश्य भने रातो देखिन्छ । यी तालहरू धार्मिक दृष्टिले पनि महत्त्वपूर्ण मानिन्छन् । ब्रह्म दहमा स्नान गर्दा रोगब्याधिबाट मुक्त भइने र मागेको फल प्राप्त हुने जनविश्वास रहिआएको छ । यस दहलाई सिद्ध टोपीबाट करिब दुई हजार मिटर तल सिना भन्ने ठाउँमा रहेको प्रसिद्ध तातोपानी धामको स्रोतसमेत मानिन्छ ।

सिद्ध टोपी वरपर ठुला ठुला घाँसे पाटनहरू पनि रहेका छन् । यहाँ यार्सागुम्बा, पाँचऔंलेलगायतका बहुमूल्य जडीबुटीहरू पाइन्छन् । यहाँबाट अपी हिमाल, ओम पर्वत, मानसरोवर क्षेत्रलगायतको अवलोकन गर्न सकिन्छ । यस ठाउँलाई मङ्सिरदेखि चैत्र महिनासम्म हिउँले ढाकेको हुन्छ । बाँकी सात महिना यो ठाउँ भ्रमणका लागि उपयुक्त मानिन्छ ।

## सुनाइ पाठ ९

*विद्यार्थी जीवन*

विद्यार्थी जीवन मानिसको आधार समय हो । जग निर्माणको उमेर हो । त्यसैले यस समयका प्रत्येक पल महत्त्वपूर्ण हुन्छन् । अर्थपूर्ण हुन्छन् । विद्यार्थी जीवनमा गरेका हरेक क्रियाकलापले जीवनमा अर्थ राख्दछन् ।

विद्यार्थी जीवन असल बानी विकासको समय हो । यस समयमा जे जस्तो बानीको विकास गऱ्यो उही बानी जीवनभरि रहने गर्दछ । त्यसैले यस समयमा खानपान र उठबसमा विशेष ख्याल गर्नुपर्छ । आफ्नो शरीर र व्यक्तित्वलाई फाइदा नपुग्ने कुराबाट टाढा रहनुपर्छ । यसो गर्न सके जीवनको सुखभोग गर्न सकिन्छ । जीवनमा परिश्रमी बन्नुपर्छ । परिश्रम गर्ने बानी पनि यही समयदेखि बसाउँदै गरियो भने जीवन भोगाइ सजिलो हुन्छ । समयमा सुत्ने, पूर्वमा सूर्य नउदाउँदै उठ्ने तथा उचित आहारविहार गर्ने बानी विकास गर्नुपर्छ । पढाइमा मिहिनेत गर्ने, अरूप्रति सहयोगी भावना राख्ने जस्ता बानीको विकास गर्नुपर्छ । उल्लिखित काम गर्न सके विद्यार्थी जीवनलाई सही अर्थमा सदुपयोग गरेको ठहर्छ ।

विद्यार्थी जीवनमा थुप्रै असामाजिक कुराहरूले आकर्षित गर्न सक्छ । गलत कुरा भए पनि नक्कल गर्न मन लाग्छ । खराब र देखावटी साथीभाइको सिको गर्न मन लाग्न सक्छ । त्यसैले यस समयमा यस्ता असामाजिक व्यवहारबाट आफूलाई जोगाउन सक्नुपर्छ ।

जीवनमा जित मात्र हुँदैन । कुनै कालखण्डमा हार भए पनि जीवनमा अगाडि बढ्नै पर्छ । त्यसैले आफूले राम्रो गर्दागर्दै, आफू ठिक हुँदाहुँदै कहिलेकाहीँ अन्यायमा पर्न सकिन्छ । यस्तो प्रतिकूल समयमा पनि आफू सकारात्मक भएर अगाडि बढ्ने, धैर्य धारण गर्ने क्षमताको विकास पनि यसै समयबाट गर्नुपर्छ । जीवन भोगाइमा अकल्पनीय प्रहार आए पनि अघि बढ्न जान्नुपर्छ भन्ने शिक्षा पनि विद्यार्थी जीवनदेखि सिक्दै जानुपर्ने देखिन्छ ।

## सुनाइ पाठ १०

*गिलासको तौल*

निशा गुरुआमा हातमा पानी भएको गिलास लिएर कक्षामा प्रवेश गर्नुभयो । "अब पानी आधा भरी छ कि आधा रित्तो छ भनेर सोध्नुहुन्छ मिसले ।" अप्पुले जान्ने भएर दिव्यको कानमा खुस्खुसायो । गुरुआमाले त्यस गिलासको पानी पिउनुभयो र सोध्नुभयो, "यो गिलासको तौल कति छ ?" धेरै विद्यार्थीले हात उठाए । गुरुआमाले हात उठाउने सबैलाई पालैपालो बोल्न अनुमति दिनुभयो ।

बबिताले गिलासको तौल दुई सय ग्राम भनिन् । मनीषले आधा किलो भने । उपमाले तीन सय ग्राम भनिन् । फुर्वाले दुई सय पचास ग्राम भने । चित्रलेखाले तीन पाउ भनिन् । यालुङहाङले एक किलो भने । नयनाले एक सय ग्राम भनिन् । नुच्छेमानले छ सय ग्राम भने । यसरी अप्पु, दिव्य र अरूले पनि आआफ्नो विचार राखे । गिलासको तौल समग्रमा एक सय ग्रामदेखि एक किलोसम्म देखियो ।

अन्त्यमा गुरुमाले भन्नुभयो, "खासमा यस गिलासको वास्तविक तौल महत्त्वपूर्ण होइन । महत्त्वपूर्ण कुरा त यो गिलास मैले कति समय बोक्छु भन्ने कुरासँग सम्बन्धित छ । मैले यो गिलास एकदुई मिनेट मात्र बोक्ने हो भने यो अत्यन्तै हल्का छ । यसलाई एक घण्टासम्म बोक्ने हो भने मेरो हात दुख्न सुरु गर्छ । दिनभरि उचालिराख्ने हो भने यो अति गह्रौँ हुन्छ । मेरो हात कटकटी खान्छ । त्यसपछि म उचालिराख्न असमर्थ हुन्छु र गिलास मेरो हातबाट खस्छ होला ।"

निशा गुरुआमाको विश्लेषणमा सबैले सहमति जनाए । हुन पनि साँच्चै त्यस्तै हुन्छ । त्यसपछि गुरुआमाले थप्नुभयो, "हेर्नुहोस् भाइबहिनीहरू ! तनाव, चिन्ता, ईर्ष्या, पिर, शङ्का, रिस, उत्तेजना आदि सबै कुरा यो गिलास उचाले जस्तै हो । गिलासको तौल जस्तै त्यस्ता कुराहरू मनमा जति धेरैबेर लियो, त्यो उत्ति नै गह्रौँ हुँदै जान्छ । हो, जीवनमा त्यस्ता कुराहरू आइलाग्छन् तर तिनलाई जतिसक्दो छिटो छोड्दै जानुपर्छ । अन्यथा जति लामो बेरसम्म मनमा बोकिराख्यो, त्यो यति गह्रौँ हुन्छ । कहिलेकाहीँ त त्यसको भार हाम्रो जीवनले थेग्न पनि सक्दैन ।"

# हार्दिक निमन्त्रणा

श्रीमान्, श्रीमती, सुश्री........................................

हाम्रा आयुष्मान् नाति श्री दिनहाङ सम्बाहाङ्फे लिम्बू (पारुहाङ सम्बाहाङ्फे र सुम्निमा सम्बाहाङ्फेका ज्येष्ठ सुपुत्र) को जोरघरे, गौरादह - ४, झापा निवासी श्री फलामसिंह लावती र श्रीमती सरिता लावतीकी आयुष्मती सुपुत्री सुश्री सेसेमा लावतीका साथमा किराती संस्कारअनुसार सुसम्पन्न हुने

## शुभविवाहमा

वरबधूलाई आशीर्वाद प्रदान गर्न यहाँको उपस्थितिका लागि हार्दिक अनुरोध गर्दछौँ ।

प्रार्थी

बाजे : मुक्सामहाङ सम्बाहाङ्फे

दर्शनाभिलाषी

काकाकाकी : याम्मुहाङ-गीता, निहाङ-सविना,

भाइबहिनी : युगान्तर, जङ्गम, उत्पल र लक्सिमा

तथा समस्त सम्बाहाङ्फे परिवार

कार्यक्रम

जन्ती प्रस्थान : २०७८ वैशाख २७ गते

प्रीतिभोज : २०७८ वैशाख २९ गते

स्थान : निजी निवास, इन्द्रेनी चोक, शिवसताक्षी -२, झापा

समय : दिनको २ बजेदेखि

## सुनाइ पाठ १२

*फ्लोरेन्स नाइटिङ्गेल*

आफ्नो काम र योगदानले संसारमा नाम चम्काउने व्यक्तिको पङ्क्तिमा पर्ने महान् नारीको नाम हो, फ्लोरेन्स नाइटिङ्गेल । फ्लोरेन्स नाइटिङ्गेलको जन्म सन् १८२० मे १२ मा इटालीमा बुबा विलियम एडवार्ड नाइटिङ्गेल र आमा फेनी स्मिथ नाइटिङ्गेलको सुपुत्रीका रूपमा भएको थियो । उनको बाल्यकाल इटालीमै बित्यो । सानै उमेरमा उनले बुबासँग भाषा, गणित, इतिहास र दर्शनको अध्ययन गर्न पाइन् ।

नाइटिङ्गेल उदार हृदय भएकी भावुक र मानवीय सदाचारकी प्रतिमूर्ति थिइन् । त्यस समयमा समाज र आमाबुबाले समेत मन नपराएको पेसा नर्सलाई मर्यादित बनाउन र बिरामीहरूको सेवा गर्ने लक्ष्य पूरा गर्न उनी आजीवन लागिरहिन् । यसका लागि लन्डनको एक हस्पिटलमा सन् १८५३ मा प्रमुख परिचारिकाका रूपमा नियुक्त भइन् । डाक्टरहरूको उपचारभन्दा उनको सेवाबाट बिरामीहरू छिटो निको हुन थाले । उनले क्रिमियाको युद्धमा घाइते सिपाहीहरूको आदर्श सेवा गरिन् । त्यसै बेलादेखि 'लेडी विथ द ल्याम्प' का उपनामले उनलाई चिनिन थालियो । बढी सेवाका कारण आफ्नो आँखा गुमाउनुपरे पनि आजीवन विवाह नगरी मानव सेवामा नाइटिङ्गेल लागिरहिन् । "सेवा नै ठुलो धर्म हो" भन्ने भावनाले प्रेरित नाइटिङ्गेल बेलायतका महिलाकी मात्र नभएर संसारकै मानिसकी प्रेरणाकी स्रोत हुन् ।

मानिस जन्मले होइन कर्मले चिनिनुपर्छ । यसरी आफ्नो कर्मले चिनिएकी नाइटिङ्गेल सन् १९१० अगस्त १० का दिन ९० वर्षको उमेरमा संसारबाट बिदा भइन् । विश्वभरका मानिसहरूका लागि उनी सेवामा लाग्ने प्रेरणा दिने प्रेरणाको स्रोतका रूपमा बाँचिरहेकी छिन् ।

## सुनाइ पाठ १३

*मुनामदन*

*मुनामदन नेपाली साहित्यको अत्यन्त चर्चित कृति हो । मुनामदनको रचना महाकवि लक्ष्मीप्रसाद देवकोटाले गरेका हुन् । यस खण्डकाव्यमा महाकवि देवकोटाले मुना र मदनको मर्मस्पर्शी कथालाई कवितामा उतारेका छन् । उक्त खण्डकाव्यमा एक दिन मदन धन कमाउन भनी आफ्नी बुढीआमा र प्राणप्यारी पत्नी मुनालाई छोडेर ल्हासा जाने कुरा गर्छन् । त्यस्तैमा मुना भन्छिन् :*

नछाडी जानोस्, हे मेरा प्राण, अकेली मलाई<br>
मनको वनमा ननिभ्ने गरी विरह जलाई ।<br>
ननिभ्ने गरी विरह जलाई ।<br>
लोचनका तारा ! हे मेरा प्यारा, यो ज्योति बिलाए<br>
के भनूँ ? भन्ने म केही थिइनँ विष नै पिलाए ।<br>
प्यारा ! विष नै पिलाए ।

यसरी अनेक बिलौना गर्दै मुना मदनलाई परदेश नजान आग्रह गर्छिन् तर मदन भन्छन् :

हे मेरी मुना ! नभन त्यसो, जूनमा फुलेकी
फर्कन्छु फेरि म चाँडै भन्ने, किन हो भुलेकी ।
म बिसै दिन बसुँला ल्हासा फर्कुँला बिसै दिन
चखेवा फेरि आउँछ उडी बिहान कुनै दिन ।
भेटका बडा दिन ।

ल्हासा नगई नछोड्ने भएका मदनलाई मुनाले अन्तिम पटक यसो भन्छिन् :

फुलेको केश गलेको जिउ आमाको मायाले
बाँधेन हरे ! हजुरको पाउ ! मायाको छायाले
हजुर ! आमाको मायाले ।

जङ्गली देश बेपारी भेष सङ्कट सहेर
के मिल्छ हरे ! तिन्लाई छाडी ल्हासामा गएर ?
हातका मैला सुनका थैला, के गर्नु धनले ?
साग र सिस्नु खाएको बेस आनन्दी मनले !
हे मेरा प्यारा ! अमिरी मनले

## सुनाइ पाठ १४

*अन्धविश्वास*

समाजमा पहिलादेखि चलिआएका कतिपय कुरीतिलाई विनातर्क स्वीकार गर्नुलाई अन्धविश्वास भनिन्छ। विचार नपुऱ्याई गरिने यस्ता विश्वासले समाजमा विभिन्न किसिमका समस्या निम्त्याउँछन्।

अन्धविश्वासले समाज पछाडि पर्छ। समाजमा बोक्सीको आरोप लगाएर हुने हिंसा यसको उदाहरण हो। हाम्रो समाजमा अझ पनि कतिपय व्यक्तिहरू बिरामी हुँदा धामीझाँक्री लगाउँछन्। भूत, प्रेत, पिशाचमा विश्वास गर्छन् । मान्छे मान्छेमा छुवाछुत गर्छन् । कुनै रोग र अशक्ततालाई पूर्वजन्मको फल मान्छन् । यी सबै अन्धविश्वासका कारणले भएका हुन् ।

यस्तो अन्धविश्वासले मानिस मानिसमा विभेद सिर्जना गर्दछ। तार्किक सत्यलाई मान्दैन। मानिसमा वितृष्णा निम्त्याउँछ । फलतः समाज झन् पछाडि धकेलिन्छ । हाम्रो समाजले वैज्ञानिक सत्य नभएका कतिपय यस्ता कुरालाई कम गर्दै लगेको छ । त्यसैले यस्तो अन्धविश्वासलाई हामी सबै मिलेर हटाउनुपर्छ ।

## सुनाइ पाठ १५

*पानी जिन्दगानी*

पृथ्वीका सतहका चार खण्डको तीन खण्ड पानीले ढाकेको छ। बाँकी एक खण्डमा मात्र पानीको सतहभन्दा माथि उठेको छ। त्यो उठेको भाग चाहिँ जमिन हो। त्यो जमिनको पाँच खण्डको एक खण्ड जहिले पनि बरफ र हिउँले ढाकिएको हुन्छ।

हामी सुन्तला खान्छौँ। सुन्तला मिठो हुन्छ। सुन्तलाको मिठो भनेको यसभित्रको रस हो। रस नभएको सुन्तला मिठो हुँदैन। फलफूल, तरकारी सबै थोकमा केही न केही पानी हुन्छ। आलु काट्दा त्यसभित्र पानी देखिन्छ। प्याजमा पनि रस हुन्छ। नरिवलभित्रको पानी कस्तो मिठो हुन्छ। फेरि खर्बुजा हेर्नुहोस् त ! यो त घैँटो जस्तै, कति पानी त्यसभित्र बाबै ! पानी त जताततै रहेछ।

मानिस आफ्नो जिउभित्र रहेको पानीका भरमा कति दिनसम्म बाँच्न सक्छन् ? पक्कै धेरै दिन बाँच्न सक्दैनन्। चराहरू, किराहरू, विभिन्न जनावरहरूका शरीरमा पनि पानी हुन्छ। उनीहरू पनि पानीबिना धेरै दिन बाँच्न सक्दैनन्। प्राणीमात्र होइन पानीबिना रुखबिरुवा पनि बाँच्न सक्दैनन्। त्यसैले पानी सबैको जिन्दगानी हो।

## सुनाइ पाठ १६

*सकारात्मक सोचौँ*

धेरै समय अगाडिको कुरा हो। एउटा अकबर नाम गरेका राजा थिए। उनका दरबारमा धेरै मन्त्रीहरू थिए। तिनमा एक थिए वीरबल। वीरबल अत्यन्त सकारात्मक सोचका व्यक्ति थिए। उनी जहिले पनि 'राम्रो', 'ठिक भो' 'असल', 'बेस भो ' जस्ता सकारात्मक टिप्पणी मात्र गर्थे।

एक दिनको कुरा हो। राजा वीरबलसँग कुरा गर्दै आफ्नो तरबार सफा गरिरहेका थिए तर गल्तीवश राजाको हातबाट तरबार खुस्क्यो र उनको दाहिने खुट्टाको बुढी औँला च्वाट्टै पाऱ्यो। राजा 'ऐया' भन्दै कराउन थाले। त्यो सब देखिरहेका वीरबल चाहिँ 'राम्रो ' 'हुनैपर्ने भयो' भन्न थाले। आफ्नो खुट्टाको बुढी औँला काटिएर पीडामा छटपटाइरहेका राजालाई वीरबलदेखि एकदम धेरै रिस उठ्यो र उनले वीरबललाई आजीवन जेल सजाय तोकिदिए। सिपाहीहरूले उनलाई पक्रेर जेल लादै गर्दा वीरबल त 'राम्रो', 'उत्तम भो', 'ठिक भो' भन्दै जेलतिर हाँसी हाँसी लागे।

दिनहरू बितिरहे। राजाको औँला काटिएको घाउ पनि निको भयो। एक दिन उनी आफ्ना मन्त्रीहरू, सेनापति र सिपाहीहरूसँग सिकार खेल्न गए। सिकारका क्रमका एउटा मृगलाई लखेट्दै सिकार टोली जङ्गलभित्र दगुर्न थाल्यो। राजा अघि अघि, मन्त्री, सेनापति र सिपाहीहरू पछि पछि मृगलाई लखेट्दै घना जङ्गलभित्र पसे। केही समयपछि सिपाही, सेनापति र मन्त्रीहरू सबै धेरै पछि छोडिए। अन्त्यमा राजा मात्र एक्लै घनघोर

जङ्गलका बिचमा परे । त्यसपछि उनी जङ्गलबाट बाहिर निस्कन बाटो खोज्दै भौतारिँदा त्यहाँका जङ्गली मानिसहरूको फन्दामा परे । जङ्गली मानिसहरूले उनलाई पक्रे र आफ्ना मुखियाकहाँ जिम्मा लगाए । यसरी अचानक मान्छे फेला पर्दा उनीहरू खुब खुसी भए । खुसी हुने कारण के थियो भने उनीहरूको कुलपूजा गर्नुपर्ने थियो र त्यसका लागि मान्छेकै बलि दिनुपर्ने थियो ।

जङ्गली मानिसहरूको कुलपूजाको धुमधाम तयारी भयो । उनीहरू नाच्न, गाउन, जिङ्गालाला गर्न थाले । अन्त्यमा बलि चढाउनुपर्ने समय भयो र राजालाई बलिका लागि तयार गर्नुपर्ने समय भयो । त्यत्तिकैमा एक जना उनीहरूकै भाषामा हुन्न हुन्न, यसलाई बलि दिनुहुन्न भन्दै चिच्यायो ।

भएको के रहेछ भने उनीहरूको कुलपूजामा बलि दिनुपर्ने मानिस अङ्गभङ्ग नभएको हुनुपर्ने रहेछ तर राजाको जुत्ता फुकाल्दा त उनको एउटा औँलै रहेनछ । यस्तो अङ्गभङ्ग भएको मान्छेको बलि दिए उनीहरूको कुलदेवता रिसाउने रहेछ । त्यसैले उनीहरूले राजालाई छोडिदिए ।

प्राण बचेपछि राजा दरबार आए । उनलाई आफ्नो औँला काटिँदा 'राम्रो भयो', 'ठिक भयो' भन्ने वीरबलको कुराको याद आयो । त्यसपछि उनले वीरबललाई तुरुन्त जेलबाट मुक्त गर्न आदेश दिए । वीरबल पुनः 'राम्रो', 'ठिक भो' भन्दै राजाका सामु आए ।

आफ्नासामु उभिएका वीरबललाई राजाले उत्सुकतापूर्वक सोधे, "वीरबल, एउटा कुरा भन त । मेरो औँला काटिँदा तिमी 'राम्रो', 'ठिक' भन्दै थियौ । अहिले जेलबाट निस्कियौ र त्यही भन्दै छौ । यो सब त ठिक छ तर तिमीलाई आजीवन जेल सजाय तोक्दा पनि तिमी 'राम्रो', 'वेस भो' भन्दै जेल गयौ । यो कुरा चाहिँ मैले बुझिनँ नि !"

"सरकार ! म जेल नगएको भए सिकार खेल्दा हजुर र म सँगै हुन्थ्यौँ । अनि ती जङ्गली मानिसहरूले हामी दुवैलाई समात्थे । बलि चढाउने बेलामा हजुरलाई त छोडिदिन्थे किनभने हजुरको त अङ्गभङ्ग भएको छ । म त अहिलेसम्मै सग्लो छु । त्यसपछि त प्रस्टै छ, बलि मेरो चढ्थ्यो । मेरो ज्यान जान्थ्यो । होइन त ?" वीरबलको कुरा सुनेर सबै जना छक्क परे ।